# शैक्षिक सूचना

नेपाल सरकार

## शिक्षा मन्त्रालय

## २०७२

# शैक्षिक सूचना

**प्रकाशक** : नेपाल सरकार
शिक्षा मन्त्रालय
अनुगमन, मूल्याङ्कन तथा निरीक्षण महाशाखा
शैक्षिक सूचना व्यवस्थापन शाखा
सिंहदरबार, काठमाडौँ, फोन नं. ४२००३८७

**प्रकाशन मिति** : २०७२

**सर्वाधिकार** : प्रकाशकमा

**मुद्रण** : श्री बाँझकटेरी प्रिन्टिङ्ग प्रेस

# मन्तव्य

शिक्षा क्षेत्रका विभिन्न पक्ष र गतिविधिलाई समावेश गरी यो “शैक्षिक सूचना वर्ष ५ अङ्क ५, २०७२” प्रकाशन गरिएको छ । शैक्षिक सूचना, शिक्षा मन्त्रालय र सम्बन्धित निकायहरुका मुख्य चिनारी र गतिविधि समेटी पाठक समक्ष पुग्ने वार्षिक प्रकाशन हो । यस प्रकाशनलाई सूचनामूलक र उपयोगी बनाउने उद्देश्यले यसमा समावेश भएका विषय वस्तुको प्रस्तुतीकरण ढाँचालाई नवीनता दिने प्रयास गरिएको छ । कतिपय सामग्रीको निरन्तरता छ भने केही सामग्री थप गरिएका छन् ।

शैक्षिक सूचनाको यस अङ्कमा मूलतः शिक्षाका राष्ट्रिय उद्देश्य, शिक्षा मन्त्रालय तथा सम्बद्ध निकायहरुको संक्षिप्त जानकारी, शिक्षाका विकास योजना तथा नीतिहरुको बारेमा समावेश गर्ने प्रयास गरिएको छ । शिक्षा मन्त्रालयका गतिविधिको जानकारी राख्न चाहनेहरुका लागि यस प्रकाशनले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

यस प्रकाशनका लागि सामग्रीको विकासका सिलसिलामा विषय वस्तु सङ्कलन र संयोजन कार्यमा जिम्मेवारी वहन गर्ने, विषय बस्तुको सम्पादन कार्यमा सम्लग्न सम्पादन मण्डलका सम्पूर्ण सदस्यहरू एवम् कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्तमा, शैक्षिक सूचनाको आगामी अङ्कलाई अझै परिष्कृत तथा उपयोगी बनाउन यहाँहरुबाट रचनात्मक सुझाव तथा प्रतिक्रिया प्राप्त हुने छ भन्ने अपेक्षा गरेको छु ।

**सूर्यप्रसाद गौतम**

**सहसचिव**

**अनुगमन, मूल्याङ्कन तथा निरीक्षण महाशाखा**

**शिक्षा मन्त्रालय, सिंहदरबार**

# प्रकाशकीय

शैक्षिक सूचना सम्प्रेषणले शैक्षिक नीति, योजना तथा कार्यक्रमलाई प्रतिफलमुखी बनाउन सहयोग गर्छ । शिक्षा मन्त्रालय शैक्षिक नीति तथा योजना निर्माण र कार्यान्वयन गर्ने सर्वोच्च निकाय भएकाले आफू र सम्बद्ध निकायबाट भए गरेका गतिविधि, कार्य प्रक्रिया र कार्यविधि, अनुसन्धान र असल अभ्यास जस्ता पक्ष सम्बद्ध सूचना सबै सरोकारवाला समक्ष पुर्‍याई सुसूचित गर्नु यसको दायित्व हो । आफ्नो दायित्वलाई निरन्तरता दिंदै यो “शैक्षिक सूचना २०७२” प्रकाशन गरिएको छ ।

सामग्रीको स्वरुप र प्रकृतिका आधारमा यसमा समावेश भएका विषय वस्तुलाई अनुसूचीसमेत गरी पाँच खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डमा नेपालको सामान्य जानकारी र नेपालमा शिक्षा विकासका केही तथ्य प्रस्तुत गरिएको छ । दोस्रो खण्डमा शिक्षा मन्त्रालय र सम्बन्धित निकायका चिनारी र कार्यहरुको सङ्क्षिप्त विवरण छ । तेस्रो खण्डमा शिक्षाका विकास कार्यक्रमहरु समावेश गरिएको छ । चौथो खण्डमा नवीनतम शैक्षिक योजना तथा नीति राखिएको छ । पाँचौं खण्डको रुपमा अनुसूचीहरु रहेका छन् । यसलाई विश्लेषणात्मकभन्दा पनि सूचनामूलक सामग्रीका रुपमा विकास गर्ने प्रयत्न गरिएको छ ।

यस प्रकाशनलाई सकेसम्म त्रुटिरहित बनाउने प्रयत्न गरिएको छ । यस प्रकाशनलाई यो रुपमा ल्याउन मिहिनत र प्रयास गर्ने यस शाखाका सहकर्मी श्री लाजवन्ती दाहाल, श्री अमिरा चौधरीलगायत सम्पादन समितिमा रहेर योगदान गर्नुहुने सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यस शैक्षिक सूचनामा समावेश भएका विषय वस्तु, सूचना, नीति, निर्देशिका तथा अनुसन्धानका सूची तथा दस्तावेजलगायतका सामग्रीहरु उपलब्ध गराई सहयोग पुर्‍याउने निकायहरुप्रति आभार व्यक्त गर्दछु । त्यसै गरी भाषा सम्पादनमा सहयोग गर्ने श्री रजनी धिमाललगायत यस प्रकाशनमा प्रत्यक्ष र परोक्ष रुपमा सहयोग पुर्‍याउनुहुने सम्पूर्ण महानुभावप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यसको निरन्तरतालई अझ परिष्कृत र उपयोगी बनाउन सम्बद्ध सरोकारवाला तथा पाठकहरुबाट सल्लाह, सुझाव र प्रतिक्रियाको अपेक्षा गरिएको छ । पाठकहरुबाट प्राप्त हुने रचनात्मक सुझावको सदैव स्वागत गरिने छ ।

**कर्णबहादुर भुवाजी**

उपसचिव

# सम्पादन समिति

संयोजक

*श्री सूर्यप्रसाद गौतम*

(शिक्षा मन्त्रालय)

सदस्यहरू

*श्री गोपाल भट्टराई*

(शैक्षिक गुणस्तर परीक्षण केन्द्र)

*श्री शङ्करबहादुर थापा*

(शिक्षा विभाग)

*श्री दिनेश घिमिरे*

(अनौपचारिक शिक्षा केन्द्र)

*श्री कर्णबहादुर भुवाजी*

(शिक्षा मन्त्रालय)

*श्री सङ्गम गौतम*

(प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्)

*श्री देवेन्द्र रावल*

(विश्व विद्यालय अनुदान आयोग)

*श्री तिर्थराज चौलागाई*

(केन्द्रीय तथ्याङ्क विभाग)

*रजनी धिमाल*

(पाठ्यक्रम विकास केन्द्र)

*श्री निशा शर्मा*

(उच्च माध्यमिक शिक्षा परिषद्)

*श्री लाजवन्ती दाहाल*

(शिक्षा मन्त्रालय)

# विषय सूची

## खण्ड क

## नेपालको सामान्य परिचय


| | | |
|---|---|---|
| १. | नेपालको सामान्य जानकारी | २ |
| २. | नेपालमा शिक्षा विकासका केही तथ्य | ७ |


## खण्ड ख

## शिक्षा मन्त्रालय र सम्बद्ध निकायहरूको परिचय


| | | |
|---|---|---|
| १. | शिक्षा मन्त्रालय | १८ |
| २. | शिक्षा विभाग | २३ |
| ३. | पाठ्यक्रम विकास केन्द्र | २७ |
| ४. | शैक्षिक जनशक्ति विकास केन्द्र | ३० |
| ५. | परीक्षा नियन्त्रण कार्यालय | ३३ |
| ६. | अनौपचारिक शिक्षा केन्द्र | ३५ |
| ७. | शिक्षक सेवा आयोग | ३८ |
| ८. | विद्यालय शिक्षक किताबखाना | ३९ |
| ९. | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | ४१ |
| १०. | क्षेत्रीय शिक्षा निर्देशनालय | ४३ |
| ११. | जिल्ला शिक्षा कार्यालय | ४६ |
| १२. | स्रोत केन्द्र | ४८ |
| १३. | युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग | ५१ |
| १४. | उच्च माध्यमिक शिक्षा परिषद् | ५५ |
| १५. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | ५७ |
| १६. | जनक शिक्षा सामग्री केन्द्र लिमिटेड | ५९ |
| १७. | विश्व विद्यालय अनुदान आयोग | ६१ |
| १८. | विश्व विद्यालय तथा प्रतिष्ठानहरु | ६३ |
| १९. | नेपाल राष्ट्रिय पुस्तकालय | ६७ |
| २०. | केसर पुस्तकालय | ७१ |
| २१. | डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय | ७३ |
| २२. | साझा प्रकाशन | ७६ |
| २३. | शिक्षाका लागि खाद्य कार्यक्रम परियोजना | ७८ |
| २४. | व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि (EVENT) परियोजना | ८० |
| २५. | सिप विकास परियोजना (SDP) | ८३ |
| २६. | प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम जीवन व्यवहार कुशल सिप परियोजना (TSSP) | ८५ |

## खण्ड ग

# आ.व. २०७१।७२ मा सञ्चालित शैक्षिक परियोजना तथा कार्यक्रम


| | | |
|---|---|---|
| १. | द्वन्द्व पीडित परिवार शिक्षा कार्यक्रम (सहिद प्रतिष्ठानमार्फत सञ्चालन हुने) | ८७ |
| २. | सामुदायिक विद्यालय क्षमता अभिवृद्धि | ८८ |
| ३. | अनौपचारिक शिक्षा तथा राष्ट्रिय साक्षरता अभियान | ८९ |
| ४. | सबैका लागि शिक्षाः शिशु विकास कार्यक्रम | ९० |
| ५. | व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना | ९१ |
| ६. | सिप विकास परियोजना | ९२ |
| ७. | विद्यालय क्षेत्र सुधार कार्यक्रम (केन्द्रस्तर र जिल्लास्तर) | ९३ |
| ८. | उच्च माध्यमिक शिक्षा | ९७ |
| ९. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (विशेष कार्यक्रमसमेत) | ९८ |
| १०. | मनमोहन पोलिटेक्निक प्रतिष्ठान | १०० |
| ११. | शिक्षाका लागि खाद्य कार्यक्रम (प्राथमिक विद्यालय पौष्टिक आहार) | १०१ |
| १२. | युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग | १०२ |
| १३. | अनुगमन तथा मूल्याङ्कन | १०३ |
| १४. | पढाइ सिप प्रवर्धन कार्यक्रम | १०४ |
| १५. | उच्च शिक्षा सुधार परियोजना | १०५ |


## खण्ड घ

# नीति तथा योजना


| | |
|---|---|
| १. उच्च शिक्षा सुधार परियोजना | १०७ |
| २. भूकम्पपछिको आवश्यकता आँकलन (शिक्षा क्षेत्र) | ११२ |
| ३. उच्च शिक्षा नीति | ११५ |

# अनुसूचीहरू


१. शैक्षिक तथ्याङ्कमा शिक्षा १३१

२. नेपालको संविधानमा उल्लिखित शिक्षा सम्बन्धी व्यवस्था १४३

३. शिक्षा सम्बन्धी ऐन तथा नियमावली र नीति तथा रणनीतिहरुको सूची १४५

४. शिक्षा सम्बन्धी निर्देशिका तथा कार्यविधिहरुको सूची १४७

५. शिक्षाको नीति तथा कार्यक्रम आव २०७२।०७३ १५०

६. शिक्षा मन्त्रालय र अन्तर्गतका निकायहरुबाट भएका अध्ययन अनुसन्धानहरुको सूची १५५

७. Summary of the SSRP Key Performance Indicators १५९

८. विद्यार्थी उपलब्धिको राष्ट्रिय लेखाजोखामा विद्यार्थी सिकाइ उपलब्धिको स्थिति १६७

९. विभिन्न निकायहरुका वेबसाइट, इमेल र फोन नम्बरहरु १७०

१०. शिक्षा मन्त्रालयका टेलिफोन नम्बरहरु १७२

११. क्षेशिनि तथा जिशिकाका टेलिफोन नम्बरहरु १७३

१२. शिक्षा मन्त्रालय र अन्तर्गतका सबै तथा अन्य निकायका शिक्षा सेवा कर्मचारीको दरबन्दी विवरण १७५

# खण्ड क

## नेपालको सामान्य परिचय

१. नेपालको सामान्य जानकारी

२. नेपालमा शिक्षा विकासका केही तथ्य

# नेपालको सामान्य जानकारी

## क्षेत्रफल र अवस्थिति

दक्षिण पूर्वी एसियामा रहेको नेपाल २६$^{o}$ २२' देखि ३०$^{o}$ २७'' उत्तरी अक्षांशसम्म र ८०$^{o}$ ४' देखि ८८$^{o}$ १२' पूर्वी देशान्तरसम्म फैलिएको छ। पूर्व पश्चिम लम्बाइ ८८५ र उत्तर दक्षिण सरदर चौडाइ १९३ कि.मि. रहेको नेपालको क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. छ। नेपालले विश्वको कुल भूभागको ०.०३ प्रतिशत र एसिया महादेशको ०.३ प्रतिशत भूभाग ओगटेको छ। नेपालको प्रामाणिक समय ग्रिनविच मिनटाइम (GMT) भन्दा ५ घन्टा ४५ मिनेट अगाडि रहेको छ। राजधानी काठमाडौँ रहेको नेपाल भौगोलिक तथा सामाजिक विविधतायुक्त मुलुक हो।

## भौगोलिक स्थिति

नेपाललाई प्राकृतिक संरचना र भूधरातलीय बनोटको आधारमा हिमाल (१५ प्रतिशत भूभाग), पहाड (६८ प्रतिशत भूभाग) र तराई (१७ प्रतिशत भूभाग) गरी तिन भागमा विभाजन गरिएको छ। विश्वको सर्वोच्च शिखर सगरमाथा ( उचाइ ८,८४८ मिटर) लगायतका आठ हजार मिटरभन्दा अग्ला सात ओटा उच्च शिखरहरु र अन्य सयौँ शिखरहरु नेपालमा रहेका छन्।

## राजनीतिक र प्रशासनिक विभाजन

राजनीतिक र प्रशासनिक दृष्टिले नेपाललाई पाँच विकास क्षेत्र (पूर्वाञ्चल विकास क्षेत्रमा १६ जिल्ला, मध्यमाञ्चल विकास क्षेत्रमा १९ जिल्ला, पश्चिमाञ्चल विकास क्षेत्रमा १६ जिल्ला, मध्य पश्चिमाञ्चल विकास क्षेत्रमा १५ जिल्ला र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा ९ जिल्ला), १४ अञ्चल, ७५ जिल्लाहरुका साथै नेपाल सरकारको मिति २०७१।८।१६ को पछिल्लो घोषणाबाट एक महानगरपालिका (काठमाडौँ), ११ उपमहानगरपालिका (विराटनगर, वीरगन्ज, ललितपुर, पोखरा, धरान, इटहरी, जनकपुर, हेटौँडा, भरतपुर, बुटवल र नेपालगञ्ज), १७९ ओटा नगरपालिकाहरु र ३,२७६ ओटा गाउँ विकास समितिहरु रहेका छन्।

नेपाल वि.सं. २०६३ देखि गणतन्त्रमा प्रवेश गरेको छ। संविधानसभाबाट नेपालको संविधान मिति २०७२ साल असौज ३ गते जारी भई सोअनुसार सात ओटा प्रदेशमा विभाजन भएको अवस्था छ र हाल सोको कार्यान्वयनको चरणमा प्रवेश गरेको छ।

## जनसाङ्ख्यिक स्थिति

राष्ट्रिय जनगणना, २०६८ को अन्तिम नतिजाअनुसार नेपालको जनसङ्ख्या स्थिति र यसका अन्य विविध पक्षहरु देहायबमोजिम रहेका छन् :

१. **जनसङ्ख्या:** राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको जनसङ्ख्या २,६४,९४,५०४ रहेको छ। जसमध्ये पुरूष ४८.५० प्रतिशत (१२८४९०४१) र महिला ५१.५० प्रतिशत (१३६४५४६३) छन्। यसअनुसार लैङ्गिक अनुपात अर्थात् प्रति १०० महिलामा पुरूषको सङ्ख्या ९४.१६ रहेको छ। अघिल्लो राष्ट्रिय जनगणना २०५८ मा कुल जनसङ्ख्या २,३१,५१,४२३ र लैङ्गिक अनुपात ९९.८० रहेको थियो।

२. **वार्षिक जनसङ्ख्या वृद्धि दर:** सालाखाला वार्षिक जनसङ्ख्या वृद्धि दर १.३५ प्रतिशत रहेको छ, जुन २०५८ सालको जनगणनाअनुसार वार्षिक जनसङ्ख्या वृद्धि दर २.२५ प्रतिशत थियो।

३. **जनघनत्व:** जनघनत्व (प्रतिवर्ग किलो मिटर क्षेत्रफलमा रहेको जनसङ्ख्या) १८० जना प्रतिवर्ग किलो मिटर रहेको छ। यो २०५८ सालमा १५७ मात्र थियो। हाल ग्रामीण क्षेत्रको तुलनामा सहरी क्षेत्रमा जनघनत्व निकै उच्च रहेको देखिन्छ। जसअनुसार सहरी क्षेत्रमा १३८१ जना र ग्रामीण क्षेत्रमा १५३ जना प्रतिवर्ग किलो मिटर रहेको

पाइएको छ । सबैभन्दा धेरै जनघनत्व काठमाडौँ जिल्लामा (४४१६ जना प्रतिवर्ग किलो मिटर) र सबैभन्दा कम मनाङ जिल्लामा (तिन जना प्रतिवर्ग किलो मिटर) रहेको देखिन्छ ।

४. **बृहत् उमेर समूहअनुसार जनसङ्ख्या:** देशको कुल जनसङ्ख्याको ५६.९६ प्रतिशत १५ देखि ५९ वर्ष उमेरका रहेको आँकडा २०६८ सालको जनगणनाले देखाएको छ । २०५८ सालमा यो उमेर समूहको जनसङ्ख्या ५४.१५ प्रतिशत मात्र थियो । राष्ट्रिय जनगणना, २०६८ अनुसार १४ वर्ष वा सोभन्दा कम उमेरका र ६० वर्ष वा सोभन्दा माथिल्लो उमेरका जनसङ्ख्या क्रमशः ३४.९१ प्रतिशत र ८.१३ प्रतिशत रहेको देखिन्छ ।

५. **परिवार सङ्ख्या:** गत २०५८ सालको जनगणनाअनुसार ४२,५३,२२० परिवार सङ्ख्या देखिएकामा २०६८ मा उक्त सङ्ख्या करिब २२ प्रतिशतले बढेर ५४,२७,३०२ पुगेको छ । उक्त दस वर्षको अवधिमा ११,७४,०८२ परिवार थप भएका छन् ।

६. **परिवारका सदस्य सङ्ख्या:** हाल प्रति परिवार औसत ४.८८ जना सदस्य सङ्ख्या रहेको छ । जुन २०५८ मा ५.४४ जना थियो । परिवारको आकार रौतहट जिल्लामा सबैभन्दा बढी ६.४४ र कास्की जिल्लामा सबैभन्दा कम ३.९२ रहेको पाइएको छ ।

७. **सहरी जनसङ्ख्या:** जनगणना २०६८ ले नेपालमा सहरी जनसङ्ख्या करिब १७.०७ प्रतिशत रहेको देखाएको छ । दस वर्ष अघिको जनगणना २०५८ मा १४.२ प्रतिशत थियो । नेपाल सरकारले पछिल्लो मितिसम्म घोषणा गरेका नगरपालिकाका आधारमा अब सहरमा बस्ने जनसङ्ख्याको प्रतिशत ३८.२६ पुगेको छ ।

८. **सबैभन्दा धेरै र कम जनसङ्ख्या भएका जिल्ला:** २०६८ सालको जनगणनाअनुसार सबैभन्दा धेरै जनसङ्ख्या काठमाडौँ जिल्लामा १७,४४,२४० देखिएको छ, जुन दस वर्षअघि १०,८१,८४५ थियो । काठमाडौँको जनसङ्ख्या दस वर्षमा ६१.२३ प्रतिशतले वृद्धि भएको देखिएको छ र सालाखाला वार्षिक वृद्धि दर ४.७८५ रहेको छ । मनाङ जिल्ला सबैभन्दा कम जनसङ्ख्या भएको जिल्ला हो, जसमा ६५३८ जना मात्र रहेका छन् । यस जिल्लामा सबैभन्दा कम (–३.८३५) वार्षिक जनसङ्ख्या वृद्धि दर रहेको देखिन्छ ।

९. **भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्या:** राष्ट्रिय जनगणना २०६८ अनुसार तराईमा कुल जनसङ्ख्याको ५०.२७ प्रतिशत (१,३३,१८,७०५ जना), पहाडमा ४३.०१ प्रतिशत (१,१३,९४,००७ जना) र हिमाली क्षेत्रमा ६.७३ प्रतिशत (१७,८१,७९२ जना) जनसङ्ख्या रहेको छ । जुन दस वर्षअघि अर्थात् २०५८ मा क्रमशः ४८.४०५ प्रतिशत (१,१२,१२,४५२ जना), ४४.३०५ प्रतिशत (१,०२,५१,१११ जना) र ७.३०५ प्रतिशत (१६,८७,८५९) थियो ।

१०. **घर वा आवासीय एकाइको स्वामित्व:** देशका कुल ५४ लाख २३ हजार २९७ परिवारमध्ये ८५.२६ प्रतिशत परिवारहरु आफ्नै स्वामित्वको घरमा र १२.८१ प्रतिशत परिवारहरु भाडाको घरमा बसोबास गरेको देखिन्छ । विगत २०५८ सालको जनगणनामा आफ्नै स्वामित्वको घर र भाडाको घरमा क्रमशः ८८.३ प्रतिशत र ८.९ प्रतिशत परिवारहरु बसोबास गरेको पाइएको थियो । २०६८ को जनगणनाअनुसार सहरी क्षेत्रमा ४०.२२ प्रतिशत परिवारहरु भाडाको घरमा बसोबास गरेको देखिन्छ ।

११. **पिउने पानीको मुख्य स्रोत:** देशका कुल परिवारको ४७.७८ प्रतिशत परिवारले धारा/पाइपबाट र ३५.०० प्रतिशतले ट्युबवेल/हाते पम्पबाट पिउने पानी आपूर्ति गर्ने देखिएको छ । दस वर्षअघि अर्थात् २०५८ सालमा धारा/पाइप र ट्युबवेल/हाते पम्पबाट पिउने पानीको सुविधा उपभोग गर्ने परिवारहरु क्रमशः ५३.४ प्रतिशत र २८.६० प्रतिशत थिए ।

१२. **खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन :** यस जनगणनाले देशका ६४ प्रतिशत परिवारले खाना पकाउन अक्सर काठ/दाउरा प्रयोग गर्ने गरेको देखाएको छ, जुन दस वर्षअघिको जनगणनामा ६५.२० प्रतिशत थियो । विगत जनगणनामा एल.पी. ग्याँस प्रयोग गर्ने परिवारहरु ७.६७ रहेकामा यस जनगणनामा उल्लेख्य वृद्धि भई २१.०३

प्रतिशत पुगेको छ। हाल खाना पकाउन अक्सर मटितेल, एल.पी.ग्याँस, गुइँठा/गोराहा, गोबर ग्याँस, बिजुली र अन्य इन्धन प्रयोग गर्ने परिवारको हिस्सा क्रमशः १.०५, २१.०५, १०.४५, २.४५, ०.१५ र ०.४५ रहेको छ।

**१३. बत्ती बाल्न अक्सर प्रयोग गरिने साधनः** धेरैजसो घर परिवारहरुले आफू बसोबास गरेको घर/आवासीय इकाइमा बत्ती बाल्नका लागि अक्सर बिजुली प्रयोग गर्ने गरेको देखिएको छ। विगत २०५८ सालको जनगणनामा बिजुली प्रयोग गर्ने परिवार ३९.८ प्रतिशत रहेकामा २०६८ मा ६७.२६ प्रतिशत पुगेको छ। गत जनगणनामा बत्ती बाल्नका लागि अक्सर मटितेल प्रयोग गर्ने परिवार सबैभन्दा धेरै (५७.७० प्रतिशत) रहेकामा हाल १८.२८ प्रतिशत मात्र देखिएको छ।

**१४. परिवारले उपयोग गरेका साधन र सुविधाः** राष्ट्रिय जनगणना २०६८ अनुसार रेडियो, टेलिभिजन, केवल टेलिभिजन, कम्प्युटर, इन्टरनेट, टेलिफोन, मोबाइल फोन, मोटर, मोटरसाइकल, साइकल, अन्य सवारी साधन र रेफ्रिजेरेटरमध्ये कम्तीमा एक किसिमको सुविधा उपलब्ध भएका परिवार कुल परिवार सङ्ख्याको ८४.५६ प्रतिशत रहेका छन्। जम्माजम्मी १३.६९ प्रतिशत परिवारमा यस्ता कुनै पनि सुविधाहरु उपलब्ध नभएको देखिन्छ।

**१५. शौचालयको सुविधाः** देशका ३८.१७ प्रतिशत परिवारहरुसँग आफू बस्ने घरमा अझै पनि शौचालयको सुविधा नभएको तथ्याङ्क राष्ट्रिय जनगणना २०६८ को नतिजाले देखाएको छ, जुन सङ्ख्या विगतको जनगणनामा ५२.५ प्रतिशत थियो। हाल ३३.४५ प्रतिशत परिवारहरुले सेप्टिक ट्याङ्कमा जोडिएको फ्लस भएको शौचालय प्रयोग गर्ने गरेको पाइएको छ। त्यसै गरी साधारण शौचालय प्रयोग गर्ने र सार्वजनिक ढलमा जोडिएको फ्लस भएको शौचालय प्रयोग गर्ने परिवारहरुको सङ्ख्या क्रमशः १९.४७ र ८.२७ प्रतिशत देखिएको छ। सहरी क्षेत्रमा ९.०९ प्रतिशत र ग्रामीण क्षेत्रमा ४५.११ प्रतिशत परिवारहरुसँग आफू बस्ने घरमा शौचालय नभएको देखिन्छ।

**१६. परिवारमा महिलाको नाममा रहेको घरजग्गाः** देशका कुल परिवारको १९.७१ प्रतिशत परिवारहरुमा महिलाको नाममा घर वा जग्गा रहेको देखिएको छ। गत २०५८ सालको जनगणनामा महिलाको नाममा घरजग्गा भएका परिवारहरु ९.११ प्रतिशत मात्र थिए।

**१७. परिवारमा अनुपस्थित (विदेश गएका) व्यक्तिः** राष्ट्रिय जनगणना २०६८ अनुसार देशमा अनुपस्थित (विदेशमा बसोबास गर्ने जनसङ्ख्या १९ लाख २१ हजार ४९४ जना रहेको देखिन्छ। दस वर्षअघि अर्थात् २०५८ सालमा अनुपस्थित (विदेशमा बसोबास गर्ने ) सङ्ख्या ७ लाख ६२ हजार १८१ थियो।

**१८. परिवार मुलीः** महिला परिवार मुली रहेका परिवारहरु गत २०५८ सालको जनगणनामा १४.८७ प्रतिशत रहेकामा करिब ११ प्रतिशत बिन्दुले वृद्धि भई २०६८ सालमा २५.७३ प्रतिशत पुगेको छ।

**१९. जात/जातिः** राष्ट्रिय जनगणना २०६८ मा जम्मा १२५ ओटा जातजातिहरु रहेको देखिएको छ। यसअनुसार विगत २०५८ सालको जनगणनामा कुल जनसङ्ख्याको १५.८ प्रतिशत रहेको क्षेत्रीको जनसङ्ख्या यस जनगणनामा केही वृद्धि भई १६.६ प्रतिशत पुगेको छ। पहाडी ब्राह्मणको जनसङ्ख्या २०५८ सालमा १२.७ प्रतिशत रहेकामा हाल १२.२ प्रतिशत देखिएको छ। हाल मगर, थारू, तामाङ, नेवार र कामी क्रमशः ७.१, ६.६ र ५.८ प्रतिशतसहित तेस्रो, चौथो र पाँचौं प्रमुख जातजातिहरुको स्थानमा रहेका छन्। सबैभन्दा कम जनसङ्ख्या कुसुन्डा जातिको ( २७३ जना मात्र) देखिएको छ।

**२०. मातृभाषाः** यस गणनामा देशभित्र अक्सर बसोबास गर्ने व्यक्तिहरुले बोल्ने मातृभाषाको सङ्ख्या १२३ ओटा देखिएको छ। विगतको जनगणनामा ९२ ओटा मातृभाषाको सङ्ख्या प्राप्त भएको थियो। २०५८ सालको जनगणनामा ४८.६ प्रतिशत व्यक्तिहरुको मातृभाषा नेपाली रहेकामा हाल मातृभाषाको रुपमा नेपाली भाषा बोल्ने जनसङ्ख्या ४४.६ प्रतिशत देखिएको छ। नेपालीपछि मातृभाषाको रुपमा बढी बोलिने भाषाहरुमा मैथिली (११.७ प्रतिशत), भोजपुरी (६.० प्रतिशत), थारू (५.८ प्रतिशत), तामाङ (५.१ प्रतिशत) र नेवार (३.२ प्रतिशत) रहेका छन्।

**२१. धर्मः** यस जनगणनाले देशभित्र विभिन्न १० ओटा धर्म मान्ने व्यक्तिहरु रहेको देखाएको छ । २०५८ सालको जनगणनामा ८०.८ प्रतिशत रहेको हिन्दुहरुको जनसङ्ख्या यस जनगणनामा आइपुग्दा ८१.३ प्रतिशत पुगेको छ । बौद्ध धर्मावलम्बीहरु कुल जनसङ्ख्याको ९ प्रतिशत रहेका छन् । इस्लाम, किराँत, क्रिस्चियन र प्रकृति धर्म मान्नेहरुको जनसङ्ख्या क्रमशः ४.४, ३.०, १.४ र ०.४ प्रतिशत रहेको देखिन्छ ।

**२२. वैवाहिक अवस्थाः** यस जनगणनाअनुसार १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका कुल जनसङ्ख्याको ३५.६ प्रतिशत व्यक्तिहरु अविवाहित रहेको देखिएको छ । १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका कुल पुरूषहरुको ४०.६ प्रतिशत र महिलाहरुको ३१.१ प्रतिशत अविवाहित रहेको पाइएको छ । त्यस्तै १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका व्यक्तिहरुमध्ये ५७.५ प्रतिशतको एक विवाह भएको देखिएको छ । एक विवाह भएका पुरूष र महिलाहरु उनीहरुको कुल जनसङ्ख्याको क्रमशः ५२.७ र ६१.८ प्रतिशत रहेका छन् । एकल महिलाहरुको जनसङ्ख्या १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका कुल महिलाको ४.६१ प्रतिशत (४ लाख ९८ हजार ६०६) रहेको पाइएको छ ।

**२३. पहिलो विवाह गर्दाको उमेरः** दस वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरुको सबैभन्दा ठुलो हिस्साको पहिलो विवाह १५ देखि १९ वर्षको उमेरमा भएको देखिन्छ । यो उमेरभित्र ४८.९ प्रतिशत विवाहित व्यक्तिहरुको पहिलो विवाह भएको पाइएको छ । १४ वर्षमुनिको उमेरमा पहिलो विवाह हुनेहरु ११.५ प्रतिशत रहेका छन् । पचास वर्षको उमेर पार गरिसकेपछि पहिलो विवाह हुनेहरु ५०८६ जना रहेको देखिन्छ ।

**२४. अपाङ्गताः** देशका कुल जनसङ्ख्याको १.९४ प्रतिशत हिस्सामा कुनै एक वा बढी प्रकारको अपाङ्गता रहेको देखिएको छ । विगत २०५८ सालको जनगणनामा अपाङ्गता रहेका व्यक्तिहरु ०.४६ प्रतिशत थिए । शारीरिक तथा मानसिक अपाङ्गता भएका कुल व्यक्तिहरुमध्ये ५४.५६ प्रतिशत पुरूष र बाँकी ४५.४४ प्रतिशत महिला रहेको देखिन्छ । अपाङ्गता भएका व्यक्तिहरुमध्ये ३६.३२ प्रतिशतमा शारीरिक अपाङ्गता, १८.४६ प्रतिशतमा दृष्टि सम्बन्धी अपाङ्गता, १५.४५ प्रतिशतमा सुनाइ  सम्बन्धी अपाङ्गता, १.४८ प्रतिशतमा श्रवण दृष्टिविहीनता, ११.४७ प्रतिशतमा स्वर बोलाइ सम्बन्धी अपाङ्गता, ६.०४ प्रतिशतमा मानसिक अपाङ्गता र २.९० प्रतिशतमा बौद्धिक अपाङ्गता र ७.५२ प्रतिशतमा बहु अपाङ्गता भएको पाइएको छ ।

**२५. साक्षरता दरः** पछिल्लो पटकको जनगणनाले देशका पाँच वर्ष वा सोभन्दा माथिल्लो उमेरका कुल २,३९,२६,५४१ जनसङ्ख्यामा ६५.९ प्रतिशत व्यक्तिहरु साक्षर रहेको देखाएको छ । पुरूषको साक्षरता दर ७५.१ प्रतिशत छ भने महिलाको साक्षरता दर ५७.४ प्रतिशत रहेको छ । २०५८ सालको जनगणनामा ६ वर्ष वा सोभन्दा माथिल्लो उमेरका व्यक्तिहरुको कुल साक्षरता दर ५४.१, पुरूष साक्षरता दर ६५.५ र महिला साक्षरता दर ४२.८ प्रतिशत थियो ।

**२६. शैक्षिक स्तर प्राप्तिः** पाँच वर्ष वा सोभन्दा माथिल्लो उमेरका साक्षर जनसङ्ख्याको सबैभन्दा ठुलो हिस्सा अर्थात् ३९.० प्रतिशत व्यक्तिहरुले प्राथमिक तह (कक्षा १ देखि ५ सम्म) उत्तीर्ण गरेको पाइएको छ । निम्न माध्यामिक तह (कक्षा ६ देखि ८ सम्म) उत्तीर्ण गरेका व्यक्तिहरु २०.३ प्रतिशत अंशसहित दोस्रो बहु सङ्ख्यामा रहेको देखिन्छ । एसएलसी वा सो सरह उत्तीर्ण गर्ने व्यक्तिहरु कुल जनसङ्ख्याको १०.२ प्रतिशत देखिन्छन् भने एसएलसी भन्दा माथिल्लो तह उत्तीर्ण गर्नेहरु १०.२ प्रतिशत नै देखिएका छन् । जम्माजम्मी ४.२ प्रतिशत व्यक्तिहरुले अनौपचारिक शिक्षा हासिल गरेको देखिएको छ ।

## आर्थिक स्थिति

१. शहरी जनसङ्ख्या ३८.२६ प्रतिशत पुगेको छ । गरिबीको रेखामुनि रहेको जनसङ्ख्याको प्रतिशत २३.८ प्रतिशत र उपभोग खर्चको आधारमा गिनी गुणक ०.३२८ रहेको छ । (अर्थ मन्त्रालय, २०७२)

२. मानव संसाधन विकास रिपोर्ट २०१४ अनुसार नेपालको मानव विकास सूचकाङ्क ०.५४० छ, जसअनुसार मानव विकास सूचकाङ्कका दृष्टिले नेपाल विश्वमा १४५ औं स्थानमा रहेको छ । (युएनडिपी, २०१४)

३. प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन ७६२ यु. एस. डलर रहेको छ। साथै, आ.व. २०७१।७२ मा नेपालको आर्थिक वृद्धि दर ३.०४ पुग्ने अनुमान छ। (अर्थ मन्त्रालय, २०७२)

४. विकासशील मुलुकमा स्तरोन्नतिका लागि निर्धारित सीमा र नेपालको स्थिति (UN-DESA, CDP, 2015)

| सूचक | सीमा | नेपालको स्थिति | अन्तर |
|---|---|---|---|
| प्रतिव्यक्ति कुल राष्ट्रिय आय (Gross National Income per capita GNI US$) | १२४२ | ६५९.५ | ५८२.५ |
| मानव सम्पत्ति सूचक (Human Assets Index HAI) | >६६ | ६८.७ | प्राप्त |
| आर्थिक जोखिम सूचक (Economic Vulnarability Index EVI) | <३२ | २६.८ | प्राप्त |

**५. भूकम्प २०७२ ले पारेको असर**

नेपाल सिस्मोलोजिकल सेन्टरले रेकर्ड गरेको ७.६ म्यागिनच्युडको गोरखाको बारपाकलाई केन्द्रबिन्दु बनाई मिति २०७२ साल बैशाख १२ गते बिहान ११.५६ बजे आएको विनाशकारी भूकम्प र त्यसपछिका परकम्पबाट भएको क्षतिको विवरण

- मानिसको मृत्यु : ८७९० जना
- घाइते मानिस : २२३०० जना
- वेपत्ता मानिस : करिब ३०० जना
- ठुला चौपायाको मृत्यु : १७००० भन्दा बढी
- साना चौपायाको मृत्यु : ४००००
- पूर्ण रुपमा ध्वस्त भएका घर सङ्ख्या : ५०७०१७
- आंशिक क्षति भएका घर सङ्ख्या : २६९१९०
- भूकम्पबाट प्रभावित जनसङ्ख्या : ८००००००
- सांस्कृतिक संरचनामा क्षति सङ्ख्या : २९००
- पुरातात्विक सम्पदामा असर : ७४५
- पूर्ण रुपमा क्षतिग्रस्त सम्पदा : १३३
- सिँचाइ पूर्वाधार प्रभावित सङ्ख्या : २९०
- ट्रेकिङ रूटमा क्षति : ३५० किमी
- विद्युत् क्षति : ११५ मेघावाट
- खानेपानी आपूर्ति प्रमुख क्षति : १५७०, आंशिक क्षति : ३६६३
- शौचालय क्षति : २२००००
- प्रशासनिक संरचना क्षति : १७११
- जीविकामा प्रभावः घर परिवार २२८७०००, कामदार ५६०००००
- कुल जम्मा क्षति (नगदमा) : रू. ७०६४६१००००००।–

स्रोतः *Nepal Earthquake 2015, Post Disaster Needs Assessment Vol. A & Vol. B.*

# नेपालमा शिक्षा विकासका केही तथ्यहरू

**ऐतिहासिक पृष्ठभूमि**

नेपालमा परम्परागत हिन्दु वैदिक शिक्षाको लामो इतिहास थियो । बौद्ध धर्म दर्शनको प्रारम्भ भएपछि विहार, गुम्बा र बौद्ध शिक्षा केन्द्रहरुमा बौद्ध धर्म दर्शनमा आधारित शिक्षा र हिन्दु, वैदिक शिक्षाअन्तर्गत विशेषत: गुरूकुल शिक्षा प्रणाली प्रचलनमा आए । नेपालको एकीकरणपूर्व र एकीकरणपछि पनि शिक्षालाई राज्यले आफ्नो दायित्वभित्र लिएको देखिँदैन । त्यस बेला धार्मिक सङ्घ संस्था, गुठी, व्यक्तिको दान, सरकारको अनुदान इत्यादिबाट शिक्षाका लागि खर्चको प्रबन्ध हुन्थ्यो । नेपालमा परम्परागत संस्कृत र बौद्ध शिक्षाको प्रचलन रहिरहेको बेला वि.सं. १९१० मा दरबार स्कुलको स्थापनासँगै नेपालमा अङ्ग्रेजी शिक्षा प्रणालीको सुरूआत भएको थियो । उच्च शिक्षाको औपचारिक सुरूआत भने वि.सं १९७५ मा त्रिभुवन चन्द्र कलेज (त्रिचन्द्र कलेज) को स्थापनाबाट भएको देखिन्छ ।

नेपालमा वि.सं.२००७ भन्दा पहिले शिक्षाको पहुँच ज्यादै सीमित व्यक्ति तथा समुदायका लागि मात्र भएकाले आम जन समुदाय शिक्षाको अवसरबाट वञ्चित रहेका थिए । यस तथ्यलाई वि.सं.२००७ को शैक्षिक तथ्याङ्कले पनि स्पष्ट पार्दछ । वि.सं. २००७ सालमा नेपालको साक्षरता करिब दुई प्रतिशत मात्र थियो भने प्रारम्भिक (प्राथमिक) स्कुल/पाठशालाहरु ३२१, माध्यमिक स्कुलहरु ११ र उच्च शिक्षाअन्तर्गत एउटा कलेज सञ्चालित थिए (राष्ट्रिय शिक्षा आयोग,२०४९) । वि. सं. २००७ सालमा एउटा संस्कृत विद्यालयमा औपचारिक रुपमा भए पनि संस्कृतमा उच्च शिक्षा प्रदान गरिएको देखिन्छ भने एउटा आयुर्वेद विद्यालयमा पनि उच्च तहको अध्यापनको व्यवस्था रहेको थियो ( शाही उच्च शिक्षा आयोग, २०४०) ।

वि.सं.२००७ को राजनीतिक परिवर्तनपछि राज्यले पनि शिक्षाको विस्तारमा लगानी गऱ्यो भने आम जनसमुदायहरु विद्यालयहरु खोल्ने र बाल बालिकाहरुलाई शिक्षा दिने कार्यमा सक्रिय रहेका थिए । त्यसबेला शिक्षण संस्था र विद्यार्थी सङ्ख्यामा क्रमिक रुपमा वृद्धि भएको थियो । वि.सं. २००७ सालपछि नेपालमा शिक्षाको विकासका लागि भएका केही प्रयासहरु निम्नानुसार थिए :

१. वि.सं. २०११ (सन् १९५४) मा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगद्वारा राष्ट्रिय शिक्षा प्रणालीको आधार तयार गरिएको थियो ।
२. वि.सं. २०१८ (सन् १९६१) मा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति गठन गरी शिक्षालाई समयानुकूल परिवर्तन गर्ने प्रयास गरिएको थियो ।
३. वि.सं. २०२८ (सन् १९७१) मा राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयन गरी नयाँ शिक्षाको सुरूआत भयो ।
४. वि.सं. २०३७ (सन् १९८०) देखि हालसम्म विद्यालय र उच्च शिक्षामा पहुँचको विस्तार र गुणस्तर वृद्धि गर्न विभिन्न परियोजना तथा कार्यक्रमहरु सञ्चालन गरिएका छन् । यस अवधिमा सञ्चालित विभिन्न परियोजना तथा कार्यक्रमहरुमा ग्रामीण विकासका निम्ति शिक्षा परियोजना, प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्रथम र दोस्रो, प्राथमिक शिक्षा विकास परियोजना, माध्यमिक शिक्षा विकास परियोजना, सबैका लागि शिक्षा कार्यक्रम, शिक्षक शिक्षा आयोजना, जनसङ्ख्या शिक्षा परियोजना, माध्यमिक शिक्षा सहयोग कार्यक्रम, सामुदायिक विद्यालय सहयोग कार्यक्रम, शिक्षाका लागि खाद्य कार्यक्रम, विद्यालय क्षेत्र सुधार योजना, उच्च शिक्षा परियोजना प्रथम र दोस्रो, रोजगारीका लागि सिप परियोजना, व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना, उच्च शिक्षा सुधार परियोजना प्रमुख रहेका छन् ।
५. वि. सं. २०४६ पछि शिक्षामा सुधारका लागि सुझाव दिने गरी सरकारले गठन गरेको राष्ट्रिय शिक्षा आयोगले वि.सं. २०४९ (सन् १९९२) मा र उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगले वि.सं. २०५५ (१९९९) मा प्रतिवेदन पेस गरेअनुसारका सुझावहरुअनुरुप शिक्षामा सुधारका प्रयासहरु हुँदै आएका छन् ।
६. हाल विद्यालय क्षेत्र सुधार कार्यक्रम (एसएसआरपी, सन् २००९-१६) मार्फत विद्यालयको समग्र पक्षमा सुधार गर्ने प्रयास गरिएको छ भने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका क्षेत्रमा पनि विभिन्न कार्यक्रमहरु तथा परियोजनाहरु सञ्चालन भएका छन् । उच्च शिक्षाको विस्तार र गुणस्तर अभिवृद्धिका लागि बहु विश्व विद्यालयको अवधारणा कार्यान्वयन भई हाल नौ ओटा विश्व विद्यालय र चार ओटा स्वास्थ्य सम्बन्धी प्रतिष्ठानहरु सञ्चालनमा छन् । उच्च शिक्षाको सुधारका लागि दुई ओटा उच्च शिक्षा परियोजना सञ्चालन सम्पन्न भई हाल उच्च शिक्षा सुधार परियोजना (सन् २०१५-२०२०) कार्यान्वयनमा रहेको छ ।

**नेपालको शैक्षिक इतिहासका मुख्य मुख्य तिथिमिति र कार्यहरू निम्नानुसार छन् :**

| साल (वि.सं.) | महत्त्वपूर्ण शैक्षिक घटना |
|---|---|
| १९१० | दरबार स्कुलको स्थापना |
| १९१५ | शिक्षा हेर्ने डाइरेक्टर जनरलको व्यवस्था र कार्यालय खडा |
| १९३२ | बालागुरू षडानन्द अधिकारीको निजी प्रयासमा दिङ्लामा संस्कृत विद्यालय स्थापना |
| १९३२ | धीरसमसेर डाइरेक्टर नियुक्त भएपछि दरबार स्कुलमा सर्वसाधारणलाई केही खुकुलो |
| १९३४ | राजकीय प्रधान संस्कृत पाठशाला रानी पोखरीमा स्थापना |
| १९५७ | भाषा पाठशाला गोस्वारा स्थापना |
| १९५८ | गोरखापत्रको प्रकाशन, १५० ओटा भाषा पाठशालाको स्थापना, नेपाली भाषामा पठनपाठनको सुरूवात |
| १९७२ | उपत्यकाबाहिर सिराहामा पहिलो अङ्ग्रेजी स्कुल चन्द्र मिडिल स्कुलको स्थापना |
| १९७५ | त्रिचन्द्र कलेजको स्थापना |
| १९७७ | बन्दोबस्त इन्स्पेक्टरी अफिस खडा |
| १९७७ | मकैको खेती पर्व काण्ड |
| १९८७ | टेक्निकल स्कुलको स्थापना |
| १९८९ | कृषि स्कुलको स्थापना |
| १९९० | प्रबन्ध बोर्डको स्थापना |
| १९९३ | शिक्षा बोर्डको गठन |
| १९९४ | पास जाँच अड्डाको नयाँ सवाल प्रकाशन जसअनुसार मध्यम परीक्षा “कमेल” र “खमेल” गरी दिन पाइने व्यवस्था |
| १९९६ | शिक्षा  सम्बन्धी इस्तिहार जारी |
| २००४ | आधार शिक्षण केन्द्र स्थापना |
| २००५ | विश्व विद्यालय योजना सभा गठन |
| २००७ | शिक्षा मन्त्रालयको स्थापना |
| २००८ | तत्कालीन राजा श्री ५ त्रिभुवनबाट महाविद्यालय उद्घाटन |
| २००८ | पुरातत्व विभागको स्थापना |
| २०११ | “नेपालमा शिक्षा” नामक शिक्षा क्षेत्रको पहिलो प्रतिवेदन सार्वजनिक |
| २०१३ | योजनाबद्ध प्रौढ शिक्षाको सुरूवात |
| २०१६ | नेशनल एजुकेसनल काउन्सिल खडा |
| २०१६ | त्रिभुवन विश्व विद्यालयको स्थापना |
| २०१८ | सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति गठन तथा प्रतिवेदन प्रस्तुत |
| २०१८ | परीक्षा सम्बन्धित कार्य गर्ने अड्डालाई परीक्षा नियन्त्रण कार्यालयमा गाभिएको |
| २०१९ | शिक्षा ऐन जारी |
| २०२० | झापा जिल्लाको बुधबारेमा निःशुल्क प्राविधिक शिक्षाको उद्घाटन |
| २०२३ | पहिलो शिक्षा नियमावली प्रकाशन |
| २०२३ | अध्यापन अधिकार पत्रको व्यवस्था |
| २०२३ | संस्कृत शिक्षामा सुधार गर्नका लागि परामर्श दातृ समिति गठन |

| | |
|---|---|
| २०२३ | Science Teaching Enrichment Program (STEP) कार्यक्रम लागु गर्न USAID सँग सम्झौता |
| २०२४ | शिक्षा सामग्री केन्द्रको उद्घाटन |
| २०२४ | राष्ट्रिय सल्लाहकार परिषद् गठन |
| २०२५ | शिक्षा ऐन जारी |
| २०२७ | शिक्षा नियमहरु जारी |
| २०२७ | अञ्चल शिक्षा अधिकारी कार्यालय खारेजी |
| २०२८ | राष्ट्रिय शिक्षा पद्धतिको योजना तयार गरी नयाँ शिक्षा व्यवस्था लागु |
| २०२८ | शिक्षा ऐन २०२८ जारी भई पाँच वर्षमा देशभर चरणगत रुपमा लागु |
| २०२८ | Equal Access of Women to Education Program पोखरामा लागु |
| २०३० | निमावि निरीक्षक हटाई प्राविनि र माविनि रहने व्यवस्था |
| २०३० | विशेष शिक्षा परिषद् गठन |
| २०३१ | निःशुल्क प्राथमिक शिक्षा घोषणा |
| २०३७ | रेडियोबाट शिक्षक तालिम प्रसारण प्रारम्भ |
| २०३७ | निजी क्षेत्रमा विद्यालय कलेज स्थापना गर्न स्वीकृति प्रदान |
| २०३८ | पाठ्यक्रम कार्यान्वयन योजना |
| २०३९ | रणधीर सुब्बा अध्यक्षतामा शाही उच्च शिक्षा आयोग गठन भई २०४० मा प्रतिवेदन पेस गरेको |
| २०३९ | एसियाली विकास बैङ्कको सहयोगमा विज्ञान शिक्षा परियोजना लागु |
| २०४१ | विश्व विकास बैङ्कको ऋण सहयोग र युनिसेफको प्राविधिक सहयोगमा प्राथमिक शिक्षा परियोजना सुरू |
| २०४२ | पञ्चायत रजत जयन्तीको उपलक्ष्यमा २०५७ सालसम्ममा नेपाललाई एसियाली मापदण्डमा पुऱ्याउने आधारभूत आवश्यकता कार्यक्रम घोषणा |
| २०४३ | दाङको बेलझुन्डीमा संस्कृत विश्व विद्यालयको स्थापना र यही सालमा शिक्षा शास्त्र संस्थानलाई सङ्कायमा परिणत |
| २०४६ | उच्च माध्यमिक शिक्षा ऐन जारी |
| २०४६ | उच्च माध्यमिक शिक्षा परिषद् गठन |
| २०४८ | निजी क्षेत्रको पहिलो विश्व विद्यालय काठमाडौं विश्व विद्यालय स्थापना |
| २०४९ | वि. सं. २०४७ साल फागुन १४ गते गठित आयोगले तयार गरेको राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन सार्वजनिक |
| २०४९ | उच्च माध्यमिक शिक्षा सञ्चालन |
| २०५२ | मुस्लिम शिक्षामार्फत शिक्षण गराउने मनसायले मोहमद आलाम खाँको अध्यक्षतामा मदरसा जाँचबुझ कार्य समिति गठन |
| २०५५ | उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन सार्वजनिक |
| २०५६ | जेठ ९ गते शिक्षा विभागको पुनः स्थापना |
| २०५८ | शिक्षा  सम्बन्धी उच्च स्तरीय कार्य समितिको प्रतिवेदन सार्वजनिक |
| २०५८ | शिक्षा ऐनको सातौं संशोधनमार्फत सामुदायिक र संस्थागत गरी दुई प्रकारका विद्यालय रहने व्यवस्था |
| २०६० | कक्षा १ मा अङ्ग्रेजी विषय अनिवार्य |

| | |
|---|---|
| २०६९ | शिक्षा मन्त्रालय केसरमहलबाट सिंहदरबार सरेको, गेस पेपरमा प्रतिबन्ध लगाएको |
| २०७० | शिक्षा मन्त्रालयको पुनः संरचना, वि सं २०५२ सालपश्चात् पहिलो पटक शिक्षक सेवा आयोगबाट शिक्षक पदपूर्तिका लागि लिखित परीक्षा सञ्चालन |
| २०७१ | एसएलसी परीक्षामा लेटर ग्रेडिङ पद्धति अपनाउने निर्णय |
| २०७२ | एसएलसी परीक्षामा पहिलो पटक सम्मिलित प्राविधिक शिक्षा धारका विद्यार्थीहरुको नतिजा लेटर ग्रेडिङ पद्धतिमा प्रकाशन |

**विद्यालय शिक्षाको वर्तमान अवस्था (फ्लास प्रतिवेदन पहिलो २०७१ अनुसार)**

१. नेपालमा हाल बाल विकास केन्द्र तथा पूर्व प्राथमिक विद्यालयहरु कुल ३५१२१ रहेका छन् । तीमध्ये ३००३४ समुदायमा र ५०८७ निजी स्तरमा सञ्चालित छन् । चार वर्ष उमेर समूहको जनसङ्ख्या र बाल विकास केन्द्रमा भर्ना भएका बाल बालिकाको सङ्ख्याको आधारमा बाल विकास केन्द्र तथा पूर्व प्राथमिक विद्यालयको कुल भर्नादर (GER) ७७.७ रहेको छ, जसमा ७७.३ प्रतिशत छात्रा र ७८.१ प्रतिशत छात्र रहेका छन् (शिक्षा विभाग, २०७१) ।

२. देशभर कुल ३४८०६ विद्यालयहरु सञ्चालनमा रहेका छन्, जसमध्ये प्राथमिक तहका सबैभन्दा बढी ३४,३३५ विद्यालयहरु सञ्चालित छन् भने निम्न माध्यमिक र आधारभूत विद्यालयको सङ्ख्या क्रमशः १४,९२४ र ३४,५०६ रहेका छन् । त्यसै गरी माध्यमिक तहमा (कक्षा ९ र १०) ८,८१४ र उच्च माध्यमिक तहमा (कक्षा ११ र १२) ३५९६ विद्यालयहरु रहेका छन् । कक्षा ९–१२ सञ्चालन भएका माध्यमिक तहका विद्यालयहरु भने ९,१०९ ओटा छन् (शिक्षा विभाग, २०७१) ।

३. कुल ३४८०६ विद्यालयहरुमध्ये ८९५ विद्यालयहरु धार्मिक विद्यालयका रुपमा (मदरसा, गुम्बा/विहार, आश्रम/गुरूकुल) सञ्चालनमा रहेका छन् (शिक्षा विभाग, २०७१) ।

४. पूर्व प्राथमिक, प्राथमिक, निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहमा क्रमशः १०१४३३९, ४३३५३५५, १८३५३१३, ९००५८५, र ४१६९९५ जना विद्यार्थीहरु अध्ययनरत छन् (शिक्षा विभाग, २०७१) ।

५. तहगत रुपमा सहजै देखिने भर्नादर र कुल भर्नादर निम्नानुसार रहेको छ :

| तह | सहजै देखिने भर्नादर | | | कुल भर्नादर | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| प्राथमिक तह (१-५) | १४०.३ | १२८.९ | १३४.४ | ९५.७ | ९६.६ | ९६.२ |
| निम्न माध्यमिक तह (६-८) | ९२.० | ८७.४ | ८९.७ | ७५.५ | ७३.८ | ७४.६ |
| माध्यमिक तह (९-१०) | ७०.१ | ७०.२ | ७०.१ | ५५.९ | ५६.३ | ५६.१ |

६. तहगत रुपमा विद्यालयमा रहेको शिक्षक विवरण निम्नानुसार रहेको छ :

| तह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| प्राथमिक तह (१- ५) | ४१.९ प्रतिशत | ५८.१ प्रतिशत | १८७६८४ जना |
| निम्न माध्यमिक तह (६-८) | २७.६ प्रतिशत | ७२.४ प्रतिशत | ५२३४८जना |
| माध्यमिक तह (९-१०) | १७.४ प्रतिशत | ८२.६ प्रतिशत | ३८८५८ जना |

**शिक्षाको वर्तमान संरचना**

<table>
<tr><th>कक्षा</th><th>शिक्षा</th><th colspan="3">तह</th></tr>
<tr><td rowspan="4"></td><td rowspan="4">उच्च शिक्षा</td><td colspan="3">विद्यावारिधि<br>तिनदेखि सात वर्ष</td></tr>
<tr><td colspan="3">एम.फिल.<br>१.५ वर्ष</td></tr>
<tr><td colspan="3">स्नातकोत्तर<br>दुईदेखि तिन वर्ष</td></tr>
<tr><td colspan="3">स्नातक<br>तिनदेखि पाँच वर्ष</td></tr>
<tr><td>१२</td><td rowspan="4">माध्यमिक शिक्षा</td><td rowspan="2">उच्च माध्यमिक तह<br>दुई वर्ष</td><td rowspan="2">प्राविधिक प्रवेशिका</td><td rowspan="2">प्राविधिक<br>डिप्लोमा<br>तिन वर्ष</td></tr>
<tr><td>११</td></tr>
<tr><td>१०</td><td rowspan="2">माध्यमिक तह<br>दुई वर्ष</td><td colspan="2" rowspan="2">वैकल्पिक शिक्षा<br>खुला विद्यालय माध्यमिक तह –एक वर्ष</td></tr>
<tr><td>९</td></tr>
<tr><td>८</td><td rowspan="8">आधारभूत शिक्षा</td><td rowspan="3">निम्न माध्यमिक तह<br>तिन वर्ष</td><td colspan="2" rowspan="3">वैकल्पिक शिक्षा<br>खुला विद्यालय निम्न माध्यमिक तह-दुई वर्ष</td></tr>
<tr><td>७</td></tr>
<tr><td>६</td></tr>
<tr><td>५</td><td rowspan="5">प्राथमिक तह<br>पाँच वर्ष</td><td colspan="2" rowspan="5">वैकल्पिक शिक्षा<br>अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम<br>तिन वर्ष<br>(आठदेखि १४वर्ष उमेर समूह)</td></tr>
<tr><td>४</td></tr>
<tr><td>३</td></tr>
<tr><td>२</td></tr>
<tr><td>१</td></tr>
<tr><td>०</td><td>प्रारम्भिक बालविकास तथा शिक्षा</td><td colspan="3">पूर्व प्राथमिक तह/बाल विकास केन्द्र<br>एकदेखि दुई वर्ष<br>(तिनदेखि चार वर्ष उमेर समूह</td></tr>
</table>

शिक्षाको राष्ट्रिय नीति, अन्तर्राष्ट्रिय अभ्यास र परिवर्तित सन्दर्भमा नेपालको विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको कायम गरिएको छ। विद्यालय शिक्षाको जम्मा अवधि बार वर्षको हुने छ। आधारभूत तहको शिक्षा प्राप्त गर्ने हक प्रत्येक नागरिकलाई हुने छ। यस संरचनाअनुसार आधारभूत तह कक्षा एकदेखि कक्षा आठसम्म र माध्यमिक तह कक्षा ९ देखि कक्षा १२ सम्म निर्धारण गरिएको छ।

**शिक्षाका राष्ट्रिय उद्देश्यहरू**

राष्ट्रिय पाठ्क्रम प्रारुप, २०६३ ले तय गरेका र समय समयमा परिमार्जन गरेपछि हाल नेपालका शिक्षाका राष्ट्रिय उद्देश्यहरु निम्नानुसार ११ ओटा रहेका छन् :

१. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा र व्यक्तितत्व विकासको सम्भावनालाई प्रस्फुटित गर्न सहयोग गर्ने

२. प्रत्येक व्यक्तिमा निहित सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय संस्कृति र अस्मिता, सामाजिक मान्यता र आस्थाहरुको संवर्धन गरी जीवन्त अनुभवहरु समेट्दै स्वस्थ सामाजिक तथा सामूहिक जीवन पद्धतिको विकास गर्न चरित्रवान् एवम् नैतिकवान् नागरिक तयार गर्ने
३. स्थानीय तथा राष्ट्रिय स्तरमा व्यवसाय, पेसा एवम् रोजगारीका साथै आवश्यकतानुसार अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्न सहयोग गर्ने
४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउने
५. समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संशाधनको विकास गर्ने
६. प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्ने
७. सामाजिक समानता र न्यायबारे चिन्तन गर्दै तदनुरुपको आचरण विकास गर्ने र समावेशी समाज निर्माणमा मद्दत गर्ने
८. स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशअनुकूल शान्ति, मैत्री, सद्भाव, सहिष्णुता र विश्व बन्धुत्वको भावना विकास गरी तदनुरुपको आचरण गर्ने गराउने र हरेक प्रकारका द्वन्द्व व्यवस्थापनका लागि सक्षम नागरिक तयार गर्ने
९. आधुनिक सूचना प्रविधिसँग परिचित भई त्यसको प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने
१०. राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मानव अधिकारप्रति सम्मान गर्ने, समालोचनात्मक तथा रचनात्मक सोच भएका, स्वाभिमानी तथा अरुलाई सम्मान गर्ने र आफू नेपाली भएकामा गौरव गर्ने नागरिक तयार गर्ने
११. नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरुको संरक्षण र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्न मद्दत गर्ने ।

## विद्यालय शिक्षाका तहगत उद्देश्यहरू

### क. बाल विकास शिक्षाका उद्देश्यहरू

आधारभूत तहमा बाल बालिकाको सरल समायोजनका लागि उनीहरुलाई सम्पूर्ण (शारीरिक तथा मनोवैज्ञानिक) रुपले तयार पार्नु बाल विकास शिक्षाको प्रमुख उद्देश्य हो । विशेष गरी बाल विकास शिक्षाका अन्य उद्देश्यहरु निम्नानुसार हुने छन् :

१. शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक सिर्जनात्मक पक्षको विकासका लागि अवसर प्रदान गर्नु
२. सफा सुग्घर रहने बानीको विकास गर्नु
३. सामाजिक मूल्यअनुरुप व्यवहार गर्ने बानीको विकास गर्नु
४. विद्यालयप्रति सकारात्मक धारणा र व्यवहारको विकास गर्नु
५. आधारभूत शिक्षाका लागि तयार पार्नु

### ख. आधारभूत शिक्षाका सक्षमताहरू (कक्षा १-८)

आधारभूत शिक्षाले विद्यार्थी केन्द्रित शिक्षाका माध्यमद्वारा बाल बालिकामा अन्तरनिहित प्रतिभाको विकास गर्नुपर्दछ । यसको मूल उद्देश्य राष्ट्र र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने र सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो । यस तहको शिक्षा ग्रहण गरिसकेका बाल बालिकाहरु आफ्ना विचारहरु आदान प्रदान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुने छन् । आधारभूत शिक्षाको नयाँ पाठ्यक्रमअनुसार आधारभूत शिक्षाका सक्षमताहरु निम्नबमोजिम निर्धारण गरिएका छन् :

१. भाषिक, तार्किक तथा व्यावहारिक गणितीय सिप विकास र प्रयोग
२. सूचना र विचारहरुको आदान प्रदान, विश्लेषण तथा सूचना प्रविधिको प्रयोग
३. जनसङ्ख्या, वातावरण र दिगो विकासको व्यवस्थापनमा सहयोग

४. वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त, नियम र खोज तथा अनुसन्धानको उपयोग एवम् प्रकृति र जीवबिचको अन्तरसम्बन्ध बोध
५. स्वस्थ, नैतिक र असल सामाजिक व्यवहारको विकास
६. स्थानीय र आधुनिक पेसा, व्यवसाय र प्रविधिप्रति सम्मान तथा सामान्य व्यावसायिक सिपको प्रयोग
७. कला र संस्कृतिको संरक्षण तथा संवर्धन
८. व्यावहारिक जीवनमा आइपर्ने समस्याको पहिचान, विश्लेषण तथा समाधान

**ग. माध्यमिक शिक्षाका उद्देश्यहरू (कक्षा ९-१२)**

राष्ट्रिय परम्परा, संस्कृति, सामाजिक सम्पदा, लोकतान्त्रिक मूल्यसँग परिचित देशको आर्थिक विकासमा योगदान दिन सक्ने, दक्ष र स्वस्थ नागरिकको उत्पादन गर्नु माध्यमिक शिक्षाको उद्देश्य हो । यस तहको मुख्य उद्देश्य देशको सर्वाङ्गीण विकासका लागि क्षमताअनुरुप ठोस योगदान दिन सक्ने सिपयुक्त जनशक्ति उत्पादन गर्नु र विश्व विद्यालय शिक्षाका लागि आवश्यक ज्ञान सिप प्रदान गरी सचेत नागरिक तयार पार्नु हो । परिवर्तित पाठ्यक्रमअनुसार माध्यमिक शिक्षाका उद्देश्यहरु निम्न लिखित हुने छन् :

१. देशको बहु सांस्कृतिक र लोकतान्त्रिक मूल्य मान्यताप्रति गर्व गर्दै सकारात्मक धारणाको विकास गर्नु
२. राष्ट्र विकासका लागि सक्षम, आत्मनिर्भर, सिपमूलक र तालिम प्राप्त मानव स्रोत उत्पादन गर्नु
३. इमानदारी, आत्म निर्भरता, रचनात्मकता, परिश्रमीपन, सहयोगीपन, समूहमा काम गर्ने बानी, जवाफदेही, आत्म विश्वास जस्ता गुणको विकास गर्नु
४. दैनिक क्रियाकलाप र सामाजिक जीवनमा सक्रिय सहभागिताका लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक क्षमताको विकास गर्नु
५. दैनिक जीवनका समस्या समाधानका लागि उपयुक्त ज्ञान विकास गर्नु

**घ. माध्यमिक शिक्षा (कक्षा ९-१०) पाठ्यक्रम, २०७१ अनुसार तहगत सक्षमता**

सिकाइ र वास्तविकताबिच सम्बन्ध स्थापित गर्ने, सिद्धान्त र व्यवहारको समन्वय गर्ने, स्वपरावर्तित हुँदै ज्ञान, सिप र क्षमतालाई अद्यावधिक गर्ने, अधिकार, स्वतन्त्रता र समानताको प्रवर्धन गर्ने, स्वस्थ जीवनको अभ्यास गर्ने, तार्किक विश्लेषण गरी निर्णय गर्ने, वैज्ञानिक विश्लेषणका आधारमा व्यक्ति, समाज र राष्ट्रको दिगो विकासमा सरिक हुने, नैतिक आचरण प्रदर्शन गर्ने, सामाजिक सद्भावप्रति संवेदनशील हुने, पर्यावरणीय सन्तुलनप्रति संवेदनशील हुने, द्वन्द्व व्यवस्थापन गर्दै दिगो शान्तिका लागि प्रतिबद्ध रहने, आधुनिक ज्ञान, सिप, सूचना, सञ्चार र प्रविधिको प्रयोग गर्ने, स्वावलम्बी र व्यवसायमुखी सिपको अभ्यास गर्ने, राष्ट्र, राष्ट्रियता र राष्ट्रिय आदर्शको सम्मान गर्ने, समाज स्वीकार्य आचरण र कार्य संस्कृतिको अवलम्बन गर्ने, सहिष्णु भाव राख्ने, सिर्जनशील, कल्पनाशील, उद्यमशील एवम् उच्च सोच र आदर्शमा आधारित व्यवहार गर्ने, समसामयिक चुनौतीहरुको सफल व्यवस्थापन गर्ने लगायतका विशेषताहरुले युक्त स्वावलम्बी, देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाज निर्माणमा योगदान गर्न सक्ने नागरिक तयार गर्नु माध्यमिक शिक्षाको मार्गदर्शन हो । यसका लागि कक्षा ९ र १० का विद्यार्थीमा निम्नानुसारका सक्षमता विकासको अपेक्षा गरिएको छ :

१. मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन
२. राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिवेशसँग परिचित भई विविधता, सद्भाव र सह अस्तित्वलाई आत्मसात् गर्दै सभ्य, सुसंस्कृत  र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह
३. दैनिक क्रियाकलापमा आत्म विश्वासका साथ भाषिक सिपको प्रयोग
४. प्रभावकारी सिकाइ, रचनात्मक र विश्लेषणात्मक सोच तथा सामाजिक सम्पर्क र सञ्चारबाट विचारहरुको आदान प्रदान
५. दैनिक व्यवहारमा आइपर्ने गणितीय समस्या पत्ता लगाई समाधान गर्ने क्षमताको विकास
६. जीवन जगत् र व्यवहारसँगको तादात्म्य बोध गरी समाज सापेक्ष व्यवहार निर्माण

७. स्वास्थ्यप्रतिको सचेततासहित वातावरण संरक्षण र संवर्धन तथा जनसङ्ख्या व्यवस्थापनमा सक्रिय सहभागिता
८. प्राकृतिक तथा सामाजिक घटनाको विश्लेषण, तिनको असर बोध तथा सकारात्मक व्यवहार प्रदर्शन
९. विज्ञान र समाजको अन्तरसम्बन्ध पहिचानसहित समसामयिक प्रविधिलाई व्यावसायिक प्रवर्धन र मानव हितमा प्रयोग
१०. वैज्ञानिक खोज तथा अनुसन्धान गर्न आवश्यक प्रक्रियागत सिपहरु हासिल गरी आधुनिक प्रविधिहरुको दैनिक जीवनमा प्रयोग

**उच्च शिक्षाको उद्देश्य**

उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले दिएको सुझावअनुसार उच्च शिक्षाका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

१. राष्ट्रिय पहिचान, देशभक्ति, सांस्कृतिक सचेतता, नैतिकता तथा आत्मिक उन्नयनको प्रवर्धन गर्नु
२. राष्ट्रिय विकासका निम्ति आवश्यक उच्च स्तरीय प्रविधि र सिप प्रदान गर्नु
३. राष्ट्रको सर्वाङ्गीण विकासका निम्ति नेतृत्व प्रदान गर्न सक्ने पेसाहरुको विकास गर्नु
४. अध्ययन अनुसन्धानद्वारा मानवीय जीवनको गुणस्तरमा सुधार गर्न तथा परिवर्तनशील सामाजिक आवश्यकता र अवस्थाअनुरुप परिवर्तित हुँदै जाने ज्ञानका नयाँ नयाँ क्षितिजहरुको विस्तार गर्नु
५. सिर्जनात्मक तथा विश्लेषणात्मकताका साथै वैज्ञानिक चिन्तन प्रणाली अँगाली प्राज्ञिक स्वतन्त्रतालाई अक्षुण्ण राख्दै नवीन चिन्तन र प्रविधिहरुको प्रतिपादन गर्नु
६. मानव अधिकारको सम्मान, नागरिक अधिकारको सुदृढीकरण, प्रजातान्त्रिक मूल्य र मान्यताको संवर्धन गर्दै न्यायपूर्ण समाजको सिर्जना गर्नु
७. अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने नागरिक तयार गर्नु
८. नेतृत्वदायी क्षमताको निर्माण तथा विकास गर्नु

**शिक्षाको व्यवस्थापकीय संरचना**

नेपालमा शिक्षा सम्बन्धी नीति निर्माण र समस्त योजना, कार्यक्रमको समन्वयका लागि शिक्षा मन्त्रालय रहेको छ । उच्च शिक्षाको नीति निर्माणमा सहयोग र सञ्चालनको समन्वय विश्व विद्यालय अनुदान आयोगले गर्दछ भने विश्व विद्यालयहरु आफ्ना कार्यहरु सञ्चालन गर्नका लागि स्वतन्त्र रहेका छन् । शिक्षा मन्त्रालयअन्तर्गत शिक्षा विभागले विद्यालय शिक्षाको वार्षिक योजना तर्जुमा, कार्यान्वयन र व्यवस्थापन गर्दछ । शिक्षा विभागले जिल्ला शिक्षा कार्यालयहरुमार्फत शैक्षिक योजना कार्यान्वयन, अनुगमन र व्यवस्थापन गर्दछ । प्रत्येक विद्यालयमा रहेको व्यवस्थापन समिति विद्यालयको सञ्चालन र व्यवस्थापनमा जिम्मेवार हुन्छन् ।

शिक्षक विकासका लागि केन्द्रीय स्तरमा शैक्षिक जनशक्ति विकास केन्द्र रहेको छ भने यसअन्तर्गत २९ ओटा तालिम केन्द्रहरु रहेका छन् । यी तालिम केन्द्रहरुले शिक्षकहरुका लागि विभिन्न किसिमका तालिम सञ्चालन गर्दछन् । केही विद्यालयहरुको समूहमा स्थापित स्रोत केन्द्रहरुबाट शिक्षक र विद्यालयलाई शिक्षण सिकाइमा सुधारका लागि सहयोग गर्ने व्यवस्था पनि गरिएको छ । हाल देशभर जम्मा १०५३ स्रोत केन्द्रहरु सञ्चालित छन् । पाँच विकास क्षेत्रमा रहेका क्षेत्रीय शिक्षा निर्देशनालयहरुले पनि कार्यक्रम सञ्चालनको अनुगमन र समन्वयमा सहयोग गर्दछन् ।

शिक्षा मन्त्रालयअन्तर्गत केन्द्रीय स्तरमा परीक्षाको प्रबन्ध र व्यवस्थापनका लागि परीक्षा नियन्त्रण कार्यालय, पाठ्यक्रम पाठ्य पुस्तक विकास र परिमार्जनका लागि पाठ्यक्रम विकास केन्द्र, अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन र व्यवस्थापनका लागि अनौपचारिक शिक्षा केन्द्र, शिक्षकहरुको अभिलेख व्यवस्थापनका लागि शिक्षक किताबखाना र विद्यालय शिक्षाको गुणस्तर परीक्षण गरी सुझाव दिन शैक्षिक परीक्षण केन्द्र रहेका छन् ।

उच्च माध्यमिक तहको सम्बन्धन प्रदान गर्ने र परीक्षा सञ्चालन गर्ने कार्य उच्च माध्यमिक शिक्षा परिषद्बाट भइरहेको छ भने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रमहरु (विश्व विद्यालयका कार्यक्रमहरुबाहेक), जसअन्तर्गत छोटो अवधिको तालिम, प्राविधिक प्रवेशिका र डिप्लोमा तहका कार्यक्रमहरु सञ्चालन र सिप परीक्षण गर्ने कार्य प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्मार्फत भइरहेको छ ।

शिक्षा मन्त्रालयअन्तर्गत दुई ओटा केन्द्रीय पुस्तकालयहरु ( राष्ट्रिय पुस्तकालय र केसर पुस्तकालय) र एउटा स्वायत्त पुस्तकालय (डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय) सञ्चालनमा रहेका छन् । पाठ्य पुस्तकहरु तथा अन्य शैक्षिक सामग्रीहरुको छपाइ र वितरणका लागि सरकारी स्वामित्वसहितका संस्थानहरु- जनक शिक्षा सामग्री केन्द्र र साझा प्रकाशन पनि रहेका छन् ।

**शिक्षाको प्रशासनिक व्यवस्थापकीय संरचना**



**सन्दर्भ सामग्री**

DoE (2015). *Flash Report I 2071 (2014/15)*. Sanothimi: DOE.

Reported data received from HSEB ( 2072), UGC ( 2072) and CTEVT (2072).

अर्थ मन्त्रालय (२०७२), आर्थिक सर्वेक्षण २०७१/०७२, काठमाडौंः नेपाल सरकार ।

उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५), उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन-२०५५, काठमाडौं : उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६९), राष्ट्रिय जनगणना २०६८ को अन्तिम नतिजा, काठमाडौंः केन्द्रीय तथ्याङ्क विभाग ।

केन्द्रीय तथ्याङ्क विभाग (२०७१). नेपालको तथ्याङ्कीय झलक २०६९. काठमाडौं : राष्ट्रिय योजना आयोग ।

पाठ्यक्रम विकास केन्द्र (२०६३), राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३, सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

राष्ट्रिय शिक्षा आयोग (२०४९), राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९, काठमाडौंः राष्ट्रिय शिक्षा आयोग ।

राष्ट्रिय योजना आयोग (२०७१). तेरौँ योजना, आ.व.२०७०/७१-२०७२/७३, काठमाडौंः नेपाल सरकार ।

युएनडिपी (२०१४). मानव विकास रिर्पोट २०१४, न्युयोर्क.: युनाइटेड नेसन्स डेभलपमेन्ट प्रोग्राम ।

शाही उच्च शिक्षा आयोग (२०४०), शाही उच्च शिक्षा आयोगको प्रतिवेदन, २०४०, काठमाडौं : शाही उच्च शिक्षा आयोग ।

# खण्ड ख

## शिक्षा मन्त्रालय र सम्बद्ध निकायहरूको परिचय

१. शिक्षा मन्त्रालय
२. शिक्षा विभाग
३. पाठ्यक्रम विकास केन्द्र
४. शैक्षिक जनशक्ति विकास केन्द्र
५. परीक्षा नियन्त्रण कार्यालय
६. अनौपचारिक शिक्षा केन्द्र
७. शिक्षक सेवा आयोग
८. विद्यालय शिक्षक किताबखाना
९. शैक्षिक गुणस्तर परीक्षण केन्द्र
१०. क्षेत्रीय शिक्षा निर्देशनालय
११. जिल्ला शिक्षा कार्यालय
१२. स्रोत केन्द्र
१३. युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग
१४. उच्च माध्यमिक शिक्षा परिषद्
१५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
१६. जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
१७. विश्व विद्यालय अनुदान आयोग
१८. विश्व विद्यालय तथा प्रतिष्ठानहरु
१९. नेपाल राष्ट्रिय पुस्तकालय
२०. केसर पुस्तकालय
२१. डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय
२२. साझा प्रकाशन
२३. शिक्षाका लागि खाद्य कार्यक्रम परियोजना
२४. व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि (EVENT) परियोजना
२५. सिप विकास परियोजना (SDP)
२६. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम जीवन व्यवहार कुशल सिप परियोजना (TSSP)

# शिक्षा मन्त्रालय

## पृष्ठभूमि

विक्रम संवत् २००७ मा शिक्षा मन्त्रालयको स्थापना भएको हो । राष्ट्रको शिक्षा सम्बन्धी सम्पूर्ण नीति निर्धारण, योजना निर्माण, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गरी मुलुकभरको शिक्षा क्षेत्रको व्यवस्थापन र सेवा प्रदान गर्नु यस मन्त्रालयको दायित्व र जिम्मेवारी रहिआएको छ ।

शिक्षा मन्त्रालयमा शिक्षा मन्त्रीको मातहतमा राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिवले प्रशासकीय तथा कार्यकारी प्रमुखका रुपमा कार्य गर्दछन् । हाल शिक्षा मन्त्रालयमा कर्मचारीको दरबन्दी १७१ रहेको छ । कुल दरबन्दीमध्ये राजपत्राङ्कित विशिष्ट श्रेणी १, प्रशासन सेवा र शिक्षा सेवाका राजपत्राङ्कित प्रथम श्रेणी क्रमशः १ र ३ गरी ४, विभिन्न सेवा र समूहका राजपत्राङ्कित द्वितीय श्रेणी ३९, राजपत्राङ्कित तृतीय श्रेणी ४१, राजपत्र अनङ्कित प्रथम श्रेणी ३४, राजपत्र अनङ्कित द्वितीय श्रेणी १५ र श्रेणीविहीन ३७ जना रहेका छन् ।

## दूरदृष्टि

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको, बजारको मागलाई सम्बोधन गर्न सक्ने दक्ष एवम् उत्पादनशील जनशक्ति विकासका लागि सबै तहमा गुणस्तरीय शिक्षाको समतामूलक पहुँच सुनिश्चित गर्ने ।

## ध्येय

१. गरिब र पिछडिएका क्षेत्रका निरक्षर प्रौढहरुलाई लक्षित गरी कार्यगत साक्षरता कार्यक्रम सञ्चालन गर्ने
२. पूर्व प्राथमिक शिक्षाको विकास र विस्तार गर्ने
३. निःशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्ने
४. रोजगारमुखी, दक्षतामा आधारित व्यावसायिक शिक्षा र तालिमको विस्तार र विकास गर्ने
५. ज्ञानमा आधारित समाजको सिर्जनाका लागि उच्च शिक्षालाई विस्तार र विकास गर्ने
६. सकारात्मक सामाजिक परिवर्तनका लागि शिक्षाको नीतिलाई विस्तार गर्ने ।

## उद्देश्य

१. सबै तह र विषयको शिक्षामा समान पँहुच विस्तार गर्ने
२. सबै तहको शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी, सिपमूलक, रोजगारमुखी एवम् समसामयिक बनाउने
३. शैक्षिक पद्धतिलाई सिर्जनात्मक, व्यावहारिक, समावेशी र समतामूलक बनाउँदै लैजाने
४. समग्र शिक्षा प्रणालीको दक्षता, प्रभावकारिता र जवाफदेहीमा अभिवृद्धि गर्ने ।

## रणनीति

१. प्रारम्भिक बाल विकासलाई समन्वयात्मक रुपमा विस्तार गर्ने
२. निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र माध्यमिक तह (९-१२) को एकीकृत शिक्षा पद्धतिको प्रभावकारी कार्यान्वयन गर्ने
३. प्राविधिक र व्यावसायिक शिक्षाका क्षेत्रमा लगानी तथा अवसरमा विस्तार गर्ने
४. उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउँदै नियमनका पूर्वाधार विकास र अवसरहरुको विविधीकरण गर्ने
५. साक्षरतालाई उत्पादकत्वसँग आबद्ध गरी अभियानको रुपमा सञ्चालन गर्ने
६. विपन्न, सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरुलाई शिक्षामा पहुँच सुनिश्चित गर्न लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने
७. सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने
८. लगानीको प्रतिफल सुनिश्चित गर्दै जवाफदेही पद्धतिको विकास गर्ने ।

**कार्य क्षेत्र**

नेपाल सरकार, कार्य विभाजन नियमावली, २०६९ (मन्त्री परिषद्‌बाट स्वीकृत मिति २०६९।०२।०५) अनुसार शिक्षा मन्त्रालयका मुख्य कार्यक्षेत्रहरु निम्नानुसार रहेका छन् :

१. शिक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन
२. शिशु, प्राथमिक, निम्न माध्यमिक, माध्यमिक, उच्च माध्यमिक तथा उच्च शिक्षा, दूर शिक्षा, प्रौढ शिक्षा, अनौपचारिक शिक्षा तथा विशेष शिक्षा
३. जनसङ्ख्या शिक्षा र पौष्टिक आहार कार्यक्रम
४. प्राविधिक, व्यावसायिक, नैतिक तथा शारीरिक शिक्षा
५. शिक्षक तालिम र शैक्षिक जनशक्ति विकास नीतिको तर्जुमा तथा कार्यान्वयन
६. शिक्षण संस्था (गुरूकुल, मदरसा, गुम्बासमेत)
७. खुला प्रतियोगिताबाट छनोट हुनेलाई छात्रवृत्ति, विदेशमा अध्ययन, अनुसन्धान गर्न जाने तथा विदेशीलाई नेपालमा अध्ययन, अनुसन्धानको स्वीकृति
८. प्राज्ञिक अनुसन्धान
९. पाठ्यक्रम तथा पाठ्य पुस्तक
१०. शिक्षा सम्बन्धी सर्वेक्षण, तथ्याङ्क तथा अनुसन्धान
११. पुस्तकालय र वाचनालय
१२. शिक्षा विषयक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क तथा समन्वय
१३. शिक्षा सम्बन्धी द्विपक्षीय र बहुपक्षीय सम्झौता
१४. संयुक्त राष्ट सङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्घ (युनेस्को)
१५. विश्व विद्यालय तथा अध्ययन संस्थान
१६. विश्व विद्यालय अनुदान आयोग
१७. जनक शिक्षा सामग्री केन्द्र
१८. साझा प्रकाशन
१९. नेपाल शिक्षा सेवाको सञ्चालन (आर्कियोलजी समूहबाहेक)।

शिक्षा मन्त्रालय स्वयम्‌ले मुलकुभरको शिक्षाको व्यवस्थापन र शैक्षिक सेवा प्रदान गर्दछ। यसअन्तर्गतका केन्द्रीय स्तरका निकायहरु कार्यक्रमहरुको कार्यान्वयन र तिनीहरुको अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार छन् भने क्षेत्रीय कार्यालयहरु समन्वय र अनुगमन गर्ने निकायको रुपमा रहेका छन्। जिल्ला शिक्षा कार्यालयहरु जिल्लाभित्र शिक्षा सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गर्ने मुख्य निकायको रुपमा रहेका छन्।

प्रत्येक विद्यालयमा रहेको विद्यालय व्यवस्थापन समितिलाई विद्यालय व्यवस्थापन गर्ने जिम्मेवारी दिइएको छ भने विद्यालयको शिक्षण सिकाइ सुधारका लागि स्रोत केन्द्रहरुले प्राविधिक सहायता पुऱ्याउने र विद्यालयको सुपरिवेक्षण सम्बन्धी कार्य गर्ने गर्दछन्।

शिक्षा मन्त्रालयको कार्य क्षेत्रअन्तर्गत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको नीति तथा योजना निर्माण र अनुगमन तथा मूल्याङ्कन पनि रहेको छ। यस कार्यका लागि मन्त्रालयले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्‌सँग समेत समन्वय गर्दछ। उच्च शिक्षा सम्बन्धी नीति तथा योजना निर्माण, कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका लागि मन्त्रालयले विश्व विद्यालय अनुदान आयोग र सम्बन्धित विश्व विद्यालयहरुसँग समन्वय गर्दछ।

**शिक्षा मन्त्रालयका महाशाखा र शाखाहरू र तिनका कार्यहरू**

निजामती सेवा ऐन, २०४९ को दफा २४घ १ को प्रावधानबमोजिम बढुवा भएका कर्मचारीहरुको पद स्थापना तथा समायोजन गर्न निजामती सेवा ऐन, (तेस्रो संशोधन) अध्यादेश, २०६९ मा व्यवस्था भएबमोजिम शिक्षा मन्त्रालयले मिति २०७० मंसिर ३० को निर्णयानुसार आन्तरिक र अन्तर्गतका निकायहरुमा नयाँ सङ्गठन पुनः संरचना गरेको छ।

यो पुनः संरचनाअनुसार शिक्षा मन्त्री, शिक्षा राज्यमन्त्री, शिक्षा सहायक मन्त्री र शिक्षा सचिवअन्तर्गत निम्न लिखित महाशाखा र अन्तर्गतका शाखाहरु कायम गरिएको छ :

**शिक्षा मन्त्रालयका आन्तरिक महाशाखा तथा शाखाहरू**

**क. प्रशासन महाशाखा (सा.प्र., रा.प.प्र. १)**

कर्मचारी व्यवस्थापन तथा विकास, कर्मचारी भर्ना, सरूवा, बढुवा, आर्थिक प्रशासन, सम्पत्ति व्यवस्थापन, ऐन नियम परामर्श र जनसम्पर्क यस महाशाखाका मुख्य कार्यहरु रहेका छन् । यी कार्यहरु सम्पन्न गर्न तल लेखिएका शाखाहरुको समन्वय, नियन्त्रण, अनुगमन, निरीक्षण, मूल्याङ्कन र निर्देशन गर्दछ ।

१. कर्मचारी प्रशासन तथा जनशक्ति विकास शाखा (सा.प्र., रा.प.द्वि. १)
२. आर्थिक प्रशासन शाखा (लेखा, रा.प.द्वि. १)
३. कानुन तथा फैसला कार्यान्वयन शाखा (कानुन, रा.प.द्वि. १)
४. आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन शाखा (सा.प्र., रा.प.द्वि. १)

**ख. योजना महाशाखा (शि.प्र., रा.प.प्र.१)**

शिक्षाको राष्ट्रिय नीतिअनुरुप वार्षिक तथा आवधिक योजनाहरु तयार गर्ने, शैक्षिक नीतिको विकास तथा विश्लेषण, शिक्षा क्षेत्रका कार्यक्रम तथा परियोजनाहरुको कार्यान्वयनका लागि वैदेशिक सहायताको समन्वय गर्ने जस्ता कार्यहरु यस महाशाखाका कार्यहरु हुन् । यी कार्यहरु सम्पन्न गर्न यो महाशाखाअन्तर्गत निम्न लिखित शाखाहरु रहेका छन् :

१. योजना, कार्यक्रम तथा बजेट शाखा (क) (शि.प्र., रा.प.द्वि. १)
२. योजना, कार्यक्रम तथा बजेट शाखा (ख) (शि.प्र., रा.प.द्वि. १)
३. वैदेशिक सहायता समन्वय शाखा (क) (शि.प्र., रा.प.द्वि. १)
४. वैदेशिक सहायता समन्वय शाखा (ख) (शि.प्र., रा.प.द्वि. १)
५. अनुसन्धान तथा शैक्षिक मापदण्ड निर्धारण शाखा (शि.प्र., रा.प.द्वि. १)
६. पुस्तकालय समन्वय शाखा (पुस्तकालय विज्ञान, रा.प.द्वि. १)
७. मानव संसाधन विकास तथा परिवर्तन व्यवस्थापन शाखा (शि.प्र., रा.प.द्वि. १)
८. राष्ट्रिय स्वयम् सेवा परिचालन शाखा (शि.प्र., रा.प.द्वि. १)
९. अन्तर्राष्ट्रिय स्वयम् सेवा परिचालन तथा प्रवेशाज्ञा (भिसा) सिफारिस (शि.प्र.,रा.प.द्वि. १)
१०. सञ्चार (मिडिया) समन्वय शाखा(शि.प्र., रा.प.द्वि. १)
११. नीति निर्धारण समितिको सचिवालय (शि.प्र., रा.प.द्वि. २)
१२. युनेस्को समन्वय शाखा (शि.प्र., रा.प.द्वि. २)

**ग. शैक्षिक व्यवस्थापन महाशाखा (शि.प्र., रा.प.प्र. १)**

उच्च तथा प्राविधिक शिक्षा, छात्रवृत्ति र विद्यालय शिक्षा सम्बन्धी कार्यहरु यस महाशाखाका मुख्य कार्यहरु रहेका छन् । यो महाशाखाअन्तर्गत निम्न लिखित शाखाहरु रहेका छन् :

१. आधारभूत शिक्षा शाखा (शि.प्र., रा.प.द्वि. १)
२. माध्यमिक शिक्षा शाखा (विद्यमान उच्च माध्यमिकसमेत) (शि.प्र., रा.प.द्वि. १)
३. प्रारम्भिक बाल विकास, वैकल्पिक तथा खुला शिक्षा समन्वय शाखा (शि.प्र., रा.प.द्वि. १)
४. विद्यालय सम्पत्ति व्यवस्थापन शाखा (शि.प्र., रा.प.द्वि. १)
५. उच्च शिक्षा शाखा (शि.प्र., रा.प.द्वि. १)
६. प्राविधिक शिक्षा शाखा (शि.प्र., रा.प.द्वि. १)
७. शिक्षण संस्था समन्वय शाखा (शि.प्र., रा.प.द्वि. १)
८. छात्रवृत्ति शाखा (शि.प्र., रा.प.द्वि. १)

९. शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखा (शि.प्र., रा.प.द्वि. १)
१०. वैदेशिक अध्ययन अनुमति पत्र व्यवस्थापन शाखा (शि.प्र., रा.प.द्वि. १)

### घ. अनुगमन, मूल्याङ्कन तथा निरीक्षण महाशाखा (शि.प्र., रा.प.प्र. १)

कार्यक्रम कार्यान्वयनको अनुगमन, शैक्षिक सूचना व्यवस्थापनका कार्यहरु, मन्त्रालयको सम्पूर्ण कार्यक्रमको अनुगमन र मूल्याङ्कन तथा निरीक्षण सम्बन्धी कार्यहरुको संयोजन गर्ने यस महाशाखाका मुख्य कार्यहरु रहेका छन् । यो महाशाखाअन्तर्गत निम्न लिखित शाखाहरु रहेका छन्:

१. अनुगमन तथा मूल्याङ्कन शाखा (शि.प्र., रा.प.द्वि. १)
२. कार्यक्रम अनुगमन समन्वय शाखा (शि.प्र., रा.प.द्वि. १)
३. शैक्षिक सूचना व्यवस्थापन शाखा (शि.प्र., रा.प.द्वि. १)
४. जन गुनासो व्यवस्थापन शाखा (शि.प्र., रा.प.द्वि. १)
५. सूचना तथा सञ्चार प्रविधि शाखा (शि.प्र., रा.प.द्वि. १)
६. शासकीय सुधार तथा निरीक्षण शाखा (शि.प्र., रा.प.द्वि. १)
७. पोषण तथा खाद्य सुरक्षा अनुगमन शाखा (शि.प्र., रा.प.द्वि. १)

### शिक्षा मन्त्रालय सम्बद्ध निकायहरू

शिक्षाका निर्दिष्ट उद्देश्य एवम् लक्ष्यहरु हासिल गर्नका लागि शिक्षा मन्त्रालयअन्तर्गत विभिन्न केन्द्रीय, क्षेत्रीय, जिल्ला स्तरीय, स्थानीय स्तरका एवम् स्वायत्त निकायहरुको स्थापना गरिएको छ । यिनीहरु शैक्षिक विकासका कार्यक्रमहरुको सञ्चालन र व्यवस्थापन गर्ने लगायत आवश्यक जनशक्ति उत्पादन गर्ने निकाय हुन् । मन्त्रालयअन्तर्गतका केन्द्रीय स्तरका निकायहरुले योजना तथा कार्यक्रमहरुको तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गर्ने दायित्व निर्वाह गर्छन् भने क्षेत्रीय शिक्षा निर्देशनालयले अनुगमन र समन्वय गर्ने निकायको रुपमा कार्य गर्दछ । जिल्ला शिक्षा कार्यालयहरु शिक्षा सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गर्ने मुख्य निकायको रुपमा रहेका छन् । जिल्लामा रहेका स्रोत केन्द्रहरुले विद्यालय सुपरिवेक्षण र शिक्षण सिकाइ सुधारका लागि सहयोग पुऱ्याउँछन् । यसै गरी मन्त्रालयसँग सम्बन्धित र अन्तर्गत स्थापित स्वायत्त निकाय, परिषद्हरु एवम् आयोगहरुले तोकिएको क्षेत्रमा शैक्षिक सेवा प्रदान गर्दछन् ।

शिक्षा मन्त्रालयसँग सम्बन्धित र अन्तर्गतका निकायको स्वरुप निम्नानुसार रहेको छ :

#### १ केन्द्रीय निकाय

१. शिक्षा विभाग
२. पाठ्यक्रम विकास केन्द्र
३. परीक्षा नियन्त्रण कार्यालय
४. शैक्षिक जनशक्ति विकास केन्द्र
५. अनौपचारिक शिक्षा केन्द्र
६. विद्यालय शिक्षक किताबखाना
७. शैक्षिक गुणस्तर परीक्षण केन्द्र

#### २. क्षेत्रीय निकाय

१. पाँच क्षेत्रीय शिक्षा निर्देशनालयहरु : पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल
२. शैक्षिक तालिम केन्द्रहरु

#### ३. जिल्ला स्तरका निकाय

१. ७५ ओटा जिल्ला शिक्षा कार्यालयहरु

**४. स्थानीय स्तरका निकाय**

१ स्रोत केन्द्रहरु
२. विद्यालयहरु

**५. आयोग**

१. विश्व विद्यालय अनुदान आयोग
२. शिक्षक सेवा आयोग
३. युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग

**६. विश्व विद्यालय**

१ त्रिभुवन विश्व विद्यालय
२ नेपाल संस्कृत विश्व विद्यालय
३ काठमाडौं विश्व विद्यालय
४ पूर्वाञ्चल विश्व विद्यालय
५ पोखरा विश्व विद्यालय
६ लुम्बिनी बौद्ध विश्व विद्यालय
७. सुदूर पश्चिमाञ्चल विश्व विद्यालय
८. मध्य पश्चिमाञ्चल विश्व विद्यालय
९. कृषि तथा पशु विज्ञान विश्व विद्यालय

**७. परिषद्**

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
२. उच्च माध्यमिक शिक्षा परिषद्

**८ केन्द्रीय पुस्तकालय**

१. नेपाल राष्ट्रिय पुस्तकालय
२. केसर पुस्तकालय
३. डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय

**९ संस्थान**

१. जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
२. साझा प्रकाशन

**१०. प्रतिष्ठान (स्वाथ्य मन्त्रालयसँग आबद्ध)**

१. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
२ बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान
३. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
४. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

# शिक्षा विभाग

## परिचय

विद्यालय शिक्षाका समग्र नीति, योजना र कार्यक्रमहरुलाई देशव्यापी रुपमा प्रभावकारी ढङ्गबाट कार्यान्वयन र अनुगमन गर्ने र शिक्षा नीति तथा योजना निर्माणमा शिक्षा मन्त्रालयलाई सहयोग गर्ने निकायका रुपमा वि.सं. २०५६ साल जेठ ९ गते शिक्षा विभागको स्थापना भएको हो । यसको प्रमुख उद्देश्य विद्यालय तह (कक्षा १–१२) को शिक्षासँग सम्बन्धित कार्यक्रमहरुलाई कार्यान्वयन तहमा सहजीकरण तथा नियमन गर्ने, क्षेत्रीय शिक्षा निर्देशनालयहरु एवम् जिल्ला शिक्षा कार्यालयहरुलाई कार्यान्वयनमा बढी सक्रिय बनाउने र विद्यालय तहको शिक्षालाई प्रभावकारी बनाउने रहेको छ ।

लोकतन्त्र र मानव अधिकारको संरक्षण तथा संवर्धन गर्ने, निरन्तर शिक्षाप्रति प्रतिबद्ध, श्रमप्रति सकारात्मक सोच भएका र स्वरोजगार, असल चरित्र भएका र एक्काइसौँ शताब्दीमा व्यक्ति, समाज र राष्ट्रमा आइपर्ने चुनौतीहरुको सामना गर्न सक्रिय योगदान पुऱ्याउन सक्ने नागरिक तयार पार्न विद्यालय शिक्षाको व्यवस्थापन गर्नु शिक्षा विभागको दृष्टिकोण हो ।

शिक्षा विभाग विद्यालय तहको शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाई विकासको संवाहक बनाउने दृष्टिकोणले कुशल व्यवस्थापन गर्ने अग्रणी संस्थाको रुपमा काम गरिरहेको छ । यसले शिक्षा मन्त्रालय मातहतमा रही शैक्षिक नीतिहरु तर्जुमा कार्यमा सहयोग गर्ने तथा कार्यान्वयन प्रक्रियामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । साथै सहस्राब्दी विकास लक्ष्य तथा सबैका लागि शिक्षाका लक्ष्यहरु हासिल गर्ने कार्यक्रम कार्यान्वयनमा नेतृत्वदायी भूमिका खेली आएको छ । यस विभागको प्रमुखमा महानिर्देशक रहने व्यवस्था छ । शिक्षा विभागमा कुल ९६ दरबन्दी रहेको छ । यसको कार्यालय सानोठिमी भक्तपुरमा रहेको छ ।

## शिक्षा विभागको परिकल्पना

जीवनोपयोगी र गुणात्मक शिक्षाको माध्यमद्वारा शिक्षित, सुसंस्कृत र समुन्नत तथा गतिशील समाजको स्थापना र विकास गर्न सहयोग पुऱ्याउन गुणस्तरीय शिक्षाको विकास तथा विस्तार गर्ने ।

## शिक्षा विभागको लक्ष्य

शिक्षालाई विकासको संवाहक बनाउने दृष्टिकोणले सबैलाई आधारभूत शिक्षा उपलब्ध गराउने तथा सोभन्दा अगाडिको विद्यालय स्तरीय शैक्षिक अवसर सहज बनाउने ।

## उद्देश्यहरू

शिक्षा विभागका उद्देश्यहरु यस प्रकार छन् :

१. निर्धारित नीति नियमका आधारमा आधारभूत तथा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक शिक्षाको योजना तथा बजेट तयार गरी शिक्षा मन्त्रालयमा पेस गर्ने
२. शिक्षा मन्त्रालयले बनाएका नीति नियमहरुका आधारमा प्राथमिक र माध्यमिक शिक्षाका कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने
३. प्राथमिक, निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक शिक्षा सम्बन्धी कार्यक्रमहरुको रेखदेख अनुगमन एवम् मूल्याङ्कन गर्ने र त्यसको प्रगति प्रतिवेदन मन्त्रालय र सम्बन्धित निकायमा पठाउने
४. कर्मचारीहरुको वृत्ति विकासका लागि योजना तयार गरी शिक्षा मन्त्रालयमा पेस गर्ने
५. शिक्षा विभागको कार्यक्रम कार्यान्वयन गर्दा केन्द्रीय निकायहरुका कार्यक्रमसँग समन्वय हुने गरी कार्यक्रम कार्यान्वयनको व्यवस्था मिलाउने

६. शिक्षा मन्त्रालय र मन्त्रालयसित सम्बन्धित निकायहरुबाट क्षेत्र र जिल्ला स्तरमा सञ्चालन हुने विभिन्न कार्यक्रमहरुका निमित्त आवश्यक पर्ने जनशक्ति उपलब्ध गराई सहयोग गर्ने
७. दातृसंस्थाहरुको सहयोगबाट सञ्चालित शैक्षिक कार्यक्रमहरुको बजेट खर्च सम्बन्धित निकायबाट गर्ने/गराउने र त्यसको लेखा परीक्षणको व्यवस्था गरी गराई समयमै शोधभर्ना लिने व्यवस्थासमेत गर्ने
८. जिल्ला स्तरमा स्रोत केन्द्रहरुको स्थापना र तिनीहरुको व्यवस्थापन गर्ने ।

**शिक्षा विभागको रणनीति**

१. शिक्षामा सबैको पहुँच बढाउन र गुणस्तरीय शिक्षाको विकास र विस्तार गर्ने दिशामा स्थानीय तहलाई नै जिम्मेवार र उत्तरदायी बनाई विद्यालय सञ्चालन गर्ने अधिकारलाई विकेन्द्रित गर्दै उनीहरुको भूमिकालाई सबलीकरण गर्न स्थानीय र सामुदायिक तहलाई सहयोग पुऱ्याउने
२. प्रतिस्पर्धी, समय सापेक्ष र समर्थ जनशक्ति तयार गर्ने विद्यालय शिक्षाको विकासलाई तीव्र बनाउन सार्वजनिक गैर सरकारी र निजी क्षेत्रको सामञ्जस्यपूर्ण सहकार्यलाई प्रवर्धन एवम् सहजीकरण गर्ने
३. केन्द्रदेखि विद्यालय तहबाट गरिने शैक्षिक कार्य र प्रक्रियालाई पारदर्शी बनाई सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाउन विभाग र अन्तर्गतका कार्यालयहरुको संस्थागत क्षमता विकासमा सहयोग पुऱ्याउने
४. सबै सरोकारवाला पक्षहरुलाई जिम्मेवार र जवाफदेही बनाई विद्यालय शिक्षाको समग्र विकास गर्ने र शैक्षिक दृष्टिले पिछडिएका वर्ग, समूह र महिलाहरुको शिक्षामा पहुँच बढाउने कार्यक्रमिक योजनाहरु तयार गर्ने ।

**शिक्षा विभागको कार्यनीति**

१. शैक्षिक संस्था एवम् निकायहरुलाई आवश्यक प्राविधिक सहयोग गरी उनीहरुको सबलीकरण गर्ने
२. शिक्षामा सबैको पहुँच बढाउने, शिक्षाको विकास र विस्तार गर्ने तथा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यका लागि शैक्षिक संस्थाहरुको क्षमता विकास गर्ने
३. विद्यालय शिक्षाको उपलब्धिलाई सुनिश्चित गर्ने उद्देश्यले अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सशक्त बनाउने
४. सम्बन्धित शैक्षिक संस्था तथा निकायहरुलाई मार्ग निर्देशन गर्ने र विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य हासिल गर्नका लागि नियामकको भूमिका निर्वाह गर्ने ।

**शिक्षा विभागका मुख्य मुख्य कार्यहरू**

१. विद्यालय शिक्षा विकासका योजना तथा कार्यक्रमहरु तयार गरी शिक्षा मन्त्रालयमा पेस गर्ने
२. स्वीकृत वार्षिक कार्यक्रमहरु कार्यान्वयनका लागि केन्द्रीय निकायहरुबिच समन्वय गर्ने
३. शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न क्षेत्रीय शिक्षा निर्देशनालय तथा जिल्ला शिक्षा कार्यालयलाई आवश्यक निर्देशन दिने
४. शिक्षक, विद्यालय कर्मचारी र विद्यालय व्यवस्थापन तथा शैक्षिक विकास सम्बन्धी कार्य गर्ने गराउने
५. विद्यालयको शैक्षिक विकास कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने गराउने
६. विभागद्वारा सञ्चालित शैक्षिक योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने
७. स्वीकृत कार्यक्रमको अख्तियारी समयमा नै खर्च गर्ने निकायमा पठाउने, खर्चको विवरण तयार गरी सम्बन्धित निकायबाट शोधभर्ना लिने
८. स्वीकृत कार्यक्रम, बजेट र कार्यक्रम कार्यान्वयन सम्बन्धी नीति निर्देशन सम्बन्धित निकायहरुमा पठाउने र सोको लेखा परीक्षण समयमा नै गर्ने गराउने
९. सबै किसिमका प्रतिवेदन समयमा नै तयार गरी सम्बन्धित निकायमा पेस गर्ने र सोको सुझाव कार्यान्वयन गर्ने गराउने
१०. शिक्षा मन्त्रालयको निर्देशनमा दातृसंस्थाहरुसँग कार्यक्रम तर्जुमा र प्रगति प्रतिवेदनहरुमा समन्वय गर्ने
११. शिक्षा क्षेत्रमा कार्यरत सरकारी निकाय तथा गैर सरकारी सङ्घसंस्थाहरुसँग सहकार्य र समन्वय गर्ने

१२. विद्यालय शिक्षाको क्षेत्रमा कार्य गर्ने वा गर्न चाहने विदेशी स्वयम् सेवकहरुको व्यवस्थापनका लागि आवश्यक कार्य गर्ने

१३. विभाग र मातहतका निकायका कर्मचारीहरुको पदस्थापन, सरूवा, बढुवा, कार्य सम्पादन मूल्याङ्कन, सजाय, पुरस्कार र अवकाश सम्बन्धी कार्य गर्ने

१४. विद्यमान ऐन नियम तथा मन्त्रालयबाट प्राप्त नीति निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

**शिक्षा विभागका महाशाखा तथा शाखाहरू (Divisions and Sections of Department of Education)**

उल्लिखित कार्य सम्पन्न गर्न शिक्षा विभागमा तिन ओटा महाशाखा र २९ ओटा शाखाहरु रहेका छन् । तिनीहरु यस प्रकार छन् :

**प्रशासन महाशाखा:** यस महाशाखाका कार्यहरुमा सामान्य तथा कर्मचारी प्रशासन, आर्थिक प्रशासन, शैक्षिक सामग्री वितरण तथा भौतिक सेवा, विभाग र अन्तर्गतका सरकारी सम्पत्तिको व्यवस्थापनसँग सम्बन्धित जिम्मेवारीहरु पर्दछन् । यसका साथै यस महाशाखा अन्तर्गतका शाखाहरुको काममा समन्वय, निर्देशन तथा नियन्त्रण, अनुगमन र निरीक्षण गर्नु पनि हो ।

यस महाशाखाअन्तर्गत देहायअनुसारका शाखाहरु रहेका छन् :

१. शैक्षिक सामग्री व्यवस्थापन शाखा

२. शासकीय सुधार तथा आन्तरिक गुणस्तर शाखा

३. बहु भाषिक शिक्षा शाखा

४. शैक्षिक परामर्श तथा विपद् व्यवस्थापन शाखा

५. विद्यालय स्वास्थ्य पोषण तथा विद्यालय सम्पत्ति व्यवस्थापन शाखा

६. मानव संसाधन तथा कर्मचारी व्यवस्थापन शाखा

७. आर्थिक प्रशासन शाखा

८. भौतिक सेवा शाखा

**योजना तथा अनुगमन महाशाखा :** यस महाशाखाअन्तर्गतका नौ ओटा शाखाहरुको कार्यहरुका समन्वय, निर्देशन तथा नियन्त्रण, अनुगमन र निरीक्षण गर्नु तथा योजना, अनुगमन, अनुसन्धान तथा विकाससँग सम्बन्धित जिम्मेवारीहरु पुरा गर्नु हो । विभागको वार्षिक बजेट तथा योजना तयार गर्ने, बजेटको कार्यान्वयन गर्ने, शैक्षिक अनुसन्धान सम्बन्धित कार्य, वैदेशिक समन्वय, शैक्षिक सूचनाको व्यवस्थापन र महानिर्देशकबाट प्रत्यायोजित अन्य कार्यहरुसमेत यस महाशाखाले गर्नुपर्दछ ।

यस महाशाखाअन्तर्गत देहायअनुसारका शाखाहरु रहेका छन् :

१. सङ्घ संस्था तथा स्वयम्सेवक व्यवस्थापन शाखा

२. शैक्षिक अनुसन्धान तथा विकास शाखा

३. सञ्चार समन्वय शाखा

४. शैक्षिक सूचना व्यवस्थापन शाखा

५. अनुगमन तथा व्यवस्थापन शाखा

६. निरीक्षण तथा मूल्याङ्कन शाखा

७. शैक्षिक प्रविधि प्रवर्धन शाखा

८. शैक्षिक नक्साङ्कन शाखा

९. कार्यक्रम तथा बजेट शाखा

**शैक्षिक व्यवस्थापन महाशाखाः** यस महाशाखाका कार्यहरुमा शैक्षिक योजना र कार्यक्रमहरु तयार गर्ने, शिक्षक दरबन्दी, शिक्षकको वृत्तिविकास, विद्यालयका कोटा, शैक्षिक समस्या समाधान, प्रारम्भिक बालविकास शिक्षा, विद्यालय व्यवस्थापन, महिला शिक्षा, विशेष शिक्षा र शैक्षिक तथ्याँकसँग सम्बन्धित जिम्मेवारीहरु पुरा गर्न अन्तर्गतका शाखाहरुको कार्यमा समन्वय, निर्देशन, नियन्त्रण, अनुगमन तथा निरीक्षण गर्नु पर्दछन् ।

यी कार्यहरुलाई सम्पादन गर्न यस महाशाखा अन्तर्गत देहाय अनुसारका शाखाहरु रहेका छन्ः

१. प्रारम्भिक बाल विकास शाखा
२. सामुदायिक विद्यालय व्यवस्थापन शाखा
३. संस्थागत विद्यालय व्यवस्थापन शाखा
४. विद्यालय कर्मचारी तथा स्रोत केन्द्र व्यवस्थापन शाखा
५. विद्यालय शिक्षक व्यवस्थापन शाखा
६. लैङ्गिक समविकास शाखा
७. समावेशी शिक्षा शाखा
८. वैकल्पिक शिक्षा शाखा
९. शैक्षिक गुणस्तर प्रवर्धन शाखा
१०. अनिवार्य शिक्षा तथा बाल अधिकार शाखा
११. प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा
१२. सहकार्यकलाप तथा समसामयिक शिक्षा शाखा

# पाठ्यक्रम विकास केन्द्र

## परिचय

पाठ्यक्रम विकास केन्द्र, शिक्षा मन्त्रालयअन्तर्गत विद्यालय शिक्षाको पाठ्यक्रम, पाठ्य पुस्तक एवम् अन्य शैक्षणिक सामग्रीको विकास, परिमार्जन तथा सुधार गरी शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्तिमा ठोस सहयोग पुऱ्याउनका लागि स्थापित प्राज्ञिक केन्द्र हो । यसले विकास, परिमार्जन र सुधार गरेका सामग्रीको प्रभावकारी कार्यान्वयनको सम्बन्धमा कार्यशाला, गोष्ठी, सेमिनार, छलफल, अन्तरक्रिया, प्रबोधीकरण जस्ता कार्यक्रम सञ्चालन गर्नुका साथै अनुसन्धानमूलक कार्यहरु पनि गर्दछ । दक्ष, सुशील, नैतिकवान्, कर्तव्यनिष्ठ र सकारात्मक सोच भएका नागरिक निर्माणका लागि आधार स्तम्भका रुपमा रहेको विद्यालय शिक्षालाई समसामयिक, विद्यार्थी केन्द्रित, व्यावहारिक र विश्व परिवेशमा प्रतिस्पर्धी बनाउन यस केन्द्र दृढ सङ्कल्पित छ ।

वि.सं. २०२८ साल भाद्र ५ गते पाठ्यक्रम, पाठ्य पुस्तक तथा निरीक्षण विकास केन्द्रको नामबाट स्थापना भएको यस संस्थाको नाम २०५४ सालमा पाठ्यक्रम विकास केन्द्र राखिएको हो । रा.प.प्रथम श्रेणी (शिक्षा सेवा) का कार्यकारी निर्देशक प्रमुख रहने यस केन्द्रमा ५७ जना कर्मचारीको दरबन्दी रहेको छ । यस केन्द्रको कार्यालय सानोठिमी, भक्तपुरमा रहेको छ ।

## दूरदृष्टि

सामाजिक रुपान्तरणप्रति प्रतिबद्ध, गुणस्तरयुक्त, स्वरोजगारमुखी, सिर्जनशील, विश्व परिवेशका आवश्यकता तथा चुनौती सामना गर्न सक्षम, अधिकार र कर्तव्यप्रति सजग असल नागरिक तयार पार्न सहयोग पुऱ्याउने उद्देश्यले पाठ्यक्रम, पाठ्य पुस्तक तथा शैक्षिक सामग्रीहरु विकास गर्नका लागि प्राज्ञिक केन्द्रका रुपमा विकसित स्वरुप धारण गर्नु पाठ्यक्रम विकास केन्द्रको दूरदृष्टि रहेको छ ।

## उद्देश्य

१. विद्यालय तहका पाठ्यक्रम तथा पाठ्य पुस्तक विकास, परिमार्जन सम्बन्धी नीति निर्माणमा सहयोग गर्नु र स्वीकृत नीतिअनुसार पाठ्यक्रम तथा पाठ्य पुस्तक विकास, परिमार्जन तथा अद्यावधिक गर्नु
२. विद्यालय शिक्षाको शैक्षिक गुणस्तर कायम गर्न पाठ्यक्रम तथा पाठ्यक्रम सम्बद्ध सामग्रीहरुको विकास तथा प्रबोधीकरण गर्नु
३. विद्यालय शिक्षाको गुणस्तर मानक निर्धारण गर्नु
४. विद्यार्थी मूल्याङ्ककन सम्बन्धी ढाँचा, स्वरुप तथा नमुना निर्धारण गरी कार्यान्वयनका लागि सहयोग गर्नु
५. विद्यालय शिक्षाका लागि स्थानीय ज्ञान, सिप तथा प्रविधिको समुचित उपयोग र प्रवर्धन गर्नु
६. विद्यालय शिक्षा, पाठ्यक्रम तथा पाठ्य पुस्तक सम्बन्धी अनुसन्धान गर्नु ।

## मुख्य मुख्य कार्यहरू

१. विद्यालय शिक्षाको पाठ्यक्रम विकास, परिमार्जन र परीक्षण गर्ने
२. पाठ्य पुस्तक तथा सिकाइ सहजीकरण क्रियाकलाप सम्बद्ध शैक्षणिक सामग्री विकास, परिमार्जन, सुधार, परीक्षण र प्रबोधीकरण गर्ने
३. विभिन्न मातृभाषाका पाठ्य सामग्री विकास र वितरण गर्ने /गराउने
४. विद्यालय तहमा प्रयोग गरिने सन्दर्भ सामग्रीको मूल्याङ्कन गरी स्वीकृत सामग्रीको सूची प्रकाशन गर्ने
५. विदेशी शैक्षिक वा प्राज्ञिक संस्थाबाट माध्यमिक तह उत्तीर्ण गरेका विद्यार्थीहरुको मान्यता तथा समकक्षता निर्धारण गर्ने
६. पाठ्यक्रम/पाठ्य पुस्तकबारे अध्ययन अनुसन्धान गर्ने /गराउने
७. राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को सचिवालयको कार्य गर्ने

८. विद्यालय शिक्षा तथा पाठ्यक्रम सम्बद्ध कार्यमूलक अनुसन्धान, कार्यशाला, गोष्ठी, तालिम, सेमिनार तथा सम्मेलन गर्ने
९. विद्यालयहरुमा सहकार्यकलाप/अतिरिक्त कार्यकलाप सञ्चालन गर्ने
१०. सिकाइ उपलब्धिको मापदण्ड तयार गर्ने
११. पाठ्यक्रम विकास र कार्यान्वयनमा निजी क्षेत्र, नागरिक समाज, स्थानीय निकाय र अन्य सङ्घ संस्थाहरुसँग समन्वय गर्ने
१२. परिवर्तित सन्दर्भअनुरुपको पाठ्यक्रम तथा पाठ्य पुस्तक विकास गर्नका लागि पाठ्यक्रम विकास केन्द्रको संस्थागत क्षमता अभिवृद्धि गर्ने
१३. विभिन्न पाठ्य सामग्रीको अनुवाद सम्बन्धी कार्य गर्ने
१४. स्थानीय तहमा विकसित हुने पाठ्यक्रम तथा पाठ्य पुस्तक सम्बन्धी कार्यमा आवश्यकताअनुसार प्राविधिक सहयोग पुऱ्याउने
१५. विद्यार्थी मूल्याङ्कन सम्बन्धी आवश्यक कार्य गर्ने
१६. पाठ्य सामग्रीको गुणस्तर निर्धारण गर्ने गराउने
१७. राष्ट्रिय स्तरमा प्रतियोगिता सञ्चालन गरी प्रतिभा पहिचान गर्ने ।

**शाखाहरू**

उल्लिखित कार्यहरु सञ्चालन गरी उद्देश्य हासिल गर्न हाल यस केन्द्रमा निम्न लिखित शाखाहरु रहेका छन्:

१. भाषा शिक्षा शाखा : नेपाली, अङ्ग्रेजी, मातृभाषा, बहुभाषा र अन्य भाषाहरुका विषयका पाठ्यक्रम, पाठ्य पुस्तक तथा अन्य शैक्षणिक सामग्री सम्बन्धी कार्यहरु
२. गणित तथा विज्ञान शिक्षा शाखा : गणित, विज्ञान तथा प्रविधि र वातावरण विषयका पाठ्यक्रम, पाठ्य पुस्तक तथा अन्य शैक्षणिक सामग्री सम्बन्धी कार्यहरु
३. सामाजिक शिक्षा शाखा : सामाजिक अध्ययन, मानविकी तथा सामाजिक शास्त्रसँग सम्बन्धित विषयका पाठ्यक्रम, पाठ्य पुस्तक तथा अन्य शैक्षणिक सामग्री सम्बन्धी कार्यहरु
४. स्वास्थ्य, शारीरिक शिक्षा तथा सहकार्यकलाप शाखा : स्वास्थ्य शिक्षा, शारीरिक शिक्षा, सिर्जनात्मक कला विषयका पाठ्यक्रम, पाठ्य पुस्तक तथा अन्य शैक्षणिक सामग्री सम्बन्धी कार्यहरु र प्रतिभा पहिचान
५. शैक्षिक सामग्री शाखा : थप पाठ्य सामग्री, बाल सन्दर्भ सामग्री, बहु पाठ्य पुस्तक तथा पाठ्यक्रम सम्बद्ध शैक्षिक मुद्दा सम्बन्धी कार्यहरु
६. प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा : प्राविधिक तथा व्यावसायिक विषयका पाठ्यक्रम, पाठ्य पुस्तक तथा अन्य शैक्षणिक सामग्री सम्बन्धी कार्य
७. पाठ्यक्रम कार्यान्वयन तथा समन्वय शाखा : दूर शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, अनौपचारिक शिक्षा, बाल विकास शिक्षा र पाठ्यक्रम तथा पाठ्य पुस्तक कार्यान्वयन सम्बन्धी कार्यहरु
८. सम्पादन तथा प्रकाशन शाखा : पाठ्यक्रम, पाठ्य पुस्तक र अन्य शैक्षणिक सामग्री लेखन, सम्पादन, डिजाइन, इलुस्ट्रेसन, मुद्रणीय प्रति तयारी, निजी क्षेत्रका मुद्रक तथा वितरक र राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद् सम्बन्धी कार्यहरु
९. पाठ्य सामग्री गुणस्तर नियन्त्रण शाखा : गुणस्तरीय शिक्षाको मापदण्ड सम्बन्धी, जनक शिक्षा सामग्री केन्द्र, साझा प्रकाशन, श्रव्य दृश्य सामग्री, समकक्षता सम्बन्धी कार्य
१०. योजना तथा कार्यक्रम शाखा : केन्द्रको योजना, कार्यक्रम तथा बजेटको मस्यौदा र कार्यान्वयन सम्बन्धी, विभिन्न संस्थासँग समन्वय, स्थानीय पाठ्यक्रम सम्बन्धी कार्य
११. अनुगमन, मूल्याङ्कन तथा अनुसन्धान शाखा : कार्यक्रमको अनुगमन योजना, अभिमुखीकरण, अनुगमन, समीक्षा तथा अनुगमन प्रतिवेदन सम्बन्धी, विद्यार्थी मूल्याङ्कन तथा अनुसन्धान सम्बन्धी, नीति, नियम, निर्देशिका विकास तथा परिमार्जन सम्बन्धी

१२. परम्परागत शिक्षा शाखा : संस्कृत शिक्षा, धार्मिक प्रकृतिका शिक्षा सम्बद्ध विषयहरु सम्बन्धी
१३. पुस्तकालय तथा सूचना प्रविधि शाखा : पुस्तकालय व्यवस्थापन, सञ्चालन, डिजिटाइजेसन, सूचना तथा प्रविधि व्यवस्थापन सम्बन्धी
१४. समाहित शिक्षा शाखा : लैङ्गिक, अपाङ्गता तथा समावेशी शिक्षा सम्बन्धी कार्यहरु
१५. प्रशासन शाखा : दैनिक प्रशासन, सेवा तथा सामग्री खरिद, सम्पत्ति संरक्षण, सुशासन, गुनासो व्यवस्थापन, शासकीय सुधार तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँग सम्बन्धी कार्यहरु
१६. आर्थिक प्रशासन शाखा : बजेट तर्जुमा, माग, निकासा, आर्थिक विवरण, लेखा परीक्षण तथा बेरूजु र आर्थिक प्रशासन सम्बन्धी अन्य कार्यहरु ।

**आ. व. २०७१/०७२ मा सम्पादन गरेका मुख्य कार्यहरू**

१. कक्षा १० को फलित ज्योतिष विषयको ग्रिड, कक्षा ६-८ को आयुर्वेद विषयका पाठ्यक्रम, कक्षा ६-८ र ९-१० का लागि सूचनाको हक र सुशासन विषयको पाठ्यक्रम, बौद्धिक अपाङ्गताका लागि पाठ्यक्रम, प्राविधिक तथा व्यावसायिक शिक्षा धारको सङ्गीतको पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट स्वीकृत
२. कक्षा ९ का अनिवार्यतर्फका ६ ओटा विषयहरु, कक्षा ७ गुरूकुलका ४ विषयहरु, कक्षा ८ सबै ९ विषयहरुका पाठ्य पुस्तक , कक्षा ४ र ५ का मगर र धिमाल, कक्षा २ र ३ का बज्जिका, कक्षा २ को कुलुङ, कक्षा ५ को तामाङ सम्भोटा भाषामा पाठ्य पुस्तक, माध्यमिक तह प्राविधिक तथा व्यावसायिक शिक्षा धारका ५ ओटा ऐच्छिक विषयका पाठ्यक्रम तयार
३. बहु पाठ्य पुस्तक नीति मस्यौदा, पाठ्यक्रम तथा पाठ्य सामग्री विकास निर्देशिका परिमार्जनको मस्यौदा, कक्षा ६ र ७ का कम्प्युटर शिक्षा र सङगीत शिक्षाको शिक्षक निर्देशिका, कक्षा ६-८ को पेसा, व्यावसाय र प्रविधि शिक्षाको लागि प्रयोगात्मक पुस्तिका र स्वाध्ययन सामग्री, दृष्टिविहीन शिक्षकका लागि कक्षा १-८ को पाठ्यक्रमको श्रव्य सामग्री, कक्षा १-५ को पाठ्यक्रम तथा पाठ्य पुस्तकको डिआरआर/सिसिए सम्बन्धी शिक्षण स्रोत सामग्री, मान्यता तथा समकक्षता निर्धारण निर्देशिका, २०७२ को विकास
४. कक्षा ८ का ६ विषयका पाठ्य पुस्तक अङ्ग्रेजी भाषामा अनुवाद
५. ८५० थान पुस्तकको डाटाबेस तयार, २० ओटा पुस्तकको डिजिटाइजेसन, कक्षा ६ का ६ ओटा विषयको डिजिटाइजेसन, नयाँ वेबसाइट डिजाइन
६. कक्षा १-५ का पाठ्य पुस्तक र नेपाली बालशब्द कोश नयाँ वर्ण विन्यासअनुसार परिमार्जन
७. कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको अभिमुखीकरण
८. ६४४ जनाको समकक्षता निर्धारण
९. राष्ट्रिय प्रतिभा पहिचान र पुरस्कार वितरण

# शैक्षिक जनशक्ति विकास केन्द्र

## परिचय

देश विकासको आधारशिलाका रुपमा विद्यालयीय शिक्षाले काम गर्दछ। देशका लागि आवश्यक जनशक्तिको उत्पादनमा विद्यालय शिक्षा तथा उच्च शिक्षाको अहम् भूमिका रहन्छ। शैक्षिक योजनामार्फत कक्षाकोठामा सामाजिक रुपान्तरण प्रक्रियाका प्रमुख संवाहक शिक्षक हुन्। शैक्षिक रुपमा योग्य, दक्ष र सिपयुक्त कुशल शिक्षक भएमा शिक्षण सिकाइ प्रभावकारी हुन्छ। यही तथ्यलाई दृष्टिगत गरी नेपाल सरकारले शिक्षक तालिम तथा शिक्षाका व्यवस्थापकीय क्षेत्रमा कार्यरत जनशक्तिको पेसागत दक्षता विकासका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। यसै क्रममा शिक्षकलाई तालिम प्रदान गरी दक्ष बनाउने उद्देश्यले २००४ सालमा आधार शिक्षक तालिम केन्द्रको स्थापना, २०११ सालमा राष्ट्रिय शिक्षक तालिम केन्द्रको स्थापना तथा २०१४ सालमा शिक्षक तालिमका लागि शिक्षा महाविद्यालय (College of Education) को स्थापना भयो । २०१६ सालमा यसलाई त्रिभुवन विश्व विद्यालय (त्रिवि) को एक अङ्गको रुपमा समावेश गरी शिक्षक तालिमलाई निरन्तरता दिइयो । राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-२०३२) लागु भएपछि त्रिविअन्तर्गत शिक्षाशास्त्र अध्ययन संस्थानमा परिणत गरी शिक्षा व्यवस्थापक तथा शिक्षकको कार्य दक्षता वृद्धिका लागि विभिन्न तहका पूर्वसेवाकालीन तथा सेवाकालीन तालिम कार्यक्रमहरु सञ्चालन हुँदै आए। यसै सन्दर्भमा राष्ट्रिय शिक्षा आयोग (२०४९) ले सिफारिस गरेअनुसार शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको सेवाकालीन तालिममार्फत पेसागत कार्य दक्षता विकासका लागि राष्ट्रिय स्तरमा उच्च तहको एकीकृत संस्थाको आवश्यकता महसुस गरी २०५० सालमा शिक्षा मन्त्रालयअन्तर्गत शैक्षिक जनशक्ति विकास केन्द (National Centre for Educational Development -NCED) को स्थापना भयो । स्थापनासँगै यस केन्द्रले शिक्षक तथा शैक्षिक व्यवस्थापकहरुको क्षमता अभिवृद्धि एवम् शिक्षा क्षेत्रका अनुसन्धानात्मक तथा सुधारात्मक कार्यहरुमा केन्द्रित भई मानव संसाधन विकास कार्यक्रमहरुको विकास तथा कार्यान्वयन गर्ने विभागीय संस्थाको जिम्मेवारी पाएको छ। नेपाल सरकारले शिक्षा क्षेत्रका मानव संसाधन विकास सम्बन्धी नीति र कार्यकमहरु कार्यान्वयन, संयोजन तथा एकीकृत गर्न २०६१ सालमा तत्कालीन माध्यमिक शिक्षा विकास केन्द्र र दूर शिक्षा केन्द्रलाई शैक्षिक जनशक्ति विकास केन्द्रमा एकीकृत गरी एउटै संस्थागत संरचना तयार भएकाले यसको कार्य क्षेत्र अझ विस्तार भएको छ। फलस्वरुप तालिम, अनुसन्धान र नीति निर्माणका लागि प्राविधिक अभ्यासका क्षेत्रमा यस केन्द्रले थप योगदान र नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ। रा. प. प्रथम श्रेणी (शिक्षा सेवा) का कार्यकारी निर्देशक प्रमुख रहने यस केन्द्रमा विभिन्न सेवा समूहका ७५ जना कर्मचारीहरुको दरबन्दी छ। त्यसै गरी यस केन्द्रअन्तर्गत रहेका शैक्षिक तालिम केन्द्रहरु २९ ओटामा विभिन्न सेवा समूहका १७९ कर्मचारीहरुको दरबन्दी रहेको छ। २० ओटा शैक्षिक तालिम केन्द्रहरुमा तिन तिन जना मा.वि. शिक्षक र एक एक जना प्रा.वि. शिक्षक काजमा रहने व्यवस्था छ । शैक्षिक जनशक्ति विकास केन्द्रको कार्यालय सानोठिमी, भक्तपुरमा रहेको छ ।

## दूरदृष्टि

अनुसन्धान तथा नवीन प्रविधिका माध्यमद्वारा गुणात्मक शिक्षाको प्रत्याभूतिका लागि उत्कृष्ट शैक्षिक व्यवस्थापन र शैक्षणिक क्रियाकलापहरु अभिवृद्धि गर्न सक्ने सक्षम र गतिशील जनशक्ति तयार गर्न नेतृत्वदायी भूमिका खेल्न सक्ने अन्तर्राष्ट्रिय स्तरमै पहिचान भएको संस्थाको रुपमा यस केन्द्रलाई स्थापित गर्ने

## कार्य क्षेत्र

१. शिक्षा मन्त्रालयअन्तर्गत कार्यरत सम्पूर्ण शिक्षक, व्यवस्थापक र प्राविधिकसहितको शैक्षिक जनशक्तिको कार्य क्षमता विकास सम्बन्धी नीति नेपाल सरकार समक्ष सिफारिस

२. शैक्षिक जनशक्तिको तालिमलगायत क्षमता विकास कार्यक्रमका लागि आवश्यक पाठ्यक्रम, प्रशिक्षक निर्देशिका र अध्ययन सामग्रीको निर्माण र विकास

३. सम्पूर्ण शैक्षिक जनशक्तिका लागि सेवाकालिन तालिम सञ्चालन, प्रमाणिकरण र तालिम उपाधिको समकक्षता निर्धारण

४. शिक्षा मन्त्रालयअन्तर्गत सम्पूर्ण निकायहरुको संस्थागत क्षमता विकास सर्वाङ्गीण योजना तर्जुमा एवम् कार्यान्वयन गर्न प्राविधिक सहजीकरण

५. व्यवस्थित सूचना प्रणाली तथा अनुसन्धानबाट प्राप्त तथ्यमा आधारित राष्ट्रिय स्तरमा दीर्घकालीन र अल्पकालीन तालिम योजना निर्माण

६. निजी क्षेत्रमा कार्यरत शिक्षक लगायत शैक्षिक जनशक्तिको पेसागत कार्य क्षमता बढाउन तालिम कार्यक्रम तर्जुमा, निजी तालिम निकायलाई सम्बन्धन, तालिम सञ्चालनको नियमन तथा अनुगमन र तालिमको प्रमाणीकरण

७. पेसागत क्षमता विकास कार्यको गुणस्तर र पहुँच अभिवृद्धि गर्ने प्रयोजनका लागि स्वदेशी र वैदेशिक निकायहरुसँग संस्थागत सम्पर्क, सहकार्य र समन्वय

८. खुला तथा दूर शिक्षा नीति अवलम्बन गरी पेसागत विकास कार्यक्रम एवम् निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी योजना तयार गरी कार्यान्वयन

९. शिक्षा मन्त्रालयअन्तर्गतका निकायहरुद्वारा सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरु सम्बन्धी सूचना सङ्कलन गरी श्रव्य तथा दृश्य कार्यक्रममार्फत सम्पूर्ण सरोकारवालालाई सचेतीकरण ।

**संस्थागत संरचना**

शिक्षा नियमावली, २०५९ को परिच्छेद १० मा "दूर शिक्षा सम्बन्धी व्यवस्था" र परिच्छेद १३ "तालिम तथा प्रशिक्षण सम्बन्धी व्यवस्था" ले मन्त्रालयअन्तर्गत मानव संसाधनको विकास गर्ने एक केन्द्रीय निकाय रहने व्यवस्था गरेको छ । यसको कार्यान्वयन स्वरुप शिक्षा मन्त्रीको अध्यक्षतामा एक शैक्षिक जनशक्ति विकास परिषद् गठन भई कार्यान्वयनमा रहेको छ । हाल यस केन्द्रअन्तर्गत देशका विभिन्न भागमा नौ ओटा शैक्षिक तालिम केन्द्र "क" र २० ओटा शैक्षिक तालिम केन्द्र "ख" गरी जम्मा २९ ओटा शैक्षिक तालिम केन्द्रहरु सञ्चालन हुँदै आएका छन् । साथै तालिम केन्द्र नरहेका जिल्लाहरुमा अगुवा स्रोत केन्द्रको व्यवस्थामार्फत कक्षाकोठा तहसम्म शिक्षकको पेसागत विकास कार्यलाई संस्थागत गरेको छ । यसरी शैक्षिक जनशक्ति विकास केन्द्रले देशव्यापी रुपमा सेवाको पहुँच र क्षेत्रको विस्तार गरी आफ्नो कार्यक्रम कार्यान्वयन गर्दै आएको छ ।

उल्लिखित सात ओटा कार्य क्षेत्रअन्तर्गत शैक्षिक जनशक्ति विकास केन्द्रका मुख्य मुख्य कार्यहरु निम्न लिखित छन् :

१. तालिम सम्बन्धी नीति तर्जुमा गर्ने
२. तालिम योजना निर्माण (पेसागत विकास योजना) र कार्यान्वयन गर्ने
३. तालिम कार्यक्रम निर्माण तथा सामग्री विकास र प्रबोधीकरण गर्ने
४. शैक्षिक तालिम सम्बन्धी गुणस्तर मापदण्ड विकास र प्रयोग गर्ने
५. तालिम सम्बन्धी अध्ययन, अनुसन्धान र उपयोग गर्ने
६. तालिम कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन गर्ने
७. पेसागत सहयोग प्रदान गर्ने ।

**महाशाखा तथा शाखाहरू**

<table>
<tr><th>महाशाखा</th><th>शाखाहरू</th></tr>
<tr><td rowspan="6">योजना, अनुगमन तथा प्रशासन<br>मुख्य कार्य : वार्षिक कार्यक्रम, योजना तथा बजेट तर्जुमा, अन्य महाशाखा तथा शाखाहरुबिच समन्वय, केन्द्रबाट सम्पादित हुने कार्यक्रमको गुणस्तर सुनिश्चित गर्ने, दूर शिक्षा तथा खुला सिकाइको नीति निर्धारणमा सहयोग, तालिम कार्यक्रमहरुको प्रभावकारिता अध्ययन गर्ने गराउने, अनुसन्धनात्मक लेख तथ रचना प्रकाशन गर्ने गराउने, शैक्षिक सूचना प्रणाली अद्यावधिक गर्ने, कर्मचारी व्यवस्था र प्रशासन, सम्पत्तिको संरक्षण र विवरण लगत राख्ने, निजी क्षेत्रबाट तालिम सञ्चालनका लागि सम्बन्धन दिने, लेखा राख्ने र लेखा परीक्षण गराउने, तालिम, अध्ययन भ्रमण आदिमा कर्मचारी मनोनयन गर्ने, अन्य निकायबाट निर्देशन भएका अन्य कार्य गर्ने आदि ।</td><td>१. योजना तथा कार्यक्रम</td></tr>
<tr><td>२. अनुगमन तथा मूल्याङ्कन</td></tr>
<tr><td>३. अनुसन्धान तथा गुणस्तर सुधार</td></tr>
<tr><td>४. आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन</td></tr>
<tr><td>५. आर्थिक प्रशासन</td></tr>
<tr><td>६. तालिम स्रोत व्यवस्थापन</td></tr>
<tr><td rowspan="6">मानव संसाधन विकास<br>मुख्य कार्यः शिक्षक तालिमको योजना निर्माण तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने, शिक्षक तालिमको पाठ्यक्रम, निर्देशिका तथा सामग्री विकास गर्ने गराउने, शैक्षिक तालिम केन्द्र तथा उपकेन्द्रहरुको समन्वय, निरीक्षण र अनुगमन गर्ने, शिक्षक तालिम सम्बन्धी स्वदेशी तथा विदेशी तालिम संस्थाहरुसँग साझेदारी, सहकार्य नीतिअनुरुप योजना कार्यान्वयन गर्ने, पूर्ण सेवाकालीन तालिम सञ्चालन गर्न चाहने संस्थाहरुलाई सम्बन्धन दिने सम्बन्धमा राय दिने, शिक्षक तालिम मान्यता र समकक्षता निर्धारण गर्ने, दस महिने शिक्षक तालिम पाउने शिक्षकहरुलाई प्रमाण पत्र प्रदान गर्ने, शिक्षक तालिम परीक्षाको नीति निर्माणमा सहयोग गर्ने, मानव संशाधन विकासको योजना बनाउने, मन्त्रालय र अन्य निकायबाट निर्देशित अन्य कार्य गर्ने आदि ।</td><td>१. विद्यालय शिक्षक तालिम (माध्यमिक)</td></tr>
<tr><td>२. विद्यालय शिक्षक तालिम (आधारभूत)</td></tr>
<tr><td>३. समाहित शिक्षा शिक्षक तालिम</td></tr>
<tr><td>४. विद्यालय व्यवस्थापन तालिम</td></tr>
<tr><td>५. शैक्षिक व्यवस्थापन तालिम</td></tr>
<tr><td>६. तालिम प्रमाणीकरण</td></tr>
<tr><td rowspan="4">दूर शिक्षा तथा खुला सिकाइ<br>मुख्य कार्यः दूर शिक्षा तथा खुला सिकाइ सम्बन्धी नीति तथा निर्देशिका निर्माण, योजना तर्जुमा तथा कार्यान्वयन, इच्छुक संस्थाहरुको पहिचान र छनौट गरी शैक्षिक जनशक्ति विकास परिषद्मा पेस गर्ने, मान्यता वा समकक्षता निर्धारण गर्ने, पाठ्यक्रम तथा पाठ्य सामग्री विकास गर्ने र कार्यान्वयनमा लैजाने, अनुगमनको कार्य योजना बनाई कार्यान्वयन गर्ने, अनुसन्धान गराउने, दूर शिक्षाबाट शिक्षक तालिम कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, एसएलसी सहयोग कार्यक्रम कार्यान्वयन गर्ने आदि ।</td><td>१. खुला सिकाइ तथा तालिम</td></tr>
<tr><td>२. कार्यक्रम उत्पादन तथा प्रसारण</td></tr>
<tr><td>३. सामग्री विकास</td></tr>
<tr><td>४. शैक्षिक सूचना तथा निरन्तर शिक्षा</td></tr>
</table>

# परीक्षा नियन्त्रण कार्यालय

## परिचय

माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (एसएलसी) सञ्चालन र व्यवस्थापनमा मुख्य तथा केन्द्रीय निकायको रुपमा रहेको परीक्षा नियन्त्रण कार्यालयको स्थापना वि.सं. १९९० (सन् १९३४) मा एसएलसी बोर्डको सचिवालयको रुपमा भएको हो । दरबार हाई स्कुलका विद्यार्थीहरुको परीक्षा लिई सफल हुने विद्यार्थीहरुका लागि प्रमाण पत्र प्रदान गर्नका लागि स्थापना भएको एसएलसी बोर्डले नै हाल आएर परीक्षा नियन्त्रण कार्यालयको रुपमा कार्य गरिरहेको छ । पहिलो वर्ष ३४ जना परीक्षार्थीहरुको परीक्षा सञ्चालन गरी सुरू भएको यो संस्थाले हालका वर्षहरुमा ५ लाखभन्दा बढी परीक्षार्थीहरुको परीक्षा सञ्चालन, नतिजा प्रकाशन र प्रमाण पत्र प्रदान गर्दै आएको छ । स्थापनाको धेरै वर्षसम्म काठमाडौँको एउटा मात्र केन्द्रमा परीक्षा सञ्चालन गर्ने यो संस्थाले हाल आएर देशभर विभिन्न स्थानमा परीक्षा केन्द्र तोकी परीक्षा सञ्चालन, उत्तर पुस्तिका परीक्षण गर्दै आएको छ । कक्षा १० को अन्त्यमा आम तथा राष्ट्रिय परीक्षाको रुपमा सञ्चालन गरिने एसएलसी परीक्षाको सफलतापूर्वक सञ्चालन र व्यवस्थापन कार्यमा परीक्षा नियन्त्रण कार्यालयको भूमिका महत्त्वपूर्ण रहेको छ ।

यस कार्यालयमा रा. प. प्रथम श्रेणी (शिक्षा सेवा) का परीक्षा नियन्त्रक प्रमुख रहने व्यवस्था छ । यस कार्यालयमा ५९ जना कर्मचारीको दरबन्दी रहेको छ । परीक्षा नियन्त्रण कार्यालय सानोठिमी, भक्तपुरमा रहेको छ ।

## मुख्य मुख्य कार्यहरू

माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समितिले निर्धारण गरेका नीति, निर्देशनअन्तर्गत रही परीक्षा नियन्त्रण कार्यालयले निम्न लिखित कार्यहरु गर्दछ :

१. माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन सम्बन्धी योजना बनाउने, सो योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने

२. माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन गर्ने

३. परीक्षाफल प्रकाशन गर्ने र उत्तीर्ण परीक्षार्थीहरुलाई प्रमाण पत्र दिने

४ आवश्यकताअनुसार परीक्षा केन्द्रको व्यवस्था गर्ने, गराउने

५. माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा सामेल हुने विद्यार्थीहरुले भरी पठाएको फाराममा जन्म मिति, नाम थर वा अन्य विवरण सम्बन्धी भुल भएमा सच्याउन दिएको निवेदन पत्रमाथि कारवाही गर्ने वा गर्न लगाई भुल सच्याउने

६. परीक्षामा अनियमित कार्य हुन नदिने र परीक्षाको नियम उल्लङ्घन गर्नेलाई निष्कासन गर्ने गराउने

७. प्रश्न पत्र निर्माण गर्ने र उत्तर पुस्तिका परीक्षण गराउने

८. एसएलसी परीक्षा सञ्चालन गर्न केन्द्राध्यक्ष र अन्य आवश्यक कर्मचारीको व्यवस्था गर्ने गराउने

९. परीक्षा सञ्चालन सम्बन्धी कार्यविधि तयार गर्ने

१०. परीक्षाको गोपनीयता कायम राख्ने वा राख्न लगाउने

११. परीक्षामा सुधार गर्नका लागि सेमिनार, गोष्ठी र कार्यशाला सञ्चालन गर्ने

१२. परीक्षाको विश्वसनीयता र वैधता कायम गर्न अनुसन्धानात्मक क्रियाकलाप सञ्चालन गर्ने

१३. उत्तर पुस्तिका परीक्षण गर्ने कार्यमा क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयहरुलाई अधिकार प्रत्यायोजन गरी सोअनुसार गर्न लगाउने ।

**शाखाहरू**

१. योजना तथा कार्यक्रम
२. अभिलेख व्यवस्थापन -प्रमाण पत्र क
३. अभिलेख व्यवस्थापन -प्रमाण पत्र ख
४. सूचना प्रविधि तथा तथ्याङ्क
५. रजिस्ट्रेसन/आवेदन
६. परीक्षा प्रणाली सुधार तथा गुणस्तर निर्धारण
७. आर्थिक प्रशासन
८. अनुगमन तथा मूल्याङ्कन
९. परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन
१०. अभिलेख संशोधन
११. तालिम तथा अनुसन्धान

# अनौपचारिक शिक्षा केन्द्र

**परिचय**

वि. सं. २००७ मा शिक्षा मन्त्रालयको स्थापनासँगै अनौपचारिक शिक्षा सम्बन्धी नीति निर्माण, कार्यक्रम तर्जुमा र कार्यान्वयनका लागि शिक्षा मन्त्रालयको एक शाखाका रुपमा प्रौढ शिक्षा शाखाको स्थापना भएको थियो । यस शाखाले प्रौढ साक्षरता शिक्षा केन्द्रित कार्यक्रमको विस्तार र कार्यान्वयन गर्दै आएको थियो । वि. सं. २०४९ पश्चात् शिक्षा मन्त्रालयको सङ्गठन संरचना विस्तार गर्ने क्रममा २०५६ सालमा अनौपचारिक शिक्षा केन्द्रको स्थापना भयो ।

औपचारिक शिक्षाको अवसरबाट बञ्चित निरक्षर प्रौढ तथा विद्यालय शिक्षा पुरा नहुँदै बिचैमा विद्यालय छाडेकाहरुलाई अनौपचारिक शिक्षाका माध्यमबाट शिक्षाको अवसर प्रदान गर्ने गरी यस केन्द्रको स्थापना भएको हो । यस केन्द्रले अनौपचारिक शिक्षा सम्बन्धी नीति निर्माण गर्ने, कार्यक्रमहरुको तर्जुमा गर्ने, पाठ्यक्रम, पाठ्य पुस्तक र सन्दर्भ सामग्रीहरुको विकास गर्ने, अनौपचारिक शिक्षा सञ्चालन गर्ने सरकारी र गैर सरकारी निकायहरुसँग समन्वय गर्ने लगायतका कार्यहरु गर्ने गर्दछ ।

यस केन्द्रमा शिक्षा सेवाका राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिवको नेतृत्वमा शिक्षा सेवाका ७ जना राजपत्राङ्कित द्वितीय श्रेणीका उपसचिव र ४ जना शाखा अधिकृतसहित २४ जना कर्मचारीको दरबन्दी रहेको छ । यस केन्द्रको कार्यालय मध्यपुर ठिमी नगरपालिका वडा नं. १७, सानोठिमी, भक्तपुरमा रहेको छ ।

**दूरदृष्टि**

अनौपचारिक शिक्षाका माध्यमबाट सक्षम नागरिक, समतामूलक समाज, दिगो र समुन्नत सामाजिक विकास गर्ने ।

**लक्ष्य**

सबै नेपाली नागरिकहरुलाई साक्षरता, जीवन पर्यन्त शिक्षा र आय आर्जनमार्फत देश विकास, समतामूलक समाज र दिगो सामाजिक विकासमा योगदान गर्नका लागि आवश्यक ज्ञान, सिप र दक्षता प्रदान गरी गरिबी न्यूनीकरण गर्दै सक्षम नागरिक तयार गर्नु ।

**उद्देश्य**

१. साक्षरता र निरन्तर शिक्षा तथा वैकल्पिक शिक्षाका लागि उपयुक्त नीति तथा योजना तर्जुमा गर्नु
२. राष्ट्रले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा गरेका प्रतिबद्धता एवम् लक्ष्यहरुलाई पुरा गर्न आवश्यक कार्यक्रम तय गरी कार्यान्वयन गर्नु
३. साक्षरता, निरन्तर शिक्षासहितको अनौपचारिक शिक्षा र खुला सिकाइ पद्धतिबाट मुलुकको शैक्षिक, सामाजिक एवम् मानव विकासका लक्ष्य हासिल गर्नु
४. राष्ट्रिय विकासका प्रयासहरुलाई सहयोग गर्ने निरन्तर सिकाइ प्रणाली विकासका लागि गतिशील र दिगो राष्ट्रिय अनौपचारिक शिक्षा पद्धति स्थापना गर्नु
५. सामुदायिक सहयोगलाई प्रवर्धन गर्न प्रवर्तनात्मक (स्थानीय ,मौलिक ,राष्ट्रिय) अनौपचारिक शिक्षा कार्यक्रमहरुको विकास गर्नु
६. अनौपचारिक शिक्षासँग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय साझेदारितालाई सुदृढ बनाउनु
७. सूक्ष्म तथा समष्टिगत दुवै तहमा योजना निर्माण, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने राष्ट्रिय क्षमता अभिवृद्धि गर्नु
८. सीमान्तकृत, पिछडिएका जनजाति, दलित र महिलाहरुलाई लक्षित गरी कार्यमूलक साक्षरता तथा अनौपचारिक शिक्षाका उपयुक्त कार्यक्रमहरुलाई संस्थागत गर्नु
९. समाजको आवश्यकताअनुसार साक्षरता र निरन्तर शिक्षाका नवीन कार्यक्रम निर्माण र कार्यान्वयन गर्नु

१०. अनौपचारिक शिक्षा प्रदायक सङ्घसंस्थाहरुको सञ्जाल गठन, समन्वय र सहयोग गर्नु
११. वैकल्पिक शैक्षिक कार्यक्रमहरुको निर्माण, विकास र कार्यान्वयन गर्नु ।

**कार्यहरू**

१. अनौपचारिक शिक्षा कार्यक्रम कार्यान्वयनमा संलग्न जनशक्तिको क्षमता अभिवृद्धिका लागि तालिम र अभिमुखीकरण गोष्ठी सञ्चालन गर्ने
२. साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा एवम् खुला शिक्षा सिकाइ कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गराउने
३. सरकारी निकाय, गैर सरकारी सङ्घसंस्था तथा निजी क्षेत्रबाट सञ्चालित अनौपचारिक शिक्षा सम्बन्धी कार्यक्रमहरुको निर्धारित लक्ष्य प्राप्ति गर्न प्राविधिक सहयोग उपलब्ध गराउने र त्यस्ता कार्यक्रमहरुको अनुगमन र समन्वय गर्ने
४. अनौपचारिक शिक्षा क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरुबिच समन्वय गर्ने
५. अनौपचारिक शिक्षाको पाठ्यक्रम तथा पाठ्य पुस्तक एवम् सन्दर्भ सामग्रीहरुको विकास, परिमार्जन, उत्पादन तथा आपूर्तिको व्यवस्था गर्ने
६. अनौपचरिक शिक्षा कार्यक्रमहरुको विस्तारका लागि सामुदायिक अध्ययन केन्द्रको स्थापना गरी क्षमता अभिवृद्धि गर्ने
७. अनौपचारिक शिक्षा सम्बन्धी अध्ययन तथा अनुसन्धानका कार्यहरु गर्ने
८. साक्षरता सिपको परीक्षण र प्रमाणीकरण सम्बन्धी कार्य गर्ने
९. खुला तथा दूर शिक्षा कार्यक्रम तर्जुमा, व्यवस्थापन र कार्यान्वयन गर्ने
१०. वैकल्पिक शिक्षाको समकक्षता प्रणाली विकास गरी कार्यान्वयन गर्ने
११. सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

**सञ्चालित कार्यक्रमहरू**

अनौपचारिक शिक्षा केन्द्रले हाल सञ्चालन गरी आएका कार्यक्रमहरु यस प्रकार रहेका छन् :

| क्र.स. | कार्यक्रम | लक्षित समूह | कार्यक्रम अवधि | कार्यक्रमको स्वरूप |
|---|---|---|---|---|
| १ | आधारभूत प्रौढ साक्षरता शिक्षा | १५ वर्ष माथिका निरक्षर प्रौढहरु | ३ महिना | आधारभूत साक्षरता र कार्यमूलक शिक्षा ( विद्यार्थी परिचालनमार्फत) |
| २ | निरन्तर शिक्षा | निरक्षर प्रौढ, नवसाक्षर र अन्य | ४ महिना | निरक्षर तथा आधारभूत साक्षरता शिक्षा पुरा गरेकाहरुका लागि निरन्तर शिक्षाका अन्य कार्यक्रमहरु |
| ३ | अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम | प्राथमिक शिक्षाबाट बञ्चित ८–१४ वर्ष उमेर समूहका बाल बालिकाहरु | ३ वर्ष | कक्षा १–५ समकक्षताको ३ वर्षे वैकल्पिक प्राथमिक शिक्षा |
| ४ | अनौपचारिक प्रौढ विद्यालय कार्यक्रम | १४ वर्षभन्दा माथिका औपचारिक शिक्षाबाट वञ्चित किशोर किशोरी तथा प्रौढहरु | ३ वर्ष प्राथमिक तह २ वर्ष निम्न माध्यमिक तह | आधारभूत समकक्षताको वैकल्पिक शिक्षा |
| ५ | निम्न माध्यमिक तहको खुला विद्यालय शिक्षा | १५ वर्षभन्दा माथिका कक्षा ५ उत्तीर्ण गरेका प्रौढहरु | २ वर्ष | कक्षा ६–८ समकक्षताको वैकल्पिक निम्न माध्यमिक शिक्षा |

| क्र.स. | कार्यक्रम | लक्षित समूह | कार्यक्रम अवधि | कार्यक्रमको स्वरूप |
|---|---|---|---|---|
| | कार्यक्रम | | | |
| ६ | आय आर्जन कार्यक्रम | १५–६० वर्ष उमेर समूहका नवसाक्षर प्रौढ महिला | निरन्तर | आय आर्जनमूलक स्थानीय व्यवसायमा संलग्न गरी आयस्तर वृद्धि गर्ने |
| ७ | सामुदायिक अध्ययन केन्द्र | स्थानीय समुदायका बासिन्दाहरु | निरन्तर | स्थानीय समुदायका सिकाइ आवश्यकताको परिपूर्तिका कार्यक्रमहरु, निरन्तर शिक्षा, आय आर्जन कार्यक्रमको संयोजन, विकासात्मक कार्यहरु र समुदाय परिचालन |
| ८ | सिकाइ केन्द्र सञ्चालन | विभिन्न कारणले विद्यालय जान नसकेका ८-१४ वर्ष उमेर समूहका बाल बालिकाहरु | आवस्यकता अनुसार | विभिन्न कारणले विद्यालय बाहिर रहेकाहरुका लागि |

**शाखाहरू**

हाल यस केन्द्रमा निम्न लिखित शाखाहरु रहेका छन् :

क. आन्तरिक व्यवस्थापन, योजना तथा कार्यक्रम शाखा

ख.अनुगमन तथा तथ्याङ्क शाखा

ग. अनुसन्धान, पाठ्यक्रम तथा सूचना शाखा

घ. प्रकाशन तथा समन्वय शाखा

ङ. खुला तथा वैकल्पिक शिक्षा शाखा

च. साक्षरता तथा साक्षरोत्तर शिक्षा शाखा

छ. सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन तथा निरन्तर शिक्षा शाखा

# शिक्षक सेवा आयोग

## परिचय

वि.सं. २०५६ सालमा राष्ट्रिय शिक्षक सेवा आयोगको नामबाट स्थापित यस आयोग शिक्षा ऐन २०२८ को सातौँ संशोधन २०५८ बाट शिक्षक सेवा आयोग नामाकरण भएको हो । यो नेपाल सरकारअन्तर्गत शिक्षा मन्त्रालयसँग सम्बन्धित स्वायत्त निकाय हो । शिक्षा ऐनमा भएको सातौँ संशोधनबाट आयोगमा १ अध्यक्ष र २ जना सदस्य गरी ३ सदस्यीय आयोग गठन हुने प्रावधान छ। लोकसेवा आयोगका अध्यक्षको अध्यक्षतामा त्रिभुवन विश्व विद्यालयका उपकुलपति र शिक्षा मन्त्रालयका सचिव सदस्य रहने तिन सदस्यीय समितिको सिफारिसमा नेपाल सरकारले आयोगका पदाधिकारीहरुको नियुक्ति ५ वर्षका लागि गर्ने व्यवस्था शिक्षा ऐनमा छ ।

आयोगको सचिवालयको कार्य व्यवस्थापनका निम्ति नेपाल सरकारका सहसचिव स्तर (रा.प. प्रथम, शिक्षा सेवा) को प्रशासकीय प्रमुख रहने व्यवस्था छ। यस आयोगका लागि चाहिने कर्मचारीहरु, आर्थिक तथा भौतिक स्रोत शिक्षा मन्त्रालयले उपलब्ध गराउँछ । जम्मा ३४ दरबन्दी रहेको आयोगको सचिवालय सानोठिमी, भक्तपुरमा रहेको छ ।

## मुख्य मुख्य कार्यहरू

१. सामुदायिक विद्यालयमा सरकारबाट स्वीकृत दरबन्दीअनुसार रिक्त शिक्षक पदको नियुक्ति तथा त्यस्तो पदमा नियुक्त शिक्षकको बढुवाका लागि सिफारिस गर्ने
२. शिक्षक पदका लागि उम्मेदवार हुनका लागि लिनुपर्ने अध्यापन अनुमति पत्रको परीक्षा सञ्चाल र प्रमाण पत्र प्रदान गर्ने
३. शिक्षकहरुको खुला प्रतियोगितात्मक परीक्षा, बढुवा र अध्यापन अनुमति पत्रका लागि लिइने परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने र परीक्षा सम्बन्धी अन्य कार्य गर्ने
४. सामुदायिक विद्यालयमा अध्यापन गर्न योग्य, शिक्षकहरुको छनोट गरी नियुक्तिका लागि सिफारिस गर्ने
५. स्थायी शिक्षकको बढुवा गर्ने
६. शिक्षकहरुको सेवा, सर्त र सुविधाका सम्बन्धमा सरकारलाई आवश्यक सल्लाह र सुझाव दिने ।

## शाखाहरू

सचिवालयको कार्य व्यवस्थापनका निम्ति ७ उपसचिव र एक जना लेखा अधिकृतको निरीक्षण सुपरिवेक्षणमा ८ ओटा शाखा कायम गरिएको छ । आयोगको कार्य प्रयोजनका लागि निम्न लिखित शाखाहरु रहेका छन् :

१. लिखित परीक्षा सञ्चालन शाखा
२. विज्ञापन, परीक्षण प्रविधि, पाठ्यक्रम र प्रश्न पत्र निर्माण तथा मोडरेसन शाखा
३. बढुवा शाखा
४. प्रश्न पत्र निर्माण तथा परिमार्जन शाखा
५. अन्तर्वार्ता र सिफारिस शाखा
६. अध्यापन अनुमति पत्र व्यवस्थापन शाखा
७. प्रशासन, योजना तथा अनुगमन शाखा
८. आर्थिक प्रशासन शाखा

# विद्यालय शिक्षक किताबखाना

**परिचय**

नेपाल सरकारबाट अनुमति वा स्वीकृति प्राप्त सामुदायिक विद्यालयमा काम गर्ने शिक्षकहरुका लागि विद्यालय शिक्षा सेवाको गठन भएको छ। स्थायी तथा अस्थायी रुपमा विद्यालयका शिक्षकहरुको सेवा सर्त सम्बन्धमा सरकारले नियमद्वारा व्यवस्था गर्न सक्ने अधिकार शिक्षा ऐन, २०२८ को दफा १९(२)(द) ले गरेको र सोहीअनुसार शिक्षा नियमावली, २०५९ को नियम ८६ द्वारा यो सेवाको गठन गरिएको हो।

यस सेवाअन्तर्गत रहने गरी स्थायी शिक्षकहरुको नियुक्ति र बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगको सिफारिसमा सम्बन्धित जिल्ला शिक्षा कार्यालयहरुबाट हुन्छ भने नियुक्ति, बढुवालगायत शिक्षकहरुको सम्पूर्ण सेवा सम्बन्धी अभिलेख राख्न तथा सेवा निवृत्त पछिको नियमानुसार सुविधा उपलब्ध गराउने सम्बन्धी कार्य गर्नका लागि विद्यालय शिक्षक किताबखानाको स्थापना भएको हो।

मुलुकभरिका सार्वजनिक सामुदायिक विद्यालयहरुमा विद्यालय शिक्षा सेवाअन्तर्गत स्थायी भई कार्यरत शिक्षकहरुको केन्द्रीय स्तरमा अभिलेख राख्ने निकाय नहुँदा समस्याहरु उत्पन्न भइरहेको र उनीहरुलाई सेवा निवृत्तपछि पाउने नियमानुसारको सुविधा व्यवस्थापनमा समेत मुलुकभर एकरुपता कायम गर्न नसकिरहेको अवस्थामा यी समस्याहरुको समाधान गर्नका लागि नेपाल सरकार मन्त्री परिषद्को मिति २०५४।१०।०२ को निर्णयानुसार शिक्षा मन्त्रालयअन्तर्गत रहने गरी विद्यालय शिक्षक किताबखानाको स्थापना भएको हो। शिक्षा नियमावली, २०४९, मा भएको छैटौं संशोधन २०५४ ले यसलाई मिति २०५४।११।१९ देखि शिक्षा नियमावलीमा नै आबद्ध गरेपछि मिति २०५४।१२।२६ मा विधिवत् स्थापना भई शिक्षा मन्त्रालय, केसरमहल परिसरको एक कोठाबाट यसको कार्य शुभारम्भ भएको हो। २०५५ भाद्रदेखि यसको कार्यालय काठमाडौं महानगरपालिका वडा नं. १५ ताहाचल, चागलमा जिल्ला शिक्षा कार्यालय काठमाडौंको भवनसँगै रहेको थियो भने २०६६ जेठ महिनाबाट विद्यालय शिक्षक किताबखानाको आफ्नै भवन म्युजियम मार्ग छाउनी काठमाडौं महानगरपालिकामा स्थानान्तरण भई सञ्चालनमा रहेको छ। जम्मा ३४ जना दरबन्दी रहेको यस विद्यालय शिक्षक किताबखानामा रा.प. प्रथम श्रेणी (प्रशासन सेवा) का महानिर्देशक प्रमुख रहने व्यवस्था छ।

**मुख्य मुख्य कार्यहरू**

१. वैयक्तिक विवरण दर्ता गरी नियुक्ति, पदस्थापना, सरूवा, बढुवा, तालिम, शैक्षिक योग्यता, पुरस्कार, विभागीय कारबाही, असाधारण एवम् अध्ययन बिदा, औषधी उपचारको रकम जस्ता शिक्षकसँग सम्बन्धित विवरणहरु वैयक्तिक विवरण फाइलमा संलग्न गरी अद्यावधिक गर्ने

२. शिक्षकको वार्षिक तलबी विवरण पारित गर्ने गराउने

३. उमेरको कारणबाट अनिवार्य अवकाश पाउने शिक्षकलाई अवकाश पाउने मिति समेत खुलाई ६ महिना अगावै जानकारी गराउने

४. सेवाबाट अलग भएका शिक्षकहरुको निवृत्तभरण, उपादान, औषधी, बिमा, पारिवारिक निवृत्तभरण, पारिवारिक वृत्ति, शैक्षिक भत्ता तथा सन्तति वृत्ति जस्ता सुविधा किटान गरी अधिकार पत्र प्रदान गर्ने

५. शिक्षकहरुको नोकरी अभिलेख अद्यावधिक राख्ने

६. शिक्षकहरुको स्थायी ठेगाना परिवर्तन गर्ने

७. शिक्षक सम्बन्धी सूचना केन्द्रका रुपमा काम गर्ने

८. शिक्षकहरुको प्राप्त सम्पत्ति विवरण राख्ने

९. सम्बन्धित शिक्षक तथा व्यक्ति, संस्था र निकायहरुलाई शिक्षकहरुको अभिलेखअनुरुपका तथ्याङ्कहरु नियमानुसार उपलब्ध गराउने

१०. शिक्षकहरुको अभिलेखलाई निरन्तर आधुनिक प्रविधिअनुरुप व्यवस्थित एवम् अद्यावधिक गर्दै जाने

११. शिक्षा मन्त्रालयले दिएको निर्देशनको पालना गर्ने र तोकिएका अन्य काम गर्ने

**शाखाहरू**

क. निवृत्तभरण/उपदान तथा अभिलेख शाखा क

ख. निवृत्तभरण/उपदान तथा अभिलेख शाखा ख

ग. निवृत्तभरण/उपदान तथा अभिलेख शाखा ग

घ. निवृत्तभरण/उपदान तथा अभिलेख शाखा घ

ङ. निवृत्तभरण/उपदान तथा अभिलेख शाखा ङ

च. निवृत्तभरण/उपदान तथा अभिलेख शाखा च

छ. निवृत्तभरण/उपदान तथा अभिलेख शाखा छ

ज. सूचना तथा सञ्चार प्रविधि शाखा

झ. योजना, कार्यक्रम, अनुगमन तथा मूल्याङ्कन शाखा

ञ. सामान्य प्रशासन शाखा

ट. आर्थिक प्रशासन शाखा

# शैक्षिक गुणस्तर परीक्षण केन्द्र

## परिचय

विभिन्न देशमा शैक्षिक गुणस्तर परीक्षण गर्ने कार्य स्वतन्त्र र स्वायत्त निकायको स्थापना गरी सोही निकायबाट गर्ने गराउने चलन बढेको छ। यसै सन्दर्भमा नेपालको समग्र विद्यालय तहको शैक्षिक क्षेत्रमा सुधार गर्ने गरी विकास गरिएको विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले शिक्षा क्षेत्रमा भए गरेका प्रयासहरुको स्वतन्त्र परीक्षण गरी गुणस्तर र जवाफदेही अभिवृद्धिमा सघाउ पुऱ्याउने अभिप्रायले एक स्वतन्त्र र स्वायत्त परीक्षण संस्थाको स्थापना गर्ने प्रावधान राखेको छ। यसरी स्थापना हुने संस्थाले समग्र मन्त्रालय पद्धतिको शैक्षिक गतिविधिहरुको परीक्षण गर्ने कुरा पनि सोही योजनामा उल्लेख गरिएको छ।

उक्त संस्थाले मानक र मापदण्डका आधारमा गुणस्तर र जवाफदेहीको परीक्षण गर्ने अभिप्राय राखेको देखिन्छ। यसरी स्वतन्त्र रुपमा स्थापित संस्थाले मन्त्रालय पद्धतिका सबै शिक्षण संस्थाहरुको बाह्य मूल्याङ्कन गर्ने र वार्षिक परीक्षण प्रतिवेदन शिक्षा नीति निर्धारण समितिमा प्रस्तुत गरी सो प्रतिवेदन सार्वजनिकसमेत गर्ने व्यवस्था गरिएको छ।

उल्लिखित व्यवस्थाबमोजिम शैक्षिक गतिविधिहरुको परीक्षण गर्न एक स्वतन्त्र र स्वायत्त निकायको स्थापना ऐनद्वारा नै व्यवस्थित गर्ने प्रयास भइरहेको छ। ऐनको व्यवस्था नहुँदासम्मका लागि नेपाल सरकार, मन्त्री परिषद्को निर्णयअनुसार शिक्षा मन्त्रालय र अन्तर्गत शैक्षिक गुणस्तर परीक्षण केन्द्र (Education Review Office- ERO) को स्थापना गरिएको छ। यस केन्द्रको प्रमुख कार्य नेपालमा सञ्चालित विभिन्न शैक्षिक निकाय (हाललाई विश्व विद्यालयभन्दा बाहेकका) तथा विद्यालय स्तरबाट दिइने शैक्षिक सेवा प्रवाहमा प्रभावकारिता एवम् गुणस्तरीयताको परीक्षण गरी सुधारका लागि सुझाव दिने छ। यस कार्यलाई व्यवस्थित ढङ्गबाट अघि बढाउन शैक्षिक गुणस्तर परीक्षण केन्द्र व्यवस्थापन कार्यविधि निर्देशिका, २०६७ स्वीकृत भई कार्यान्वयन भइरहेको छ।

वि.सं.२०६६ मा स्थापित शैक्षिक गुणस्तर परीक्षण केन्द्रका प्रमुख सहसचिव, रा.प.प्रथम श्रेणी (शिक्षा सेवा) रहने व्यवस्था छ। चार जना उपसचिव, १० जना शाखा अधिकृत, तिन जना सहायक र चार जना सहयोगी कर्मचारी गरी शिक्षा मन्त्रालयबाट काजमा खटाइएका २२ जना कर्मचारी कार्यरत छन्। हाल यस केन्द्रको कार्यालय सानोठिमी, भक्तपुर रहेको छ।

## केन्द्रको उद्देश्य

यस केन्द्रका उद्देश्यहरु देहायबमोजिम रहेका छन् :

१. आवधिक रुपमा विद्यार्थीको सिकाइ उपलब्धि स्तर परीक्षण गरी शैक्षिक नीति तर्जुमाका लागि पृष्ठपोषण प्रदान गर्ने
२. विद्यालय तथा शैक्षिक निकायहरुको कार्य सम्पादन स्तरको नियमित रुपमा परीक्षण गरी सेवा प्रवाहमा सुधारका लागि प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने
३. विद्यालय र शैक्षिक निकायहरुलाई आफ्नो कार्य सम्पादन स्तरको स्वमूल्याङ्कनका लागि सहजीकरण गर्ने र शैक्षिक सेवा प्रवाहमा सुधारका लागि जवाफदेही बनाउने
४. शैक्षिक आयोजना र परियोजनाको कार्य सम्पादन मूल्याङ्कन गर्ने
५. शिक्षा क्षेत्रका समसामयिक मुद्दाहरुमा अध्ययन अनुसन्धान गरी शिक्षामा समता र गुणस्तर अभिवृद्धिका लागि प्रमाणमा आधारित सूचनाहरु उपलब्ध गराउने

## मुख्य मुख्य कार्यहरू

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले निम्नानुसारका कार्यहरु गर्ने छ :

१. निर्धारित मापदण्ड, मानक, कार्य निर्देशिका, उद्देश्य, एवम् सूचकका आधारमा शिक्षा मन्त्रालयअन्तर्गतका निकायहरु तथा विद्यालयहरुको समग्र शैक्षिक पद्धति, संस्थागत क्षमता र वैयक्तिक सक्षमता तथा कार्य प्रगतिको लेखाजोखा गर्ने
२. शिक्षा ऐन तथा नियमावलीबमोजिम विद्यालयहरुको वर्गीकरणसमेतको कार्य प्रक्रियाको परीक्षण गर्ने
३. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विभिन्न निकायबाट विकास भएका मानक एवम् मापदण्डहरुको कार्यान्वयन अवस्थाको परीक्षण गर्ने
४. गुणात्मक सुधारका लागि विद्यार्थीहरुको सिकाइ स्तरको आवधिक रुपमा परीक्षण गर्ने
५. सम्बन्धित शैक्षिक निकायहरुले सम्पादन गरेका कार्य प्रभावकारिताका आधारमा तथा निर्धारित शैक्षिक मापदण्ड पुरा गरेका आधारमा गुणस्तरीयता जाँचबुझ गरी प्रमाणीकरण एवम् श्रेणीकरणका लागि सिफारिस गर्ने
६. मन्त्रालय र अन्तर्गतका निकायहरु वा पदाधिकारीहरुबाट सम्पादित कार्यहरुको परीक्षण गरी निष्कर्ष सार्वजनिक गर्ने
७. मन्त्रालयअन्तर्गतका निकायहरु र विद्यालय तहसम्मका शैक्षिक साझेदारी संस्थाहरुबिच संस्थागत समन्वयको अवस्था विश्लेषण गरी सुधारका लागि सुझाव दिने
८. शिक्षा क्षेत्रका अनुसन्धाता, शिक्षाविद्, विशेषज्ञहरुको रोस्टर निर्माण गरी शैक्षिक गुणस्तर अभिवृद्धिका लागि पुनरवलोकन कार्यमा संलग्न गराउने
९. समसामयिक शैक्षिक मुद्दाहरु पहिचान गरी सोको अध्ययन गरी गराई सुझावहरु कार्यान्वयन गर्न गराउन सम्बन्धित निकायमा प्रस्तुत गर्ने
१०. विद्यार्थी मूल्याङ्कन र स्तर निर्धारण सम्बन्धी परीक्षण तथा अनुसन्धान गरी सिफारिस गर्ने

उल्लिखित कार्यहरुलाई व्यवस्थित गर्दै लैजान शिक्षाविद्हरुसमेतको संलग्नता रहने र विज्ञले अध्यक्षता गर्ने गरी एक प्राविधिक समिति गठन गर्न सकिने व्यवस्था रहेको छ ।

**केन्द्रको संरचना**

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शिक्षा मन्त्रालयअन्तर्गतको केन्द्रीय निकायका रुपमा शिक्षा मन्त्रीको अध्यक्षतामा गठित शिक्षा नीति निर्धारण समिति तथा शिक्षा सचिवको अध्यक्षतामा गठित निर्देशक समितिसँग निकट सम्बन्ध कायम गरी कार्य गर्दछ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रका विशिष्ट कार्यहरु सम्पादनका लागि आवश्यक पर्ने सहयोग तथा सल्लाह प्राप्त गर्न सम्बन्धित विज्ञ तथा विशेषज्ञ सम्मिलित प्राविधिक समिति गठन हुने व्यवस्था छ । विद्यार्थी उपलब्धि परीक्षण तथा कार्य सम्पादन परीक्षणको कार्य ढाँचा, साधन तथा मानक विकासका लागि विभिन्न विषय समितिहरु पनि आवश्यकताअनुसार गठन हुने व्यवस्था छ । केन्द्रको दैनिक कार्य सञ्चालनक लागि निम्नअनुसारका शाखाहरु रहेका छन् :

**शाखाहरू**

१. योजना, कार्यक्रम तथ अनुगमन
२. अनुसन्धान तथा विकास
३. निकायगत कार्य सम्पादन परीक्षण एकाइ
४. विद्यालयगत कार्य सम्पादन परीक्षण एकाइ
५. विद्यार्थी सिकाइ स्तर मापन एकाइ

# क्षेत्रीय शिक्षा निर्देशनालय

## परिचय

शिक्षामा क्षेत्रीय प्रशासनको सुरूआत पूर्वाञ्चलको जनकपुर र पश्चिमाञ्चलको पाल्पामा वि. स. २००३ (सन्१९४६) मा स्थापना गरिएको विद्यालय उपनिरीक्षकको कार्यालयसँगै भएको हो । चिफ इन्सपेक्टर अफ स्कुल्स अफिस भने वि.स. १९९८ मा काठमाडौँमा स्थापना भएको थियो । वि.स. २०१० सालमा नेपाललाई सात क्षेत्रमा बाँडेर सात ओटा डिभिजिनल इन्सपेक्टर अफ स्कुल्स अफिस स्थापना गरी विद्यालय सुपरिवेक्षण गर्ने जिम्मेवारी दिइएको थियो । वि.सं. २०१८ सालमा १४ अञ्चल र ७५ जिल्लामा नेपाललाई विभाजन गरिएअनुसार १४ ओटा अञ्चल शिक्षा अधिकारी कार्यालय र ७५ ओटा जिल्ला शिक्षा निरीक्षकको कार्यालय स्थापनासँगै इन्सपेक्टर अफ स्कुल्स अफिसको व्यवस्था हटेको हो ।

हालको क्षेत्रीय शिक्षा निर्देशनालयहरुको स्थापना भने राष्ट्रिय शिक्षा योजना २०२८ सँगै भएको हो । शैक्षिक प्रशासनको प्रभावकारिता वृद्धि गर्ने र यसलाई विद्यालय तथा आम जन समुदायको नजिक लैजाने उद्देश्यले क्षेत्रीय शिक्षा निर्देशनालयको स्थापना भएको हो । नेपालमा यस्ता पाँच ओटा क्षेत्रीय शिक्षा निर्देशनालयहरु (क्षेत्रीय शिक्षा निर्देशनालय) रहेका छन् ।

क्षेत्रभित्रका जिल्ला स्तरीय कार्यक्रमहरुमा एकरुपता ल्याउने र विद्यालय स्तरको पठन पाठन तथा विकास कार्यक्रमहरुको समन्वय, अनुगमन एवम् सुपरिवेक्षण गर्ने जिम्मेवारी क्षेत्रीय शिक्षा निर्देशनालयको हुन्छ । प्रत्येक क्षेत्रीय शिक्षा निर्देशनालयका प्रमुखको रुपमा राजपत्राङ्कित प्रथम श्रेणी (शिक्षा सेवा) का निर्देशक रहने व्यवस्था छ । पाँच ओटै क्षेत्रीय शिक्षा निर्देशनालयमा गरी जम्मा १५८ दरबन्दी रहेको छ । क्षेत्रीय शिक्षा निर्देशनालयका कार्यालयहरु निम्नअनुसारका स्थानमा रहेका छन् :

१. पूर्वाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय, धनकुटा
२. मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय, हेटौँडा, मकवानपुर
३. पश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय, पोखरा, कास्की
४. मध्य पश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय, सुर्खेत र
५. सुदूर पश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय, दिपायल, डोटी

## परिकल्पना

शिक्षित, सुसंस्कृत, समुन्नत तथा गतिशील समाजको स्थापना र विकास गर्न सहयोग पु-याउने

## ध्येय

आफ्नो क्षेत्र भित्र सञ्चालित शैक्षिक योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गराई शिक्षाको राष्ट्रिय लक्ष्य तथा उद्देश्य हासिल गर्न आवश्यक सहयोग पु-याउने

## उद्देश्य

१. जिल्ला शिक्षा कार्यालय, स्रोत केन्द्र र विद्यालयहरुलाई सक्रिय बनाई विद्यालयको विद्यमान शैक्षिक प्रणालीलाई प्रभावकारी बनाउन सहयोग गर्ने
२. जिल्ला र केन्द्रीय निकायबिच कार्यक्रम कार्यान्वयनका लागि समन्वय, सहजीकरण र सहकार्य गर्ने

## रणनीति

१. अनुगमनका साधनहरुको विकास गरी प्रभावकारी अनुगमन गर्ने र अनुगमनलाई उपलब्धिसँग आबद्ध गर्ने

२. कार्य सम्पादन र उपलब्धिबिच प्रभावकारी सहसम्वन्ध, निरन्तर अनुगमन, सुपरिवेक्षण, समन्वय तथा पुरस्कार र दण्डका माध्यमद्वारा जिल्ला शिक्षा कार्यालय, स्रोत केन्द्र र विद्यालयहरु तथा उल्लिखित संस्थाहरुमा कार्यरत जनशक्तिलाई लक्ष्योन्मुख बनाउने

**कार्यनीति**

आवधिक प्रतिवेदन, स्थलगत अनुगमन, प्रत्यक्ष अप्रत्यक्ष अन्तरक्रिया, गोष्ठी तथा छलफलका माध्यमबाट अपेक्षित लक्ष्य र हासिल भएका उपलब्धिहरुको विश्लेषण र व्याख्या गर्ने

१. शैक्षिक संस्था एवम् निकायहरुलाई शिक्षा विभाग र अन्य संस्थाहरुसँग समन्वय गरी प्राविधिक र भौतिक सहयोग उपलव्ध गराउन सहयोग गर्ने

२. जिल्ला शिक्षा कार्यालय र सोअर्न्तगतका कर्मचारीहरुको कामको निरन्तर अनुगमन गरी आवश्यक निर्देशन दिने

३. सम्बन्धित शैक्षिक संस्था तथा निकायहरुलाई मार्ग निर्देशन गर्ने र विद्यालय शिक्षाको तहगत एवम् राष्ट्रिय उद्देश्य हासिल गर्नका लागि सहजकर्ताको भूमिका निर्वाह गर्ने

४. जिल्ला शिक्षा कार्यालय, जिल्ला शिक्षा अधिकारी तथा अन्य कर्मचारीहरुसँग सम्बन्धित समस्या र गुनासाहरुको समाधान गर्ने तथा सम्बन्धित निकायमा पुऱ्याई समाधान गर्न आवश्यक पहल गर्ने

५. शिक्षा क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरुसँगको समन्वय र सहकार्यको वातावरण तयार गर्ने

**मुख्य मुख्य कार्यहरू**

१. आफ्नो क्षेत्रभित्रका शैक्षिक योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन र व्यवस्थापन गर्ने गराउने

२. विद्यालय शिक्षाको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने

३. निम्न माध्यमिक तथा माध्यमिक विद्यालयहरुलाई अनुमति र स्वीकृति दिने

४. उच्च माध्यमिक विद्यालयहरुको अनुगमन तथा सुपरिवेक्षणमा सहयोग पुऱ्याउने

५. प्रवेशिका परीक्षा (एसएलसी) सञ्चालन गर्न सहयोग गर्ने

६. जिल्ला शिक्षा अधिकारी, निरीक्षक, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका लागि तालिम, गोष्ठीहरु सञ्चालन गर्ने

७. औपचारिक तथा अनौपचारिक शिक्षा कार्यक्रमहरुको स्थलगत सुपरिवेक्षण तथा कार्यक्रमहरु अनुगमन गर्ने

८. आर्थिक प्रशासनको रेखदेख गरी विद्यालयको लेखा परीक्षण पश्चात् आवश्यकतानुसार पुनरावलोकन गर्ने गराउने

९. सरकारी तथा गैर सरकारी शिक्षा परियोजनाहरुको समन्वय र निरीक्षण गर्ने

१०. माध्यमिक शिक्षा उत्तीर्ण विद्यार्थीहरुको प्रमाण पत्रमा नाम, थर र जन्म मिति सच्चाउने तथा अस्थायी प्रमाण पत्र दिने

११. जिल्ला शिक्षा अधिकारीहरुको काममा समन्वय, सुपरीवेक्षण, निरीक्षण र मूल्याङ्कन गर्ने

१२. जिशिका र स्रोत केन्द्रबाट नियमित रुपमा प्रभावकारी तवरले विद्यालयको निरीक्षण गराउने

१३. संस्थागत विद्यालयलाई सार्वजनिक तथा निजी गुठीअन्तर्गत दर्ता गर्ने

१४. निर्देशनालयको कामको प्रगति विवरण प्रत्येक दुई महिनामा विभाग र मन्त्रालयमा पठाउने

१५. आफ्नो क्षेत्रभित्र विद्यालय स्तरीय स्वीकृत पाठ्यक्रम, पाठ्य पुस्तक तथा पाठ्य सामग्रीको कार्यान्वयन, अनुगमन, व्यवस्थापन र मूल्याङ्कन गर्ने, गराउने

१६. निरीक्षकको प्रतिवेदनबमोजिम काम भए नभएको सम्बन्धमा प्रत्येक तिन महिनामा अनुगमन गर्ने तथा त्यसको प्रतिवेदन विभाग र मन्त्रालयमा पठाउने

१७. आफ्नो क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुको सबै तहका शिक्षक व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने

१८. माथिल्ला निकायबाट निर्देशित तथा प्रत्यायोजित कार्यहरु सम्पादन गर्ने, गराउने ।

**शाखाहरू**

माथि उल्लिखित कार्यहरु सम्पादन गर्न तल लेखिएका शाखाहरु कायम गरिएका छन् :

१. योजना तथा कार्यक्रम समन्वय

२. अनुगमन तथ निरीक्षण

३. अनौपचारिक तथ सहक्रियाकलाप

४. विद्यालय व्यवस्थापन

५. शैक्षिक गुणस्तर तथा सूचना

६. परीक्षा तथा मूल्याङ्कन

७. शिक्षक व्यवस्थापन

८. प्रशासन तथा समसामयिक शिक्षा

# जिल्ला शिक्षा कार्यालय

## परिचय

शैक्षिक प्रशासनको सङ्गठनात्मक स्वरुपमा स्थानीय तहको निकायका रुपमा ७५ ओटै जिल्लामा एक एक ओटा जिल्ला शिक्षा कार्यालय स्थापना गरिएको छ। वि.स. २०१६ सालमा नेपालका ३२ ओटा प्रशासकीय जिल्लालाई २८ ओटामा विभाजन गरी जिल्ला स्कुल निरीक्षक कार्यालय स्थापना गरिएको थियो। वि. सं. २०१८ सालमा नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरिएपछि वि.सं. २०१८ सालमा ७ ओटा डिभिजनल इन्पेक्टर अफिसको सट्टा १४ ओटा अञ्चल शिक्षा अधिकारीको कार्यालय स्थापना गरियो भने वि.सं.२०१९ सालमा ७५ ओटै जिल्लामा जिल्ला शिक्षा निरीक्षक अफिस खडा गरियो। यसै क्तममा वि.सं. २०२७ मा अञ्चल शिक्षा अधिकारी कार्यालय खारेज गरी २९ जिल्लामा जिल्ला शिक्षा अधिकारी र बाँकी जिल्लाहरुमा जिल्ला शिक्षा निरीक्षक कायम गरियो। राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ सँगै पाँच ओटा क्षेत्रीय शिक्षा निर्देशनालय र ७५ ओटा जिल्ला शिक्षा कार्यालयहरु कायम गरी त्यसमा हालसम्म निरन्तरता दिइएको छ।

जिल्ला स्तरीय शैक्षिक विकास कार्यक्रमको योजना तर्जुमा गरी कार्यान्वयन गर्नु र राष्ट्रिय नीति र कार्यक्रमका साथै शिक्षा मन्त्रालय, शिक्षा विभाग तथा सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयको निर्देशनअनुसार जिल्लामा पठन पाठन प्रक्रिया भए नभएको सुपरिवेक्षण तथा अनुगमन गर्नु जिल्ला शिक्षा अधिकारीको मुख्य दायित्व हो। विद्यालय प्रशासन तथा सुपरिवेक्षण कार्यमा प्रभावकारिता ल्याउनका लागि प्रत्येक जिल्लालाई विद्यालय सङ्ख्या र भौगोलिक बनावटका आधारमा तिनदेखि ३३ निरीक्षण क्षेत्रहरुमा विभाजन गरिएको छ। प्रत्येक निरीक्षण क्षेत्रका विद्यालयहरुलाई प्रविधिक सहयोग तथा सेवाहरु प्रदान गर्नका लागि स्रोत केन्द्रहरुको स्थापना गरिएको छ।

रा. प. द्वितीय श्रेणी, शिक्षा सेवाका जिल्ला शिक्षा अधिकारी प्रमुख रहने जिल्ला शिक्षा कार्यालय प्रत्येक जिल्ला सदरमुकाममा रहेका छन्। सबै जिल्ला शिक्षा कार्यालयमा गरी जम्मा १७३२ कर्मचारी दरबन्दी रहेका छन्। ७५ ओटै जिल्ला शिक्षा कार्यालयहरुमा विभिन्न सेवा समूहका राजपत्राङ्कित द्वितीय श्रेणीका २९५ जना, राजपत्राङ्कित तृतीय श्रेणीका ६१० जना, राजपत्र अनङ्कित प्रथम श्रेणीका ४०८ जना, राजपत्र अनङ्कित द्वितीय श्रेणीका १६१ जना र श्रेणीविहीन २५२ जनाको दरबन्दी रहेको छ। जिल्ला शिक्षा कार्यालयहरुको वर्गीकरणअनुसार जिल्ला शिक्षा कार्यालयहरुमा दुईदेखि सात ओटासम्म शाखाहरु कायम गरिएको छ।

## जिल्ला शिक्षा कार्यालयको वर्गीकरण

क) विद्यालय सङ्ख्याको आधारमा जिल्ला शिक्षा कार्यालयलाई 'क', 'ख', 'ग' र 'घ' गरी चार वर्गमा विभाजन गरिएको छ। 'क' वर्गमा एकमात्र जिल्ला रहेको छ भने 'ख' वर्गमा ७ जिल्ला, 'ग' वर्गमा ५९ जिल्ला र 'घ' वर्गमा ८ जिल्लाहरु रहेका छन्।

'क' वर्गमा पर्ने जिल्ला : काठमाडौँ

'ख' वर्गमा पर्ने जिल्लाहरु : झापा, मोरङ, काभ्रेपलाञ्चोक, ललितपुर, चितवन, स्याङ्जा, र रुपन्देही

'ग' वर्गमा पर्ने जिल्लाहरु : ताप्लेजुङ, पाँचथर, इलाम, सङ्खुवासभा, भोजपुर, धनकुटा, सुनसरी, तेरथुम, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, उदयपुर, सिरहा, सप्तरी, दोलखा, रामेछाप, सिन्धुली, महोत्तरी, धनुषा, सर्लाही, नुवाकोट, धादिङ, सिन्धुपाल्चोक, भक्तपुर, मकवानपुर, पर्सा, बारा, रौतहट, गोरखा, लम्जुङ, तनहुँ, कास्की, पाल्पा, गुल्मी, अर्घाखाँची, नवलपरासी, कपिलवस्तु, बाग्लुङ, म्याग्दी, पर्वत, रूकुम, सल्यान, रोल्पा, प्युठान, दाङ, बाँके, बर्दिया, सुर्खेत, दैलेख, जाजरकोट, कालीकोट, बझाङ, बाजुरा, अछाम, डोटी, कैलाली, दार्चुला, बैतडी र कञ्चनपुर।

'घ' वर्गमा पर्ने जिल्लाहरु : रसुवा, मनाङ, मुस्ताङ, डोल्पा, मुगु, जुम्ला, हुम्ला र डडेलधुरा

ख) सहायक जिल्ला शिक्षा अधिकारी रहने सङ्ख्याका आधारमा हाल जिल्ला शिक्षा कार्यालयहरुलाई सात प्रकारमा वर्गीकरण गरिएको छ । यिनीहरुको विवरण यस प्रकार छ :

१. सात जना सहायक जिशिअ हुने जिल्ला : उदयपुर, सर्लाही, सिन्धुपाल्चोक, सिन्धुली, धादिङ, मकवानपुर, स्याङ्जा, नवलपरासी र कपिलवस्तु गरी ९ ओटा ।

२. छ जना सहायक जिशिअ हुने जिल्ला : झापा, सुनसरी, मोरङ, काभ्रेपलाञ्चोक, काठमाडौँ, ललितपुर, चितवन, गोरखा, तनहुँ, कास्की, रुपन्देही, दाङ, सुर्खेत, कैलाली गरी १४ जिल्ला ।

३. पाँच जना सहायक जिशिअ हुने जिल्ला : सिरहा, महोत्तरी, रौतहट र बर्दिया गरी चार ओटा जिल्ला

४. चार जना सहायक जिशिअ हुने जिल्ला : बारा, बाँके र कञ्चनपुर गरी तिन ओटा जिल्ला

५. तिन जना सहायक जिशिअ हुने जिल्ला : सप्तरी, धनुषा, पर्सा गरी तिन ओटा जिल्ला

६. एक जना सहायक जिशिअ हुने जिल्ला : ताप्लेजुङ, पाँचथर, सङ्खुवासभा, धनकुटा, तेरथुम, सोलुखुम्बु, ओखलढुङ्गा, दोलखा, रामेछाप, रसुवा, भक्तपुर, मनाङ, लमजुङ, गुल्मी, अर्घाखाँची, मुस्ताङ, बाग्लुङ, पर्वत, सल्यान, रोल्पा, प्युठान, दैलेख, जाजरकोट, डोल्पा, मुगु, कालिकोट, हुम्ला, बझाङ, बाजुरा, अछाम, दार्चुला र डडेल्धुरा गरी ३२ जिल्लाहरु

७. सहायक जिशिअ नभएका जिल्ला : इलाम, भोजपुर, खोटाङ, नुवाकोट, पाल्पा, म्याग्दी, रूकुम, जुम्ला, डोटी र बैतडी गरी १० ओटा जिल्ला

## प्रमुख कार्यहरू

१. सरकारको शैक्षिक नीति तथा योजनाहरुका आधारमा जिल्लामा विभिन्न शैक्षिक विकास कार्यक्रमहरु तयार गरी कार्यान्वयन गर्ने गराउने
२. विद्यालय र स्रोत केन्द्रहरुको सुपरिवेक्षण गरी शिक्षक, प्रधानाध्यापक, स्रोत व्यक्ति र विद्यार्थीहरुलाई पृष्ठपोषण दिने
३. जिल्लाको शैक्षिक प्रगतिको अनुगमन तथा मूल्याङ्कन गर्ने
४. शिक्षकहरुको दरबन्दी मिलान, नियुक्ति, पदस्थापन, तलबी प्रतिवेदन पारित तथा सरूवा गर्ने र सोको अभिलेख राख्ने
५. विद्यालय, शिक्षक आदिको वार्षिक र आवधिक तथ्याङ्क प्रतिवेदन तयार गर्ने
६. नयाँ विद्यालयहरुको स्थापना र विद्यमान विद्यालयहरु सुदृढ गर्ने
७. छोटो अवधिका शिक्षक तालिम, कार्यशाला तथा गोष्ठीहरु सञ्चालन गर्ने
८. अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने
९. जिल्ला स्तरीय एवम् एसएलसी परीक्षा सञ्चालन गर्ने
१०. जिल्लाका विद्यालयहरुमा विद्यार्थीहरुको पहुँच एवम् शैक्षिक गुणस्तर वृद्धिका लागि कार्यक्रम सञ्चालन गर्ने
११. विद्यालय, प्राविधिक शिक्षालय र शिशु विकास केन्द्र सम्बन्धी शैक्षिक सूचना सङ्कलन, विश्लेषण र प्रबोधीकरण गर्ने गराउने
१२. सरोकारवालाहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने
१३. एसएलसी परीक्षाका रजिष्ट्रेसन फाराम भरेका विद्यार्थीको नाम, थर, उमेर प्रचलित कानुनबमोजिम संशोधन गर्ने
१४. सामुदायिक विद्यालयका स्थायी शिक्षकको राजीनामा स्वीकृत गर्ने
१५. स्वीकृत पाठ्यक्रम तथा पाठ्य पुस्तक लागु गरे नगरेको अनुगमन गर्ने, व्यवस्थापन गर्ने र सो सम्बन्धमा सुझाव भए सम्बन्धित निकायमा पठाउने
१६. शैक्षिक योजनाको प्रगति प्रतिवेदन निर्देशनालय र विभागमा पठाउने
१७. जिल्लामा शैक्षिक कार्यक्रम सञ्चालनार्थ गैर सरकारी संस्था र अन्य सङ्घसंस्थाहरुसँग समन्वय गर्ने गराउने
१८. केन्द्रीय एवम् क्षेत्रीय निकायहरुबाट निर्देशित तथा प्रत्यायोजित अन्य कार्य सम्पादन गर्ने, गराउने

# स्रोत केन्द्र

## परिचय

नेपालमा स्रोत केन्द्र प्रणालीको औपचारिक सुरूआत सन् १९८२ मा ग्रामीण विकासका लागि शिक्षा परियोजना (सेती प्रोजेक्ट) बाट भएको थियो । सन् १९८४ मा छ ओटा जिल्लामा सुरू भएको प्राथमिक शिक्षा परियोजना (PEP) मा पनि स्रोत केन्द्र रहने व्यवस्था भएको थियो । आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (BPEP) सन् १९९२ मा सुरू भएपछि स्रोत केन्द्र प्रणालीलाई परियोजनाको अभिन्न अङ्गका रुपमा विकास गरी क्रमशः देशभर विद्यालय सुपरिवेक्षण र सहायता प्रणालीका रुपमा स्रोत केन्द्रको  स्थापना गरियो ।

नेपालभर कुल १०९१ स्रोत केन्द्रहरु तोकिएकामा हाल १०५३ स्रोत केन्द्रहरु सञ्चालनमा रहेका छन् । प्रत्येक स्रोत केन्द्रमा स्रोत व्यक्ति (सामुदायिक विद्यालयका शिक्षकहरुबाट काजमा ल्याइएका) को व्यवस्था गरिएको छ, जसले स्रोत केन्द्रअन्तर्गतका विद्यालयहरुको सुपरिवेक्षण र शिक्षण सिकाइ सुधारका लागि प्राविधिक सहयोग उपलब्ध गराउँछन् ।

स्रोत केन्द्रको दैनिक कार्य तथा स्रोत केन्द्रका प्राज्ञिक, शैक्षिक, अनुसन्धनात्मक र रचनात्मक कार्यहरु सञ्चालन गर्न देहायबमोजिमको स्रोत केन्द्र व्यवस्थापन समिति रहने छ :

संयोजक : स्रोत केन्द्र विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष

सदस्य : स्रोत केन्द्र विद्यालयका प्रधानाध्यापक

सदस्य : स्रोत केन्द्रभित्रका प्रअहरुले छानेका तिन जनामध्ये आधारभूत तह र माध्यमिक तहबाट एक एक जना प्रअ र विद्यालय व्यवस्थापन समितिका अध्यक्षमध्ये एक जना

सदस्य : सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक

सदस्य सचिव : सम्बन्धित स्रोत केन्द्रको स्रोत व्यक्ति

## मुख्य मुख्य कार्यहरू

स्रोत व्यक्तिले गर्ने कार्यहरु नै स्रोत केन्द्रका कार्यहरु भएकाले स्रोत व्यक्ति व्यवस्थापन निर्देशिका– २०६८ अनुसार व्यवस्थित गरिएका स्रोत व्यक्तिका काम, कर्तव्य, अधिकार र सेवाका सर्तहरु निम्नानुसार रहेका छन् :

## स्रोत व्यक्तिको काम, कर्तव्य, अधिकार, सेवासर्त र सुविधा

१. स्रोत व्यक्ति सामान्यतया प्रशासनिक रुपमा जिल्ला शिक्षा अधिकारी प्रति, कार्यक्रमगत रुपमा सम्बन्धित विद्यालय निरीक्षक, स्रोत केन्द्र व्यवस्थापन समिति र समूह विद्यालयप्रति उत्तरदायी रहने
२. स्रोत व्यक्तिले स्रोत केन्द्र र समूह विद्यालयहरुमा शिक्षक सहयोग सम्बन्धी प्राविधिक सहयोग र स्रोत केन्द्र स्तरमा क्षमता अभिवृद्धि गर्न सहजकर्ताको भूमिका निर्वाह गर्ने
३. शैक्षिक सेवा सुविधा एवम् सूचनाहरु प्रवाह गर्ने गराउने
४. शैक्षिक कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने
५. शैक्षिक नीति निर्देशन पालन गर्ने गराउने
६. जिल्ला शिक्षा योजना, गाउँ शिक्षा योजना र विद्यालय सुधार योजना निर्माणमा सक्रिय भूमिका निर्वाह गर्ने
७. स्थानीय निकायलाई शिक्षाको योजना निर्माण गर्न तथा सोको कार्यान्वयन सम्बन्धी कार्यमा प्राविधिक सहयोग उपलब्ध गराउने
८. स्रोत केन्द्रभित्रका प्रत्येक विद्यालयहरुको विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको बैठकमा वर्षमा कम्तीमा दुई पटक पर्यवेक्षक रुपमा भाग लिने र आवश्यक सल्लाह सुझाव तथा सहयोगीको भूमिका निर्वाह गर्ने

९. स्रोत व्यक्तिले समूह विद्यालयको सुपरिवेक्षण, प्राविधिक सहयोग, शिक्षक सहयोग सम्बन्धी वार्षिक कार्यक्रम बनाई जिल्ला शिक्षा कार्यालय र स्रोत केन्द्रमा राख्ने र कार्यक्रमअनुसार कार्य गर्ने, प्रतिवेदन दिने र सूचना प्रवाह गर्ने
१०. स्वीकृत वार्षिक कार्यक्रमअनुसार मासिक तथा साप्ताहिक कार्य योजना बनाई विद्यालय निरीक्षकको सिफारिससहित जिल्ला शिक्षा अधिकारीबाट स्वीकृत गराउने र सो स्वीकृत कार्यक्रम स्रोत केन्द्र विद्यालयको प्रधानाध्यापकलाई समेत दिने
११. स्रोत केन्द्रभित्रका विद्यालय शिक्षासँग सम्बन्धित सम्पूर्ण सूचनाहरु अद्यावधिक गरी राख्ने र आवश्यकताअनुसार जिल्ला शिक्षा कार्यालयमा पेस गर्ने
१२. स्रोत केन्द्रअन्तर्गत विद्यालयहरुको विद्यालय सुधार योजना निर्माण, सामाजिक परीक्षण र विद्यालय स्तरीकरण कार्यमा प्राविधिक सहयोग गर्ने र सो सम्बन्धी प्रतिवेदन सम्प्रेषण गर्ने गर्न लगाउने
१३. स्रोत व्यक्तिले स्रोत केन्द्रभित्र शैक्षिक उन्नयन तथा सुधारका लागि स्रोत केन्द्रका समूह विद्यालयहरुको सहयोग तथा सहकार्यमा आवश्यकताअनुसार अनुसन्धानात्मक, रचनात्मक, सहयोगात्मक र सुधारात्मक कार्यहरु सञ्चालन गर्ने, गराउने
१४. शिक्षा नियमावली तथा शिक्षक सेवा आयोग नियमावलीले स्रोत व्यक्तिले गर्न तोकिएको कार्य गर्ने ।

**सिकाइ उपलब्धि सम्बन्धी निम्नअनुसारका कार्यहरू गर्ने**

१. शैक्षिक सत्र सुरू भएको १ महिनाभित्र विद्यालयगत रुपमा गत शैक्षिक सत्रको कक्षा १ देखि १० सम्मका परीक्षाफलको नतिजा विश्लेषण गर्ने
२. अनिवार्य विषयहरुको विषयगत सिकाइ उपलब्धिहरुको नतिजा विश्लेषण गर्ने
३. प्रत्येक वर्षको सिकाइ उपलब्धिको तुलनात्मक विश्लेषण र प्रदर्शन गर्ने
४. सम्पूर्ण नतिजाको विश्लेषणपश्चात् स्रोत केन्द्र प्रधानाध्यापक बैठकमा छलफल गराई सुधारका उपायहरुको खोजी गर्ने
५. सिकाइ उपलब्धि वृद्धि हुने क्रियाकलापहरुको बारेमा स्रोत केन्द्र बैठकमा छलफल गरी योजना बनाउने
६. स्रोत केन्द्रअन्तर्गतका विद्यालयहरुलाई विद्यालयगत सिकाइ उपलब्धि वृद्धि गर्ने योजना निर्माण गर्न लगाई सो योजनाको सारांश बनाई जिल्ला शिक्षा कार्यालयमा उपलब्ध गराउने
७. विद्यालयले निर्माण गरेको योजना कार्यान्वयनको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने ।

**कक्षा अवलोकन सम्बन्धी निम्नअनुसारका कार्य गर्ने**

१. महिनामा कम्तीमा १० ओटा विद्यालयको निरीक्षण गर्ने
२. निरीक्षण गरिएको विद्यालयमा कम्तीमा दुई ओटा नमुना पाठ प्रर्दशन गरी सम्बन्धित शिक्षकसँग अन्तरक्रियाका साथै पृष्ठपोषण गर्ने
३. अर्को पटक कक्षा अवलोकन गर्दा अगाडि दिएको निर्देशन र पृष्ठपोषणको कार्यान्वयनको जानकारी लिई सम्बन्धित शिक्षक र प्रधानाध्यापकसँग समेत छलफल गर्ने
४. विद्यालय तथा शिक्षकलाई दिइएको निर्देशन पृष्ठपोषणको अभिलेखीकरण गरी जिल्ला शिक्षा कार्यालयलाई समेत जानकारी गराउने
५. विद्यालय, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक तथा विद्यालय तहका अन्य पक्षले गर्नुपर्ने भनी तोकिएका कार्यहरुको अनुगमन गरी प्रतिवेदन पेस गर्ने ।

**तालिम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निम्नअनुसार कार्यहरू गर्ने**

१. शिक्षकको पेसागत विकास ((Teacher Professional Development- TPD) को कार्यान्वयनका सम्बन्धमा शिक्षक पेसागत विकासको माग सङ्कलन, प्रबोधीकरण र तालिम सामग्री निर्माण गरी कार्यक्रम सञ्चालन गर्ने
२. रोस्टर प्रशिक्षक छनोट गरी तालिम सञ्चालनमा सहयोग गर्ने

३. शिक्षकको पेसागत विकास (TPD) कार्यक्रमको संस्थागत परामर्श (Instrutional Counceling) चरणअन्तर्गत र अन्य समयमा समेत तालिम प्राप्त शिक्षकहरुको सुपरिवेक्षण सेवा र पेसागत सहयोग उपलब्ध गराउने
४. सेवा क्षेत्रभित्रका शिक्षकले प्रत्येक मोड्युल तालिम पुरा गरेको विवरण अद्यावधिक बनाई राख्ने र मोड्युल पुरा गर्नेलाई प्रमाण पत्र दिने
५. प्राविधिक सहयोगका लागि शैक्षिक तालिम केन्द्र र अगुवा स्रोत केन्द्रसँग सम्पर्क र समन्वय गर्ने
६. शैक्षिक तालिम केन्द्रको सहकार्य र समन्वयमा शिक्षण सिकाइ शैक्षिक गुणस्तर र पेसागत विकास सम्बन्धमा कार्यमूलक अनुसन्धान, घटना अध्ययन आदि सञ्चालन गर्ने र प्रबोधीकरण गर्ने
७. सम्बन्धित जिल्ला शिक्षा अधिकारी, कार्यक्रम अधिकृत र विद्यालय निरीक्षकले तोकेबमोजिमका कार्य तथा स्रोत केन्द्र व्यवस्थापन समितिको निर्णयअनुसार अन्य कार्य गर्ने

# युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग

## युनेस्को (UNESCO)

संयुक्त राष्ट्र सङ्घीय शिक्षा, विज्ञान र संस्कृति सम्बन्धी सङ्गठन (United Nations Educational, Scientific and Cultural Organization -UNESCO) संयुक्त राष्ट्र सङ्घको एउटा विशिष्ट सङ्गठन हो । शान्तिपूर्ण सहअस्तित्वको मार्ग अपनाई शिक्षा, संस्कृति र विज्ञानको माध्यमबाट राष्ट्र राष्ट्रहरुका बिच सहयोग, सद्भावना र भ्रातृत्वको भावना बढाउँदै लगी भेदभावबिना अन्तर्राष्ट्रिय समभ्रुदारीको आधारमा आपसी सहयोग अभिवृद्धि गरी विश्व शान्ति कायम गर्ने मुख्य उद्देश्य लिई सन् १९४६ नोभेम्बर ४ मा युनेस्कोको स्थापना भएको हो । युनेस्कोको प्रधान कार्यालय पेरिस, फ्रान्समा रहेको छ ।

## युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग (Nepal National Commission for UNESCO)

संयुक्त राष्ट्र सङ्घको शिक्षा, विज्ञान र संस्कृति सम्बन्धी सङ्गठन (United Nations Educational, Scientific and Cultural Organization -UNESCO) को नेपाल पनि सदस्य राष्ट्र हो । युनेस्कोका प्रत्येक सदस्य राष्ट्रले आफ्नो देशमा राष्ट्रिय आयोग गठन गरी सोही आयोगमार्फत सरकार र युनेस्कोबिच सञ्चार तथा समन्वय गर्ने गराउने, युनेस्कोबाट राष्ट्रले प्राप्त गर्ने सहयोगमा अभिवृद्धि गर्ने गराउने र युनेस्को सम्बद्ध कार्यक्रम कार्यान्वयन गर्ने गर्दछन् । युनेस्कोको सदस्य राष्ट्र भएकाले युनेस्कोले प्रदान गर्ने सहयोग सम्बन्धी कार्यक्रमहरुको समन्वय गर्नु युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको मुख्य काम हुन आएको छ ।

युनेस्को विधानबाट समेत निर्देशित रहेको युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको विधानले आयोगको संरचनालाई युनेस्को पेरिसको संरचनासँग मिल्दो किसिमले अङ्गीकार गरेको छ । विधानअनुसार आयोगको संरचना निम्नअनुसार रहेको छ :

**(क) आयोग (ख) कार्यकारिणी समिति, विषय समितिहरू र विषेश समितिहरू (ग) सचिवालय**

### (क) युनेस्को आयोग

युनेस्को आयोग माननीय शिक्षा मन्त्री अध्यक्ष र माननीय शिक्षा राज्यमन्त्री उपाध्यक्ष रहेको आयोगको कार्यकारिणी समितिका पदाधिकारीहरु - १३ जना, विषय समितिका सम्पूर्ण पदाधिकारीहरु - ३५ जना तथा मनोनीत सदस्यसमेत गरी जम्मा ५६ जनाको रहने व्यवस्था छ ।

### आयोगका मुख्य मुख्य काम, कर्तव्य र अधिकार

१. युनेस्कोका कार्य क्षेत्रसँग सम्बन्धित शिक्षा, विज्ञान, संस्कृति, सामाजिक र आम सञ्चारका क्षेत्रहरुमा नेपाल सरकारलाई सल्लाह दिने
२. युनेस्कोका आदर्श र कार्यक्रमहरु नेपाल राज्यभरमा प्रचार प्रसार गरी सर्वसाधारण जनताको समर्थन र सहयोग प्राप्त गर्ने
३. युनेस्काद्वारा पारित प्रस्तावहरु कार्यान्वयन गर्ने गराउने
४. आयोगको महाधिवेशन वर्षको कम्तीमा एक पटक बोलाउने
५. युनेस्कोको उद्देश्य प्राप्तिका लागि सङ्कल्प प्रस्तावहरु पारित गर्ने

### (ख) कार्यकारिणी समिति

युनेस्को आयोगको कार्यकारिणी समितिमा माननीय शिक्षा मन्त्रीज्यूको अध्यक्षतामा जम्मा १३ जना रहने व्यवस्था छ । माननीय शिक्षा राज्यमन्त्री/सहायक मन्त्री उपाध्याक्ष रहने उक्त समितिमा शिक्षा मन्त्रालयका सचिव महासचिवको रुपमा रहने व्यवस्था छ ।

**कार्यकारिणी समितिको मुख्य मुख्य काम, कर्तव्य र अधिकार**

१. युनेस्को सम्बद्ध प्रकाशनहरुलाई अनुवाद गरी प्रकाशन गर्ने गराउने
२. युनेस्कोको उद्देश्य एवम् कार्यहरु विभिन्न सञ्चार माध्यमद्वारा जनतामा प्रचार गर्ने गराउने
३. शिक्षा, विज्ञान र संस्कृतिको विकासमा सहयोग पुऱ्याउने
४. युनेस्को क्लबहरु तथा युनेस्को क्लबहरुको राष्ट्रिय महासङ्घ दर्ताको निमित्त सिफारिस एवम् सम्बन्धन प्रदान गर्ने
५. आयोगसँग सम्बन्धन प्राप्त क्लब तथा युनेस्को क्लबहरुको राष्ट्रिय महासङ्घलाई युनेस्कोको प्रतीक चिह्न (लोगो) प्रयोग गर्न अनुमति दिने
६. यस विधानबमोजिमका विषय समिति, विशेष समिति, युनेस्को क्लब तथा युनेस्को क्लबहरुको राष्ट्रिय महासङ्घको काम कारवाहीमा सहयोग पुऱ्याउन आवश्यक निर्देशन दिने

**विषय समिति**

आयोगको कार्य सम्पादनका लागि कार्यकारिणी समितिको मातहतमा रहने गरी आयोगले शिक्षा, संस्कृति, विज्ञान, आम सञ्चार र सामाजिक क्षेत्रका गरी पाँच ओटा विषय समितिहरु गठन गर्ने व्यवस्था छ। प्रत्येक विषय समितिमा संयोजकसहित बढीमा सात जना सदस्यहरु रहन्छन्। आयोगको विधानअनुसार विषय समितिका काम, कर्तव्य र अधिकार निम्नानुसार छन् :

**विषय समितिको काम, कर्तव्य र अधिकार**

१. आयोगको कार्य सम्पादनका लागि कार्यकारिणी समितिको मातहतमा रहने गरी आयोगले शिक्षा, संस्कृति, विज्ञान, आम सञ्चार र सामाजिक क्षेत्रका गरी पाँच ओटा विषय समितिहरु गठन गर्ने छ।
२. प्रत्येक विषय समितिमा संयोजकसहित बढीमा सात जना सदस्यहरु अध्यक्षद्वारा मनोनीत हुने छन्।
३. विषय समितिका पदाधिकारी एवम् सदस्यहरुको पदावधि चार वर्षको हुने छ र पदावधि समाप्त भएपछि निजहरु पुनः मनोनीत हुन सक्ने छन्।
४. विषय समितिको बैठकमा बिना पूर्व सूचना लगातार तिन पटकसम्म अनुपस्थित रहने समितिको पदाधिकारी सो समितिबाट स्वतः हट्ने छ। यसरी रिक्त हुने स्थानमा बाँकी अवधिका लागि नयाँ पदाधिकारी मनोनयन गर्न सकिने छ।

**विषय समितिको काम, कर्तव्य र अधिकार आयोगले निर्धारण गरेका अतिरिक्त निम्नबमोजिम हुने छ :**

१. युनेस्कोको आदर्श र उद्देश्यअनुसार सम्बन्धित विषयमा आयोगलाई आवश्यक परामर्श तथा प्राविधक सहयोग उपलब्ध गराउने
२. युनेस्कोसँग सम्बन्धित विषयमा गरिने अध्ययन, अनुसन्धानलगायतका कार्यहरुमा सचिवालयमार्फत आवश्यकताअनुसार राय सुझाव उपलब्ध गराउने
३. सम्बन्धित विषयमा प्राप्त परियोजना प्रस्तावहरु अध्ययन गरी कार्यन्वयनका लागि सिफारिस गर्ने
४. युनेस्को आयोगअन्तर्गत सञ्चालित सम्बन्धित विषय क्षेत्र भित्रका योजना तथा परियोजनाहरुको अनुगमन गर्ने

**विशेष समिति**

कार्यकारिणी समितिले आयोगको उद्देश्य प्राप्तिका लागि युनेस्कोले तोकेका क्षेत्रहरु मध्येबाट आवश्यकतानुसार विशेष समितिहरु गठन गर्न सक्ने व्यवस्था छ। प्रत्येक विशेष समितिमा संयोजकसहित बढीमा सात जना सदस्यहरु रहन्छन्।

**पदावधि**

आयोग, कार्यकारिणी समिति, विषय समिति तथा विशेष समितिका मनोनीत सदस्यको पदावधि आयोगको विधानअनुसार ४ वर्षको हुन्छ।

### (ग) आयोगको सचिवालय

आयोगको दैनिक प्रशासनिक कार्य गर्न गराउन एक सचिवालय रहने व्यवस्था विधानले गरेको छ। शिक्षा सचिव आयोगको पदेन महासचिव रहने र सचिवालयको प्रशासनिक तथा व्यवस्थापकीय कार्यहरु महासचिवको निर्देशन र विधानअनुसार सहायक महासचिवले गर्ने व्यवस्था छ। सचिवालयमा शिक्षा मन्त्रालय र आयोगका आफ्नै स्रोतबाट गरी १४ जना कर्मचारीहरु कार्यरत रहेका छन्। यिनीहरुमध्ये महासचिव विशिष्ट श्रेणी एक जना, सहायक महासचिव रा.प. प्रथम श्रेणी एक जना, दुई जना रा.प. द्वितीय श्रेणी छ जना शाखा अधिकृत, र लेखापाललगायत अन्य १२ जना कर्मचारी रहने गरी सङ्गठन तालिका बनेको छ। सचिवालयको कार्य सञ्चालनका लागि सात ओटा शाखाहरु रहने सङ्गठन तालिका छ। ती शाखाहरुमा १. शिक्षा समिति २. संस्कृति समिति ३. विज्ञान समिति ४. सामाजिक समिति ५. आम सञ्चार समिति ६. आर्थिक प्रशासन र ७. प्रशासन/स्टोर पर्दछन्।

### वर्तमान अवस्था

१. संयुक्त राष्ट्र सङ्घको शिक्षा, विज्ञान र संस्कृति सम्बन्धी सङ्गठन (United Nations Educational, Scientific and Cultural Organization -UNESCO) को सदस्य राष्ट्रका हैसियतले सन् १९५३ देखि नै नेपालले आयोगको गठन गरी कार्य सञ्चालन गरी आएको छ। आयोगको विधान २०३१ संशोधनसहितको अधीनमा रही आयोगले युनेस्को पेरिस र अन्तर्गतका क्षेत्रीय तथा देशीय कार्यालयहरु र नेपाल सरकारका सम्बद्ध निकायहरुका बिच सम्पर्क बिन्दुको रुपमा कार्य सम्पादन गरी आएको छ।

२. माननीय शिक्षा मन्त्रीज्यूको अध्यक्षतामा गठन हुने यस आयोगको आयोग, कार्यकारिणी समिति र सचिवालय गरी तिन अङ्ग रहेका छन्।

३. शिक्षा, संस्कृति, विज्ञान, आम सञ्चार र सामाजिक विषय क्षेत्रहरुअन्तर्गत रही नेपालका लागि युनेस्कोको सहयोग प्रवर्धन र परिचालन गर्ने, विश्व सम्पदा संरक्षण र संवर्धन गर्ने, क्षमता विकासका अवसरहरु प्राप्ती गर्ने सूचना सम्प्रेषण गर्ने लगायतका कार्य आयोगको सचिवालयबाट सम्पन्न भई आएको छ।

४. आयोगमा शिक्षा, संस्कृति, विज्ञान, आमसञ्चार र सामाजिक विषयका विषय समितिहरु र विशेष समिति, प्राविधिक तथा सल्लाहकार निकाय (Technical/Advisory Body) का रुपमा कार्यरत रहेका छन्।

५. सचिवालयबाट युनेस्को सहभागितामूलक कार्यक्रम र युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग सहभागितामूलक कार्यक्रम सञ्चालन गरी नेपाल सरकार र युनेस्कोको दृश्यता (visibility) वृद्धिका कार्य भइआएको छ।

६. सरोकारवालालाई यसका गतिविधिहरुको जानकारी दिन चौमासिक रुपमा बुलेटिन प्रकाशन गर्ने, www.nncu.org.np वेबसाइट सञ्चालन गर्ने र एकजना उपसचिवलाई (हाल भरतराज त्रिपाठी) सूचना अधिकारीका रुपमा कार्य गर्न तोक्ने गरिएको छ।

### आ.व. २०७१/०७२ मा सञ्चालन गरिएका मुख्य मुख्य क्रियाकलापहरू

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले आ.व. २०७१/०७२ मा सम्पादन गरेका मुख्य मुख्य क्रियाकलापहरु निम्नानुसार रहेका छन् :

१. युनेस्कोका निमित्त कोरियन राष्ट्रिय आयोगको सचिवालयसँगको सहकार्यमा सञ्चालित UNESCO ASIA Bridge-Climate Change Education Project को प्रभावकारी कार्यान्वयनका लागि छानिएका तिन ओटा विद्यालयहरुमा अभिमुखीकरण कार्यक्रम सम्पन्न

२. युनेस्कोका निमित्त कोरियन राष्ट्रिय आयोगको सहयोगमा सामुदायिक अध्ययन केन्द्रमार्फत समुदायलाई आय आर्जनका क्रियाकलाप सञ्चालन गर्न र विद्यालयमा हरियाली वातावरण निर्माण गर्न तथा प्रदूषणमुक्त बनाउन उत्प्रेरित गर्न कार्याशाला गोष्ठी सम्पन्न

३. युनेस्कोका निमित्त कोरियन राष्ट्रिय आयोगको सहयोगमा UNESCO Bridge Asia परियोजना कार्यान्वयनको क्रममा गाउँ शिक्षा योजना निर्माणका लागि अभिमुखीकरण कार्याशाला चितवनमा सम्पन्न

४. कोरियाको Hope and Light Association का प्रतिनिधिहरुको उपस्थितिमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुको प्रतिनिधिसहित विद्यालयका विद्यार्थीहरु र सामुदायिक अध्ययन केन्द्रहरुमा सौर्य बत्ती उपलब्ध गराउने विषयमा युनेस्को निमित्त नेपाल राष्ट्रिय आयोगको डकुमेन्टेसन हलमा बैठक सम्पन्न भएको र उक्त एसोसियसनले हाललाई १२० सौर्य बत्ती उपलब्ध गराउने जानकारी दिएको

५. युनेस्को काठमाडौँको सहकार्यमा Planning Effective Delivery of Education in a future Federal State विषयक परियोजना सञ्चालनमा रहेको

६. विषयगत समितिहरुबाट विभिन्न कार्यक्रम सञ्चालन गरिएको

(क) शिक्षा समितिबाट खुला विद्यालय उपलब्धि, समस्या र समाधान विषयक एक दिवसीय कार्याशाला सम्पन्न

(ख) विपद् व्यवस्थापन र आम सञ्चारको भूमिका विषयक कार्याशाला गोष्ठी आम सञ्चार समितिबाट सम्पन्न भएको

(ग) उच्च माध्यमिक तहमा विज्ञान विषयमा समस्या र समाधानका उपायहरु विषयमा विज्ञान समितिले एक दिवसीय कार्यशाला गोष्ठी सञ्चालन गरेको

(घ) सामाजिक समितिले सँगसँगै बस्नका लागि सिक्नका लागि समुदायको योगदान विषयमा एक दिने गोष्ठी सम्पन्न गरेको

(ङ) संस्कृति समितिले विनाशकारी भूकम्पबाट क्षति भएका सांस्कृतिक सम्पदाहरु वसन्तपुर क्षेत्र, पशुपति क्षेत्र, भक्तपुर क्षेत्र, बौद्ध क्षेत्र, स्वयम्भु क्षेत्र, पाटन दरबार क्षेत्र, र चाँगुनारायण क्षेत्रको निरीक्षण गरी सुझावहरु प्रस्तुत गरेको ।

# उच्च माध्यमिक शिक्षा परिषद्

## परिचय

उच्च माध्यमिक शिक्षा ऐनअन्तर्गत वि.सं. २०४६ फागुन १२ मा उच्च माध्यमिक शिक्षा परिषद्को गठन गरी वि.सं. २०४७ सालमा परिषद्को सचिवालयको स्थापना भई कार्य सञ्चालन हुँदै आएको छ । राष्ट्रिय शिक्षा आयोग २०४९ ले शिक्षा प्रणालीमा १०+२ संरचनाको महत्त्व तथा विषय विशिष्टीकरणका लागि प्रथम पाइलाको रुपमा यस संरचनालाई लिइनुपर्ने सुझाव प्रदान गऱ्यो । तत्पश्चात् १०+२ संरचनाले मध्यम स्तरीय जनशक्ति उत्पादन र उच्च शिक्षा हासिल गर्नका लागि आवश्यक ज्ञान तथा सिपको खाँचोलाई परिपूर्ति गर्नुपर्ने कुरा महसुस गरियो । १०+२ विद्यालयहरुको स्थापनासँगै ग्रामीण क्षेत्रका विद्यार्थीहरुले आफ्नै परिवेशमा उच्च शिक्षाको पहुँच पाएका छन् । यस प्रणालीले विशेष गरेर महिला, उत्पीडित तथा अवसरबाट वञ्चित समूहलाई उच्च माध्यमिक शिक्षा प्राप्तिका लागि सहज वातावरण प्रदान गरेको छ ।

शिक्षा मन्त्री अध्यक्ष रहेको यस परिषद्मा नेपाल सरकारबाट नियुक्त पूर्णकालीन उपाध्यक्ष र सदस्य सचिवसहित परिषद्बाट स्वीकृत दरबन्दीमा कार्यरत ३६३ कर्मचारीहरुबाट कार्य सञ्चालन भइआएको छ । परिषद्मा कार्यकारिणी प्रमुखको रुपमा सदस्य सचिवले कार्य गर्दछन् । यस परिषद्मा पाँच ओटा महाशाखा र १६ ओटा शाखाहरु रहेका छन् । परिषद्को कार्यालय सानोठिमी, भक्तपुरमा रहेको छ भने विराटनगर, सिराहा, जनकपुर, हेटौंडा, काठमाडौं, पोखरा, बुटवल, नेपालगञ्ज, दाङ, धनगढी र डडेलधुरा गरी ११ ओटा शाखा कार्यालयहरु रहेका छन् । यी शाखा कार्यालयहरु परिषद्का सदस्य सचिवको सुपरिवेक्षणमा रहेका छन् ।

## दूरदृष्टि

देशका युवाहरुमा २१ औं शताब्दीका चुनौतीहरुलाई हाँक्न सक्ने क्षमताको विकास गराउने

## ध्येय

विश्वको परिवेश र शिक्षालाई ग्रहण गर्न सक्नेअनुसारको पाठ्यक्रम तयार गरी उच्च माध्यमिक तहको शिक्षालाई विकास गराउने

## उद्देश्य

१. राष्ट्रको सर्वाङ्गीण विकासका लागि विभिन्न क्षेत्रमा आवश्यक पर्ने मध्यम स्तरीय जनशक्ति तयार गर्ने
२. विशिष्टीकृत उच्च शिक्षा हासिल गर्नका लागि योग्य विद्यार्थीहरु उत्पादन गर्ने

## मुख्य मुख्य कार्यहरू

१. उच्च माध्यमिक तह सञ्चालन गर्नका लागि सम्बन्धन प्रदान गर्ने
२. पाठ्यक्रम र पाठ्य सामग्रीहरुको विकास तथा परिमार्जन गर्ने
३. परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने
४. उच्च माध्यमिक परीक्षामा पास भएका विद्यार्थीहरुलाई प्रमाण पत्र प्रदान गर्ने
५. उच्च माध्यमिक विद्यालयका कार्यक्रमहरुको सुपरिवेक्षण तथा मूल्याङ्कन गर्ने
६. उच्च माध्यमिक शिक्षामा सुधारका निम्ति योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने
७. प्राविधिक, पेसागत तथा प्रशासनिक कर्मचारीहरुको नियुक्ति गर्ने
८. उच्च माध्यमिक शिक्षक तथा अन्य कर्मचारीहरुका लागि तालिम कार्यक्रमहरुको तर्जुमा तथा कार्यान्वयन गर्ने
९. उच्च माध्यमिक शिक्षा सम्बन्धी विभिन्न मुद्दाहरुमा अध्ययन र अनुसन्धान कार्यहरु गर्ने

१०. उच्च माध्यमिक शिक्षा सम्बन्धी नीति र योजना तर्जुमा गर्ने

११. परिषद्का लागि आवश्यक स्रोत जुटाउने र खर्च गर्ने

**महाशाखाका मुख्य कार्यहरू**

| महाशाखाहरु | शाखाहरु |
|---|---|
| १. **प्रशासन महाशाखा :** सभा र परिषद् सम्बन्धी, आर्थिक, कर्मचारी तथा सामान्य प्रशासन, पदपूर्ति समितिको सचिवालयको रुपमा काम, अन्य महाशाखालाई सहयोग गर्ने, लेखा परिक्षण र बेरूजु फछ्र्यौट, भैपरी आउने अन्य कार्यहरु गर्ने<br>२. **योजना तथा अनुगमन महाशाखा :** दीर्घकालीन र अल्पकालीन कार्य योजना तथा कार्यान्वयन प्रक्रिया तयारी, अनुसन्धान र अनुगमन गर्ने, वित्तीय योजना तयार गर्ने, आन्तरिक तथा बाह्य स्रोत परिचालन गर्ने, बाह्य देशसँग समन्वय गर्ने, जनशक्ति विकास तथा संस्था विकासका अन्य कार्यहरु गर्ने | ● कर्मचारी प्रशासन<br>● सामान्य प्रशासन<br>● आर्थिक प्रशासन<br>● कानुन<br>● योजना तथा मूल्याङ्कन<br>● अनुगमन तथा अनुसन्धान<br>● वैदेशिक तथा समन्वय |
| ३. **सम्बन्धन महाशाखा :** उच्च माध्यमिक विद्यालयको सम्बन्धन सम्बन्धी कार्य गर्ने, छात्रवृत्ति र विद्यालयलाई दिइने अनुदानको व्यवस्थापन गर्ने, उच्च माध्यमिक विद्यालयको स्वामित्व, स्थान र नाम परिवर्तन सम्बन्धी कार्य गर्ने, अन्य महाशाखाहरुसँग समन्वय गर्ने, आफूअन्तर्गतका शाखा र कर्मचारीहरुको सुपरिवेक्षण र समन्वय गर्ने | ● सम्बन्धन<br>● शैक्षिक स्तरवृद्धि कोष व्यवस्थापन |
| ४. **परीक्षा नियन्त्रण कार्यालय :** कक्षा ११ र १२ का वार्षिक परीक्षा सञ्चालन, नतिजा प्रकाशन, विद्यार्थीहरुलाई प्रमाण पत्र वितरण, परीक्षा सुधार सम्बन्धी सम्पूर्ण कार्य गर्ने, परीक्षा सम्बन्धी अभिलेख राख्ने, परीक्षा सञ्चालक समितिको सचिवालयको रुपमा काम गर्ने, उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरुको दर्ता गर्ने | ● परीक्षा शाखा<br>● कम्प्युटर तथा अभिलेख शाखा<br>● प्रशासन शाखा |
| ५. **पाठ्यक्रम तथा प्रशिक्षण महाशाखा :** उच्च माध्यमिक शिक्षाको पाठ्यक्रम निर्माण गर्ने, पाठ्यक्रम तथा पाठ्य पुस्तक समितिको सचिवालयको रुपमा कार्य गर्ने, आवश्यकताअनुसार पाठ्यक्रम परिमार्जन गर्ने गराउने, पाठ्य पुस्तक तयार गर्ने, गराउने, समकक्षता प्रदान गर्ने, शिक्षण निर्देशिका तयार गर्ने गराउने, अन्य महाशाखा र क्षेत्रीय सम्पर्क कार्यालयहरुबिच समन्वय गर्ने, आफूअन्तर्गतका शाखा र कर्मचारीको सुपरिवेक्षण र समन्वय गर्ने | ● पाठ्यक्रम<br>● प्रशिक्षण<br>● स्तर निर्धारण तथा प्रमाणीकरण |

# प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

## परिचय

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को गठन वि.सं. २०४५ मा भएको थियो । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले विशेष गरी आधारभूत तथा मध्यम स्तरको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमप्रति ध्यान दिएको छ । यो निकाय पूर्ण रुपमा प्राविधिक तथा व्यावसायिक क्षेत्रको समन्वय तथा कार्यक्रम कार्यान्वयनमा समर्पित रहेको छ । सिपयुक्त जनशक्ति तयार पार्नु प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को मुख्य जिम्मेवारी हो । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गत प्राविधिक एसएलसी (TSLC) र डिप्लोमा तहका आङ्गिक र सम्बन्धन प्राप्त प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरु रहेका छन् । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को प्राज्ञिक सहयोगमा शै. स. २०७० देखि देशभरका ९९ ओटा सामुदायिक विद्यालयमा कक्षा ९ र कक्षा १० मा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गरिएको छ ।

शिक्षा मन्त्रीको अध्यक्षतामा २४ सदस्यीय एक सभा र नौ सदस्यीय एक कार्यकारी निकाय "परिषद्" रहेको छ । यस परिषद्मा नेपाल सरकारबाट नियुक्त पूर्णकालीन उपाध्यक्ष र सदस्य सचिवसहित परिषद्बाट स्वीकृत ८५० दरबन्दी रहेको छ । परिषद्मा कार्यकारिणी प्रमुखको रुपमा सदस्य सचिवले कार्य गर्दछन् । यस परिषद्मा चार ओटा समिति र नौ ओटा महाशाखाहरु रहेका छन् । परिषद्को कार्यालय सानोठिमी, भक्तपुरमा रहेको छ ।

## दूरदृष्टि

सिपयुक्त नेपाल, समृद्ध जनता

## ध्येय/ध्येय

प्राविधिक तथा व्यावसायिक तालिम परिषद् प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको विस्तार गर्ने र सिपयुक्त जनशक्ति तयार गर्ने एउटा जीवन्त संगठनको रुपमा अगाडि बढ्ने छ ।

## लक्ष्य

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को दूरदृष्टि तथा ध्येय हासिल गर्न निम्न छ ओटा मुख्य लक्ष्यहरु निर्धारण गरिएका छन् :

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा समतापूर्ण पहुँच विस्तार गर्ने

२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रणालीमा गुणस्तर, समय सापेक्षता र दक्षता अभिवृद्धि गर्ने

३. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम व्यवस्थापनमा प्रभावकारिता एवम् दक्षता अभिवृद्धि गर्ने

४. शैक्षिक ढाँचासँग मेल खाने 'राष्ट्रिय व्यावसायिक योग्यता ढाँचा' स्थापना गर्ने

५. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कोष स्थापना गर्न प्राविधिक सहयोग विस्तार गर्ने

६. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसँग सम्बन्धित सरोकारवालाहरुबिच प्रभावकारी संयोजन गर्ने

## मुख्य मुख्य कार्यहरू

१. परिषद् केन्द्रीय कार्यालय, परिषद्अन्तर्गतका प्राविधिक शिक्षालयहरु, सामुदायिक विद्यालमा प्राविधिक शिक्षा कार्यक्रम रहेका विद्यालयहरु र परिषद्सँग सम्बन्धन लिएका प्राविधिक शिक्षालय, कलेज तथा संस्थामार्फत जनतामा सेवा पुऱ्याउन परिषद्ले निम्न लिखित कार्यहरु निरन्तर रुपले गर्ने गर्दछ :

- विभिन्न संस्थाहरुले सञ्चालन गर्ने प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रमहरुलाई समन्वय गरी प्रभावकारी ढङ्गले सञ्चालन गर्ने

- उपलब्ध सीमित साधन र स्रोतहरुको अधिकतम उपयोग गर्ने
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको आवश्यकता पहिचान गरी सोहीअनुसारको कार्यक्रमहरु सञ्चालन गर्ने
- सिप सक्षमतामा आधारित पाठ्यक्रम तयार गर्ने र समय सापेक्ष परिमार्जन गर्ने
- तोकिएको मापदण्ड, आधार र पाठ्यक्रमका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रम सञ्चालन गर्न सम्बन्धन प्रदान गर्ने
- प्राविधिक प्रशिक्षण प्रतिष्ठानमार्फत प्रशिक्षण तालिम, पाठ्यक्रम विकास, सामुदायिक विकास तालिमको साथै अन्य क्षमता अभिवृद्धि र व्यवस्थापकीय दक्षता अभिवृद्धि तालिम सञ्चालन गर्ने
- सिपको तह निर्धारण, प्रमाणीकरण र सिप परीक्षण परीक्षा सञ्चालन गरी प्रमाण पत्र वितरण गर्ने, कार्यक्रमलाई व्यापक रुपमा विस्तार गर्ने
- अनुगमन, मूल्याङ्कन, निरीक्षण तथा परीक्षाका माध्यमबाट प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमको गुणस्तर सुनिश्चित गर्ने
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी अनुसन्धान कार्य गरी अनुसन्धानबाट पत्ता लगाइएका कुराहरु समस्त सरोकारवालाहरुमा जानकारी दिने
- व्यावसायिक तालिम तथा सामुदायिक विकास कार्यक्रमलाई विस्तार गर्ने

२. आफ्नो भूमिकालाई कार्यक्रम सञ्चालक तथा कार्यान्वयनकर्ताबाट सहजकर्ता तथा समन्वयकर्ताको भूमिकामा केन्द्रित गरी प्राविधिक शिक्षालयहरु, श्रम विभाग, घरेलु तथा उद्योग विभाग, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु, राष्ट्रिय गैर सरकारी संस्थाहरु तथा निजी क्षेत्रमा सञ्चालित प्राविधिक संस्थाहरुको क्षमता अभिवृद्धिको निम्ति प्राविधिक सहयोग तथा आवश्यकताअनुसारको अन्य सहयोग गर्ने

३. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको गुणस्तर बढाउन परिषद्ले अनुगमन, मूल्याङ्कन, स्तर निर्धारण र प्रभावकारिता अध्ययन गरी सोको आधारमा नीति र कार्य योजनासमेत बनाउने गरेको छ ।

# जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

## परिचय

योग्य र प्रशिक्षित जनशक्ति तयारीका लागि आवश्यक शिक्षक प्रशिक्षण तालिम सामग्री उत्पादन गर्ने उद्देश्यले वि. सं. २०१२ सालमा यस केन्द्रको स्थापना गरिएको हो। २०१३ सालमा कलेज अफ एजुकेसनअन्तर्गत ब्युरोअफ पब्लिकेसनमा परिणत भई वि. सं २०१८ सालमा शिक्षा सामग्री उत्पादन केन्द्र र लेखन केन्द्रका रुपमा परिणत भएको थियो। वि. सं. २०२४ साल जेठ २९ गते राष्ट्रिय विभूतिको सम्झनामा 'जनक' शब्द थपेर जनक शिक्षा सामग्री केन्द्र नामकरण गरिएको यो केन्द्र सानोठिमीमा सोही वर्ष सरेको पाइन्छ। वि. सं. २०२८-२०३२ सालमा राष्ट्रिय शिक्षा पद्धति लागु भएपछि विद्यालय स्तरीय सम्पूर्ण पाठ्य पुस्तक उत्पादन तथा बिक्री वितरण गर्ने दायित्व यस केन्द्रलाई हस्तान्तरण गरिएको हो। यस केन्द्रले वि. सं २०३० सालमा विकास समितिमा परिणत हुँदै वि. सं. २०३५ साल आश्विन ८ गते मुनाफारहित विशुद्ध सेवामूलक सार्वजनिक संस्थाको रुपमा परिणत भई जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको नामबाट आफ्नो जिम्मेवारी वहन गर्दै आएको छ। हाल यसको कार्यालय सानोठिमी भक्तपुरमा रहेको छ।

## दूरदृष्टि

केन्द्रलाई शैक्षिक सामग्री उत्पादनका अलावा सेक्युरिटी प्रेसका रुपमा विकास गर्ने।

## मिसन

देशभरका विद्यार्थीहरुलाई समयमै पाठ्य पुस्तक पुऱ्याउने र सुरक्षण मुद्रण सम्बन्धी सम्पूर्ण कार्यहरु केन्द्रमा नै गर्ने।

## उद्देश्य

१. विद्यालय स्तरीय पाठ्य पुस्तक लगायत शैक्षिक सामग्रीहरु शिक्षक निर्देशन पुस्तिका, अभ्यास पुस्तिका, चार्ट, कार्ड, पम्पप्लेट, पोस्टर, स्टीकर आदिको निर्माण, विकास तथा उत्पादन गरी उचित मूल्यमा देशभर उपलब्ध गराउने
२. सुरक्षण मुद्रणका सम्पूर्ण कार्यहरु जस्तै एसएलसी तथा प्लस टुका प्रश्नपत्रहरु, शिक्षा मन्त्रालयका आवश्यक कामहरु, राजस्वका स्टीकर, चेक, हुलाक टिकट, पासपोर्ट आदि केन्द्रमा नै छपाइ गर्ने

## रणनीति

१. छपाइ कार्य योजना तयार पार्ने
२. आवश्यक कच्चा पदार्थ समयमै खरिद गर्न खरिद ऐन अनुरूप टेन्डर मार्फत् खरिद गर्ने व्यवस्था मिलाउने
३. केन्द्रमा आवश्यक भौतिक संरचनाको विकास गर्ने
४. सबल र सरल वितरण प्रणालीको विकास गर्ने, सुरक्षण मुद्रणको कार्य केन्द्रमा गर्ने व्यवस्थाका लागि आवश्यक संरचना र प्रविधिको जडान गरी विकास एवम् विस्तार गर्ने

## निकायको स्वरूप र प्रकृति

सङ्गठन संरचना: केन्द्रीय कार्यालय, तिन ओटा निर्देशनालय, छ ओटा विभाग, पाँच ओटा क्षेत्रीय कार्यालय र एउटा अनुगमन एवम् सुपरीवेक्षण कार्यालय रहेका छन्।

## मुख्य मुख्य कार्यहरू

१. नेपाल सरकारले निर्धारण गरेको राष्ट्रिय शिक्षा नीति अनुरुपका कक्षा १ देखि १० सम्मका पाठ्य पुस्तक छपाइ गरी बिक्री वितरण गर्ने
२. विभिन्न प्रकारका अभ्यास पुस्तिका, स्केच प्याड, रजिस्टर, फाइल आदि शिक्षासँग सम्बन्धित अन्य शैक्षिक सामग्रीहरुसमेत उत्पादन गरी सुपथ मूल्यमा बिक्री वितरण गर्ने

**महाशाखा तथा शाखागत कार्यहरू**

केन्द्रको पाठ्य पुस्तक उत्पादन विभागबाट उत्पादित पाठ्य पुस्तकहरु बजार व्यवस्था विभागमा भण्डारण गर्ने गरिन्छ । बजार व्यवस्था विभागबाट केन्द्रको क्षेत्रीय कार्यालयहरु एवम् अनुगमन कार्यालयमा उक्त पुस्तकहरु बिक्री वितरण कार्यका लागि पठाइने छ । शैक्षिक सामग्री उत्पादन विभाग अन्तर्गत अभ्यास पुस्तिका शाखाबाट विभिन्न साइजका अभ्यास पुस्तिका उत्पादन, विभिन्न निकायको उत्तर पुस्तिका निर्माण आदि कार्यहरु गरिन्छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को उत्तर पुस्तिका निर्माण गर्ने गरिन्छ । सुरक्षण छपाइ विभागअन्तर्गत सुरक्षण मुद्रणका सम्पूर्ण कार्यहरु जस्तै एसएलसी तथा प्लसटुका प्रश्नपत्रहरु, शिक्षा मन्त्रालयका आवश्यक कामहरु आदि छपाइ कार्यहरु गरिन्छ ।

# विश्व विद्यालय अनुदान आयोग

## परिचय

विश्व विद्यालयहरुको सञ्चालन तथा विकासका लागि विभिन्न स्रोतबाट प्राप्त अनुदानको रकम समुचित तवरबाट वितरण गर्ने, विश्व विद्यालयहरुको शैक्षिक स्तर निर्धारण गर्ने, गुणस्तरयुक्त शिक्षा प्रदान गर्न प्रोत्साहन दिने र नेपाल सरकारलाई नयाँ विश्व विद्यालय स्थापनाका सम्बन्धमा परामर्श दिने उद्देश्यले वि.सं. २०५० मङ्सिर ७ मा विश्व विद्यालय अनुदान आयोग गठन भएको हो । आयोगमा ख्याति प्राप्त शिक्षाविद्मध्येबाट नेपाल सरकारले मनोनीत गरेको कुनै एक व्यक्ति अध्यक्ष र सदस्य सचिवसहित ६ जना मनोनीत र ३ जना पदेन सदस्य रहने व्यवस्था छ। आयोगको सचिवालय सानोठिमी, भक्तपुरमा रहेको छ ।

## मुख्य मुख्य कार्यहरू

१. विश्व विद्यालय स्थापना गर्ने सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने
२. विभिन्न स्रोतबाट प्राप्त अनुदानको रकम विश्व विद्यालयहरुलाई प्रदान गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने
३. विश्व विद्यालयहरुलाई अनुदान दिने तथा थप अनुदान माग गर्ने विश्व विद्यालयहरुका लागि सम्बन्धित निकायहरुमा सिफारिस गर्ने
४. विश्व विद्यालयमा सञ्चालन गरिने शैक्षिक कार्यक्रमस्तरयुक्त बनाउन विश्व विद्यालयहरुबिच समन्वय कायम गराउने
५. शैक्षिक स्तर वृद्धिका लागि उपयुक्त विद्वद्वृत्ति र अनुसन्धानलगायतका कार्यक्रमतर्जुमा गर्ने
६. विश्व विद्यालयहरुमा उपयुक्त शैक्षिक स्तर निर्धारण गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने
७. नेपाल राज्यभित्र तथा बाहिरका विश्व विद्यालय तथा शैक्षिक संस्थाहरुबिच छात्रवृत्ति, विद्वद्वृत्ति आदि आदान प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने
८. आयोगको कामकारबाहीको वार्षिक प्रतिवेदन नेपाल सरकारसमक्ष पेस गर्ने

## नीति तथा कार्यक्रमहरू

विश्व विद्यालय अनुदान आयोगले गुणस्तरीय उच्च शिक्षाको विकास र विस्तार गर्न निम्नानुसारको नीतिगत व्यवस्था गरेको छ :

१. उच्च शिक्षामा प्राविधिक शिक्षाको विकासमा जोड दिने
२. प्राविधिक शिक्षासँग सम्बन्धित नयाँ शैक्षिक संस्थाहरु र हाल सञ्चालित संस्थाहरुमा उक्त शिक्षा सञ्चालन गर्न सार्वजनिक निजी (Public-Private) साझेदारीमा जोड दिने। विश्व विद्यालयहरुलाई प्राविधिक शिक्षाका कार्यक्रमहरुमा वृद्धि गर्न प्रोत्साहन स्वरुप आर्थिक सहयोग गर्ने तथा विश्व विद्यालयहरुलाई प्रदान गरिने अनुदानलाई क्रमैसँग प्राविधिक शिक्षाको विकाससँग आबद्ध गर्दै लैजाने
३. सुदूर पश्चिमाञ्चल विश्व विद्यालय, मध्य पश्चिमाञ्चल विश्व विद्यालय र कृषि तथा पशुविज्ञान विश्व विद्यालय स्थापना भएकाले ती विश्व विद्यालयका लागि आवश्यक भौतिक, प्राज्ञिक एवम् प्रशासनिक योजना निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गर्ने
४. सामुदायिक र निजी क्षेत्रबाट विश्व विद्यालयहरु स्थापनाको माग भएको सन्दर्भमा सम्भाव्यता अध्ययन गरी आवश्यकताअनुरुप नयाँ विश्व विद्यालयहरुको स्थापना गर्दै लैजाने
५. विश्व विद्यालयअन्तर्गत क्याम्पसहरुद्वारा सञ्चालित शैक्षिक कार्यक्रमहरुको गुणस्तरमा सुधार ल्याउन विश्व विद्यालय अनुदान आयोगले अनुदान निर्धारण गर्दा कार्य सम्पादन मूल्याङ्कन (Performance Evaluation) को आधारमा गर्ने
६. उच्च शैक्षिक संस्थाहरुमा अनुसन्धान र अन्य प्राज्ञिक क्रियाकलापहरुलाई प्रोत्साहित गर्न पर्याप्त आर्थिक सहयोगको व्यवस्था गर्ने

७. खुला विश्व विद्यालयलगायत अन्य प्रस्तावित विश्व विद्यालय तथा अनुसन्धान एवम् विकास कार्यक्रम सञ्चालन गर्दै जाने

८. उच्च शिक्षामा सूचना प्रविधिको विकास गर्दै लैजाने

**विश्व विद्यालय अनुदान आयोगको संरचना**

विश्व विद्यालय अनुदान आयोगको संरचना निम्नानुसार रहेको छ :

| | | |
|---|---|---|
| (क) | ख्यातिप्राप्त शिक्षाविद्मध्येबाट नेपाल सरकारले मनोनीत गरेको कुनै एक व्यक्ति | अध्यक्ष |
| (ख) | विश्व विद्यालयका उपकुलपतिहरुमध्येबाट नेपाल सरकारले मनोनीत गरेका दुई जना उपकुलपति | सदस्य |
| (ग) | सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने | सदस्य |
| (घ) | सचिव, शिक्षा मन्त्रालय | सदस्य |
| (ङ) | सचिव, अर्थ मन्त्रालय सदस्य | |
| (च) | उच्च शिक्षामा विशेष योगदान पु¥याउने विद्वान् तथा वरिष्ठ प्राध्यापकहरुमध्येबाट नेपाल सरकारले मनोनीत गरेका दुई जना व्यक्ति | सदस्य |
| (छ) | उच्च शिक्षाका क्षेत्रमा विशेष योगदान पु¥याउने विभिन्न व्यक्तिहरुमध्येबाट नेपाल सरकारले मनोनीत गरेका दुई जना व्यक्ति | सदस्य |
| (ज) | नेपाल सरकारबाट मनोनीत | सदस्य-सचिव |

# विश्व विद्यालय तथा प्रतिष्ठानहरू

## परिचय

उच्च शिक्षाअन्तर्गत हाल नेपालमा त्रिभुवन विश्व विद्यालय, नेपाल संस्कृत विश्व विद्यालय, काठमाडौँ विश्व विद्यालय, पूर्वाञ्चल विश्व विद्यालय, पोखरा विश्व विद्यालय, लुम्बिनी बौद्ध विश्व विद्यालय, कृषि तथा वन विज्ञान विश्व विद्यालय, मध्य पश्चिमाञ्चल विश्व विद्यालय, सुदूर पश्चिमाञ्चल विश्व विदयालय गरी नौ ओटा विश्व विद्यालयहरु सञ्चालित छन् । त्यसरी नै विश्व विद्यालय सरहका बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान चिकित्सा क्षेत्रमा उच्च शैक्षिक जनशक्ति उत्पादनका लागि सञ्चालित रहेका छन् ।

## १. त्रिभुवन विश्व विद्यालय

त्रिभुवन विश्व विद्यालय सन् १९५९ मा स्थापना भएको नेपालको पहिलो राष्ट्रिय विश्व विद्यालय र नाफारहित उच्च शिक्षा प्रदान गर्ने स्वायत्त संस्था हो । यसको केन्द्रीय प्रशासनिक कार्यालय र केन्द्रीय क्याम्पस कीर्तिपुर, काठमाडौँमा रहेको छ । यसका कुलपति नेपालका प्रधानमन्त्री, सहकुलपति शिक्षा मन्त्री र कार्यकारी प्रमुखका रुपमा नेपाल सरकारबाट मनोनीत एक जना शिक्षाविद् उपकुलपति रहने व्यवस्था छ । यस विश्व विद्यालयका मुख्य मुख्य निर्णय तथा नीति बनाउन पाँच ओटा परिषद्हरु : विश्व विद्यालय परिषद्, कार्यकारी परिषद्, प्राज्ञिक परिषद्, अनुसन्धान समन्वय परिषद् र योजना परिषद् रहेका छन् । त्यसै गरी यस विश्व विद्यालयमा पाँच अध्ययन संस्थानहरुः (१) कृषि र पशु विज्ञान अध्ययन संस्थान, (२) वन विज्ञान अध्ययन संस्थान, (३) इन्जिनियरिङ अध्ययन संस्थान, (४) चिकित्सा शास्त्र अध्ययन संस्थान र (५) विज्ञान तथा प्रविधि अध्ययन संस्थान रहेका छन् । त्यस्तै चार ओटा साधारण शिक्षा तर्फका सङ्कायहरु : (१) मानविकी तथा सामाजिक शास्त्र सङ्काय, (२) व्यवस्थापन सङ्काय, (३) कानुन सङ्काय र (४) शिक्षा शास्त्र सङ्काय रहेका छन् । साथै चार ओटा अनुसन्धान केन्द्रहरु : (१) आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र (CEDA), (२) नेपाल एसियाली अनुसन्धान केन्द्र (CNAS), (३) व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र (RECAST) र (४) शिक्षा विकास तथा अनुसन्धान केन्द्र (CERID) रहेका छन् ।

नेपालको ८३ प्रतिशत उच्च शिक्षाको भार त्रिभुवन विश्व विद्यालयले नै बोकेको अवस्था रहेको छ । मुलुकको यो एउटा सबैभन्दा पुरानो र ठुलो विश्व विद्यालय हो, जसका ६० आङ्गिक र १०६३ सम्बन्धन प्राप्त क्याम्पस गरी जम्मा ११२३ क्याम्पस छन् । विद्यार्थी सङ्ख्या ३८४४९९ छ भने शिक्षकको सङ्ख्या ७९६६ रहेको छ ।

## २. नेपाल संस्कृत विश्व विद्यालय

संस्कृत भाषा एवम् शिक्षाको आधुनिकीकरण र यसको मूल्य र मान्यताहरुको जगेर्ना गर्न वि.सं. २०४३ मा दोस्रो विश्व विद्यालयको रुपमा नेपाल संस्कृत विश्व विद्यालयको स्थापना भएको हो । संस्कृत शिक्षालाई उच्च शिक्षासम्म व्यवस्थित गर्ने र नेपाललाई संस्कृत भाषा र साहित्यको सिकाइ केन्द्रको रुपमा विकास गराउने उद्देश्यसाथ यस विश्व

विद्यालयको स्थापना भएको हो । आर्युवेद, ज्योतिष, यौगिक विज्ञान, प्राकृतिक उपचारका साथै आधुनिक विषयहरु नेपाली, अङ्ग्रेजी, विज्ञान, राजनीति विज्ञान, गणित र अर्थशास्त्र जस्ता विषयमा विद्यावारिधि तहसम्म पठन पाठन हुने गरेको छ । यस विश्व विद्यालयको केन्द्रीय कार्यालय नेपालको मध्य पश्चिमाञ्चल विकास क्षेत्रको बेलझुन्डी, दाङमा रहेको छ । यो विश्व विद्यालयका १४ ओटा आङ्गिक र चार ओटा सम्बन्धन प्राप्त क्याम्पसहरु रहेका छन् । यो विश्व विद्यालयमा ३८६२ विद्यार्थीहरु रहेका छन् ।

### ३. काठमाडौं विश्व विद्यालय

मानव कल्याणका लागि ज्ञान र प्रविधि समर्पित गर्ने विश्व स्तरको विश्व विद्यालय हुने दूरदष्टि लिएको यो विश्व विद्यालयको स्थापना वि.सं. २०४८ मा तेस्रो विश्व विद्यालयको रुपमा भएको हो । यस विश्व विद्यालयको ध्येय नेतृत्वका लागि गुणस्तरीय शिक्षा उपलब्ध गराउनु रहेको छ । यसको मुख्य कार्यालय काभ्रेपलाञ्चोकको धुलिखेलमा रहेको छ । विज्ञान, इन्जिनियरिङ, व्यवस्थापन, फाइन आर्ट्स र चिकित्सा शास्त्रतर्फ अध्ययन/अध्यापन हुने यस विश्व विद्यालयमा सात ओटा स्कुल (विज्ञान, व्यवस्थापन, इन्जिनियरिङ, चिकित्सा विज्ञान, शिक्षा, कला र कानुन) र १५ ओटा सम्बन्धन प्राप्त क्याम्पसहरु रहेका छन् । यस विश्व विद्यालयमा एम्.फिल. र पिएचडीको समेत अध्ययन हुने गरेको छ । क्रेडिट सेमेस्टर पद्धतिका साथै निरन्तर आन्तरिक मूल्याङ्कनका आधारमा यसले शैक्षणिक कार्यक्रम सञ्चालन गर्दछ । यो विश्व विद्यालयअन्तर्गत १४५५० विद्यार्थीहरु अध्ययनरत छन् ।

### ४. पूर्वाञ्चल विश्व विद्यालय

केन्द्रीय कार्यालय मोरङ जिल्लाको विराटनगरमा रहने गरी वि.सं. २०५१ मा मुलुकको चौथो उच्च शैक्षिक संस्थाको रुपमा पूर्वाञ्चल विश्व विद्यालय स्थापना भएको हो । छ ओटा फ्याकल्टी : विज्ञान र प्रविधि, व्यवस्थापन, कला, कानुन, शिक्षाशास्त्र र चिकित्सा तथा प्रायोगिक विज्ञानतर्फको कार्यक्रम रहेको यस विश्व विद्यालयअन्तर्गत पाँच आङ्गिक र १२६ ओटा सम्बन्धन प्राप्त क्याम्पसहरु रहेका छन् । यो विश्व विद्यालयमा २४४४१ विद्यार्थीहरु अध्ययनरत छन् ।

### ५. पोखरा विश्व विद्यालय

कास्की जिल्लाको ढुङ्गेपाटन, लेखनाथ नगरपालिकामा केन्द्रीय कार्यालय रहने गरी वि.सं. २०५४ मा पोखरा विश्व विद्यालयको स्थापना भएको हो । मानविकी, व्यवस्थापन र विज्ञान तथा प्रविधि सम्बन्धी अध्ययन/अध्यापन हुने यस विश्व विद्यालयका ४ आङ्गिक र ५८ ओटा सम्बन्धन प्राप्त क्याम्पसहरु रहेका छन् । यो विश्व विद्यालयमा २५२५४ विद्यार्थीहरु अध्ययनरत छन् ।

### ६. लुम्बिनी बौद्ध विश्व विद्यालय

शान्तिका दूत गौतम बुद्धको नामबाट वि.सं. २०६२ मा स्थापित यस विश्व विद्यालयको केन्द्रीय कार्यालय गौतम बुद्धको जन्मस्थान लुम्बिनीमा रहेको छ । हाल यस विश्व विद्यालयमा एउटा आङ्गिक र पाँच ओटा सम्बन्धन प्राप्त क्यामपसमा २४१ जना विद्यार्थीहरु अध्ययनरत छन् ।

### ७. कृषि तथा वन विश्व विद्यालय

कृषि, पशु तथा वन क्षेत्रमा गुणस्तरीय शिक्षण, अनुसन्धान र विस्तारका माध्यमबाट ग्रामीण क्षेत्रको सामाजिक आर्थिक अवस्था अभिवृद्धि गर्ने लक्ष्यसहित कृषि क्षेत्रमा नेपालमा पहिलो विश्व विद्यालयका रुपमा यसको स्थापना सन् २०१० मा चितवनको रामपुरमा भएको हो । यस विश्व विद्यालयले कृषि, पशु र वन विषयमा प्राविधिक प्रमाण पत्र तह, स्नातक तह, स्नातकोत्तर तह र अनुसन्धान तहका कार्यक्रमहरु सञ्चालन गरेको छ । हाल यस विश्व विद्यालयमा ४४६ विद्यार्थीहरु रहेका छन् ।

### ८. मध्य पश्चिमाञ्चल विश्व विद्यालय

मध्य पश्चिमाञ्चलका बासिन्दालाई नजिकमा उच्च शिक्षाको अवसर प्रदान गर्न बहु विश्व विद्यालय अवधारणाअन्तर्गत सन् २०१० मा सुर्खेतको वीरेन्द्रनगरमा मध्य पश्चिमाञ्चल विश्व विद्यालयको मुख्य कार्यालय रहने गरी यो विश्व विद्यालयको स्थापना भएको हो । अन्डरग्राजुयट र पोस्टग्राजुयट कार्यक्रमका विभिन्न विधामा यस विश्व विद्यालयमा हाल १९४४ जना विद्यार्थीहरु अध्ययन गर्दछन् भने १५६ शिक्षक कार्यरत छन् ।

### ९. सुदूर पश्चिम विश्व विद्यालय

सुदुर पश्चिमका बासिन्दालाई नजिकमा उच्च शिक्षाको अवसर सुनिश्चित गर्न सरकारको अनुदान प्राप्त गर्ने संस्थाको रुपमा सन् २०१० मा यो सुदूर पश्चिमाञ्चल विश्व विद्यालय स्थापना भएको हो । यसको मुख्य कार्यालय भीमदत्त नगरपालिका, कञ्चनपुरमा रहेको छ । सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका बासिन्दाको उच्च शिक्षाको अवसर र पहुँच सुनिश्चित गर्ने यस विश्व विद्यालयको दायित्व हो । सात ओटा फ्याकल्टी सञ्चालन गर्ने लक्ष्य भएपनि हाल यसले चार ओटा फ्याकल्टी : मानविकी तथा सामाजिक विज्ञान, शिक्षा, व्यवस्थापन र विज्ञान तथा प्रविधिमा अन्डरग्राजुयट र ग्राजुयट कार्यक्रममा २४६१ जना विद्यार्थीका लागि ७९ जना शिक्षकबाट पठन पाठन भइरहेको छ ।

### १०. बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान

भारत सरकारको प्राविधिक तथा आर्थिक सहयोगमा वि.सं. २०५५ मा सुनसरी जिल्लाको धरानमा स्थापित यस प्रतिष्ठान विश्व विद्यालय सरहको उच्च शैक्षिक संस्था हो । यस प्रतिष्ठानले चिकित्सक र नर्स उत्पादन गर्ने गर्दछ । हाल यस प्रतिष्ठानमा ४४३ विद्यार्थी अध्ययनरत छन् भने २०८ जना शिक्षक कार्यरत छन् ।

### ११. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान

वीर अस्पताललाई केन्द्र बिन्दु मानी विश्व विद्यालय सरहको उच्च शैक्षिक संस्थाको रुपमा विकास गरी देशमा नै दक्ष चिकित्सक र नर्सहरुको उत्पादन गरी नेपाली नागरिकको स्वास्थ्य सेवा गर्नका लागि चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वि.सं. २०५९ मा स्थापना भएको हो । यस प्रतिष्ठानमा २४५ विद्यार्थी अध्ययनरत छन् भने २०५ शिक्षक कार्यरत छन् ।

## १२. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

पाटन अस्पाललाई आधार मानी विश्व विद्यालयसरहको उच्च शैक्षिक संस्थाको रुपमा विकास गरी स्वदेशमा नै दक्ष चिकित्सक उत्पादन गरेर नेपाल र नेपाली नागरिकको स्वास्थ्य सेवामा समर्पित रहन पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान वि.सं. २०६४ मा स्थापना भएको हो । यस प्रतिष्ठानले सन् २००९ देखि एमबिबिएस (MBBS) अध्यापन सुरू गरेको हो । हाल यस पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा २३५ विद्यार्थी अध्ययनरत छन् भने १२७ जना शिक्षक कार्यरत रहेका छन् ।

## १३. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

दुर्गम तथा पिछडिएको क्षेत्रमा सहज रुपमा स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन, स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्च स्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था गरी आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिमको व्यवस्थापिका संसदको हैसियतमा संविधान सभाले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ बनाई यो कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना भएको

हो । दुर्गम र पिछडिएका क्षेत्रमा कर्णालीका सबै जिल्ला, जाजरकोट, बाजुरा, बझाङ र अछाम रहेका छन् । हाल यो प्रतिष्ठानमा मेडिसिन र नर्सिङ अध्ययनको कार्यक्रम सञ्चालनको प्रारम्भिक चरणमा रहेको छ ।

# नेपाल राष्ट्रिय पुस्तकालय

## पृष्ठभूमि

संसारका हरेक मुलुकहरुमा सो मुलुकसँग सम्बन्धित सबै खालका प्रकाशन (पुस्तक, पत्र पत्रिका, प्रतिवेदन, विद्युतीय पठन सामग्री) हरुको सङ्कलन गरी पाठक वा सेवाग्राहीलाई पुस्तकालय तथा सूचना सेवा प्रदान गर्ने र त्यस्ता प्रकाशनहरुमध्ये तोकिएको प्रति भावी पुस्ताका लागि संरक्षण र संवर्धन गरी राख्ने मूल उद्देश्यले राष्ट्रिय पुस्तकालयको स्थापना सञ्चालन भएको हुन्छ ।

नेपालमा पनि तत्कालीन प्रधानमन्त्री श्री टङ्कप्रसाद आचार्य वि.सं. २०१३ साल असोज/ कार्तिक महिनामा चिनको भ्रमणमा जाँदा एक दिन भारतको कलकत्तामा रोकिनुपरेछ । कलकत्तामा रहँदा भारतको राष्ट्रिय पुस्तकालयको अवलोकन गर्ने अवसर प्राप्त गर्नुभएछ । पुस्तकालयको अवलोकनपछि नेपालमा पनि छिट्टै राष्ट्रिय पुस्तकालयको स्थापना गर्ने सोच रहेको कुरा व्यक्त गर्नुभएको रहेछ । सोअनुसार चिन भ्रमणबाट फर्के लगत्तै तत्कालीन राजगुरू स्वर्गीय श्री हेमराज पाण्डेको निजी सङ्ग्रह रहेको भारती भवन पुस्तकालयका करिब ३३००० पुस्तकहरु तिन लाख भारतीय रुपैयाँमा नेपाल सरकारले खरिद गरेर सिंहदरबारस्थित केन्द्रीय सचिवालय पुस्तकालयमा रहेका पुस्तकहरुसमेत मिलाएर नेपाल सरकारले वि.सं. २०१३ साल पुस १९ (तदनुसार २ जनवरी १९५७) गते सिंहदरबार परिसरको सिक्ती ढोकामा नेपाल राष्ट्रिय पुस्तकालयको विधिवत् स्थापना गरेको हो । वि.सं. २०१८ सालतिर नेपाल राष्ट्रिय पुस्तकालयललाई सिंह दरबारबाट हरिहभवनस्थित शङ्कर भवनको पहिलो तल्लाको दक्षिणी लङमा स्थानान्तरण गरियो । समय क्तममा शाखा र सङ्कलन बढ्दै जाँदा बाल शाखालाई अङ्ग्रेजी शाखाबाट छुट्याएर हरिहर भवन परिसरकै घोडा तवेलामा सारियो ।

सामान्य तथा कर्मचारी प्रशासन शाखाबाहेक व्यवस्थापकीय सहजताका लागि यस पुस्तकालयमा रहेका पुस्तकहरुलाई भाषागत आधारमा शाखा विभाजन गरिएको छ । जसानुसार नेपाली (नेवारीलगायत अन्य भाषासमेत) शाखा, हिन्दी ( मराठी, बङ्गाली, मैथिली मेत) शाखा, अङ्ग्रेजी शाखा, बाल शाखा, संस्कृत शाखा र पत्र पत्रिका शाखा रहेका छन् । अर्को एक शाखा माइक्रोग्राफिक शाखा रहे पनि सो शाखालाई प्रभावकारी रुपमा सञ्चालन गर्न सकिएको छैन ।

२०१७ सालसम्म सन्दर्भ पुस्तकालयको रुपमा रहेको यो पुस्तकालय २०१८ सालदेखि सर्वसाधारणका लागि खुला गरिएको हो । वि.सं.२०५१ सालदेखि डेनिडाको आर्थिक सहयोगमा युनेस्कोको पञ्चवर्षीय परियोजनाअन्तर्गत राष्ट्रिय सङ्घीय सूची प्रकाशन, घुम्ती पुस्तकालय सेवा, आधारभूत पुस्तकालय तालिम, बाल साहित्य प्रकाशन जस्ता महत्त्वपूर्ण कार्यहरु गरिएको थियो । सन् २००९ देखि आइएसएसएन राष्ट्रिय एजेन्सी (ISSN National Agency) को रुपमा कार्य गर्न सुरू गरेको यस पुस्तकालयले वि.सं. २०७२ साल जेठ मसान्तसम्म नेपालबाट प्रकाशित ५१० ओटा पत्रिकालाई आइएसएसएन (ISSN) प्रदान गरिसकेको छ। यो पुस्तकालय एशिया प्रशान्त क्षेत्रका राष्ट्रिय पुस्तकालयहरुको छाता सङ्गठन Conference of Directors of National Libraries in Asia and Oceania (CDNLAO), सदस्य तथा Digital Library Network in South Asia (DELNetSA) को नेपाल नोडका रुपमा रहेको छ। यो पुस्तकालय हरिहर भवन, ललितपुरमा अवस्थित छ ।

पुस्तकालयमा सङ्ग्रहित सामग्रीहरु डिवे डेसिमल वर्गीकरण (Dewey Decimal Classification) प्रणालीअनुसार वर्गीकरण गरिएको छ। साथै पुस्तकालयले पुस्तकालयमा भएका पुस्तकहरुको सूची खोज्न सहज होस् भनेर पुस्तकालयमा भएको डाटावेसलाई Koha Integrated Library Automation Software को प्रयोग गरी बिब्लियोग्राफिक डाटाबेस तयार गरिको छ । यो डाटावेस पुस्तकालयको होम पेज nnl.gov.np मा गएर Online Public Access Catalogue बाट पनि पुस्तकालयमा रहेका पुस्तकहरुको सूची लेखक, शीर्षक वा विषयका आधारमा

हेर्न वा खोज्न सकिन्छ । साथै पुस्तकालयले एनएनएल क्याटलग (NNL Catalogue) नामक एप्लिकेसन तयार गरेको छ । यो एप्लिकेसन गुगल प्लेस्टोरबाट निःशुल्क डाउनलोड गर्न सकिन्छ । एक पटक डाउनलोड भैसकेपछि यो अफलाइन मोडमा चल्छ ।

**हालको अवस्था**

मिति २०७२ साल बैशाख १२ गते गएको ७.९ रिक्टर स्केलको भूकम्प र त्यसपछि पटक पटक आएका परकम्पका कारण हरिहर भवन परिसरमा रहेको शङ्कर भवन पुनः प्रयोग गर्न नमिल्ने अवस्थामा पुगेको छ । नेपाल राष्ट्रिय पुस्तकालयलगायत राष्ट्रिय मानव अधिकार आयोग, निजामती किताबखाना तथा राष्ट्रिय न्यायिक प्रतिष्ठानसमेत विस्थापन भएका छन् । भवन पुरै चर्केर कुनै पनि बेला ढल्ने अवस्थामा पुगेको छ ।

नजिकै आउँदै गरेको वर्षायाम र क्षतिग्रस्त भवनका कारण पुस्तकालयमा रहेका महत्त्वपूर्ण पुस्तक पत्र पत्रिकालगायतका सामग्री संरक्षण गर्नका लागि शिक्षा मन्त्रालयले समेत विशेष चासो राखेर सानो गौचरण काठमाडौँ स्थित महेन्द्र भवन उच्च माध्यमिक विद्यालयका दुई ओटा कोठामा पुस्तक तथा फर्निचर स्थानान्तरण गर्ने स्वीकृति प्राप्त भएपछि मिति २०७२ साल जेठ १० गतेदेखि निरन्तर रुपमा लागेर मिति २०७२ असार १० गते सम्ममा माइक्रो फिल्म शाखामा रहेका सामग्री र बाल शाखाबाहेकका सबै शाखामा रहेका पुस्तक पत्र पत्रिकाहरु स्थानान्तरण गरिसकिएको छ । केही फर्निचरहरुको व्यवस्थापन गर्ने काम मात्र बाँकी रहेको छ । पुस्तकहरुको तत्काल उद्धार त भयो अब पुनःस्थापना कहाँ गर्ने हो भन्ने पिरलो थपिएको छ । करिब ५००० ओटा बोरामा थन्क्याएर राखेका पुस्तक तथा पत्र पत्रिका तत्कालै उचित व्यवस्थापन तुरन्तै गरिहाल्नुपर्ने अवस्था रहेको छ । हाल बाल शाखाबाट पुस्तकालयले पाठक तथा सेवाग्राहीलाई पत्र पत्रिका अध्ययनको सुविधा तथा ISSN सेवाबाहेक अन्य सेवा सञ्चालन गर्न बन्द गरेको छ ।

**सम्पादन गरिएका कार्यहरू, प्रक्रियाहरू र उपलब्धिहरू**

यस पुस्तकालयले २०२० सालदेखि हालसम्म विभिन्न १६ ओटा प्रकाशनहरु प्रकाशित गरी वितरण गरेको छ । वि.सं. २०५२ साल भाद्र ४ गते बाल दिवसको अवसर पारेर बेग्लै बाल शाखाको सञ्चालन गर्दै आएको छ । बाल शाखा सार्वजनिक बिदाका दिन बाहेक शनिबार पनि नियमित रुपमा खुल्ने गरेकामा वि.सं. २०७२ साल बैशाख १२ गते आएको भूकम्पका कारण स्थगित गरिएको छ । सन् १९९९ देखि नियमित रुपमा NNL News अर्ध वार्षिक प्रकाशन गर्दै आएको छ । पुस्तकालयको स्वर्ण जयन्तीको अवसरमा पुस्तकालय सम्बन्धी राष्ट्रिय नीतिको मस्यौदा तयार पारी शिक्षा मन्त्रालयसमक्ष पेस गरेकामा सो व्यापक छलफल र परिमार्जनपछि वि.सं. २०६४ साल असार २८ गते मन्त्री परिषद्बाट पारित भई हाल कार्यान्वयनमा रहेको अवस्था छ ।

विगतमा पुस्तकालयले विभिन्न सामुदायिक/सार्वजनिक तथा शैक्षिक पुस्तकालयहरुबाट आउने मागलाई ध्यानमा राखेर स्थानीय समुदायको मागअनुसार सरकारी र निजी साझेदारी अवधारणाअनुसार एक हप्ताको आधारभूत पुस्तकालय व्यवस्थापन तालिम सञ्चालन गर्दै आएको छ । हालसम्म यस्ता तालिमहरु सङ्खुवासभा, भोजपुर, सिराहा, सुनसरी, झापा, कैलाली, पाल्पा, लमजुङ, कैलाली र बैतडी, अर्घाखाँची, तनहुँ जिल्लामा सञ्चालन गरिसकेको छ । साथै नेपाल पुस्तकालय सङ्घ तथा अन्य पुस्तकालयसँग सम्बन्धित संस्थाहरुको सहकार्यमा सात दिन तथा ३५ दिनको पुस्तकालय व्यवस्थापन तालिमसमेत विगतमा सञ्चालन गरेको थियो ।

**प्रमुख कार्यहरू**

१. नेपालभित्र प्रकाशित सम्पूर्ण नेपाल सम्बन्धी पुस्तक, पत्र पत्रिका, प्रलेख, प्रतिवेदनहरु सङ्कलन, संवर्धन र संरक्षण गरी वर्तमान र भावी सन्ततिका निमित्त सूचना तथा जानकारी एकै ठाउँबाट उपलब्ध गराउने

२. देशभित्र प्रकाशित सम्पूर्ण सामग्रीहरुको नियमित रुपमा राष्ट्रिय वाङ्मय सूची (National Bibliography) तयार गरी प्रकाशन तथा वितरण गर्ने

३. देशभित्रका सम्पूर्ण सरकारी तथा गैर सरकारी पुस्तकालय, प्रलेख केन्द्र तथा सूचना केन्द्रहरुलाई आवश्यक निर्देशन दिने तथा उनीहरुको विकासको लागि प्राविधिक सर सल्लाह एवम् नेतृत्व प्रदान गर्ने

४. पाठकहरुलाई सुविधा प्रदान गर्न देशभरिका विभिन्न पुस्तकालयहरु र सूचना केन्द्रहरुको स्थापना सञ्चालन र विकासको निम्ति आवश्यक नीति, ऐन, नियम तर्जुमा गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने

५. सरकारी तथा गैर सरकारी पुस्तकालय तथा अन्तर्राष्ट्रिय पुस्तकालय एवम् सूचना केन्द्रसँग निर्वाध रुपमा सम्बन्ध कायम गरी राष्ट्रिय सूचना केन्द्र (National Information Service Center) को रुपमा सेवा पुऱ्याउने

६. पुस्तकालय एवम् सूचना केन्द्रहरुको विकासको निम्ति तालिम, गोष्ठी सभा, सम्मेलनको आयोजना गरी पुस्तकालय सम्बन्धी गतिविधिहरुको जानकारी गराउने

७. बाल साहित्य सङ्कलन तथा प्रकाशन र Braille साहित्य आदि सङ्कलन गरी बाल बालिका, बन्दी तथा विशेष क्षमता भएका (अन्धा अपाङ्ग) लाईसमेत सेवा पुऱ्याउने

८. निरक्षर जनतालाई साक्षर बनाउने साक्षर नेपाल जस्तो राष्ट्रिय कार्यक्रममा नेपाल सरकारलाई सहयोग पुऱ्याउने

९. पुरातात्विक अभिलेखहरुको आँकडा तयार पार्ने र पाएसम्म सङ्ग्रह गर्ने

१०. बहुमूल्य ऐतिहासिक कृतिहरुको संरक्षण एवम् संवर्धन गर्ने

११. राष्ट्रका सम्बन्धमा विदेशबाट लेखिएका विभिन्न प्रकारका सामग्रीहरु राष्ट्रको आवश्यकतानुसारका अनुसन्धानकर्ता र अन्य पाठकहरुलाई उपलब्ध गराउने

१२. राष्ट्रिय सङ्घीय सूची (National Union Catalogue) उपलब्ध गराउने तथा Union List of Periodicals तयार गरी वितरण गर्ने

१३. स्वदेशी तथा विदेशी पुस्तकालयहरुसँग सम्बन्ध कायम गरी विदेशी साहित्यहरु प्राप्त हुने व्यवस्था मिलाउने

१४. अन्तर्राष्ट्रिय जगतमा प्रकाशनहरुको विनिमय Machine Readable Catalogue Form मार्फत मिलाउने व्यवस्था गर्ने

१५. विभिन्न प्रकाशन तथा सूचनाहरुको विश्वव्यापी उपलब्धता सेवा (Universal Availability of Publication and Information Service) प्रदान गर्ने

१६. क्षेत्रीय तथा स्थानीय पुस्तकालयहरुलाई सहयोग पुऱ्याउने हेतुले क्याटलगहरुको तथ्याङ्क तयार गरी सूचनाको सामग्रीको लागि उचित प्रणाली कायम गर्ने

१७ ज्ञान विज्ञानका सामग्रीहरुको आदान प्रदान गर्नको निमित्त प्राप्त गरेको र संरक्षण गरेका सङ्कलनहरुलाई आवश्यक टेवा दिन कार्य गर्ने गराउने र यस्ता कार्यहरु नेपाल र विदेशका पुस्तकालयहरु तथा सङ्घ संस्थाहरुबिच गराउने

१८. कुनै पनि नेपाली नागरिकले जहाँसुकै बसी लेखेको कृति सङ्कलन गरी राख्ने तथा नेपालका सम्बन्धमा विदेशबाट वा विदेशीले चर्चा गरेका तथ्यहरुको सङ्कलन र संरक्षण गर्ने

१९. राष्ट्र र राष्ट्रियता झल्काउने ग्रन्थ र सामग्रीहरु सङ्ग्रह गर्ने र प्रयोग गर्ने गराउने कार्य गर्ने

२० IFLA / CDNLAO जस्ता पुस्तकालय सम्बन्धी अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग सम्बन्ध कायम राख्ने

२१. व्यक्तिबाट प्राप्त भएका पुस्तकहरु सम्बन्धित व्यक्तिकै नाउँमा स्पष्ट उल्लेख गरी स्रोत शाखा बनाई संरक्षण गरिराख्ने तथा उपयुक्त पुस्तकालयलाई वितरण गर्ने व्यवस्था मिलाउने

२२. राष्ट्रिय संस्कृति झल्किने श्रव्यदृश्य सामग्रीहरु सङ्कलन गरिराख्ने

# केसर पुस्तकालय

## परिचय

केसर पुस्तकालय नेपालकै एक महत्त्वपूर्ण पुस्तकालय हो । यो पुस्तकालय शिक्षा मन्त्रालयअन्तर्गत सञ्चालित छ । केसरसमसेर राणाले किशोर अवस्थादेखि नै विभिन्न किसिमका पुस्तक, पत्र पत्रिका, चित्रहरु सङ्कलन गर्ने गर्दथे । सन् १९०८ मा बुबा चन्द्रसमसेरसँग  बेलायत भ्रमण गर्दा बेलायतको म्युजियम तथा पुस्तकालयको अवलोकनबाट प्रभावित भएर उनले केसर पुस्तकालयको स्थापना गरेका थिए । उनको मृत्युपश्चात् उनको इच्छाअनुसार उनकी श्रीमती कृष्ण चन्द्रदेवीले केसर पुस्तकालय, केसरमहल, स्वप्न बगैँचा केसर पुस्तकालयको नाममा ३४-१-२ को जग्गा नेपाल सरकारलाई वि.सं २०२६ सालमा हस्तान्तरण गरेकी थिइन् । त्यसपछि यो पुस्तकालय सम्पूर्ण पाठकका लागि खुला गरियो ।

## उद्देश्य

पाठकहरुमा ज्ञानको गुणस्तरमा वृद्धि गर्न तथा सर्वसाधारणलाई अध्ययनको लागि वातावरण सिर्जना गर्न महत्त्वपूर्ण योगदान गर्दै आएको छ भने पुराना तथा नयाँ पुस्तकहरुको सूची सूचना प्रविधिको माध्यमबाट जहाँतहीँबाट हेर्न सकिने व्यवस्थासमेत मिलाइएको
छ । यस पुस्तकालयको उद्देश्यलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

१. केसरसमसेरबाट प्राप्त सामग्रीहरुलाई विशेष महत्त्व दिई संरक्षण र संवर्धन गर्ने
२. अन्य शैक्षिक सामग्रीहरुको सङ्कलन र संवर्धन गर्ने
३. पुस्तकालय तथा सूचना सेवाको पहुँच सर्वसाधारण समक्ष सहज एवम् सरल तरिकाले पुऱ्याउने
४. एक विद्यालय एक पुस्तकालय नीतिअनुरुप विद्यालयहरुमा पुस्तकालय स्थापना गर्न राय परामर्श प्रदान गर्ने तथा ती पुस्तकालयमा पुस्तकालय सेवा प्रदान गर्ने कर्मचारीहरुलाई आधारभूत पुस्तकालय व्यवस्थापन तालिम सञ्चालन गर्ने
५. सार्वजनिक पुस्तकालय विकासका लागि तालिम, गोष्ठी र कार्यशालाको आयोजना गर्ने तथा परामर्श सेवा उपलब्ध गराउने
६. स्वदेश तथा विदेशी पुस्तकालयहरुसित सम्बन्ध एवम् समन्वय कायम गर्ने
७. नयाँ खरिद गरिएका पुस्तकहरुको आधुनिक पद्धतिद्वारा वर्गीकरण र सूचीकरण गरी पाठकलाई सेवा प्रदान गर्ने
८. नयाँ नयाँ प्रविधिहरु अपनाएर सर्वसाधारणलाई आधुनिक सेवा प्रदान गर्ने

## प्रमुख कार्यहरू

१. सङ्कलित एवम् उपलब्ध पुस्तकहरुको सुरक्षात्मक प्रबन्ध गर्ने
२. दैनिक साप्ताहिक तथा मासिक पत्र पत्रिकाहरु सङ्ग्रहित तथा व्यवस्थित गर्ने
३. सर्वसाधारणको निमित्त पुस्तकालय सेवा प्रदान गर्ने
४. स्वीकृत नीति नियमअनुकूल यसको विकास सम्बन्धी काम गर्न प्रयास गर्ने
५. मुलुकमा विद्यमान अन्य सार्वजनिक एवम् राष्ट्रिय पुस्तकालयहरुसँग सम्बन्ध एवम् समन्वय कायम गर्ने
६. निर्धारित समयभित्र पुस्तकालय खुला राख्ने प्रबन्ध गर्ने
७. पुस्तकालयका पुस्तकहरु तत्काल प्राप्तिका लागि स्तरीय साङ्केतीकरणको व्यवस्था गर्ने
८. आधुनिक युग सुहाँउदो इ–पुस्तकालय (E-Library) को विकास गर्नका लागि प्रयास गर्ने

**सङ्कलनहरू**

केसर पुस्तकालयमा करिब ५५ हजार ऐतिहासिक महत्त्वका पुस्तक, दस्तावेज, हस्त लिखित ग्रन्थ तथा चित्रहरु सङ्कलन गरिएका छन् । यसका साथै संस्कृत भाषामा लेखिएका पुराण, वेद, उपनिषद्, रामायण, महाभारत, गीता पनि सङ्कलन गरिएका छन् । अङ्ग्रेजी भाषाका पुस्तकहरुमा खेलकुद, सिकार, बगैंचा सजाओटै, यात्रा, ज्योतिष शास्त्रसँग सम्बन्धित पुस्तकहरु रहेका छन् । त्यस्तै विभिन्न भाषा र लिपिका बहुमूल्य हस्त लिखित ग्रन्थहरु र हजार वर्ष पुरानो मानिएको सहोत्तर तन्त्र (भैषज्य शास्त्र) समेत रहेको छ । सम्पूर्ण सङ्कलनहरुलाई छ कक्षमा विभाजन गरिएको छ । जसमा केसर सङ्कलन, नयाँ सङ्कलन, पत्र पत्रिका, हस्त लिखित ग्रन्थ, बाल बालिका सङ्कलन र युनेस्को सङ्कलन रहेका छन् ।

**सेवाहरू**

केसर पुस्तकालय एउटा सन्दर्भ पुस्तकालय (Reference library) भएकाले पाठकहरुलाई यहाँका सबै सङ्कलन पुस्तकालयभित्र मात्र प्रयोग गर्ने सुविधा छ । दुर्लभ र महत्त्वपूर्ण सङ्कलनहरुबाहेक सम्पूर्ण सङ्कलित सामग्रीहरु सबै पाठकका लागि खुला गरिएका छन् । पुस्तकालयले आफ्ना सेवाहरु आधुनिक र वैज्ञानिकीकरण गर्दै लैजानका लागि वेबसाइटमार्फत पनि सेवा प्रदान गर्दै आएको छ । यसले आफ्ना सङ्कलित पुस्तकहरुलाई डिवे डेसिमल क्लासिफकेसन (Deway decimal classification) को आधारमा वर्गीकरण गरेको छ । सङ्कलनलाई सूचीकृत गर्न डब्ल्युआइए/आइएसआइएस प्रोग्राम (WIN/ISISprogramme) को प्रयोग गरेको छ । यसको वेबसाइट www.klib.gov.np बाट पनि पुस्तकालय सेवाहरु लिन सकिन्छ । सय वर्ष पुगेको उपलक्ष्यमा सन् २००८ मा बालशाखा पनि खोलेको छ । यसरी यस पुस्तकालयले प्रदान गर्दै आएका सेवाहरुलाई देहायबमोजिम बुँदागत रुपमा प्रस्तुत समेत गर्न सकिन्छ :

१. सन्दर्भ सेवा
२. फोटोकपी सेवा
३. शान्तिपूर्ण अध्ययन कक्ष
४. अन्तर पुस्तकालय सापटी
५. पुस्तकालयहरु विकास तथा स्थापनाका लागि आवश्यक तालिम तथा राय परामर्श
६. इन्टरनेट सेवा

**विशेष आकर्षणहरू**

पुस्तकालयका भित्ताहरु विभिन्न मृत जनावरका टाउकाहरुले सिँगारिएका छन् । यसै गरी भित्ताहरुमा राणा शासकहरुले खेलेका शिकारका तस्बिरहरु, राणा शासकहरुका पूर्ण कदका कलात्मक तथा आकर्षक रङ्गीन तस्बिरहरुलाई फ्रेममा राखेर सजाइएका छन् । सिंह, बाघ, मृग तथा अन्य जङ्गली जनावरहरुको छालायुक्त प्रतिरुपहरुले पुस्तकालयको सुन्दरतालाई अझ बढाएका छन् ।

# डिल्लीरमण - कल्याणी रेग्मी स्मारक पुस्तकालय

## परिचय

'सेवा नै धर्म हो र धर्म नै सेवा हो' भन्ने भावनाबाट प्रेरित, बुद्ध र गान्धीका अनुयायी विद्वान् डा. डिल्लीरमण रेग्मी वरिष्ठ राजनीतिज्ञ एवम् इतिहासकारका रुपमा सुपरिचित व्यक्ति हुनुहुन्थ्यो । उहाँले आफ्नो अध्ययन र अनुसन्धानका लागि धेरै पुस्तक, पत्र पत्रिका सङ्कलन गर्नुभएको थियो । साथै पुरातात्विक वस्तुहरुको सङ्कलनमा समेत उहाँको रूचि थियो । यिनै सङ्कलित वस्तुहरुलाई २०३७ साल (सन् १९८१) मा डा. डिल्लीरमण-कल्याणी रेग्मी पुस्तकालय, सङ्ग्रहालय तथा अनुसन्धान केन्द्रको नाम दिएर तत्कालीन श्री ५ वीरेन्द्रको हातबाट उद्घाटन गराई नेपाली जनताले अध्ययन, अनुसन्धान गर्न पाउने गरी शिक्षा मन्त्रालयलाई शेषपछिको बकसपत्र गरिदिनुभएको थियो ।

उहाँको देहावसानपछि नेपाल सरकार, शिक्षा मन्त्रालयद्वारा 'डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति गठन (आदेश) २०६०' जारी गरी सञ्चालन व्यवस्थापनका लागि सात सदस्यीय समितिको व्यवस्था गरिएको छ । २०६१ साल पुस ३ गतेबाट उक्त पुस्तकालय तथा सङ्ग्रहालय सर्वसाधारणका लागि खुला गरिएको छ । यो पुस्तकालय लाजिम्पाट, काठमाडौँमा रहेको छ ।

## उद्देश्यहरू

१. डा. रेग्मीको जीवन दर्शन, सिद्धान्तको प्रचार प्रसार गर्ने
२. प्रत्येक दुई दुई वर्षमा 'डा. डिल्लीरमण रेग्मी शान्ति पुरस्कार' बाट शान्ति र अहिंसाको क्षेत्रमा योगदान पुऱ्याउने स्वदेशी तथा विदेशी व्यक्तित्वहरुलाई सम्मान गर्ने
३. शान्ति, अहिंसा, मानवीय मूल्य, मान्यता र राष्ट्रका जल्दाबल्दा विषयसँग सम्बन्धित गोष्ठी, कार्यशाला, अन्तरक्रियालगायत विविध कार्यक्रम गर्ने
४. सर्वसाधारणलाई निःशुल्क पुस्तकालय तथा सूचना सेवा प्रदान गर्ने
५. इतिहास, राजनीति शास्त्र, दर्शन शास्त्र विषयमा अध्ययन र अनुसन्धानका लागि शान्ति केन्द्रको रुपमा विकास गर्ने
६. स्वदेशी तथा विदेशी पुस्तकालयहरुसँग नेटवर्किङ गरी पुस्तकालय सेवा प्रदान गर्ने
७. सार्वजनिक पुस्तकालयहरुको विकास र देशको शैक्षिक स्तर उकास्न आफ्नो संस्थाको तर्फबाट सहयोग गर्ने
८. आय आर्जनका लागि विविध क्रियाकलाप गर्ने

## सङ्कलन

यस पुस्तकालयमा विभिन्न विषयमा गरी जम्मा ३२ हजार पुस्तक, पत्र पत्रिकाको सङ्कलन रहेको छ । सबै विषयका पाठ्य सामग्री रहे तापनि विशेषगरी राजनीति, इतिहास र संस्कृति विषयका पुस्तकहरुको राम्रो सङ्कलन रहेको छ । केही दुर्लभ हस्त लिखित ग्रन्थहरु पनि सुरक्षित गरी राखिएको छ । विभिन्न ऐतिहासिक महत्त्वका फोटाहरुलाई पुस्तकालय भवनको माथिल्लो तलामा प्रदर्शन गरी राखिएका छन् । विभिन्न अप्राप्य फोटाहरुलाई पुस्तकालय भवनको माथिल्लो तलामा प्रदर्शनीका लागि राखिएका छन् । त्यहाँ महात्मा गान्धीका हस्ताक्षरमा लेखिएका र भारतका चर्चित साहित्यकार स्व. रवीन्द्रनाथ टैगोरका हस्ताक्षरका चिठी पत्रहरुलाई सजाएर राखिएका छन् । यसबाहेक भगवान् बुद्ध, जिसस क्राइस्टलगायतका फोटाहरु पनि राखिएका छन् । पुस्तकालय भवनको बाहिरी परिसरमा विभिन्न देवी देवताका ढुङ्गाका मूर्ति, बौद्ध स्तूप राखिनुका साथै एक स्तूपमा स्व.रेग्मीको अस्थि धातु पनि राखिएको छ । यो पुस्तकालय लाजिम्पाट, काठमाडौँमा रहेको छ ।

**धरणीधर सङ्कलन :** यस सङ्कलनअन्तर्गत विशिष्ट साहित्यकार पं. धरणीधर कोइरालाले प्रदान गरेका पाठ्य सामग्रीको छुट्टै सङ्कलन रहेको छ ।

**बाल पुस्तकालय शाखा :** बाल बालिकाका लागि रूम टु रिडको सहयोगमा बाल पुस्तकालय शाखाको व्यवस्था गरिएको छ । जहाँ बाल साहित्यका पुस्तक, खेलौना एवम् श्रव्य दृश्यका सामग्रीहरु राखिनुका साथै बाल बालिकाको व्यक्तित्व विकास एवम् मनोरञ्जनका लागि विविध कार्यक्रम सञ्चालन गर्ने गरिएको छ ।

**सङ्ग्रहालय :** डा. डिल्लीरमण रेग्मीले आफ्नो जीवन कालमा सङ्कलन गर्नुभएका पुरातात्विक वस्तुहरु, जस्तै- ढुङ्गा र धातुका देवी देवताका मूर्तिहरु, देश/विदेशका विभिन्न सामग्रीहरु यस सङ्ग्रहालयमा राखिएको छ । पुस्तकालय भवनको बाहिर परिसरमा पनि विभिन्न देवी देवताका मूर्तिहरु, बौद्ध स्तुप र स्तूपमा डा. रेग्मीको अस्थि धातु पनि राखिएको छ ।

**शयन कक्ष :** पुस्तकालय भवनमा डा. रेग्मीको शयन कक्ष पनि रहेको छ । उक्त शयन कक्षमा डा. रेग्मीले दैनिक जीवनमा प्रयोग गरेका सामग्रीहरु सुरक्षित राखिएको छ ।

**पुस्तकालय हल :** पुस्तकालयमा १ सय २५ र ५० जना अट्ने दुई ओटा सुविधा सम्पन्न हल रहेका छन् । सर्वसाधारणका लागि कुनै गोष्ठी, कार्यशाला, अन्तरक्तिया, तालिम आदि कार्यक्रम गर्नुपरेमा सहुलियत दरमा उक्त हल उपलब्ध गराउने व्यवस्था गरिएको छ । हलको उपयोग गर्न चाहने व्यक्ति वा संस्थाले अग्रिम बुकिङ गराउनुपर्ने छ ।

**फोटो कक्ष :** पुस्तकालयभित्र डा. रेग्मीले सङ्कलन गर्नुभएका विभिन्न धर्मसँग सम्बन्धित राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय महत्त्वका अमूल्य तस्बिरहरुको सङ्कलन रहेको छ । जसको अध्ययनबाट आम पाठकले डा. रेग्मीको बारेमा धेरै कुरा बुझ्ने मौका पाउने छन् ।

**पुस्तकालय परिसर :** डा. डिल्लीरमण रेग्मीको आफ्नै निवासमा रहेका चार ओटा भवनमा पुस्तकालय, सङ्ग्रहालय, आधुनिक सभा कक्ष एवम् कार्यालय रहेका छन् । साथै विभिन्न देवी देवताका मूर्तिले सुशोभित बगैँचा, रूखहरु, विविध प्रजातिका फुलका बोटसँगै चरा चुरूङ्गीको आवाजले परिसरलाई मन मोहक बनाएको छ । सुन्दर, शान्त वातावरणमा बच्चाहरु खेल्ने, पढ्नेदेखि वयस्क पाठकहरुलाई अध्ययन र अनुसन्धान गर्ने थलोको रुपमा यो विकसित भएको छ ।

## सेवा र सुविधाहरू

**१. पठन सेवा :** स्वदेशी तथा विदेशी जोकोहीले यस पुस्तकालयभित्र बसी निःशुल्क अध्ययन एवम् अनुसन्धान गर्न पाउने सुविधा उपलब्ध गराइएको छ ।

**२. रिफरल सेवाहरू :** पुस्तकालयका सदस्यहरुलाई यस पुस्तकालयमा नभएका अन्य पुस्तकहरुको स्रोतको जानकारीसमेत दिँदै आएको छ ।

**३. इन्टरनेट/वाईफाई :** पाठकहरुलाई पुस्तकालय परिसरभित्र निःशुल्क इन्टरनेट/वाइफाई सुविधा उपलब्ध गराइएको छ । आम पाठकले आफ्नो ल्यापटप, मोबाइल आदिमा पनि सो सुविधाको निःशुल्क प्रयोग गर्न पाउने व्यवस्था गरिएको छ ।

**४. फोटोकपी :** कुनै पाठकले पाठ्य सामग्रीको केही अंश फोटोकपी गर्नुपरेमा सोको फोटोकपी गर्न पाउने व्यवस्था रहेको छ ।

**५. पत्र पत्रिका :** पाठकहरुलाई पुस्तकालय परिसरभित्र दैनिक, साप्ताहिक, पाक्षिक, मासिकलगायत विभिन्न पत्र पत्रिका शान्त
वातावरणमा निःशुल्क पढ्ने व्यवस्था छ ।

**वेबसाइट/फेसबुकः** यस पुस्तकालयको वेबसाइट www.drkrmlibrary.org र फेसबुक http://www.facebook.com/dkrmlibrary मा क्लिक गरेर परिचय र ताजा जानकारी प्राप्त गर्न सकिन्छ ।

**शान्ति पुरस्कार :** डा. डिल्लीरमण रेग्मीको इच्छाबमोजिम नेपालमा शान्ति स्थापना गर्न उल्लेख्य योगदान पुऱ्याउने स्वदेशी र विदेशी नागरिकलाई सम्मान गर्ने उद्देश्यले यस पुस्तकालय विकास समितिद्वारा सन् २००६ सालमा 'डा. डिल्लीरमण रेग्मी शान्ति पुरस्कार' स्थापना गरिएको छ । यसअन्तर्गत 'डा. डिल्लीरमण रेग्मी अन्तर्राष्ट्रिय शान्ति पुरस्कार' क्रमशः २००६ मा दक्षिण अफ्रिकाका पूर्वराष्ट्रपति नेल्सन मन्डेलालाई, २००७ मा भारतका महान् नेता महात्मा गान्धीलाई, २००८ मा अमेरिकी पूर्वराष्ट्रपति जिम्मी कार्टरलाई, २००९ मा स्विस नागरिक टोनी हगेनलाई, २०११ मा संयुक्त राष्ट्र सङ्घका महासचिव बान की मुनलाई र २०१३ मा बर्माकी प्रजातन्त्रवादी नेतृ आङ साङ सुकीलाई प्रदान गरियो ।

यसैगरी, 'डा. डिल्लीरमण रेग्मी राष्ट्रिय शान्ति पुरस्कार' क्रमशः २०६४ जिउँदा शहीद रामहरि शर्मालाई, २०६५ पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई, २०६६ पण्डित दीनबन्धु पोखरेल र विश्व साइकल यात्री पुष्कर शाहलाई (संयुक्त), २०६८ पूर्व प्रधानमन्त्रीद्वय गिरिजाप्रसाद कोइराला (मरणोपरान्त) र माधवकुमार नेपाललाई संयुक्त र २०७० संस्कृतिविद् सत्यमोहन जोशीलाई प्रदान गरियो । उक्त पुरस्कारमा अन्तर्राष्ट्रियतर्फ नेपालको संस्कृति झल्काउने वस्तु 'मायाको चिनो' र विशेष सम्मान पत्र प्रदान गरिन्छ भने राष्ट्रियतर्फ नगद १ लाख रूपैयाँ र सम्मान पत्रको व्यवस्था छ । यो शान्ति पुरस्कार डा. डिल्लीरमण रेग्मीको जन्म दिन (पुस ३ गते) को अवसर पारेर दुई/दुई वर्षमा प्रदान गर्ने गरिएको छ । डा. रेग्मीको जन्म दिनलाई 'शान्ति दिवस'का रुपमा मनाउने गरिएको छ ।

**योङ अवार्ड :** नेपालमा शान्ति स्थापनाका निम्ति समसामयिक विषयमा अध्ययन अनुसन्धान गर्ने युवालाई सम्मान गर्ने उद्देश्यले सन् २००७ देखि 'डा. डिल्लीरमण रेग्मी योङ स्कलर अवार्ड' स्थापना गरी प्रत्येक वर्ष एक जनालाई नगदसहित प्रशंसा पत्र प्रदान गर्दै आएको छ ।

**खुल्ने समय :** आइतबारदेखि बिहीबारसम्म बिहान १०:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म र शुक्रबार अपराह्न १२:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म । साथै कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म बिहान १०:०० बजेदेखि बेलुकी ४:०० बजेसम्म र अपराह्न १२:०० बजेदेखि बेलुकी ४:०० बजेसम्म ।

# साझा प्रकाशन

## परिचय

सहकारी ऐन २०१६ अनुसार २०२१ मङ्सिर १७ गते स्थापना भएको साझा प्रकाशन प्रकाशनको माध्यमबाट भाषा, साहित्य, संस्कृति एवम् विविध वाङ्मयको विकास, शैक्षिक विस्तार तथा बौद्धिक विकासमा शताब्दी अघिदेखि सक्रिय भूमिका निर्वाह गर्दै आएको साहित्यिक संस्था हो । यसले भाषा, साहित्य, संस्कृति र वाङ्मयको श्रीवृद्धिमा राज्यलाई उल्लेखनीय सहयोग गर्दै आइरहेको छ । खास गरी वाङ्मयको विकास र शैक्षिक विस्तारका क्षेत्रमा प्रकाशन तथा वितरणको कार्यलाई व्यवस्थित ढङ्गले राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा व्यापक बनाउँदै आइरहेको यस संस्थाले लेखक र पाठकबिच सुमधुर सम्बन्ध स्थापित गर्ने सेतुको भूमिका निर्वाह गरेको छ । वि.सं. १९७० मा भाषा, साहित्य, कला, संस्कृति र शिक्षाको विकासका लागि सरकारी स्तरमा स्थापित 'गोरखा भाषा प्रकाशिनी समिति' नै वि.सं. १९९० मा 'नेपाली भाषा प्रकाशिनी समिति' मा रुपान्तरित भई यसैको निरन्तर उत्तराधिकारीको रुपमा साझा प्रकाशनको स्थापना र विकास भएको हो ।

## मिसन

प्रकाशनको माध्यमबाट भाषा, साहित्य, संस्कृति तथा शिक्षाको विकास तथा विस्तार एवम् सुव्यवस्थित बिक्री वितरणमा राज्यको सहयोगी भूमिका निर्वाह गर्ने

## दूरदृष्टि

देशका सबै भाषा साहित्य एवम् वाङ्मयको समावेशी प्रकाशन तथा फराकिलो वितरण सञ्जालमार्फत पाठकमा पहुँच विस्तार गर्ने

## उद्देश्य

१. नेपाली साहित्यको विकासमा योगदान गर्ने, श्रमजीवी पत्रकार, कलाकार, लेखकहरुलाई एक सूत्रमा बाँधी उनीहरुको आर्थिक स्थिति उचाल्दै स्वस्थ र निश्पक्ष पत्रकारिताको विकास गर्ने
२. आफ्ना सदस्यहरुको आर्थिक उन्नति, मितव्ययिता र सहयोगी भावना विकास गर्दै परिश्रमी र उन्नतिशील बनाउने ।

## रणनीति

१. छरितो एवम् चुस्त व्यवस्थापन
२. बजारको माग र आवश्यकताअनुसार भाषिक साहित्यिक पुस्तकहरुको उत्पादन
३. उत्पादन र वितरणमा लागत लाभको विश्लेषण
४. चुस्त, सुलभ, मितव्ययी एवम् भरपर्दो वितरण प्रणालीको अवलम्बन
५. भाषिक साहित्यिक प्रकाशनमा समावेशी अवधारणाको विकास
६. विज्ञान र प्रविधिको प्रयोगलाई क्षमता र आवश्यकताअनुसार उपयोगमा ल्याइने
७. स्वस्थ प्रतिस्पर्धामार्फत सार्वजनिक/सहकारी तथा निजी साझेदारीको अवधारणा अङ्गीकार गरिने ।

## मुख्य कार्यहरू

१. भाषिक साहित्यिक एवम् विविध वाङ्मयका पुस्तकहरु प्रकाशन र वितरण गर्ने
२. विद्यालय, उच्च शिक्षा एवम् विश्व विद्यालय तहका पाठ्य तथा सन्दर्भ पुस्तकहरुको उत्पादन र देशव्यापी बिक्री वितरण गर्ने
३. अन्य प्रकाशन गृहका उत्पादनहरुलाई आफ्नो वितरण सञ्जालमार्फत बजारीकरण गर्न सहयोग गर्ने
४. विभिन्न शैक्षिक सामग्रीहरुको उत्पादन र बिक्री वितरण गर्ने
५. संस्थाको छापाखानालाई प्रतिस्पर्धात्मक बनाई प्रकाशन तथा मुद्रणमा सङ्ख्यात्मक र गुणात्मक रुपमा सुदृढ गर्ने
६. पठन संस्कृतिको विकास तथा साहित्य र शिक्षाको विकासका लागि देशभर पुस्तक प्रर्दशनी आयोजना गर्ने

७. साहित्यका विविध विधाका कृति प्रकाशन गरी विभिन्न पुरस्कारका माध्यमबाट स्रष्टाहरुलाई प्रोत्साहन र सम्मान गर्ने
८. वाङ्मयको विकासमा नेपाली साहित्यकै प्रीतिनधि मासिक पत्रिका 'गरिमा' मार्फत विविध भाषा साहित्यमा महिला, आदिवासी, जनजाति, उत्पिडित, दलित आदि विभिन्न लिङ्ग, वर्ग, समुदाय तथा क्षेत्रका लेख रचना प्रकाशन गर्ने
९. बाल साहित्यको विकास एवम् विस्तार गर्ने ।

**महाशाखा र शाखागत कार्यहरू**

१. विभाग, महाशाखाहरुले नीति निर्माणका साथै व्यवस्थापन र अनुगमनसँग सम्बन्धित काम गर्ने
२. क्षेत्रीय कार्यालय, मुख्य शाखा तथा शाखाहरुले कार्यान्वयन, व्यवसाय विस्तार एवम् पुस्तकमा सबै पाठकको पहुँच विकास गर्ने

## नीति तथा योजना

१. प्रकाशनको माध्यमबाट देशमा प्रचलित सबै भाषाको संरक्षण, संवर्धन एवम् विकास तथा अन्तर्राष्ट्रिय भाषाका पुस्तकहरु प्रकाशन गर्ने
२. साहित्यिक पुस्तकहरु, विद्यालय, उच्च शिक्षा र विश्व विद्यालय तहका पाठ्य तथा सन्दर्भ पुस्तकहरुको प्रकाशन र देशव्यापी बिक्री वितरण गर्ने
३. स्वदेशी तथा विदेशी विभिन्न भाषामा पुस्तकहरुको अनुवाद गर्ने एवम् लोकप्रिय पुस्तकहरुलाई पाठकको माग र महत्त्वअनुसार सचित्र प्रकाशन गर्ने
४. पठन संस्कृतिको विकास र व्यवसाय प्रवर्धनका लागि पुस्तक प्रदर्शनी, गोष्ठी, सेमिनारको प्रभावकारी सञ्चालन गर्ने
५. प्रभावकारी प्रकाशन तथा स्तरीय मुद्रण व्यवसायका लागि छापाखानाको स्तरवृद्धि तथा आधुनिकीकरण गर्ने

## नीति तथा निर्देशिकाहरूको सूची

१. साझा प्रकाशनको विनियम २०२१
२. साझा प्रकाशनको कर्मचारी प्रशासन नियमावली,२०२६, संशोधन (२०६८)
३. साझा प्रकाशन पुरस्कार नियमावली २०५५
४. साझा प्रकाशन प्रकाशन नियमावली २०५७
५. साझा प्रकाशन आर्थिक प्रशासन नियमावली २०६९

# शिक्षाका लागि खाद्य कार्यक्रम परियोजना

## परिचय

नेपालमा संयुक्त राष्ट्र सङ्घीय विश्व खाद्य कार्यक्रमको प्रवेश सर्वप्रथम ३० अगस्ट, १९६७ मा भई विभिन्न चरणमा विभिन्न कार्यक्रमहरु सञ्चालन हुँदै आइरहेको छ । हाल नेपाल सरकार र विश्व खाद्य कार्यक्रमबिच सन् २०१३ देखि २०१७ सम्म पुनः दिवा खाजा कार्यक्रम सञ्चालन गर्न सम्झौतासमेत भइसकेको छ । विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालन भएको दिनमा प्रति विद्यार्थी सर्वोत्तम पिठो ९० ग्राम, १० ग्राम वनस्पति तेल र १० ग्राम चिनीसमेत गरी जम्मा ११० ग्रामबाट विद्यालयमा तयार गरिएको दिवा खाजाबाट विद्यार्थीहरुले ३९० क्यालोरी प्राप्त गर्दछन् ।

## दूरदृष्टि

सन् २०१५ सम्म "सबैका लागि शिक्षा" कार्यक्रमअन्तर्गत शिक्षामा पहुँच पुऱ्याउने ।

## मिसन

खाद्यान्न अभाव र शिक्षाको पहुँचमा अति न्यून देखिएका जिल्लाहरुका समुदायका बाल बालिकाहरुलाई आधारभूत शिक्षाको पहुँचमा अभिवृद्धि गर्ने तथा विद्यार्थीहरुको पोषण र स्वास्थ्य स्थितिमा सुधार ल्याउने ।

## उद्देश्य

१. विद्यार्थी भर्नादरमा वृद्धि तथा दैनिक हाजिरी प्रतिशतमा वृद्धि गर्ने
२. विद्यालयबाट कक्षा छाडी जाने (भाग्ने) दरमा कमी ल्याउने
३. विद्यार्थीहरुको अध्ययन क्षमतामा वृद्धि गर्ने
४. विद्यार्थीहरुको पोषण एवम् स्वास्थ्य स्थितिमा सुधार ल्याउने
५. सामाजिक विकृतिको रुपमा रहेको छुवाछुतको भावना हटाउन मदत पुऱ्याउने
६. विद्यालय परिवार र समुदायको संयुक्त प्रयासमा लैङ्गिक भेदभाव हटाई कार्यक्रममा आमाहरुको (महिला) सहभागितामा वृद्धि गर्ने

## रणनीति

दिवा खाजा कार्यक्रमका लागि आवश्यक वस्तुगत सहयोग संयुक्त राष्ट्र सङ्घीय विश्व खाद्य कार्यक्रम नेपाल अफिसबाट उपलब्ध भई जिल्लाको मुख्य गोदामसम्म पुऱ्याउने व्यवस्था भएको र जिल्लाभित्रको वितरण गर्ने व्यवस्था जि.शि.का.ले गरी बाल बालिकाहरुलाई दैनिक खाजा खुवाउने

## मुख्य कार्यहरू

१. नेपाल सरकार र विश्व खाद्य कार्यक्रमबिच शिक्षाका लागि खाद्य कार्यक्रमबारे भएको सम्झौताअनुसार कार्यान्वयनको योजना तयार गरी शिक्षा मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्ने, गराउने
२. शिक्षा मन्त्रालय, शिक्षा विभाग, विश्व खाद्य कार्यक्रम नेपाल र अन्य सम्बद्ध निकायबिच कार्यक्रम कार्यान्वयनमा समन्वय गर्ने
३. परियोजना लागु भएका जिल्लाहरुका लागि केन्द्रमा व्यवस्था भएको विनियोजित बजेट रकममध्ये जिल्लालाई आवश्यक पर्ने बजेट छुट्याई जिल्ला शिक्षा अधिकारीको नाममा अख्तियारी पठाउने
४. परियोजनाद्वारा सञ्चालित कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने र प्रत्येक महिनाको प्रगति प्रतिवेदन मन्त्रालय र विश्व खाद्य कार्यक्रममा पठाउने
५. राष्ट्रिय समिति तथा कार्यक्रम समन्वय समितिद्वारा भएको निर्णय कार्यान्वयन गर्ने तथा सम्बन्धित निकायबाट माग भएको निर्देशन दिने/दिलाउने

६. केन्द्रीय कार्यालय, समन्वय कार्यालय तथा एकाइ कार्यालयमा गर्नुपर्ने आवश्यक प्रशासनिक कार्य गर्ने/गराउने

७. कार्यक्रमहरुको प्रभावकारिता अध्ययन गरी कार्यान्वयन गर्ने, गराउने

**सङ्गठन संरचना**

यस परियोजनामा शिक्षा सेवाका रा.प. प्रथम श्रेणीका कार्यक्रम निर्देशकको नेतृत्वमा निम्न लिखित शाखा तथा समन्वय कार्यालयहरु रहेका छन् :

१. कर्मचारी प्रशासन शाखा

२. कार्यक्रम तथा अनुगमन शाखा

३. आपूर्ति शाखा

४. आर्थिक प्रशासन शाखा

५. समन्वय कार्यालय, नेपालगञ्ज

६. समन्वय कार्यालय, धनगढी

समन्वय कार्यालय नेपालगञ्जअन्तर्गत एकाइ कार्यालयहरु दैलेख, रूकुम र जाजरकोट र समन्वय कार्यालय धनगढीअन्तर्गत एकाइ कार्यालयहरु डोटी, डडेल्धुरा, अछाम, बैतडी, बझाङ, बाजुरा, दार्चुला रहेका छन् ।

**नीति तथा योजना**

१. आर्थिक रुपमा विपन्न वर्गका बाल बालिकाहरुलाई विद्यालयमा नै दिवा खाजा उपलब्ध गराई सहुलियत प्रदान गर्ने र उनीहरुको शिक्षामा पहुँच अभिवृद्धि गर्ने

२. परियोजना सञ्चालन गर्न छनोटमा परेका १० जिल्लाहरु (जाजरकोट, दैलेख, रूकुम, डडेल्धुरा, डोटी, बैतडी, अछाम, बाजुरा, बझाङ र दार्चुला) अन्तर्गतका २७२ गा.वि.स.हरुका १६५८ सार्वजनिक प्राथमिक विद्यालयहरु, ११२३ बाल विकास केन्दहरुमा अध्ययनरत कुल १९४००० छात्राछात्रहरुलाई दिवा खाजा खुवाउने योजना रहेको ।

**सम्बन्धित नीति तथा निर्देशिकाहरूको सूची**

(क) शिक्षाका लागि खाद्य कार्यक्रम कार्यान्वयन निर्देशिका

(ख) वितरण केन्द्र स्तरीय पौष्टिक आहार ढुवानी एवम् व्यवस्थापन उपभोक्ता समिति गठन र कार्यान्वयन निर्देशिका

**आ.व. २०७१/०७२ मा कार्यक्रम सञ्चालित जिल्लाहरूको विवरण**

| क्र.सं. | जिल्लाहरू | गा.वि.स. | विद्यालय सङ्ख्या | कोटा सङ्ख्या | आवश्यक वार्षिक खाद्यान्न मे. टन | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पिठो | तेल | चिनी | जम्मा |
| १ | रूकुम | २४ | १३९ | १९२०० | ३४६ | ३८ | ३८ | ४२२ |
| २ | दैलेख | २५ | २५१ | २०१०० | ३६२ | ४० | ४० | ४४२ |
| ३ | डडेल्धुरा | १४ | १४७ | ९५०० | १७१ | १९ | १९ | २०९ |
| ४ | डोटी | २९ | २७८ | १७००० | ३०६ | ३४ | ३४ | ३७४ |
| ५ | अछाम | ४२ | ४०५ | ३१००० | ५५८ | ६२ | ६२ | ६८२ |
| ६ | बैतडी | ३६ | २०८ | २२३०० | ४०१ | ४५ | ४५ | ४९१ |
| ७ | दार्चुला | २९ | १६८ | ११२०० | २०२ | २२ | २२ | २४६ |
| ८ | बझाङ | ३४ | २३८ | २६२०० | ४७२ | ५२ | ५२ | ५७६ |
| ९ | बाजुरा | २१ | २१८ | १५००० | २७० | ३० | ३० | ३३० |
| १० | जाजरकोट | १८ | १७४ | २२५०० | ४०५ | ४५ | ४५ | ४९५ |
| | **जम्मा** | **२७२** | **२२२६** | **१,९४,०००** | **३४९२** | **३८८** | **३८८** | **४२६८** |

# व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि (EVENT) परियोजना

## परिचय

व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि (Enhanced Vocational Education and Training- EVENT) परियोजना नेपाल सरकार र विश्व बैङ्कबिच ३० जुन २०११ तदनुसार २०६८ असार १६ मा सम्झौता भई कार्यान्वयनमा आएको हो । यस परियोजनाको कुल लागत ६०.९ मिलियन अमेरिकी डलरमध्ये विश्व बैङ्कले ५० मिलियन अमेरिकी डलर सहयोग उपलब्ध गराउने

छ । नेपाल सरकारले ५.५ मिलियन अमेरिकी डलर लगानी गर्ने छ भने बाँकी ५.४ मिलियन अमेरिकी डलर स्थानीय स्रोतबाट व्यहोरिने छ । यो परियोजनाको अवधि ३० जुन २०११ देखि ३० अक्टोबर २०१५ सम्म हुने छ । यस परियोजनाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम क्षेत्रको सक्षमता अभिवृद्धि गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा खपत हुन सक्ने उत्पादनशील र सिपयुक्त जनशक्ति उत्पदनमा सघाउ पुऱ्याउने लक्ष्य लिएको छ । शिक्षा सेवाका एक जना रा.प.प्रथम श्रेणीका परियोजना निर्देशक रहने यस कार्यालयमा परियोजना सञ्चालनका लागि १८ जना कर्मचारी कार्यरत छन् । हाल यसको कार्यालय बुद्धनगर काठमाडौँमा रहेको छ ।

## उद्देश्य

यसका मुख्य दुई ओटा उद्देश्य छन् : (१) गुणस्तरीय तालिमको पहुँच बढाई  सिपयुक्त र रोजगार उन्मुख जनशक्तिको आपूर्ति बढाउनु र (२) नेपालमा प्राविधिक र व्यावसायिक शिक्षा तथा तालिम पद्धतिलाई सुदृढ बनाउनु  ।

## मुख्य कार्यहरू

यस परियोजनाका कार्यहरुलाई कम्पोनेन्टगत रुपमा उल्लेख गर्न सकिन्छ । यसका चार ओटा कम्पोनेन्ट रहेका छन् । यी कम्पोनेन्टहरुको कार्यहरु यस प्रकार छन् :

**कम्पोनेन्ट १** : प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको नियमनकारी क्रियाकलाप सुदृढीकरण र क्षमता अभिवृद्धि गर्ने

यसअन्तर्गत पर्ने क्रियाकलापहरु यस प्रकार छन्: TVET तर्फ प्रशिक्षक र प्रमुख प्रशिक्षक तालिमका लागि प्राविधिक प्रशिक्षण प्रतिष्ठानलाई सहयोग गर्ने, राष्ट्रिय सिप परीक्षण समितिका लागि प्रमुख मूल्याङ्कन कर्ता, मूल्याङ्कन कर्ता तथा सिप परीक्षण प्रबन्धकहरुको तालिमका लागि सहयोग गर्ने, व्यावसायिक शिक्षा तथा तालिम परिषद्को प्राविधिक प्रवेशिका र डिप्लोमाको सम्बन्धन पद्धतिलाई सुदृढ गर्ने, परीक्षा प्रणालीलाई र तालिम व्यवस्थापन सूचना प्रणालीलाई सुदृढ बनाउने, प्राविधिक प्रवेशिका र डिप्लोमा तहका पाठ्यक्रमहरुको परिमार्जन र विकास गर्ने, श्रम बजारको मागबमोजिम नयाँ पाठ्यक्रमको विकास गर्ने र विद्यमान पाठ्यक्रमलाई समय सान्दर्भिक गरी परिमार्जन गर्ने । उपर्युक्त कार्यका लागि यो परियोजनाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई सहयोग गर्ने छ ।

**कम्पोनेन्ट २ :**  प्राविधिक शिक्षाको सुदृढीकरण गर्ने

यसअन्तर्गत यो परियोजनाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् **र** अन्तर्गतका आङ्गिक र सम्बन्धन प्राप्त सरकारी, सामुदायिक प्राविधिक शिक्षालय र एनेक्स विद्यालयहरुलाई जोडकोषको आधारमा सहयोग उपलब्ध गराउँछ भने सरकारी, सामुदायिक र निजी सबै खालका प्राविधिक शिक्षालय र एनेक्स विद्यालयहरुलाई निश्चित मापदण्डका आधारमा कार्य सम्पादनमा आधारित अनुदान उपलब्ध गराउँछ । जोड कोष उपलब्ध गराउँदा यी संस्थाहरुलाई आफ्ना समूहबिच प्रतिस्पर्धात्मक रुपले छनोट गरिन्छ । यो कार्यक्रममा छानिएका संस्थाहरुले (क) मेसिन तथा औजारको आधुनिकीकरण, (ख) संरचना सुधारका लागि  सानातिना निर्माण कार्यहरु, (ग) प्रशिक्षण प्रविधि तथा/मावन स्रोत विकास, (घ) शैक्षिक सामग्रीको विकास तथा खरिद र (ङ) संस्थाबाट गरिने कार्यक्रमको गुणस्तरमा

सुनिश्चितता दिने कार्यमा सहयोग गर्छ । यस कार्यक्रमका लागि छनोट भएका संस्थाले तोकिएको निश्चित रकम जम्मा गरेमा परियोजनाले सो रकमको दुई गुणा बढी उपलब्ध गराउने छ । अर्थात् जोड कोषमा परियोजना र सहयोग प्राप्त गर्ने निकायको रकम २ : १ को अनुपातमा रहन्छ । परियोजनाको सहयोगका लागि छनोट भएका प्रत्येक संस्थाहरुले परियोजनाले उपलब्ध गराएको सहायतामार्फत कार्यान्वयन हुने क्रियाकलापहरुको विस्तृत संस्था सुधार योजना बनाई परियोजनामा पेस गर्नुपर्ने छ । यी संस्थाहरुले जोडकोषमा रकम जम्मा गर्दा सरकारी रकमको प्रयोग गर्न पाउने छैनन् । जोडकोषको रुपमा प्राप्त गरेको रकम तोकिएको कार्यक्रमको परिधिभित्र रही खरिद नियमअनुसार खर्च गर्नुपर्ने छ ।

यस परियोजनाले प्राविधिक एस.एल.सी. र डिप्लोमाका विभिन्न कार्यक्रममा अध्ययन गर्न चाहने गरिब र विपन्नहरुलाई छात्रवृत्तिको व्यवस्था गरेको छ । कक्षा ११ र १२ मा पढ्दै गरेका, एस.एल.सी. उत्तीर्ण नभएका, एस.एल.सी. उत्तीर्ण भएर नपढी बसेका विद्यार्थीहरुले छात्रवृत्तिका लागि Proxy Mean Test (PMT) फाराम भर्नुपर्ने छ । यो फाराम भरेकाहरु CTEVT को प्रवेश परीक्षामा उत्तीर्ण भएपछि मात्र छात्रवृत्तिका लागि योग्य मानिन्छन् । परियोजनाले चार वर्षभित्रमा प्राविधिक एस.एल.सी. र डिप्लोमा कार्यक्रमका लागि चार हजार (४०००) विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने छ ।

### कम्पोनेन्ट ३ : छोटो अवधिको तालिम र पूर्वसिकाइको प्रमाणीकरण कार्यमा सहयोग गर्ने

**छोटो अवधिको तालिम:** यो परियोजनाले तालिम प्रदायक संस्थाहरुमार्फत छोटो अवधिको तालिम सञ्चालन गर्ने छ । यो दुई किसिमको हुने छ :

**क. भौचरमा आधारित छोटो अवधिको तालिम** : छोटो अवधिको तालिम भनेको तिन महिनाको अर्थात् ३९० घण्टाको तालिम हो । काठमाडौँ उपत्यकाका परियोजना अवधिभर (४वर्षभित्र) १०,००० जना युवालाई भौचरमा आधारित छोटो अवधिको तालिम प्रदान गरिने छ ।

**ख. कार्य सम्पादनमा आधारित छोटो अवधिको तालिम** : यो काठमाडौँ बाहिरका २५ जिल्लाहरुमा सञ्चालन गरिने छ । तालिम प्रदायक संस्थाहरुले जति जनालाई तालिम दिन सक्छन्, त्यसकै आधारमा प्रतिव्यक्ति रकम भुक्तानी गरिने छ । परियोजना अवधिभर ४५००० युवाहरुले यो तालिम प्राप्त गर्ने छन् ।

**पूर्व सिकाइको प्रमाणीकरण:** अनौपचारिक रुपमा प्राप्त सिपको परीक्षण गरी सिपको मान्यता प्रदान गर्न राष्ट्रिय सिप परीक्षण बोर्डलाई आवश्यक सहयोग गर्ने छ । परियोजना अवधिभरमा १५००० जनाको सिप परीक्षण गरिने छ ।

### कम्पोनेन्ट ४: अनुगमन र मूल्याङ्कन

परियोजनाको कार्यक्रम कार्यान्वयनको मुख्य जिम्मेवारी परियोजना सचिवालयको हो । सचिवालयलाई नीतिगत निर्देशन दिन शिक्षा मन्त्रीको अध्यक्षतामा समन्वय समिति रहने छ । यसले प्राविधिक र व्यावसायिक शिक्षाको समग्र नीतिगत पक्षमा निर्णय लिन्छ । शिक्षा सचिवको अध्यक्षतामा परियोजना कार्यान्नयन समिति रहने छ । परियोजनाको कार्यान्वयनमा सहयोग पुऱ्याउनु यो समितिको मुख्य काम हो । परियोजनालाई प्राविधिक सहयोग पुऱ्याउन प्राविधिक सल्लाहाकार समिति पनि रहने व्यवस्था छ, जसको अध्यक्षमा सिटिइभिटीका सदस्य सचिव रहने प्रावधान छ । परियोजनाका क्रियाकलापको नियमित र आवधिक अनुगमन परियोजना सचिवालयले गर्ने छ । जिल्ला तहको कामलाई प्रभावकारी बनाउन तिन सदस्यीय अनुगमन समिति बनाइएको छ, जसमा सम्बन्धित जिल्ला शिक्षा कार्यालय, सिटिइभिटी र हेल्भिटासबाट एक एक जना प्रतिनधि रहेका छन् । अनुगमनलाई प्रभावकारी बनाउन डाटा बेस मूल्याङ्कन प्रणाली तयार पारिएको छ । श्रम विभागलाई श्रम बजार सूचना प्रणाली स्थापना गर्न सहयोग प्रदान गर्ने छ ।

परियोजनाको अनुगमन र मूल्याङ्कनका लागि नतिजा प्रारुप (Result Framework) को विकास गरिने छ। यस प्रारुपमा अनुगमन सूचक, बेसलाइन, लक्षित परिणाम, अनुगमनको पटक, तथ्याङ्कको स्रोत, तथ्याङ्क सङ्कलनका साधनहरु समावेश हुने
छन्।

**नीति तथा निर्देशिका**

परियोजनाको प्रभावकारी कार्यान्वयनका लागि तल दिइएका नीति तथा निर्देशिका तयार गरिएका छन्:

- Project Implementation Manual
- Matching Grant Distribution Guidelines
- Performance Grant Distribution Guidelines
- Result base short term training guidelines
- Voucher base short term training guidelines
- Trainees' selection Guidelines
- Environmental and Social Management Framework
- EVENT Sypnosis
- Students Selection Guideline for Scholarship
- Training Information and Management Guidelines

# सिप विकास परियोजना

## Skill Development Project

**परिचय**

एशियाली विकास बैंकको अनुदान सहयोग र नेपाल सरकारको संयुक्त लगानीमा सन् २०१३ सेप्टेम्बर देखि सन् २०१८ जुलाईसम्म सञ्चालन गरिने यस परियोजनाबाट नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम पद्धतिको विकास गर्न शिक्षा मन्त्रालय अन्तर्गत एक प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम क्षेत्र विकास एकाइ (TVET Sector Development Unit –TSDU ) र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद अन्तर्गत एक परियोजना कार्यान्वयन एकाइ (Project Implementation Unit- PIU) एकाइहरू रहेका छन् ।

यस परियोजनाको लागत २५ मिलियन अमेरिकन डलर रहेको छ । यसमध्ये एशियाली विकास बैंकले २० मिलियन अमेरिकन डलर र नेपाल सरकारले पाँच मिलियन अमेरिकन डलर व्यहोर्ने छन् । परियोजना व्यवस्थापनका लागि विभिन्न संरचना बनाइएको छ ।

केन्द्रमा एक परियोजना परिचालन कमिटी (Project Steering Committee) रहेको छ । यसले नेपाल सरकार र एशियाली विकास बैंकको नीति र निर्देशन अनुसार परियोजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सल्लाह र सहयोग गर्दछ । त्यसैगरी शिक्षा मन्त्रालयले कार्यकारी निकायको भूमिका खेल्ने छ । प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम क्षेत्र विकास एकाइको (TVET Sector Development Unit) स्थापना, एशियाली विकास बैंक र अरू कार्यान्वयन गर्ने निकायहरूबीच समन्वय, बार्षिक कार्यान्वयन योजना पेश गर्ने तथा बार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्ने सुनिश्चित गराउने, अनुगमन गर्ने र परियोजना पुनरावलोकन मिसनको समन्वय गर्ने जस्ता कार्य शिक्षा मन्त्रालयले सम्पन्न गर्ने छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद यो परियोजनाको मुख्य कार्यान्वयन गर्ने निकायको रूपमा रहेको छ । यसले एक परियोजना कार्यान्वयन एकाइ (Project Implementation Unit) स्थापना गर्ने छ । यसले परियोजनाको अवयव एक, अवयव दुइ, अवयव चार र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको पुनरसंरचना गर्ने सबै क्रियाकलाप सञ्चालन गर्ने छ । अर्थ मन्त्रालय र शिक्षा मन्त्रालयमा पेश गर्ने वार्षिक कार्यान्वयन तथा बजेट योजना तयार गर्ने, परियोजना कोषको खर्च गर्ने, चौमासिक प्रगतिको प्रतिवेदन एशियाली विकास बैंक, शिक्षा मन्त्रालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा प्रस्तुत गर्ने, समयमै परियोजना सम्पन्न प्रतिवेदन तयार गरी एशियाली विकास बैंकमा समावेश गर्ने जस्ता कार्य जिम्मेवारी पूरा गर्ने छ ।

चौथो सांगठनिक संरचनाको रूपमा एशियाली विकास बैंक रहेको छ । यस बैंकले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्र विकास एकाइ (TSDU) र परियोजना कार्यान्वयन एकाइ (PIU) नजिक रहेर समयमै परियोजनाको कार्यान्वयन सुनिश्चित गर्ने, बोलपत्रका कागजात, प्रस्तावका अनुरोध र बोलपत्र मूल्यांकन प्रतिवेदनहरूको परीक्षण गर्ने, TSDU र PIU ले उपलब्ध गराएका खरीद योजना र बार्षिक कार्य योजनाको पुनरावलोकन गर्ने, मिसनको शुरूवात, पुनरावलोकन र सम्पन्न गर्ने जस्ता कार्यहरू गर्ने छ ।

**उद्देश्य**

यस परियोजनाको मुख्य उद्देश्य नेपालमा बजारको माग अनुसारको सामाजिक र लैङ्गिक समावेशी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रणालीको स्थापना गर्नु हो । यसको मापन तालिम प्राप्त गर्नेहरूको रोजगारी दर (७५ प्रतिशत) र रोजगारहरूको सन्तुष्टिको दर (७० प्रतिशत) पत्ता लगाएर गरिने छ ।

**प्रमुख प्रतिफल**

माथि उल्लिखित उद्देश्य हासिल गर्न चार ओटा प्रतिफलको अपेक्षा गरिएको छ :

१. बजारको माग अनुसारको समावेशी तालिमको विस्तारित प्रबन्ध हुने

२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रबन्धको गुणस्तर र सान्दर्भिकतामा सुधार आउने
३. नीतिगत, संस्थागत र कार्यन्वयनमा सुधार हुने
४. परियोजनाको प्रभावकारी व्यवस्थापन, अनुगमन र मूल्यांकन हुने ।

यी प्रतिफलको फलस्वरूप नेपाली कामदारहरूको श्रमको न्यून उपयोगको दर ३० प्रतिशत (सन् २००८ को महिला २२.८ र पुरूष ३२.२) बाट २५ प्रतिशतमा ( सन् २०२०) झर्ने छ । युवा बेरोजगारको दर ३.६ (सन् २००८ को महिला ३.१ र पुरूष ४.२) बाट २.४ (सन् २०२०) मा झर्ने छ ।

**प्रमुख कार्यहरु**

१. सम्भावित तालिमेहरूका लागि सचेतना र परिचालन अभियान सञ्चालन गर्ने
२. नीजि र केही सार्वजनिक तालिम प्रदायक संस्थाहरूलाई तालिम प्रदान गर्न र रोजगारमा सम्लग्न गराउने सेवा प्रदान गर्न सक्रियशील गराउने
३. नतिजामा आधारित भुक्तानी विधिको प्रयोग गरेर रोजगारको सत्यापनको आधारमा पूर्ण भुक्तानी दिने
४. मूख्य सूचकका आधारमा अनुगमन र मूल्याङ्कन गर्ने
५. छानिएका १० ओटा सार्वजनिक तालिम प्रतिष्ठानहरूमा गुणस्तर सुधारको सघन कार्यक्रम कार्यान्वयन गर्ने
६. मध्य स्तरका मागमा आधारित २५ ओटा तालिम कार्यक्रमहरू १० ओटा नमूना प्रतिष्ठानमा प्रदान गर्ने गरी विकास गर्ने
७. ३०० जना प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमका व्यावसायिकहरूलाई पेशागत सिप, प्रशिक्षण सिप, र पाठ्यक्रम विकास गर्न सेवाकालिन तालिम प्रदान गर्ने
८. राष्ट्रिय विकास प्राथमिकता अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम क्षेत्रको रोडम्याप र नतिजामुखी ढाँचा सुनिश्चित गर्ने
९. शिक्षा मन्त्रालयमा नेतृत्वदायी नीति समन्वय निकायका रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम क्षेत्र विकास एकाइ (TSDU) स्थापना गर्ने
१०. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्रमा सरकारले गर्ने लगानीलाई प्राथमिकीकरण गर्ने प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्र कोषको संस्थागत ढाँचा तयार गर्ने
११. नयाँ आवश्यकता र मागसँग सामना गर्ने गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको पुनर्संरचना गर्न सहयोग गर्ने
१२. परियोजना व्यवस्थापनका लागि परियोजना कार्यान्वयन एकाइ, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्र विकास एकाइ र परियोजना स्टेरिङ् कमिटी जस्ता व्यवस्थापन संरचना कार्यान्वयन गर्ने
१३. अनुगमन तथा मूल्याङ्कन प्रणाली क्रियाशील गर्न क्षेत्रस्तरमा अनुगमन तथा मूल्याङ्कन अधिकृत खटाउने
१४. स्वस्थ्य आर्थिक अनुशासन कायम गर्न सहयोग गर्ने ।

# सफ्ट स्किल परियोजना
# The TEVT soft skill project

**परिचय**

सफ्ट स्किल परियोजना (The TEVT soft skill project) विद्यालय क्षेत्र सुधार योजना (SSRP) अन्तर्गत सञ्चालित एउटा परिक्षण परियोजना हो । यसको मुख्य लक्ष्य माध्यमिक तहको साधारण धार तर्फको कक्षा ९ र १० को पाठ्यक्रम परिमार्जन तथा सेवाकालिन शिक्षक तालिमका माध्यमवाट विद्यालय शिक्षा पद्धतिमा व्यवहार कुसल सिपहरु एकीकृत गर्नका लागि शिक्षा मन्त्रालयलाई प्राविधिक सहायता प्रदान गर्नु हो ।
यस परियोजनाले मूलत ३ तहमा शिक्षा मन्त्रालय एवम् अन्तर्गतका निकायहरुसँग सहकार्य गरिरहेको छ :

**१.** **राष्ट्रिय तह** : शिक्षा मन्त्रालय, शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र, र शैक्षिक जनशक्ति विकास केन्द ।
**२.** **जिल्ला तह :** जिल्ला शिक्षा कार्यालय, शैक्षिक तालिम केन्द्र, अगुवा/स्रोतकेन्द्र ।
**३.** **विद्यालय तह :** प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति र स्थानीय समूदाय ।

यो परियोजना सेप्टेम्वर २०१२ बाट शुरू भई डिसेम्वर २०१५ सम्म रहने छ । यस परियोजनामा फिनल्याड सरकारको आर्थिक तथा प्राविधिक सहयोग रहेको छ ।

**उद्देश्य :** शिक्षण सिकाइमा व्यवहार कुसल सिप समावेस गरी साधारण शिक्षाको गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गर्दै विद्यार्थीहरुको रोजगारमूलक भविष्य सुनिश्चित गर्नु ।

**उपलब्धिः** यस परियोजनाले हालसम्म गरेको उपलब्धि देहायबमोजिम रहेको छः

१. माध्यमिक शिक्षाका साधारण धार तर्फका ६ ओटा अनिवार्य विषयका पाठ्यक्रम व्यवहार कुसल सिप समेत समावेस गरी परिमार्जन ।
२. परिमार्जित पाठ्यक्रम अनुरूप पाठ्यपुस्तक लेखनका लागि पाठ्यपुस्तक लेखकहरुका लागि श्रोतसामग्री विकास तथा अभिमुखीकरण
२. शैक्षिक जनशक्ति विकास केन्द्रसँगको सहकार्यमा शैक्षिक जनशक्ति विकास केन्द्र, शैक्षिक तालिम केन्द्र तथा अगुवा स्रोतकेन्द्रका प्रशिक्षकहरुका लागि परिमार्जित पाठ्यक्रम कार्यान्वयन सम्बन्धी प्रशिक्षक प्रशिक्षण सञ्चालन ।
३. सघन परीक्षणमा रहेका १० ओटा जिल्लाहरु (झापा, मोरङ, धनुषा, काभ्रे, रूपन्देही, बाग्लुड, अर्घाखाँची, सुर्खेत, कैलाली, डडेल्धुरा) का परीक्षण विद्यालय (जम्मा ८० ओटा) मा कार्यमूलक सिकाइ समूह (Action Learning Group: ALG) गठन र ती ALG समूहका शिक्षकहरुका लागि ७ ओटा मोडुलमा तालिम सम्पन्न ।

**परियोजनाको झलक**
परियोजनाको नाम : प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम व्यवहार कुशल सीप परियोजना (**TEVT soft skill project** )
सहयोग : फिनल्याड सरकार
सञ्चालन गर्ने संस्था : शिक्षा मन्त्रालय
कार्यान्वयन गर्ने संस्थाहरु : शिक्षा मन्त्रालय र अन्तरगतका केन्द्रिय निकायहरु,जिल्ला शिक्षा कार्यालय, अगुवा/ स्रोतकेन्द्र र विद्यालय ।
परियोजना अवधि : सेप्टेम्वर २०१२ देखि डिसेम्वर २०१५
परियोजना हस्ताक्षर मिति : अगष्ट २०१२
मध्यवर्ती पुनरावलोकन : नोभेम्वर २०१४ देखि जनवरी २०१५
परियोजना बजेट : १.६ मिलियन यूरो

# खण्ड ग

## आ.व. २०७१।७२ मा सञ्चालित शैक्षिक परियोजना तथा कार्यक्रम

१. द्वन्द्व पीडित परिवार शिक्षा कार्यक्रम (सहिद प्रतिष्ठानमार्फत सञ्चालन हुने)
२. सामुदायिक विद्यालय क्षमता अभिवृद्धि
३. अनौपचारिक शिक्षा तथा राष्ट्रिय साक्षरता अभियान
४. सबैका लागि शिक्षा: शिशु विकास कार्यक्रम
५. व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना
६. सिप विकास परियोजना
७. विद्यालय क्षेत्र सुधार कार्यक्रम (केन्द्रस्तर र जिल्लास्तर)
८. उच्च माध्यमिक शिक्षा
९. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (विशेष कार्यक्रमसमेत)
१०. मनमोहन पोलिटेक्निक प्रतिष्ठान
११. शिक्षाका लागि खाद्य कार्यक्रम (प्राथमिक विद्यालय पौष्टिक आहार)
१२. युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग
१३. अनुगमन तथा मूल्याङ्कन
१४. पढाइ सिप प्रवर्धन कार्यक्रम
१५. उच्च शिक्षा सुधार परियोजना

# द्वन्द्व पीडित परिवार शिक्षा कार्यक्रम

**सुरु र समाप्त हुने वर्ष :** २०६५।६६ देखि सञ्चालित

**स्रोत :** नेपाल सरकार

**प्राथमिकता क्रम** : दोस्रो

**आ.व. २०७१।७२ मा चालुतर्फ जम्मा रकम** : रू. ६५५०० हजार

**पुँजीगततर्फ जम्मा रकम :** १५००० हजार

**कार्यान्वयन गर्ने निकाय :** सहिद प्रतिष्ठान नेपाल

**प्रमुख प्रतिफल :** द्वन्द्व पीडित बाल बालिकाहरुलाई सहज वातावरणमा गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर प्राप्त भएको हुने

**सञ्चालन हुने प्रमुख क्रियाकलापहरू**

१. द्वन्द्व पीडित परिवारका बाल बालिकाहरुका लागि सहिद प्रतिष्ठानमार्फत आवासीय विद्यालयहरुलाई निरन्तरता दिन अनुदान दिने
२. आवासीय विद्यालयहरुमा सञ्चालित शैक्षिक कार्यक्रमलाई निरन्तरता दिन अनुदान दिने
३. आवासीय विद्यालयका लागि आवश्यक शौचालय, कम्पाउन्ड वाल र खानेपानीको व्यवस्था गर्ने

**हालसम्मको प्रगति स्थिति**

पाँच ओटै विकास क्षेत्रमा एक एक ओटाका दरले कक्षा ८ सम्मका विद्यालयहरुमा १४१७ जना द्वन्द्व प्रभावित बाल बालिकाहरु अध्ययन गरिरहेका छन् । सञ्चालित विद्यालयहरुको नाम र विद्यार्थी सङ्ख्या यस प्रकार रहेका छन् :

१. सहिद स्मृति आवासीय विद्यालय, हाँसपोसा –४, सुनसरी : ३२८ जना

२. सहिद स्मृति आवासीय विद्यालय, जिरी–८, दोलखा : २०५ जना

३. सहिद स्मृति आवासीय विद्यालय, पोखरा–१४, कास्की : २९८ जना

४. सहिद स्मृति आवासीय विद्यालय, मानपुर–७, दाङ : ३८२ जना

५. सहिद स्मृति आवासीय विद्यालय, दि.सि.न.पा.–७, डोटी : २०४ जना ।

# सामुदायिक विद्यालय क्षमता अभिवृद्धि

**प्राथमिकता क्रम :** दोस्रो

**सुरु र समाप्त हुने वर्ष :** आ.व. २०६६/०६७ देखि निरन्तर सञ्चालन

**आ.व. २०७१/०७२ को बजेट :** रू. ५१११२८ हजार

**स्रोत :** नेपाल सरकार रू. २४८९६८ हजार, दातृ निकाय (SSRP and Finland) : रू. २६२१६० हजार

**चालुतर्फ :** रू. ५१११२८ हजार

**कार्यान्वयन गर्ने निकाय :** शिक्षा विभाग

**प्रमुख प्रतिफल**

१. सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा धार सञ्चालन हुने
२. माध्यमिक शिक्षा उत्तीर्ण विद्यार्थीहरु प्राविधिक तथा व्यावसायिक शिक्षा प्राप्त गरी रोजगारका अवसरमा सहभागी बन्ने

**आ.व. २०७१/०७२ का मुख्य क्रियाकलापहरू**

१. नेपालको इतिहासमा पहिलो पटक लेटर ग्रेडिङ प्रणालीबाट प्राविधिक तथा व्यावसायिक शिक्षा धार (TVET) का विद्यार्थीहरुको एस.एल.सी. परीक्षाको उपलब्धि मूल्याङ्कन गरिएको
२. On the job training को कार्यविधि निर्माण गरी एस.एल.सी. परीक्षापछि विद्यार्थीहरुलाई एक महिना On the job training मा सहभागी गराइएको
३. यस कार्यक्रमको प्रभावकारिताले कक्षा ११ र १२ मा पनि कार्यक्रम विस्तार गर्न ८७ विद्यालयहरुले निवेदन गरेका

# अनौपचारिक शिक्षा तथा राष्ट्रिय साक्षरता अभियान

**सुरु र समाप्त हुने वर्ष :** आ.व. २०६९।७०–२०७१।७२

**स्रोत :** नेपाल सरकार

**प्राथमिकता क्रम** : पहिलो

**बजेटः**(आ.व.२०७१।७२) : रू. १०५७०१५ हजार

**चालु खर्च** : रू. १०५७०१५ हजार

**पूँजीगत खर्च** : ०

**कार्यान्वयन गर्ने निकाय :** अनौपचारिक शिक्षा केन्द्र

**प्रमुख प्रतिफलहरू**

१. सिपसँग आबद्ध गरिएका साक्षरता कार्यक्रम, साक्षरोत्तर शिक्षा तथा आयमूलक कार्यक्रम र अनौपचारिक शिक्षा कार्यक्रम विस्तार भएको हुने
२. साक्षरता कार्यक्रम सञ्चालनमा प्रभावकारिता आई निरक्षरहरुको सङ्ख्या उल्लेख्य रुपमा घटेको हुने
३. पूर्ण साक्षर गाउँ विकास समिति, नगरपालिका र जिल्ला सङ्ख्या बढेको हुने
४. नवसाक्षर महिलाहरुका लागि सिपमूलक तालिमको माध्यमबाट जीवन स्तर सुधार्न र आय आर्जनका काममा लाग्न प्रोत्साहन पुगेको हुने
५. सामुदायिक अध्ययन केन्द्रहरुमार्फत साक्षरता र समुदाय सशक्तीकरणका कार्यक्रम सञ्चालन गराउने

**आ.व. २०७१।७२ मा सञ्चालन भएका प्रमुख क्रियाकलापहरू र लक्ष्य**

१. निरक्षरता सम्बन्धी अद्यावधिक गरिएको तथ्याङ्कका आधारमा १७ जिल्लामा साक्षर नेपाल कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्ने
२. १७४५३३४ जना निरक्षर प्रौढहरुलाई ७१ जिल्लामा सञ्चालन हुने साक्षरता कक्षामार्फत साक्षर बनाउने
३. २४०००० नवसाक्षरहरुलाई साक्षरोत्तर शिक्षा उपलब्ध गराउने
४. निरक्षरता उन्मूलन गर्ने गाउँ विकास समिति, नगरपालिका र जिल्लाहरुमध्ये क्षेत्रगत रुपमा निरक्षरता उन्मूलन गर्ने इकाइका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने
५. २५०० नयाँ समूह गठन गरी नवसाक्षर ५००० प्रौढहरुका लागि वचत तथा ऋण तालिम र २२५०० जनाका लागि विषयगत तालिम र आय आर्जनका कार्यक्रम सञ्चालन गर्ने
६. २१९९ सामुदायिक अध्ययन केन्द्रहरुमार्फत समुदाय सशक्तीकरणका कार्यक्रमहरु प्रभावकारी बनाउने
७. ३०० ओटा सामुदायिक अध्ययन केन्द्रहरुलाई पुस्तकालय तथा सूचना प्रविधि स्थापनाका लागि सहयोग गर्ने
८. आ.व. २०७१/०७२ लाई निरक्षरता उन्मूलन वर्षका रुपमा मनाउने

# सबैका लागि शिक्षा : शिशु विकास कार्यक्रम

**सुरु र समाप्त हुने वर्ष :** सालबसाली कार्यक्रमहरु

**स्रोत :** दातृ निकाय (युनिसेफ, बेलायत)

**प्राथमिकता क्रम :** दोस्रो

**बजेट (आ.व. २०७१।७२) :** ४९७००० हजार

**दातृ निकाय :** युनिसेफ : १६८५०० हजार, बेलायत : ३२८५००

**चालुतर्फ :** १६८५०० हजार

**पुँजीगत अनुदानः** ३२८५०० हजार

**कार्यान्वयन गर्ने निकाय :** शिक्षा विभाग

**प्रमुख प्रतिफलहरू**

१. बाल विकास केन्द्रहरुको सञ्चालनमा सहयोग, अनौपचारिक शिक्षा, लैङ्गिक समविकास, विद्यालय शान्ति क्षेत्र, आपतकालीन अवस्थामा शिक्षा, बालमैत्रीलगायतका क्षेत्रहरुमा सचेतना र क्षमता विकास भई कार्यक्रमहरुको कार्यान्वयनमा प्रभावकारिता आएको हुने
२. सचेतना कार्यक्रम सञ्चालनमा ल्याउने

**आ.व. २०७१।७२ मा सञ्चालन भएका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

१. एकीकृत प्रारम्भिक बाल विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्ने
२. प्रारम्भिक बाल विकासका शैक्षिक सामग्रीहरुको पुनरावलोकन र विकास गर्ने
३. शिक्षकहरुका लागि विद्यालयमा प्रकोप वा आपतकालीन व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्ने
४. १५० ओटा बाल विकास केन्द्रमा सिकाइ सामग्री बाकस (Kitbox) वितरण गर्ने
५. मातृभाषामा कक्षा ६ को पाठ्य पुस्तक विकास गर्ने
६. प्रारम्भिक बाल विकास केन्द्रको गुणस्तर विकासका लागि शैक्षिक तालिम केन्द्रमार्फत सहयोगी कार्यकर्ताहरुलाई तालिम दिने
७. विद्यालयबाहिर रहेका बाल बालिकाहरुका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने
८. विभिन्न सामुदायिक विद्यालहरुमा पर्याप्त पानीको सुविधासहित ७३० बालमैत्री शौचालय निर्माण गर्ने

# व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना (EVENT)

**सुरु र समाप्त हुने वर्ष** : आ.व.२०६८।६९–२०७२।७३

**प्राथमिकता क्रम :** पहिलो

**बजेट (आ.व. २०७१।७२) :** रू. १३५३९७५ हजार

**स्रोत :** नेपाल सरकारः ४४०१ हजार, आइडिए : अनुदान सहयोग २१९८५८ हजार, ऋण सहयोग : ११२९७१६ हजार

**चालु खर्च :** १३१८७४० हजार

**पूँजीगत खर्च :** ३५२३५ हजार

**कार्यान्वयन गर्ने निकाय :** व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना

**प्रमुख प्रतिफलहरू**

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम क्षेत्रको क्षमता अभिवृद्धि भई नियमनकारी गतिविधि सुदृढ हुने
२. वञ्चित समुदायका युवाहरु प्राविधिक एसएलसी र डिप्लोमा (TSLC/Diploma) तहको शैक्षिक कार्यक्रममा सहभागी भई आय आर्जनमा संलग्न हुने
३. छोटो अवधिको व्यावसायिक तालिमबाट वञ्चित समुदायले रोजगारी प्राप्त गर्ने
४. अनौपचारिक पूर्व सिकाइको परीक्षण र प्रमाणीकरण हुने
५. रोजगार सामर्थ्य र आयमा वृद्धि हुने

**आ.व. २०७१।७२ मा सञ्चालित प्रमुख क्रियाकलाप र लक्ष्य**

१. २५ जना मास्टर प्रशिक्षक र ५०० जना लिड र सहायक प्रशिक्षक तयार गर्ने
२. १२५० जना सिप परीक्षण मूल्याङ्कन कर्ता (skill test assessor) तयार गर्ने
३. सिटिइभिटीमा एकीकृत तालिम सूचना प्रणालीको विकास गर्ने
४. ३५ ओटा संस्थाहरुले जोडकोष अनुदानबापत तेस्रो र चौथो किस्ता वापतको रकम प्राप्त गर्ने
५. प्राविधिक एसएलसी (TSLC) अध्ययन गर्ने २००० विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने
६. ६० ओटा संस्थाहरुले कार्य सम्पादन अनुदान प्राप्त गर्ने
७. ५००० जनालाई भौचरमा आधारित छोटो अवधिको तालिम प्रदान गर्ने
८. ३०००० जनालाई नतिजामा आधारित छोटो अवधिको तालिम प्रदान गर्ने
९. ५००० जना महिलालाई नयाँ ट्रेडमा आधारित छोटो अवधिको तालिम प्रदान गर्ने
१०. ६००० जनाको पूर्व सिकाइमा आधारित सिपको परीक्षण गर्ने

# सिप विकास परियोजना

**सुरु र समाप्त हुने अवधि :** आ.व. २०७०।७१–२०७४।७५ सम्म

**प्राथमिकता क्रम :** पहिलो

**बजेट : (आ.व. २०७१।७२) :** रू. ५१९७९७ हजार

**स्रोत :** नेपाल सरकार ११९७९७ हजार, एडिबी ४००००० हजार (अनुदान)

**चालु खर्च :** ५१८६०२ हजार

**पूँजीगत खर्च :** ११९५ हजार

**कार्यान्वयन गर्ने निकाय :** प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् परियोजना एकाइ

**प्रमुख प्रतिफलहरू**

१. प्राविधिक तथा व्यावसायिक तालिम क्षेत्रको नीतिगत, संस्थागत सुधार र गुणस्तरमा सुधार भएको हुने
२. महिला, दलित, सीमान्तकृत समुदाय र विपन्न वर्गका युवाहरु छोटो अवधिको प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त गरी रोजगारी एवम् आय आर्जनमा संलग्न भएको हुने
३. १०० जना कर्मचारीलाई क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गरिने
४. २५ जना कर्मचारीलाई दुई वर्षे र चार वर्षे प्राविधिक शिक्षा सम्बन्धी अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने

**आ.व. २०७१।७२ मा सञ्चालित प्रमुख क्रियाकलाप र लक्ष्यहरू**

१. परियोजना कार्यान्वयनका लागि सिप विकास परियोजना एकाइ गठन गरी परियोजनाका क्रियाकलापहरु कार्यान्वयन सुरू गरिएको
२. ६० ओटा संस्थाहरुले कार्य सम्पादन अनुदान प्राप्त गर्ने
३. ५००० जनालाई भौचरमा आधारित छोटो अवधिको तालिम प्रदान गर्ने
४. ३०००० जनालाई नतिजामा आधारित छोटो अवधिको तालिम प्रदान गरिने
५. ५००० जना महिलालाई नयाँ ट्रेडहरुमा आधारित छोटो अवधिको तालिम प्रदान गरिने
६. ६००० जनाको पूर्व सिकाइमा आधारित सिपको प्रमाणीकरण गर्ने

# विद्यालय क्षेत्र सुधार कार्यक्रम (केन्द्रस्तर र जिल्लास्तर)

**सुरु र समाप्त हुने अवधि :** विद्यालय क्षेत्र सुधार कार्यक्रम (२००९–२०१३) लाई दुई वर्ष विस्तार गरी सन् २०१५ सम्म कायम गरिएको छ ।

**स्रोत :** नेपाल सरकार, पुलिङ साझेदारहरु– एडिबी, अस्एड, डेनमार्क, डिएफआइडी, इयु, फिनल्यान्ड, नर्वे, युनिसेफ र विश्व बैङ्क ननपुलिङ साझेदारहरु–जापान, युनेस्को, युएसएइड, डब्लुएफपी र गैरसरकारी संस्थाहरु

**बजेट :** सन् २०१३ सम्मका लागि २६२२ मिलियन युएस डलर रहेकामा थप दुई वर्षका विस्तारित कार्यक्रमका लागि थप १५८१ मिलियन युएस डलर आवश्यक पर्ने

**आ.व. २०७१/०७२ मा बजेट (केन्द्र स्तर)**

नेपाल सरकार रू. २७४३६२ हजार, दातृ समूह अनुदान रू. १३१६९५ हजार

**चालुतर्फ :** रू. २७१३९२ हजार, **पुँजीगत तर्फ** : रू. २९७० हजार

**कार्यान्वयन गर्ने निकाय :** शिक्षा विभाग

**आ.व. २०७१/०७२ मा बजेट (जिल्ला स्तर)**

नेपाल सरकार रू. नेपाल सरकार रू. ७७८३३६३ हजार, दातृ समूह अनुदान रू. १३८२५०८७ हजार, दातृ समूह ऋण रू. ४००००० हजार

**चालुतर्फ :** रू. २१९२३९०० हजार, **पुँजीगततर्फ :** रू. ८४५५० हजार

**कार्यान्वयन गर्ने निकाय :** जिल्ला शिक्षा कार्यालयहरु

**प्रमुख प्रतिफलहरू**

१. विद्यालय शिक्षाको पुनर्संरचना गरी व्यवस्थापन र सञ्चालनमा प्रभावकारिता आएको हुने
२. निःशुल्क आधारभूत कक्षा १–८ को कार्यान्वयनमा प्रभावकारिता आउनुका साथै अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता भएको हुने
३. एकीकृत माध्यमिक शिक्षा ९–१२ को परीक्षण भई व्यवस्थापकीय र संरचनात्मक सुधारको थालनी भएको हुने
४. विद्यालय शिक्षाको कक्षा ६–८ मा सफ्ट स्किलको पाठ्यक्रमको कार्यान्वयन र कक्षा ९-१० मा १०० ओटा विद्यालयमा प्राविधिक शिक्षा धारको परीक्षण भएको हुने
५. सुदृढ शैक्षिक व्यवस्थापन सूचना प्रणालीको विकास भई शिक्षक व्यवस्थापनमा सुधार भएको हुने
६. विद्यालय शिक्षामा पहुँच, गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि भएको हुने

**नीति निर्देश**

सन् २००१३ सम्मको विद्यालय क्षेत्र सुधार कार्यक्रमको उपलब्धि, चुनौती तथा मध्यावधि पुनरवलोकनका सिफारिससमेतलाई दृष्टिगत गरी नेपाल सरकारले बाँकी दुई वर्षे विस्तारित कार्यक्रमका लागि निम्न लिखित नीति निर्देश गरेको छ :

**पहुँच र समता**

१. पहिचान गरिएका गरिबी क्षेत्रहरुमा बाल विकास तथा पूर्व प्राथमिक कक्षा विस्तार गर्ने
२. बजेट र स्रोतको परिचालनको प्राथमिकतालाई कक्षा १–५ बाट कक्षा ६–८ आधारभूत र कक्षा ९–१२ मा सार्ने
३. गरिबी कार्डलाई पहिलो आधार बनाई छात्रवृत्ति कार्यक्रमलाई एकद्वार प्रणालीमा सम्बद्ध गर्ने
४. अपाङ्गता भएका बाल बालिकालाई छात्रवृत्ति प्रदान गर्ने

५. गरिबी कार्ड लिएका अभिभावकहरुलाई जीवन सिप र आय आर्जन कार्यक्रमबाट सहयोग गर्ने
६. बाल विकास र कक्षा १–३ का बाल बालिकाका लागि दिवा खाजा कार्यक्रममा निरन्तरता दिने
७. अपाङ्गता र विद्यालय बाहिर रहेका बाल बालिकाका लागि विशेष कार्यक्रम गर्ने
८. ग्रामीण र दुर्गम क्षेत्रमा समान पहुँच र गुणस्तरीय शिक्षाका लागि निजी सरकारी साझेदारीलाई सुनिश्चित गर्ने

**गुणस्तर**

१. बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताको तालिम र क्षमता विकासलाई संस्थागत गर्ने
२. कक्षा १–३ मा प्रारम्भिक पढाइ सिपलाई केन्द्रित गरी विद्यार्थीको सिकाइलाई प्राथमिकता दिने
३. प्रारम्भिक कक्षाहरुमा भाषा शिक्षणका लागि शिक्षकको पढाइ र गृहकार्य गर्ने बानी विकासका लागि विद्यालय समयको उपयोग गर्ने
४. अनिवार्य शर्तका रुपमा सबै सामुदायिक विद्यालयमा न्यूनतम सक्षमता आधार (PMEC) पुरा गर्ने र सबै सामुदायिक विद्यालयहरुमा पुस्तकालय कुनाको प्रयोग गर्ने
५. प्रभावकारी शिक्षक व्यवस्थापन र पेसागत विकास गर्ने
६. उपचारात्मक सहयोग कार्यक्रमका साथ निरन्तर मूल्याङ्कन पद्धतिलाई सुदृढीकरण गर्ने
७. अतिरिक्त क्रियाकलाप पढाइ सामग्री र बहु पाठ्य पुस्तक नीतिको कार्यान्वयन गर्ने
८. विद्यार्थी उपलब्धिको राष्ट्रिय लेखाजोखा (NASA) लाई सुदृढीकरण गरी यसबाट पत्ता लागेका नयाँ तथ्यलाई नीति, योजना र सुधार कार्यक्रममा सूचना दिन उपयोग गर्ने नियमित व्यवस्था मिलाउने

**प्रशासन र व्यवस्थापन**

१. विव्यस र पिटिएको भूमिका र कार्यहरुको पुनरावलोकन र पुनः संरचना गर्ने
२. विव्यस र पिटिएका प्रत्येक सदस्यलाई उनीहरुलाई दिइएको जिम्मेवारीका बारेमा अभिमुखीकरण गर्ने
३. कार्य सम्पादन सम्झौताका आधारमा प्रअको नियुक्ति गर्ने
४. कक्षाकोठामा हुने शिक्षण सिकाइमा केन्द्रित रहने गरी स्रोत व्यक्तिको भूमिका सुदृढ गर्ने
५. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने
६. वित्तीय व्यवस्थापनको सबै तहमा क्षमता सुदृढ गरी सरकारी वित्तीय व्यवस्थापनमा सुधार गर्ने र यसको प्रतिवेदन गर्ने पद्धतिको विकास गर्ने
७. जिल्ला शिक्षा कार्यालय र विद्यालय व्यवस्थापन समितिमा केन्द्रित गरी शिक्षा मन्त्रालय पद्धतिको पुनः संरचना गर्ने

## आ.व. २०७१/०७२ मा सञ्चालित प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

१. छनौट भएका १३ जिल्ला र खुद भर्ना दर कम भएका चार जिल्ला तथा खुद भर्नादर ९५ प्रतिशत माथि भएका चार जिल्ला गरी थप आठ जिल्लासहित कुल २१ जिल्लामा निःशुल्क अनिवार्य शिक्षालाई क्रमशः माध्यमिक तहसम्म विस्तार गर्ने र निशुल्क आधारभूत शिक्षालाई पूर्ण रुपमा कार्यान्वयमा ल्याउने
२. शिक्षक दरबन्दी मिलान गर्न बाँकी २३ जिल्लामा दरबन्दी मिलान कार्य गर्ने
३. माध्यमिक तहदेखि प्राविधिक धारको शिक्षा प्रदान गर्ने १०० विद्यालयमा परीक्षणको क्रममा रहेको कार्यक्रमलाई निरन्तरता दिई सञ्चालन गर्ने र त्यसको मूल्याङ्कन गर्ने
४. अति पिछडिएका वर्गका बाल बालिकाका लागि थप ५०० बाल विकास केन्द्र स्थापना गर्ने
५. स्थानीय निकाय र गैर सरकारी सङ् घसंस्थासँग समेत सहकार्य गरी बाल विकास केन्द्रमा न्यूनतम सिकाइ वातावरण तयार गर्ने

६. अनौपचारिक शिक्षा, प्रौढ विद्यालय, खुला विद्यालय जस्ता हाल सञ्चालनमा सहेका वैकल्पिक शिक्षाका कार्यक्रमहरुलाई थप सुदृढीकरण गरी निरन्तरता दिने
७. मदरसा, गुम्बा तथा गुरूकुल शिक्षालाई मूल प्रवाहमा समायोजन गर्ने कार्यलाई निरन्तरता दिँदै गुणस्तरमा अभिवृद्धि गर्ने
८. विशेष आवश्यकता भएका बाल बालिकाका (एचआइभी एडस् र सडक बाल बालिकासमेत) लागि शैक्षिक कार्यक्रम सञ्चालन गर्ने र सञ्चालित विशेष तथा स्रोत कक्षाहरुलाई निरन्तरता दिने
९. विद्यालय बाहिर रहेका बाल बालिकाका लागि लक्षित शैक्षिक कार्यक्रम सञ्चालन गर्ने
१०. सामुदायिक विद्यालयहरुका आधारभूत तहमा अध्ययनरत सबै छात्रा, दलित, अपाङ्गता भएका र प्राथमिक तहका सबै सीमान्तकृत बाल बालिकाको छात्रवृत्तिलाई निरन्तरता दिने तथा लक्षित समुदायमा छात्राहरुका लागि विशेष कार्यक्रम गरिने
११. कर्णाली अञ्चलका पाँच ओटा जिल्लाहरु र अन्य १४ जिल्ला (रोल्पा, सिरहा, सप्तरी, कपिलवस्तु, रसुवा, सिन्धुपाल्चोक, बर्दिया, कैलाली, दाङ, बारा, प्युठान, धादिङ, नवलपरासी र सुनसरी) का विद्यार्थीलाई दिवा खाजा उपलब्ध गराउने
१२. आधारभूत तहमा सुरू कक्षाहरुमा बहुभाषिक शिक्षा कार्यक्रमलाई निरन्तरता दिई मागको आधारमा विस्तार गर्ने
१३. सामुदायिक विद्यालयका माध्यमिक तहसम्म अध्ययनरत सबै बाल बालिकालाई प्रति विद्यार्थी लागतका आधारमा दिइँदै आएको निःशुल्क पाठ्य पुस्तक अनुदानलाई निरन्तरता दिने
१४. ७५ ओटै जिल्लामा माध्यमिक तहका खुला शिक्षाका कक्षाहरु र हाल सञ्चालनमा रहेका गृहिणी तथा वयस्कका लागि वैकल्पिक शिक्षाका कार्यक्रमहरुलाई निरन्तरता दिने
१५. सामुदायिक विद्यालयका सम्पूर्ण दलित विद्यार्थी, कर्णाली अञ्चलका विद्यार्थी र लोपोन्मुख र सीमान्तकृत वर्गका विद्यार्थीलाई कक्षा ९ देखि १२ सम्म निःशुल्क शिक्षाको व्यवस्थालाई निरन्तरता दिने
१६. माध्यमिक तहमा गरिब तथा जेहेनदार ६०००० विद्यार्थीका लागि माध्यमिक शिक्षा छात्रवृत्ति, सबै दलित, अपाङ्ग, द्वन्द्व पीडित तथा सहिदका सन्तान विद्यार्थीहरुका लागि छात्रवृत्ति व्यवस्था सुदृढीकरण गर्ने
१७. कक्षा १० सम्म निःशुल्क पाठ्य पुस्तक वितरण गर्ने र लक्षित वर्गका लागि प्रति विद्यार्थी लागतका आधारमा कक्षा ९ देखि १२ सम्म दिइँदै आएको निःशुल्क पाठ्य पुस्तक अनुदानलाई निरन्तरता दिने
१८. शिक्षकहरुको विकास तथा दक्षता अभिवृद्धि कार्यक्रम, प्रधानाध्यापकहरुका लागि नेतृत्व तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने र शिक्षकहरुको वितरणलाई मागसँग आबद्ध गर्ने गरी शिक्षक व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिने
१९. विद्यालयको भौतिक पूर्वाधारमा सुधार ल्याउन १६५० विद्यालयलाई नयाँ कक्षाकोठा निर्माण गर्ने, ५०० विद्यालय भवन निर्माण गर्ने, २५०० छात्रा शौचालय निर्माण गर्ने, ६०० विद्यालयमा कक्षा कोठा पुनःस्थापना तथा बाह्य वातावरणको सुधार गर्ने तथा विगत वर्षदेखि निर्माण भइरहेको विद्यालय भवनहरु क्रमगत रुपमा निर्माण गर्ने
२०. थप ३०० विद्यालयहरुलाई समुदायमा व्यवस्थापन हस्तान्तरण गरी प्रति विद्यालय रू. एक लाखका दरले प्रोत्साहन अनुदान उपलब्ध गराउने

२१. शिक्षामा सूचना प्रविधिको प्रयोगमा अभिवृद्धि गर्न सूचना सम्प्रेषण प्रविधि (ICT) मा आधारित शिक्षा कार्यक्रमलाई विस्तार गर्ने र पाठ्यक्रम सुधार गर्ने तथा विद्यालय तहको पाठ्यक्रम, पाठ्य पुस्तक, शिक्षक निर्देशिका र तालिम सामग्रीहरु वेबसाइटमा राख्ने

२२. १०५३ विद्यालयलाई जोडकोषको आधारमा पुस्तकालय स्थापना गर्न अनुदान उपलब्ध गराउने

२३. १५० ओटा उत्कृष्ट नतिजा प्राप्त गर्ने सामुदायिक विद्यालयलाई प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराउने

२४. समुदायद्वारा व्यवस्थापन भएका विद्यालयहरुको व्यवस्थापकीय क्षमता विकास कार्यक्रम गर्ने

२५. प्रति विद्यार्थी एकाइ लागतका आधारमा सबै सामुदायिक विद्यालयलाई दिने गरेको गैर तलबी सञ्चालन अनुदान दिने र शिक्षक विद्यार्थी अनुपात हेरी दिने गरिएको अनुदानलाई निरन्तरता दिने

२६. लक्षित सामुदायिक उमाविहरु र कक्षा ११ र १२ मा विज्ञान पढाउने सामुदायिक उमाविलाई दिने अनुदानलाई निरन्तरता दिने

२७. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई थप सुदृढीकरण गर्ने

२८. संस्थागत विद्यालयहरुको सहजीकरण र नियमनलाई सुदृढ गर्ने साथै छात्रवृत्ति निर्देशिकालाई कार्यान्वयन गर्ने

२९. सेवा प्रवाह प्रभावकारी भए नभएको सूचना प्राप्त गर्न अनुगमन र मूल्याङ्कन योजना तयार गरी प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्ने

३०. शिक्षा सम्बन्धी तथ्याङ्क र शिक्षकहरुको अभिलेखलाई नियमित रुपले अध्यावधिक गर्ने र गलत नियतले तथ्याङ्क तथा सूचनाहरु बङ्ग्याउने वा गलत सूचना पेस गर्नेलाई कारवाहीको दायरामा ल्याउने

३१. आधारभूत र माध्यमिक तहमा क्रमशः १०००० र ५००० शिक्षकहरुलाई तालिम प्रदान गर्ने

३२. कक्षागत, विषयगत, विद्यालयगत तथा जिल्लागत शैक्षिक उपलब्धिको लक्ष्य निर्धारण तथा उपलब्धि मापन गरी शिक्षकको कार्य सम्पादनसँग जोड्ने । वित्तीय अनुशासन कायम राख्न विद्यालयदेखि जिल्ला तहसम्म निकासा हुने रकम पारदर्शी व्यवस्थित बनाउन उपयुक्त एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) स्थापना गर्ने

# उच्च माध्यमिक शिक्षा

**सुरु र समाप्त हुने मिति** : साल बसाली

**प्राथमिकता क्रम** : दोस्रो

**बजेट स्रोत :** नेपाल सरकार

**आ.व. २०७१/०७२ को बजेट :** २२९७४३६ हजार (नेपाल सरकार)

**चालुतर्फ :** २२९७४३६ हजार, **पूँजीगत तर्फ :** ०

**कार्यान्वयन गर्ने निकाय :** शिक्षा विभाग, उच्च माध्यमिक शिक्षा परिषद्

**प्रमुख प्रतिफल**

१. उच्च माध्यमिक तहको शैक्षिक व्यवस्थापनमा मद्दत पुगेको हुने
२. सामुदायिक उच्च माध्यमिक तहका लागि शिक्षकको व्यवस्था भएको हुने

आ.व. २०७१/०७२ मा सञ्चालित प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

१. उच्च माध्यमिक शिक्षा परिषद्का कर्मचारीका लागि तलब भत्ताका लागि रू १२००० हजार अनुदान दिने
२. कर्णाली अञ्चल र बझाङ, बाजुरा, अछाम, जाजरकोट गरी नौ जिल्लाका सामुदायिक उच्च माध्यमिक विद्यालयमा चार चार ओटा शिक्षक अनुदान, विज्ञान विषय सञ्चालन भएका १८५ सामुदायिक उमाविलाई तिन तिन ओटा र अन्य सामुदायिक उच्च माध्यमिक विद्यालयमा दुई दुई शिक्षक बराबर गरी कुल ४००० शिक्षकका लागि अनुदान दिने
३. नियमन, व्यवस्थापन र अनुगमन प्रणालीलाई सुदृढ गर्ने ।

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (विशेष कार्यक्रमसमेत)

**सुरु र समाप्त हुने मिति :** आ.व. २०४५/४६ देखि साल बसाली

**प्राथमिकता क्रम** : दोस्रो

**आ.व. २०७१/०७२ को बजेट** : १३५२६१३ हजार (नेपाल सरकार)

**चालुतर्फ :** १३५२६१३ हजार, **पुँजीगततर्फ** : ०

**कार्यान्वयन गर्ने निकाय :** प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

प्रमुख प्रतिफलहरु

१. मध्यम स्तरीय प्राविधिक तथा व्यावसायिक सिपयुक्त जनशक्ति उत्पादन गरी देशका व्याप्त बेरोजगारी घटाउन तथा स्वरोजगारीका अवसरहरु सिर्जना गर्न मद्दत पुगेको हुने
२. स्थानीय युवाहरुलाई प्राविधिक तथा व्यावसायिक तालिम उपलब्ध गराई स्थानीय तहमा आवश्यक पर्ने सिपयुक्त जनशक्ति उत्पादन गरी उत्पादकत्व वृद्धिमा टेवा पुगेको हुने
३. तराई मधेसका दलित, विपन्न एवम् देशका लोपोन्मुख जातिका छात्रा छात्रले प्रमाण पत्र तथा डिप्लोमा तह र प्राविधिक एस.एल.सी. तहको प्राविधिक शिक्षाको अवसर प्राप्त भएको हुने
४. सामुदायिक सेवामार्फत सीमान्तकृत, दुर्गम क्षेत्रका जन साधारणले स्वास्थ्य सेवा, कृषि तथा पशु स्वास्थ्य सेवाको अवसर प्राप्त गरेको हुने ।

### आ.व. २०७१/०७२ का मुख्य क्रियाकलाप तथा लक्ष्यहरू

१. एसएलसीतर्फ १४२३८ (आङ्गिकबाट १२७८ र एनेक्सबाट २९२० जना) , निजीतर्फ १००४० जना र प्रमाण पत्र तहमा १४२१४ जना (आङ्गिकतर्फ २३०४ र नीजितर्फ ११९१०) लाई तालिम दिने
२. प्राविधिक प्रशिक्षण प्रतिष्ठानमार्फत ५५०० व्यक्ति हप्ता प्राविधिक प्रशिक्षकहरुलाई तालिम प्रदान गरिने
३. ३०८० जनालाई छोटो अवधिको तालिम दिई सिप परीक्षण गरिने
४. ५००० व्यक्ति हप्ताको विभिन्न विषयमा जीवन निर्वाहका लागि अल्पकालीन सिपमूलक व्यावसायिक तालिम सञ्चालन गरिने
५. सामुदायिक सेवातर्फ :
   १०००० पशुलाई स्वास्थ्य सेवा उपलब्ध गराइने
   १५००० जना मानिसलाई स्वास्थ्य सेवा उपलब्ध गराइने
   ५००० जना कृषकलाई कृषि सेवा दिइने
६. सिप परीक्षण एवम प्रमाणीकरण गरिने
७. विभिन्न तरिकाबाट सिप हासिल गरेका ४०००० जनाको सिप परीक्षण एवम् प्रमाणीकरण गर्ने
८. १० ओटा सिप परीक्षण प्रमाणिका निर्माण गरी २० ओटाको परिमार्जन गर्ने
९. तराई मधेसका दलित महिला र विपन्न मुसलमानका महिला तथा मुलुकभरका लोपोन्मुख जातिका छात्रा छात्र गरी १३७५ जनालाई खाने बस्ने सुविधासहित निःशुल्क प्राविधिक शिक्षा दिइने । कर्णाली अञ्चलका दलित जनजाति महिला र विपन्न वर्गका ३५० जनालाई प्राविधिक एसएलसी अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराउने

१०. प्रमाण पत्र /डिप्लोमा तहका ७५ जना प्रशिक्षार्थीहरुलाई मासिक रू. ५०००।– का दरले छात्रवृत्ति दिई प्राविधिक शिक्षा दिइने

११. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को संरचनात्मक पुनरावलोकन कार्यलाई निरन्तरता दिने

१२. प्राविधिक एसएलसी तहका १५० जना प्रशिक्षार्थीहरुलाई शुल्कमा सुविधा हुने गरी छात्रवृत्ति दिई प्राविधिक शिक्षा दिने

१३. ७३ जिल्लामा सामुदायिक विद्यालयमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम कार्यक्रमलाई निरन्तरता दिने र सो कार्यक्रमको अध्ययन, अनुगमन तथा मूल्याङ्कन गर्ने

१४. प्राविधिक शिक्षा विस्तार गर्ने क्रममा विभिन्न जिल्लामा स्थापना गरिएका १६ ओटा पोलिटेक्निक इन्स्टिच्युटहरुको निर्माण कार्यलाई निरन्तरता दिने

१५. विभिन्न जिल्लामा पोलिटेक्निक इन्स्टिच्युटहरु/शिक्षालयहरुको स्थापनाको लागि सम्भाव्यता अध्ययन गर्ने

१६. १०० ओटा सरकारी तथा सामुदायिक विद्यालयहरुमा कक्षा ९ देखि प्राविधिक तथा व्यावसायिक शिक्षा दिइने कार्यक्रमको प्राविधिक सहयोग गर्ने

१७. प्राविधिक एसएलसी र डिप्लोमा तहको कार्यक्रमहरुको नक्साङ्कन गर्ने

१८. आम्ची विषयको पाठ्य पुस्तकलाई नेपाली भाषामा अनुवाद गर्ने

१९. प्राविधिक तथा व्यावसायिक शिक्षा एवम तालिम सम्बन्धी प्रचार प्रसार गर्ने

# मनमोहन पोलिटेक्निक प्रतिष्ठान

**सुरु र समाप्त हुने वर्ष :** सन् २००३ देखि साल बसाली

**प्राथमिकता क्रम** : दोस्रो

**स्रोत :** नेपाल सरकार

**आ.व. २०७१/०७२ को बजेट :** २२००० हजार

**चालुतर्फ :** २२००० हजार

**पुँजीगततर्फ :** ०

**कार्यान्वयन गर्ने निकाय :** प्राविधिक शिक्षा तथा तालिम परिषद्/ मनमोहन पोलिटेक्निक प्रतिष्ठान

**प्रमुख प्रतिफल**

साझेदारी प्रणालीमार्फत प्राविधिक तथा व्यावसायिक तालिमको अवसर उपलब्ध भई देशमा व्याप्त बेरोजगारी घटाउन तथा स्वरोजगारीका अवसरहरु सिर्जना गर्न टेवा पुगेको हुने

**आ.व. २०७१/०७२ मा सञ्चालित मुख्य क्रियाकलाप तथा लक्ष्यहरू**

१. डिप्लोमा इन इन्जिनियरिङ (इलेक्ट्रोनिक्स, इलेक्ट्रिकल, मेकानिकल र सिभिल) विषयमा १९२ जना प्रशिक्षार्थी भर्ना गर्ने र प्रत्येक विषयमा दोस्रो, तेस्रो वर्षमा अध्ययनरत प्रशिक्षार्थीहरुको अध्ययनलाई निरन्तरता दिने
२. १०० जनालाई मागमा आधारित छोटो अवधिको तालिम दिई सिप परीक्षण गर्ने

# शिक्षाका लागि खाद्य कार्यक्रम (प्राथमिक विद्यालय पौष्टिक आहार)

**प्राथमिकता क्रम :** दोस्रो

**सुरु र समाप्त हुने वर्ष :** सन् २००२–२००६ सम्मको आयोजनाको लगानी रू. ३५३ करोड रहेको । म्याद थप हुँदै आएको । विश्व खाद्य कार्यक्रमको वस्तुगत सहायता अनुदानमा सञ्चालित रहेको ।

**आ. व. २०७१/०७२ का लागि बजेट :** रू. ५४०५९७ हजार

**स्रोत :** नेपाल सरकार रू. १२२९७० हजार, डब्लुएफपी अनुदान रू. ४१७६२७ हजार

**चालुतर्फ :** ५३९००७ हजार

**पुँजीगततर्फ :** १५९० हजार

**कार्यान्वयन गर्ने निकाय :** शिक्षाको लागि खाद्य कार्यक्रम

**प्रमुख प्रतिफलहरू**

१. खाद्यान्न अभावसमेतका कारण आधारभूत शिक्षामा बाल बालिकाको कम पहुँच भएका जिल्लाहरुमा दिवा खाजा र खाने तेलको माध्यमबाट छात्र छात्राहरुको भर्नादर, दैनिक उपस्थिति र विद्यालयमा टिकाउ दर बढेको हुने
२. दिवाखाजा कार्यक्रमबाट लाभान्वित बाल बालिकाहरुको अध्ययन र सिक्ने क्षमता वृद्धि भएको हुने

आ.व. २०७१/०७२ मा सञ्चालित मुख्य क्रियाकलापहरु तथा लक्ष्यहरु

१. दैलेख, रूकुम, जाजरकोट, डोटी, डडेल्धुरा, अछाम, बाजुरा, बभ्काङ, दार्चुला र बैतडी गरी १० जिल्लाका बाल बालिकाहरुका लागि प्रतिदिन ११० ग्रामको ३८० क्यालोरी प्राप्त हुने गरी एक लाख चौरानब्बे हजार छात्रछात्राहरुका लागि ४२६८ मे. टन खाद्यान्न वितरण गरिने
२. २२२६ विद्यालयका एक जना खाजा व्यवस्थापन समितिका पदाधिकारीलाई तालिम कार्यक्रम सञ्चालन गरिने

# युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग

**प्राथमिकता क्रम :** तेस्रो

**सुरु र समाप्त हुने वर्ष :** साल बसाली निरन्तरता

**आ.व. २०७१/०७२ को बजेट:** रू. ८२६८ हजार

**स्रोत :** नेपाल सरकार

**चालुतर्फ** : रू. ८२६८ हजार

**कार्यान्वयन गर्ने निकाय :** युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय

**प्रमुख प्रतिफल**

१. युनेस्को सदस्य राष्ट्रका हैसियतले अन्तर्राष्ट्रिय मञ्चमा नेपालको सहभागिता अभिवृद्धि भएको हुने
२. शैक्षिक र सांस्कृतिक विकासका कार्यहरुमा सरकारी र गैर सरकारी क्षेत्रको भूमिका वृद्धि भएको हुने
३. युनेस्कोको आदर्श जन मानसमा पुगेको हुने

**आ.व. २०७१/०७२ मा सञ्चालित मुख्य क्रियाकलाप तथा लक्ष्यहरू**

१. शैक्षिक, सामाजिक तथा सांस्कृतिक विकासका कार्यहरुमा सरकारी र गैर सरकारी क्षेत्रको भूमिका प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने
२. युनेस्को सम्बद्ध क्षेत्रहरुमा अन्तर्राष्ट्रिय क्षमता अभिवृद्धि तालिममा सहभागिता हुने
३. १०० विद्यालय र ११ ओटा सामुदायिक अध्ययन केन्द्रमा गैर सरकारी संस्थासँगको साझेदारीमा दिगो विकास र जलवायु परिवर्तन सम्बन्धी शिक्षा कार्यक्रम सञ्चालन गर्ने
४. शिक्षा र सांस्कृतिक विकासका लागि संस्थागत क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने

# अनुगमन तथा मूल्याङ्कन

**प्राथमिकता क्रम :** दोस्रो

**सुरु र समाप्त हुने वर्ष :** आ.व. २०६७/०६८ देखि निरन्तर

**आ.व. २०७१/०७२ का लागि बजेट :** रू. १२६१० हजार

**स्रोत :** नेपाल सरकार

**चालुतर्फ :** रू. १२६१० हजार, **पुँजीगततर्फ :** ०

**कार्यान्वयन गर्ने निकाय :** शिक्षा मन्त्रालय

**प्रमुख प्रतिफल**

१. समग्र शैक्षिक कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउन नतिजामा आधारित अनुगमन संयन्त्र क्रियाशील भएको हुने

**आ.व. २०७१/०७२ मा सञ्चालन हुने मुख्य क्रियाकलाप र लक्ष्य**

१. नतिजामा आधारित अनुगमन पद्धतिलाई संस्थागत गरिने
२. शैक्षिक सेवा प्रवाहलाई चुस्त र पारदर्शी बनाउन नियमित अनुगमन प्रणाली विकास गरिने
३. प्राविधिक र उच्च शिक्षाको अनुगमनलाई प्रभावकारी बनाउने
४. शिक्षा मन्त्रालयअन्तर्गतका समग्र कार्यक्रमको अनुगमनलाई प्रभावकारी बनाउन एकीकृत अनुगमन योजना निर्माण गरी कार्यान्वयन गरिने
५. अनुगमन कार्यलाई जवाफदेही बनाई पुरस्कार र दण्डको व्यवस्था गरिने
६. भएका बेरूजुलाई न्यूनीकरण गर्दै बेरूजु हुन नदिने कार्य थालनी गर्ने
७. लैङ्गिक हिंसा विरूद्ध तथा मानव अधिकार सम्बन्धी कार्य योजना कार्यान्वयनलाई निरन्तरता दिने
८. एकीकृत सुरक्षित विद्यालय नीति कार्यान्वयनमा ल्याउने

# पढाइ सिप प्रवर्धन कार्यक्रम

**प्राथमिकता क्रम :** दोस्रो

**सुरु हुने र समाप्त हुने वर्ष** : आ.व. २०७१/०७२ देखि

**आ.व. २०७१/०७२ को बजेट :** रू. १११७२० हजार

**चालु खर्च :** रू. १११७२० हजार, पुँजीगत खर्च : ०

**स्रोत** : नेपाल सरकार रू. ०, यु.एस.एड. अनुदान रू. १११७२० हजार

**कार्यान्वयन गर्ने निकाय :** शिक्षा विभाग

**प्रमुख प्रतिफल**

१. पढाइ सिप प्रवर्धनका लागि विद्यमान पाठ्यक्रम, पाठ्य पुस्तक तथा शिक्षक निर्देशिकाहरुमा सुधार भएको हुने
२. शिक्षकहरुमा पढाइ सिप प्रवर्धनका लागि क्षमता अभिवृद्धि भएको हुने
३. कक्षा ३ सम्मका विद्यार्थीहरुको पढाइ सिप विकास भै सिकाइ उपलब्धिमा अभिवृद्धि भएको हुने

**आ.व. २०७१/०७२ मा सञ्चालित मुख्य क्रियाकलापहरू तथा लक्ष्य**

१. पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षक निर्देशिका विश्लेषण, परिमार्जन र प्रकाशन गर्ने
२. सन्दर्भ सामग्रीको विकास, वितरण र प्रयोग गर्ने
३. तालिम सामग्री र शिक्षक सहयोगी सामग्रीहरुको विकास गर्ने
४. शिक्षकहरुको क्षमता विकासका लागि तालिम र अभिमुखीकरणलगायतका कार्यक्रम सञ्चालन गर्ने
५. संस्थागत सुदृढीकरणका कार्यहरु गर्ने

# उच्च शिक्षा सुधार परियोजना

**प्राथमिकता क्रम :** पहिलो

**सुरु हुने र समाप्त हुने मिति :** १ जुलाई २०१४ देखि ३० जुन २०२० सम्म

**परियोजना अवधिभरको कुल बजेट :** ६५ मिलियन युएस डलर

**स्रोत :** आइडिएको सहुलियत दरको ऋण सहयोग र नेपाल सरकार

**आ.व. २०७१/०७२ को बजेट विनियोजन :** रू. ३००००० हजार

**चालु खर्च :** नेपाल सरकार रू. ५०० हजार, आइडिए रू. २९९५०० हजार अनुदान

**कार्यान्वयन गर्ने निकाय** : विश्व विद्यालय अनुदान आयोग

**परियोजनाको उद्देश्य**

उच्च शिक्षामा प्रणालीगत तथा संस्थागत सुधार, शैक्षिक सुधार गरी उच्च शिक्षाको गुणस्तर तथा सान्दर्भिकतामा अभिवृद्धि, गरिब तथा पिछडिएका विद्यार्थीहरुको उच्च शिक्षामा समतामूलक पहुँचका लागि वित्तीय सहयोगको व्यवस्था एवम् अनुसन्धान, प्रवर्त्तन तथा प्राज्ञिक उत्कृष्ठताको विकास गर्ने ।

**प्रमुख प्रतिफल**

१. गुणस्तरको सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी राष्ट्रिय प्रणालीको स्थापना एवम् सञ्चालन हुने
२. उच्च शिक्षा संस्थाहरुमा कार्य सम्पादनमा आधारित अनुदानको विस्तार हुने
३. संस्थागत एवम् शैक्षिक स्वायत्तताको विस्तार हुने
४. त्रि.वि. परीक्षा सुधार एवम् शैक्षिक क्यालेन्डर कार्यान्वयन हुने
५. विद्यमान शैक्षिक कार्यक्रममा सुधार एवम् नयाँ कार्यक्रमहरुको विकास तथा कार्यान्वयन हुने
६. विपन्न विद्यार्थीका लागि गरिब लक्षित आर्थिक सहयोग उपलब्ध हुने
७. प्राज्ञिक उत्कृष्ठताको लागि अनुसन्धान, विकास एवम् नव प्रवर्त्तन गरिने
८. परियोजना व्यवस्थापन तथा क्षमता अभिवृद्धि हुने

**आ.व. २०७१/०७२ का मुख्य क्रियाकलाप तथा लक्ष्य**

१. शैक्षिक संस्थाहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने
२. संस्थागत स्वायत्तता र विकेन्द्रीकरणका लागि तयारी पुरा गर्ने
३. प्राज्ञिक उत्कृष्ठता र अनुसन्धान सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्ने
४. शैक्षिक क्यालेन्डर तयार गरी कार्यान्वयन गर्ने
५. शैक्षिक सुधार र सान्दर्भिकता अभिवृद्धिका लागि विभिन्न कार्यहरु गर्ने
६. उच्च शिक्षामा समता प्रवर्धनका लागि छात्रवृत्तिलगायतका प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गर्ने
७. उच्च शिक्षा सम्बन्धी संस्था तथा कर्मचारीहरुको क्षमता विकासका कार्यहरु गर्ने

# खण्ड घ

# नीति तथा योजना

१. **उच्च शिक्षा सुधार परियोजना**

२. **भूकम्पपछिको आवश्यकता आँकलन (शिक्षा क्षेत्र)**

३. **उच्च शिक्षा नीति**

# उच्च शिक्षा सुधार परियोजना
# Higher Education Reforms Project, HERP

## पृष्ठभूमि

देशको उच्च शिक्षा सम्बन्धी विद्यमान समस्याको निराकरण गरी यसलाई राष्ट्रिय समसामयिक आवश्यकता एवम् प्राथमिकतासँग सान्दर्भिक बनाई अन्तराष्ट्रिय विकास क्रमसँग आबद्ध हुने गरी विकास गर्नुपर्ने चुनौतीलाई मध्य नजर राख्दै उच्च शिक्षा सम्बन्धी राष्ट्रिय नीति, उच्च शिक्षाको विकासका लागि राष्ट्रिय योजना आयोगबाट तर्जुमा गरिएको दीर्घकालीन योजना तथा विभिन्न समयमा सुधार एवम् विकासको मार्ग दर्शनका लागि गठन भएका आयोग/समितिले पेस गरेका सुझावसमेतलाई आधार मानी उच्च शिक्षा सुधार तथा विकासको राष्ट्रिय कार्यक्रम (National Program for Higher Education Reform and Development, NPHERD) तयार गरिएको छ ।

उक्त NPHERD को प्रमुख उद्देश्य प्राविधिक र सिपयुक्त मानव संशाधनको उत्पादन गर्नु, उच्च शिक्षामा पहुँचको अभिवृद्धि गर्नु, विद्यमान पाठ्यक्रमको समय सापेक्ष सुधार/रुपान्तर गर्नु, बजारोन्मुख र प्राथमिकता प्राप्त कार्यक्रमको विस्तार गर्नु, शैक्षिक क्षमता अभिवृद्धि तथा विश्व विद्यालयमा अध्ययन गर्ने वातावरणको अभिवृद्धि गरी प्राज्ञिक उत्कृष्टता एवम् अनुसन्धानको स्थलको रुपमा स्थापित गर्नु रहेको छ । राष्ट्र विकास योजनाका निर्धारित लक्ष्य एवम् सन् २०२२ सम्ममा नेपाललाई अति कम विकसित राष्ट्रबाट विकासोन्मुख राष्ट्रमा परिणत गर्ने राष्ट्रिय लक्ष्य प्राप्तिको लागि सहयोग पुऱ्याउने पनि यस कार्यक्रमको अभिप्राय छ ।

उच्च शिक्षा सुधार तथा विकासको राष्ट्रिय कार्यक्रमको अवधि छ वर्षको (सन् २०१४/१५ देखि सन् २०१९/२० सम्म) रहेको छ र अनुमानित लागत रू. ८४७.९२ करोड छ । उच्च शिक्षा सुधार तथा विकासको राष्ट्रिय कार्यक्रम (NPHERD) अन्तर्गत निम्न चार भागहरु छन् :

### *१. उच्च शिक्षा सुधार*

उच्च शिक्षा सुधारको उद्देश्य उच्च शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न, नयाँ ज्ञान र प्रविधिको विकास गर्न र उपलब्ध ज्ञान र प्रविधिको उपयोग गर्नको लागि अनुकूल वातावरण सिर्जना गर्नको लागि आवश्यक सुधारहरु गर्न उच्च शिक्षा संस्थाहरुलाई अभिप्रेरित गर्नु हो । यसअन्तर्गतका सुधारहरु निम्न क्षेत्रहरुमा केन्द्रित छन् :

१. प्रणालीगत तथा संस्थागत सुधार
२. प्राज्ञिक सुधार र सान्दर्भिकता
३. समता
४. प्राज्ञिक उत्कृष्टता र अनुसन्धान

### *२. उच्च शिक्षाका उत्कृष्टताका केन्द्रहरू*

राष्ट्रिय अर्थतन्त्रको प्रतिस्पर्धात्मक क्षमता विकासको लागि केही उच्च शिक्षाका उत्कृष्टताका केन्द्रहरुको विकास अपरिहार्य महसुस गरी केही उच्च शिक्षाका उत्कृष्टताका केन्द्रहरु स्थापना र विकास गरिने छ ।

### *३. उच्च शिक्षा प्रणाली सुदृढीकरण*

राष्ट्रिय उच्च शिक्षा नीतिमा प्रस्ताव गरिएबमोजिमको उच्च शिक्षा व्यवस्थापनको लागि आवश्यक पूर्वाधार स्थापना र सुदृढीकरण गरिने छ ।

### *४.नियमित कार्यक्रम*

नियमित कार्यक्रमअन्तर्गत विश्व विद्यालयहरुको लागि अनुदान, सामुदायिक क्याम्पसहरुको लागि नियमित अनुदान, छात्रवृत्ति, अनुसन्धान तथा विकास अनुदान, स्तरोन्नति कार्यक्रम आदि पर्दछन् ।

## उच्च शिक्षा सुधार परियोजना
## (Higher Education Reforms Project, HERP)

राष्ट्रिय उच्च शिक्षा सुधार तथा विकास कार्यक्रम (NPHERD) कार्यान्वयनमा सहयोग पुऱ्याउनका लागि उक्त कार्यक्रममा उल्लिखितमध्ये उच्च शिक्षा सुधार कार्यक्रम तथा नियमित/साविक कार्यक्रमअन्तर्गतका महत्त्वपूर्ण तथा प्राथमिकताका पक्षहरुलाई समेटी उच्च शिक्षा सुधार परियोजना Higher Education Reform Project (HERP) तर्जुमा गरिएको छ । राष्ट्रिय उच्च शिक्षा सुधार तथा विकास कार्यव्रmd (NPHERD) कार्यान्वयनमा सघाउन विश्व बैङ्कबाट ६५ मिलियन यु.एस.डी. बराबरको वित्तीय सहयोग (सहुलियत दरको ऋण) उच्च शिक्षा सुधार परियोजना (HERP) मार्फत उपलब्ध हुने छ ।

### परियोजनाको उद्देश्य

उच्च शिक्षामा प्रणालीगत/संस्थागत सुधार, शैक्षिक सुधार गरी उच्च शिक्षाको गुणस्तर तथा सान्दर्भिकतामा अभिवृद्धि, गरिब तथा पिछडिएका विद्यार्थीहरुको उच्च शिक्षामा समतामूलक पहुँचका लागि वित्तीय सहायताको व्यवस्था एवम् अनुसन्धान, प्रवर्तन तथा प्राज्ञिक उत्कृष्टताको विकास गर्नु यस परियोजनाको मुख्य उद्देश्य रहेको छ ।

### परियोजनाको क्षेत्र

राष्ट्रिय उच्च शिक्षा सुधार तथा विकास कार्यक्रमअन्तर्गत क्षेत्र १ - उच्च शिक्षा सुधार र क्षेत्र ४ - नियमित कार्यक्रममा सुधारलाई आधार बनाई यस परियोजना तयार गरिएको छ । यस परियोजनाले गुणस्तर प्रत्यायन प्राप्त उच्च शैक्षिक संस्थाहरुको वृद्धि, राष्ट्रिय प्राथमिकताका शैक्षिक कार्यक्रममा विद्यार्थीको भर्ना अभिवृद्धि, गरिब तथा पिछडिएका समुदायका विद्यार्थीहरुको सहभागितामा अभिवृद्धि, शैक्षिक क्यालेन्डरअनुसार विद्यार्थी भर्ना, परिक्षा सञ्चालन एवम् परीक्षा फल प्रकाशन, प्राज्ञिक एवम् अनुसन्धानमूलक कार्यक्रम तथा प्रकाशनमा अभिवृद्धि, उच्च शैक्षिक संस्थाहरुको व्यवस्थापन एवम् प्राज्ञिक स्वायत्ततामा अभिवृद्धि, शैक्षिक व्यवस्थापन सूचना प्रणालीको व्यवस्थापन आदि कार्यमा सहयोग पुग्ने छ ।

### परियोजनाका भागहरू

यस उच्च शिक्षा सुधार परियोजनाको मुख्य दुई भागहरु (Components) छन् :

**(क)** Component 1: **सुधार कार्यक्रम**

Component-१ मा निम्नानुसारका Disbursement Linked Indicators (DLI) मा आधारित  कार्यहरु सञ्चालन गरिने छन् :

### ***DLI 1 : गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी प्रणालीको स्थापना र सञ्चालन***

सुधार कार्यक्रम कार्यान्वयनका सिलसिलामा कार्यगत स्वायत्तता प्राप्त गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रणाली (QAA System) स्थापना गरी थप उच्च शैक्षिक संस्था/कार्यक्रमलाई प्रत्यायनकृत गरिने छ ।

### ***DLI 2 : कार्य सम्पादन तथा सूत्रमा आधारित लगानी /अनुदान दिने नीति कार्यान्वियन***

उच्च शैक्षिक संस्थाहरुलाई कार्य सम्पादन तथा सूत्रमा आधारित अनुदान दिने नीतिलाई थप प्रभावकारी बनाउन विद्यमान निर्देशिकालाई परिमार्जन गरी कार्यान्वयनका लागि विश्व विद्यालय अनुदान आयोगले आवश्यक संस्थागत व्यवस्था मिलाउने छ ।

### ***DLI 3: संस्थागत तथा प्राज्ञिक स्वायत्तताको अभिवृद्धि***

त्रि.वि. अन्तर्गतका  थप आङ्गिक क्याम्पसहरुलाई स्वायत्तता प्रदान गरिने छ । साथै स्वायत्तता प्राप्त आङ्गिक क्याम्पसहरु एवम् सम्बन्धन प्राप्त निजी तथा सामुदायिक क्याम्पसलाई शैक्षिक स्वायत्तता प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

### ***DLI 4 : त्रि.वि.को परीक्षा प्रणालीमा सुधार तथा शैक्षिक क्यालेन्डर तयार गरी सोको प्रभावकारी कार्यान्वियन***

त्रिभुवन विश्व विद्यालयको विद्यमान परीक्षा प्रणालीलाई सुदृढीकरण गर्न परीक्षा नियन्त्रण कार्यालयको क्षमता र कार्य कुशलतामा अभिवृद्धि गरिने छ । यसै गरी  त्रि.वि.को शैक्षिक क्यालेन्डर प्रभावकारी रुपले कार्यान्वयनमा ल्याइने छ ।

### ***DLI 5 : पाठ्यक्रम परिमार्जन तथा नयाँ कार्यक्रमको विकास तथा कार्यान्वियन***

शैक्षिक सुधार तथा सान्दर्भिकतामा अभिवृद्धिका लागि विद्यमान पाठ्यक्रममा परिमार्जन, कार्यक्रमहरुमा सुधार तथा प्राथमिकता क्षेत्रका नयाँ कार्यक्रमको विकास एवम् कार्यान्वयन गरिने छ ।

### ***DLI 6 : विपन्न वर्गका विद्यार्थी लक्षित वित्तीय सहायता***

गरिव तथा विपन्न वर्गको उच्च शिक्षामा पहुँच सुनिश्चितताका लागि विद्यमान विद्यार्थी वित्तीय सहयोग कोषलाई निरन्तरता दिई अझ बढी प्रभावकारी बनाइनेछ ।

### ***DLI 7 : प्राज्ञिक उत्कृष्टताका लागि अनुसन्धान, विकास र प्रवर्तनमा सहयोग :***

उच्च शिक्षालाई राष्ट्र विकाससँग सान्दर्भिक बनाउन परियोजनाले शिक्षक तथा विद्यार्थीहरुलाई अनुसन्धान, विकास तथा प्रवर्तन कार्यका लागि प्रोत्साहित गरिने छ । अनुसन्धान तथा प्रवर्तन कार्यलाई उद्योग वाणिज्यलगायत राष्ट्र विकासका विभिन्न पक्षसँग आबद्ध गरिने छ । उच्च शैक्षिक संस्थाहरुको क्षमता अभिवृद्धिको लागि प्रयोगशाला, पुस्तकालय तथा अन्य आवश्यक पूर्वाधारको सुधार तथा विकास गरिने छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उच्च शैक्षिक संस्था तथा अनुसन्धान कर्ताहरुबिच Research Exchange र Networking लाई प्रोत्साहित गरिने छ ।

त्रि.वि.मा नतिजामुखी प्राज्ञिक उत्कृष्टताका आधारमा शिक्षक पदोन्नति तथा पद स्थापन (Parallel Promotion and Recruitment) सम्बन्धी व्यवस्था गरिने छ ।

**(ख)** Component 2 : **क्षमता अभिवृद्धि र परियोजना व्यवस्थापन**

उच्च शिक्षा सुधार परियोजना कार्यान्वयन गर्नका लागि आवश्यक सबै व्यवस्थापन र सोको लागि आवश्यक कार्यान्वयन गर्ने निकाय, समन्वय गर्ने निकाय र सहभागी निकायहरुको क्षमता अभिवृद्धि यस Component अन्तर्गत व्यवस्थित गरिने छ ।

**परियोजना कार्यान्वयनको संस्थागत व्यवस्था**

परियोजना अन्तर्गतका कार्यक्रमहरुको कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी निम्न निकायहरुमा हुने व्यवस्था गरिएको छ :

| **क्र.सं.** | **निकाय** | **कैफियत** |
|---|---|---|
| १ | विश्व विद्यालय अनुदान आयोग | DLI १, DLI २, DLI ३, DLI ५ र DLI ७ सँग सम्बन्धित कार्यक्रमहरु |
| २ | त्रिभुवन विश्व विद्यालय | DLI ३, DLI ४, DLI ५ र DLI ७ (केही कार्यक्रमहरु) सँग सम्बन्धित कार्यक्रमहरु |
| ३ | विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति | DLI ६ सँग सम्बन्धित कार्यक्रमहरु |

यसका साथै परियोजना कार्यान्वयनका सन्दर्भमा नीतिगत समन्वय कायम गर्न एवम् उच्च शिक्षा सुधार परियोजनाको मुख्य मुख्य कार्यहरु सम्पादनका लागि विभिन्न समिति, परिषद् तथा शाखाको व्यवस्था गरिएको / गरिने छ ।

**परियोजनाको उपलब्धि मापन गर्ने मुख्य कार्य सम्पादन सूचकाङ्कहरू**

परियोजनाका उपलब्धिलाई मापन गर्नका लागि मुख्यतः निम्न सूचकाङ्कहरुलाई निर्धारण गरिएको छ :

(क) सूचकाङ्क - १ : प्रत्यायनकृत उच्च शैक्षिक संस्थाहरुको संख्या

(ख) सूचकाङ्क - २ : पहिचान भएका प्राथमिकताका क्षेत्रहरुमा भर्ना भएका विद्यार्थीहरुको प्रतिशत

(ग) सूचकाङ्क - ३ : परियोजनाअन्तर्गत सहयोग प्राप्त गरेका विपन्न वर्गका विद्यार्थीहरुको सङ्ख्या

(घ) सूचकाङ्क - ४ : त्रि. वि. अन्तर्गत स्नातक तहको केन्द्रीकृत परीक्षाहरुको नतिजा प्रकाशनमा लागेको औसत समय

(ङ) सूचकाङ्क - ५ : अनसन्धान अनुदान सहयोग प्राप्त गर्नेहरुबाट रेफरिड जर्नलमा भएको प्रकाशनहरुको सङ्ख्या

**परियोजनाबाट प्रत्यक्ष रूपमा लाभान्वित हुनेहरू**

१. त्रिभुवन विश्व विद्यालय (त्रि.वि.) तथा अन्य विश्व विद्यालयहरु
२. त्रि.वि.का केन्द्रीय विभागहरु/स्कुलहरु/सङ्कायहरु, त्रि.वि.का स्वायत्तता प्राप्त आङ्गिक क्याम्पसहरु, त्रि.वि तथा अन्य विश्व विद्यालयका आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरु
३. अनुसन्धान अनुदान सहयोग प्राप्त गर्ने व्यक्ति तथा संस्थाहरु
४. गरिब तथा विपन्न वर्गका विद्यार्थीहरु

# भूकम्पपछिको आवश्यकता आंकलन (शिक्षा क्षेत्र)
# Education

## Introduction

The PDNA for the education sector is part of the broader PDNA conducted for all sectors under the overall leadership of the National Planning Commission (NPC). It is a joint exercise of the Government of Nepal (GoN) and development partners, and has been led by the Ministry of Education (MoE).

The overall objective of this assessment is to take stock of the damages and losses faced by the sector and provide estimates of the recovery and reconstruction needs using the principle of building back better. The assessment covers the entire sector, which includes early childhood education and development (ECED), school education (grades one to 12), technical and vocational education and training (TVET), higher education, and non-formal education /life-long learning. The damages and losses for the sector are based on the data and information provided to the MoE by the various subsectors- Department of Education (DoE) for ECED and school education, Council for Technical Education and Vocational Training (CTEVT) for TVET, University Grants Commission for higher education, and Non-Formal Education Centre for non-formal education/lifelong learning (including community learning centers). Data on damages and losses to the community and institutional libraries is also included. Additionally, the sector assessment team undertook field visits and held consultations with representatives of all central line agencies, including CTEVT and University Grants Comission, representatives of private schools, and various teacher organizations to understand the effects of the disaster on the functioning of the education system and to solicit their suggestions for potential recovery strategies and interventions.

**Damages and Losses**

The net value of the total damages and losses to the education sector is estimated at NPR31317.9 million (US$313.2 million) at predistar prices. Of this, the damage to infrastructure and physical assests is estimated at NPR 28,063 million (US$ 289.6 million). Further, the sector encountered losses of NPR 3254.2 million (US$ 32.5 million). Overall , the public sector suffered more in terms of damages and losses when compared to private sector. Of the total effect, 92 percent accrues to the public sector and only 8 percent to the private sector. More than 80 percent of this has occured in the 14 most-affected districts. Early Childhood Development centres and school education subsectors accounted for 90.2 percent of the total damages and losses, followed by 7.9 percent in higher education and 1.6 percent in Technical (TEVT) institutes. Community learning centres and public libraries were also affected in these areas. The damages and losses reported in this assessment should be viewed as lower bound estimates owning to the underreporting of private institutions, limitations in the approache to reporting damage, and the use of conservative unit costs.

Educational services in the affected areas were severely disrupted by the earthquake. This is likely to have an impact on enrolment, attendance and internal efficiency, leading to an increase in the number of out-of-school children. It may also lead to an increase in the number of children with disabilities or significant injuries who may be unable to access education. With an increase in the demand for additional labour both at home and in the market, it is reasonable to assume that some children, particularly in the higher grades, may become less regular or drop out eventually. There may be a decrease in their motivation to learn. It is, therefore, expected that the affected schools might experience a decline in the learning outcomes of children in the short to medium term.

Table: Summary of Damages and Losses

| **Subsector** | **Disaster Effects (NPR million)** | | | **Share of Disaster Effects** | |
|---|---|---|---|---|---|
| | **Damage** | **Loss** | **Total** | **Private** | **Public** |
| ECD | 402 | 12 | 414 | 302 | 112 |

| | | | | | |
|---|---|---|---|---|---|
| School | 24642 | 3191 | 27833 | 1162 | 26671 |
| TVET | 487 | 7 | 494 | 10 | 484 |
| Higher Education | 2430 | 42 | 2473 | 891 | 1582 |
| NFE/LLL | 23 | 1 | 24 | - | 23 |
| General Governance and Administration | 79 | 2 | 82 | - | 82 |
| Total | 28064 | 3254 | 31318 | 2365 | 28953 |

*Note: Needs for School and ECD subsectors have been merged*

Recovery Needs

The total recovery and reconstruction needs for the education sector for the next five years (Fiscal years 2015-2019) using the principle of building back better is estimated at NPR 39705.8 million (US$ 397.1 million), of which the majority (91 percent) is needed for the recovery and reconstruction of the school subsector.

**Recovery Strategy**

In the short term, the focus will be on the resumption of educational services through establishment of temporary/transitional learning spaces and provision of textbooks/learning materials, debris removal, detailed structural assessments of facilities, and development of appropriate designs, prototypoes and institutional arrangements for reconstruction. Psychosocial support and short6-term training in construction-orientated trades will also be conducted.

**Table: Summary of Recovery Needs**

| Description | Financial Year (NPR million) | | | Total |
|---|---|---|---|---|
| | 2015-16 | 2016-17 | 2017-18 | |
| Recovery activities | 4559 | 164 | 461 | 5184 |
| Reconstruction activities | 1785 | 13840 | 18897 | 34522 |
| School 1-12 | 1574 | 12595 | 17319 | 31488 |
| Technical | 31 | 205 | 277 | 513 |
| Higher education | 113 | 902 | 1241 | 2256 |
| NFE | 3 | 11 | 12 | 26 |
| Administration | 64 | 125 | 49 | 238 |
| Total | 6344 | 14003 | 19358 | 39706 |

Medium term needs will be dominated by the creconstruction and retrofitting of school/collage buildings and allied structures to build back better. This will require improvements in policies, guidelines and systems for improved safety, which will take into account the need for rationalization of the number and location of current schools. In Nepal's School Sector Reform Plan (SSRP) there is a provision for merger and sconsolidation of many scattered and poorly endowed schools into a smaller number of larger and better schools. Indeed, many existing primary schools could be truned into early child development centres and some secondary schools could be downgraded to promary schools. Instead of setting up or upgrading schools in every settlement, serious condideration would be given to investing in fewer but better equipped earthquake resistant schools with more open space, playgrounds, better amenities, and trained teachers.

Human resource needs at various levels will be strengthened to ensure compliance and quality assurance at all phases of reconstruction and rehabilitation. The focus will also be on curriculum reforms from a DRR and resilience perspective. In the long run, the focus will be on developing a nationwide policy and implementation plan for education safety across the country. Subsequent subsectoral plans and programmes will take on board such long term devdlopmental measures to

ensure that physical construction is extensively supported by interventions to increase the quality of education and enhance the learning environment.

Although Nepal has achieved gender parity for school enrolment at the primary school level, girls still lag behind at secondary and tertiary education levels. As families struggle to cope with the impact of the earthquake, there is and added risk of girls being pulled out of school to help in productive activities. Another immiment risk to girls inschools is that of child and early marriage, which is still common in Nepal. Sustained monitoring of school attendance rates for boys and girls will be critical for taking corrective measures to stem the incidence of children dropping out of school. Reconstruction of adequate and segregated school toilets schould be prioritized to provide access to hygienic and private sanitation facilites for adolescent girls.

The overall recovery strategy will prioritize the needs of the 56 affected districts in a phsed manner, but it will gradually extend tis ambit to include all educational institutions across the country. The major elements of the strategy include restructuring the system of the Ministry of Education (MoE) to respond more effectively to multi-hazards; strengthening the systemic capacity to deal effectively with post-disaster response, recovery and reconstruction on the basis ot the BBB approach; and interventions in non-structural aspects. The special needs of girls, children from poor households as well as children living with disabilities will be taken into account by adapting existing policies (such as, separate toilets in Temporary Learning Centres (TLC), targeted incentives and mid-day meals). Given that private educational institutions (schools, TVET institutes and university colleges) are not funded by government resources, provisions will be made to provide them with sccess to soft loans for reconstruction return for meeting the rwquisite safety standards.

**Implementing Arrangements**

Implementation arrangements for recovery and reconstruction will vary among different subsectors of education. Dedicated mechnisms will be instituted within the Ministy or Department of Education (DoE), The Council for Technical Education and Vocational Training (CTEVT) and Universities (including third party verification) to ensure strict adherence to morms and standards in the design and construction of all educational facilities. In the school subsector, the number of design and construction supervision engineers and sub-engineers will be increased at all levels by hiring additional human resources, and technical experitse for speedy recovery, compliance and quality assurance. TVET and higher education subsectors will be required to establish coordination committees within their respective agencies and to assign specialized institutions within their ambit to manage and oversee the overall sagety and quality.

*Source: Nepal Earthquake 2015, Post Disaster Needs Assessment Vol. A: Key Findings, GoN National Planning Commission, Kathmandu.*

# उच्च शिक्षा नीति, २०७२

## १. पृष्ठभूमि

शिक्षामा समतामूलक पहुँच अभिवृद्धि गर्ने, उच्च शिक्षालाई सिपसँग आबद्ध गर्ने र प्राविधिक तथा वैज्ञानिक शिक्षाका अवसरहरु वृद्धि गर्दै लैजानुपर्ने सन्दर्भमा उच्च शिक्षालाई व्यवस्थित गर्दै लैजान सरकारका साथै निजी क्षेत्र, सहकारी, गुठी, स्थानीय निकाय एवम् समुदायलाई समेत उत्तरदायी बनाई समग्र शैक्षिक प्रक्रिया तथा कार्यक्रमहरुलाई प्रभावकारी, सान्दर्भिक र गुणस्तरीय बनाउनुपर्ने आवश्यकता छ । उत्कृष्ट शैक्षिक गुणस्तर सुनिश्चित गर्नु हरेक उच्च शिक्षा प्रदायक संस्थाहरुको न्यूनतम दायित्वभित्र पर्दछ । शैक्षिक संस्थाहरु निश्चित मापदण्डमा गुणस्तरयुक्त शिक्षा प्रदान गर्ने उत्कृष्ट प्राज्ञिक थलो हुने स्थापित मान्यता स्वरुप गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन (Quality Assurance and Accreditation—QAA) प्रणालीको थालनी भएको छ । यस प्रणालीलाई सुदृढ एवम् सबल बनाई सबै उच्च शिक्षा प्रदायक संस्थाहरुलाई समेट्ने गरी प्रणालीगत विकास गर्ने कार्य अझै बाँकी नै छ ।

उच्च शिक्षालाई गुणस्तरीय बनाई समतामूलक पहुँच सुनिश्चित गर्न र आधुनिक ज्ञान, सिप, विज्ञान, कला एवम् प्रविधिमा दक्ष, प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस तहको शिक्षाको समय सापेक्ष रुपमा विकास र विस्तार गर्नु आवश्यक छ । नेपाल विश्व व्यापार सङ्गठनको सदस्य भएपछि विदेशी उच्च शिक्षा प्रदायक संस्थाहरु तथा तिनका सम्बन्धनमा उच्च शिक्षा संस्थाहरु खुल्ने क्रम बढेकाले यस तहको शैक्षिक व्यवस्थापन थप सुदृढ गर्नुपर्ने देखिन्छ । हाल सञ्चालनमा रहेका र भविष्यमा खोलिने उच्च शिक्षा प्रदायक संस्थाहरुको विकास, व्यवस्थापन र नियमनका लागि उच्च शिक्षा नीति २०७२ तर्जुमा गरिएको छ ।

## २. विगतका प्रयासहरू

उच्च शिक्षा व्यवस्थापन र सञ्चालनका लागि एकीकृत उच्च शिक्षा नीतिको व्यवस्था नभएको भएता पनि विभिन्न समयमा नेपाल सरकारबाट गठित आयोगहरुले दिएका सुझाव र सरकारबाट जारी भएका नीति तथा कार्यक्रमका आधारमा उच्च शिक्षाको व्यवस्थापन भई आएको छ । हाल सञ्चालित विश्व विद्यालय आआफ्नै ऐन र विनियमहरुबाट स्वायत्त रुपमा सञ्चालन हुँदै आएका छन् । नेपाल सरकारबाट उपलब्ध हुने अनुदान निश्चित मापदण्डका आधारमा विश्व विद्यालय अनुदान आयोगबाट वितरण भई आएको छ ।

विगतदेखि उच्च शिक्षाको क्षेत्रमा सार्वजनिक नीतिका रुपमा तय गरिएका उच्च शिक्षाका नीतिहरु छरिएर रहेको अवस्थामा राष्ट्रिय आवश्यकता, उच्च शिक्षाको बढ्दो माग, उच्च शिक्षामा विश्वव्यापी रुपमा आएको परिवर्तन र उत्पादित जनशक्तिले अन्तर्राष्ट्रिय रुपमा सामना गर्नुपर्ने प्रतिस्पर्धालाई समेत दृष्टिगत गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरुसमेतको सहभागितामा उच्च शिक्षा नीतिको समसामयिक विषयमा राष्ट्रिय सम्मेलनसमेत गरिएको थियो । यस सम्मेलनबाट प्राप्त भएका सुझाव र विगतका प्रयासहरुलाई एकीकृत गरी सरोकारवालाहरुसँगको छलफलबाट उच्च शिक्षा नीतिले समेट्नुपर्ने विषयगत क्षेत्रहरुको पहिचान भएको थियो । राष्ट्रिय आवश्यकताका आधारमा सरोकारवालाहरुबाट प्राप्त राय सुझावसमेतका आधारमा नयाँ परिवेशमा छरिएर रहेका नीतिहरुलाई प्रस्तुत उच्च शिक्षा नीति २०७२ मा समेटिएको छ ।

## ३. वर्तमान स्थिति

२०७१ सालसम्मको तथ्याङ्कअनुसार उच्च शिक्षा प्रदायकका रुपमा ९ ओटा विश्व विद्यालयहरु र ४ ओटा स्वास्थ्य विज्ञान प्रतिष्ठानहरु रहेका छन् । नेपालमा उच्च शिक्षाको विकास र विस्तारमा सरकारका साथै समुदाय र निजी क्षेत्रसमेतको लगानी र प्रयास रहेको छ । यसका लागि लागत आपुरण, निजी क्षेत्रको लगानी, सामुदायिक सहभागिता,

मागमा आधारित कार्यक्रम सञ्चालन र विश्व विद्यालयबाट आय स्रोतको परिचालन जस्ता नमुना विकास गर्नका लागि स्थानीय निकाय, समुदाय र निजी क्षेत्रहरुलाई पनि उच्च शिक्षा विकास साझेदारका रुपमा सहभागी हुने अवसर खुला गरिएको छ । यसको परिणाम स्वरुप हाल उच्च शिक्षा प्रदान गर्ने १२७६ क्याम्पसहरुमध्ये ९६ ओटा आङ्गिक क्याम्पसका रुपमा र ४२९ ओटा समुदायबाट सञ्चालित छन् भने ७५१ ओटा निजी लगानीमा सञ्चालित छन् । अहिले नेपालको उच्च शिक्षाको कुल भर्ना दर १७.१ प्रतिशत पुगेको छ । सङ्ख्यात्मक रुपमा उच्च शिक्षा प्रदायक संस्थाहरुको विस्तार भएको देखिएता पनि उच्च शिक्षाको पहुँच र अवसर समतामूलक बन्न सकेको छैन ।

**४. समस्याहरू**

उच्च शिक्षा क्षेत्रमा देखा परेका समस्याहरु देहायअनुसार छन् :

(अ) नेपालमा उच्च शिक्षाप्रतिको जन चाहना )त गतिमा बढेको छ । हरेक वर्ष विद्यार्थी भर्ना दर बढेको छ । उच्च शिक्षासँग सम्बद्ध नयाँ संस्थाहरु प्रति वर्ष थपिँदै गएका छन् । तर यो विस्तार योजनाबद्ध र व्यवस्थित हुन सकेको छैन ।

(आ) उच्च शिक्षामा आर्थिक रुपले विपन्न र भौगोलिक रुपले पिछडिएका क्षेत्रका नागरिकहरुको सहभागिता बढ्न सकेको छैन । सामाजिक तथा आर्थिक रुपले पछाडि परेका क्षेत्रका विद्यार्थीहरुका लागि विभिन्न प्रकारका छात्रवृत्तिको व्यवस्था गरिएको भएता पनि लक्षित समूहका लागि पर्याप्त हुन सकेको छैन ।

(इ) पाठ्यक्रमलाई समय सापेक्ष बनाउन नसक्दा उच्च शिक्षाको उद्देश्य अनुकूल हुने गरी शैक्षिक क्रियाकलाप सञ्चालन, परीक्षा प्रणालीको व्यवस्था, शैक्षिक क्यालेन्डरको पालना, उपयुक्त शैक्षिक वातावरणको सिर्जना र उच्च शिक्षा प्रदायक संस्थाहरुको क्षमता वृद्धि गर्न सकिएको छैन ।

(ई) उच्च शिक्षा प्रदायक संस्थाहरुमा उपयुक्त प्राज्ञिक वातावरण कायम हुन नसक्दा शैक्षिक क्यालेन्डर प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेकाले समय र स्रोत खेर गएको छ । यसका साथै प्राज्ञिक सभा, गोष्ठी, नेतृत्व विकास, अनुसन्धान, परियोजना कार्य, प्रवर्तनात्मक क्रियाकलाप जस्ता अध्ययन अध्यापनका महत्त्वपूर्ण क्रियाकलापहरु ओझेलमा परेका छन् ।

(उ) मुलुकका उच्च शिक्षा प्रदायक संस्थाहरुका बिच अन्तरसम्बन्ध कायम गरी नेतृत्व विकास, अनुसन्धान, प्रवर्तन एवम् विकास कार्यमा सहकार्य र एकरुपता कायम गरी अगाडि बढ्न सकिएको छैन ।

(ऊ) उच्च शिक्षा प्रदायक संस्थाहरु राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरअनुकूल चुस्त एवम् प्रतिस्पर्धात्मक हुन सकेका छैनन् । वर्तमान अन्तर्राष्ट्रिय प्रवृत्ति र प्रचलनअनुसार उच्च गतिमा वृद्धि हुँदै गएको ज्ञान एवम् त्यसको उपयोग र आधुनिक सूचना प्रविधिको उपयोगसँगै खुला शिक्षाको विस्तार हुन सकेको छैन ।

(ए) एकीकृत उच्च शिक्षा नीतिको अभावमा एकातिर उच्च शिक्षा विकासको उचित गन्तव्यसहित दूरगामी सोचमा आधारित योजना निर्माण हुन सकेको छैन भने अर्कोतिर उच्च शिक्षा प्रदायक संस्थाहरुको स्थापना, सञ्चालन, विकास र विस्तारमा एकरुपता कायम हुन सकेको छैन । विश्व विद्यालयहरु बेग्लाबेग्लै ऐनअन्तर्गत स्थापना भई सञ्चालनमा रहेका हुँदा समन्वयको अभाव रहेको छ ।

(ऐ) उच्च शिक्षामा लगानी, उत्पादन र प्राज्ञिक कार्यकुशलताका बिच सहसम्बन्ध स्थापित गर्न नसक्दा उच्च शिक्षा प्रदायक संस्थाहरु खोल्न र सञ्चालनमा अस्वस्थ प्रतिस्पर्धा बढेको छ ।

## ५. उच्च शिक्षा नीतिको आवश्यकता

उच्च शिक्षाका पहुँच, समता, गुणस्तर र व्यस्थापनका क्षेत्रमा विद्‌यमान विविध समस्या तथा चुनौतीहरुलाई सम्बोधन गर्नका लागि एकीकृत उच्च शिक्षा नीतिको आवश्यकता परेको छ । उच्च शिक्षा संस्थाहरुको सङ्काय, तिनका शैक्षिक कार्यक्रमहरु एवम् विद्‌यार्थी भर्नामा भएको वृद्‌धिलाई सम्बोधन गर्न आन्तरिक स्रोतको परिचालन गरी उच्च शिक्षालाई सरकारी, सामुदायिक एवम् निजी लगानी समेतलाई प्रोत्साहन गर्न एकीकृत उच्च शिक्षा नीति तर्जुमा गर्नुपरेको छ । विश्व विद्‌यालयहरु बेग्लाबेग्लै ऐनअन्तर्गत स्थापना भई सञ्चालनमा रहेका हुँदा समन्वयको अभावलाई सम्बोधन गर्न यो नीति तर्जुमा गर्नुपरेको छ । उच्च शिक्षा प्रदायक संस्थाहरुको व्यवस्थापन र नियमनलाई एकीकृत ढाँचामा आबद्‌ध गरी एक संस्थाको ज्ञान अर्को संस्थामा स्थानान्तरण गर्न र विश्व विद्‌यालयहरु बिच क्रेडिट ट्रान्सफर (पाठ्‌यभार स्थानान्तरण) र समायोजन गर्नका लागि समेत उच्च शिक्षा नीति तर्जुमा गर्नुपरेको हो ।

### दूरदृष्टि (Vision)

मुलुकको सवाङ्गीण विकासका लागि सान्दर्भिक अनुसन्धान तथा ज्ञान अभिवृद्‌धि र अन्तर्राष्ट्रिय विकासक्रमसँग आबद्‌ध गर्न सक्ने उच्च स्तरको मानव संसाधन विकास गर्न उच्च शिक्षा प्रदायक संस्थाहरुलाई नेतृत्वदायी उत्कृष्ट प्राज्ञिक केन्द्रका रुपमा विकास गर्ने ।

### सङ्कल्प (Mission)

प्राज्ञिक उत्कृष्टता तथा उन्नयनका लागि अध्ययन तथा अनुसन्धान गर्ने समतामूलक एवम् समावेशी अवसरसहित प्रतिस्पर्धात्मक, गुणस्तरयुक्त र उपलब्धिमूलक उच्च शिक्षा प्रदायक संस्थाको सञ्चालन र व्यवस्थापन हुने ।

## ६. उद्‌देश्य

देशको सामाजिक तथा आर्थिक विकासका लागि विभिन्न क्षेत्रहरुमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य, दक्ष, अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी र अनुसन्धानमुखी मानव संसाधन विकास गर्नु उच्च शिक्षाको प्रमुख उद्‌देश्य रहेको छ । उच्च शिक्षाको प्रभावकारी व्यवस्थापन र सञ्चालन प्रयोजनका लागि तयार गरिएको यो उच्च शिक्षा नीतिको निम्न लिखित उद्‌देश्यहरु रहेका छन् :

६.१ उच्च शिक्षा प्रदायक संस्थाहरुको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनलाई नियमित, व्यवस्थित र मर्यादित बनाउँदै उच्च शिक्षामा पहुँच अभिवृद्‌धि गर्ने

६.२ विद्‌यालय शिक्षामा भएको क्षेत्रगत विस्तार र विविधीकरण समेतलाई दृष्टिगत गरी उच्च शिक्षालाई मौलिक ज्ञान र पहिचानको आधार स्तम्भका रुपमा स्थापित गरी समग्र सामाजिक र आर्थिक विकासको उन्नयनका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित प्रतिस्पर्धी र उद्‌यमशील मानव संसाधन विकास गर्ने

६.३ उच्च शिक्षामा अध्ययन तथा अनुसन्धानका अवसरहरु वृद्‌धि गरी सान्दर्भिक, उपयोगी, गुणस्तरीय एवम् अन्तर्राष्ट्रिय परिवेशअनुकूल प्रतिस्पर्धी बनाउने

## ७. नीतिहरू

७.१ विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थीको क्षमता र योग्यता ( Aptitude and Merit) का आधारमा सबैका लागि उच्च शिक्षामा प्रवेश खुल्ला हुने छ ।

७.२ गुणस्तर सुनिश्चितताका लागि राष्ट्रिय गुणस्तर प्रारुप तयार गरी सोको आधारमा शैक्षिक संस्थाहरु सञ्चालन भएको सुनिश्चित गरिने छ ।

७.३ राष्ट्रको समग्र आर्थिक तथा सामाजिक विकास र राजनीतिक रुपान्तरणबाट सिर्जित राष्ट्रिय प्राथमिकताका क्षेत्रहरुलाई सम्बोधन गर्न उच्च शिक्षाका कार्यक्रमहरु केन्द्रित गरिने छ ।

७.४ उच्च शिक्षा प्रदायक संस्थाहरु (विश्व विद्यालयहरु तथा तिनका आङ्गिक एवम् सम्बन्धन प्राप्त शिक्षण संस्थाहरु) को प्राज्ञिक उत्कृष्टता एवम् अन्तर्राष्ट्रिय प्रतिस्पर्धाका लागि पाठ्यक्रम र शैक्षिक प्रणाली एवम् व्यवस्थापनमा समय सापेक्ष सुधार गरिने छ ।

७.५ उच्च शिक्षामा अनुसन्धान एवम् प्रवर्तनलाई उच्च शिक्षा कार्यक्रमको अभिन्न अङ्गका रुपमा विकास गरिने छ ।

७.६ उच्च शिक्षालाई राष्ट्र विकासका लागि आवश्यक मानव संसाधन विकास गर्ने यन्त्रको रुपमा विकासित गरिने छ ।

७.७ उच्च शिक्षाको विकासका लागि सार्वजनिक, सामुदायिक, निजी र साझेदारी कार्यलाई प्रोत्साहित गरिने छ ।

७.८ निश्चित मान्यता, मापदण्ड तथा प्रक्रियागत उत्तरदायित्व र जवाफदेहिताका आधारमा उच्च शिक्षामा लगानीका क्षेत्र विस्तार गरी परिणाममुखी वित्तीय व्यवस्थापनको ढाँचा अवलम्बन गरिने छ ।

७.९ केन्द्र, प्रदेश र स्थानीय तहबाट विश्व विद्यालयहरुको स्थापना, सञ्चालन तथा व्यवस्थापन र वर्गीकरण गरिने छ ।

७.१० उच्च शिक्षाको समन्वय तथा नियमन सरकारको दायित्वभित्र रहने र सरकारले लिएका नीति निर्देश गर्ने कार्य शिक्षा मन्त्रालयबाट हुने छ ।

## ८. रणनीतिहरू

उच्च शिक्षा नीतिको प्रभावकारी कार्यान्वयनका लागि अवलम्बन गरिने रणनीतिहरु निम्नानुसार हुने छन् :

८.१ विश्वसनीयता एवम् प्रतिस्पर्धात्मक क्षमताको सुनिश्चित हुने गरी खुला एवम् दूर शिक्षालगायतका व्यवस्थामार्फत उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्ने (७.१)

८.२ उच्च शिक्षामा पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी र जनजाति, दलित, मधेसी समुदाय, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रुपले विपन्न समुदाय र वर्गको उच्च शिक्षा अध्ययनमा निरन्तरताका लागि सहयोग कार्यक्रमहरुको व्यवस्था गर्ने (७.१)

८.३ गुणस्तरको सुनिश्चितता एवम् प्रत्यायनका लागि स्वायत्त गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन बोर्ड स्थापना गर्ने (७.२)

८.४ हाल सञ्चालनमा रहेका उच्च शिक्षा प्रदायक संस्थाको सुधार एवम् नयाँ शैक्षिक संस्थाहरुको स्थापनाका लागि गुणस्तरको सुनिश्चितता तथा प्रत्यायनलाई एक प्रमुख आधार बनाउने (७.२)

८.५ उच्च शिक्षा प्रदायक संस्थाहरुको गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई राष्ट्रिय आवश्यकता एवम् अन्तर्राष्ट्रिय विकासक्रम, मान्यता र प्रचलनसँग सान्दर्भिक बनाउने (७.२)

८.६ देशको विशेषता, सन्दर्भ एवम् विकासका सम्भाव्यताहरुलाई ध्यानमा राखी उच्च शिक्षालाई राष्ट्रिय विकासका प्राथमिकताका क्षेत्रहरु कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद विज्ञान (Sports Science), जलवायु परिवर्तनलगायतका सेवा क्षेत्रहरुमा केन्द्रित गरी प्रतिस्पर्धात्मक क्षमताको विकासमा जोड दिई अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम ज्ञान, सिप एवम् प्रविधिको विकास गर्ने (७.३)

८.७ प्राकृतिक वातावरणको सन्तुलन, विपद् व्यवस्थापन एवम् दिगोपनका लागि उच्च शिक्षा कार्यक्रमहरुको विस्तार गर्ने (७.३)

८.८ उच्च शिक्षा सञ्चालनमा संस्थागत स्वायत्तता तथा विकेन्द्रीकृत व्यवस्थापन पद्धति अवलम्बन गर्ने ( ७.४)

८.९ उच्च शिक्षा प्रदायक विदेशी संस्थाहरु तथा तिनका सम्बन्धनमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरु र तिनका शैक्षिक कार्यक्रमहरुलाई राष्ट्रिय आवश्यकता र हितका आधारमा प्रभावकारी नियमन तथा व्यवस्थापन गर्ने र स्वदेशकै विश्व विद्यालयहरुका सम्बन्धन प्राप्त उच्च शिक्षा प्रदायक संस्थाहरुलाई पनि राष्ट्रिय नियमन ढाँचाअन्तर्गत ल्याई विदेशी विश्व विद्यालयबिच समन्वय गरी शिक्षण सिकाइ आदान प्रदान गर्ने (७.४)

८.१० विश्व विद्यालय एवम् उच्च शिक्षा प्रदायक संस्थाहरुको अनुसन्धान कार्यक्रमहरुलाई राष्ट्रिय आवश्यकता एवम् अवसरहरुसँग आबद्ध गरी शैक्षिक अनुसन्धान एवम् नवप्रवर्तनका लागि क्षमता अभिवृद्धि गर्ने (७.५)

८.११ राष्ट्रको मानव संसाधन योजनाका आधारमा आवश्यक मानव स्रोत विकासका लागि शैक्षिक कार्यक्रमहरु कार्यान्वयन गर्ने (७.६)

८.१२ सामुदायिक, सार्वजनिक तथा निजी क्षेत्रलाई उच्च शैक्षिक संस्थाहरु खोल्न, सञ्चालन गर्न तथा विकास गर्न प्रोत्साहित गर्ने (७.७)

८.१३ विदेशी शैक्षिक संस्थाहरुसँगको सहकार्यमा वा सम्बन्धन प्राप्त गरी शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने उच्च शिक्षा प्रदायक संस्थाहरुलाई प्रचलित राष्ट्रिय नीति, आवश्यकता एवम् अन्तरराष्ट्रिय सम्झौताका आधारमा मात्र स्वीकृति प्रदान गर्ने (७.७)

८.१४ उच्च शिक्षामा लगानी तथा आर्थिक व्यवस्थापनलाई पारदर्शिता र उत्तरदायित्वका आधारमा उपयुक्त प्रविधिसहितको प्रणालीगत विकास गरी वित्तीय नियमन तथा अनुगमन गर्ने प्रबन्ध मिलाई सरकारी अनुदानलाई उत्पादकत्व र गुणस्तरसँग आबद्ध गर्ने (७.८)

८.१५ विश्व विद्यालयहरु सार्वजनिक, सामुदायिक, निजी, निजी तथा सार्वजनिक साझेदारीलगायत आवश्यकताअनुसार उपाधि प्रदान गर्ने संस्था (Degree Awarding Institutions), आवासीय विश्व विद्यालय, शैक्षिक उत्कृष्टताका केन्द्रहरु, प्रतिष्ठानहरु, मानित विश्व विद्यालयहरुसमेत समेटिने गरी उच्च शैक्षिक संस्थाहरुको वर्गीकरण गर्ने (७.९)

८.१६ उच्च शिक्षा प्रदायक संस्था एवम् शैक्षिक कार्यक्रममा गुणस्तर सुनिश्चितताको मान्यता र मापदण्डका आधारमा नियमन गर्ने (७.९)

८.१७ उच्च शिक्षा प्रदायक संस्था एवम् शैक्षिक कार्यक्रमको सञ्चालन, व्यवस्थापन र नियमन गर्ने विद्यमान संस्थागत संयन्त्रको पुनरावलोकन गरी आवश्यक संरचनागत प्रबन्ध गर्ने (७.१०)

## ९. कार्यनीतिहरू

९.१ उच्च शिक्षाको पहुँच पुग्न नसक्ने दुर्गम स्थान र वैकल्पिक पहुँचको आवश्यकता पर्नेहरुलाई ध्यानमा राखी खुला विश्व विद्यालय्लगायत खुला एवम् दूर शिक्षा प्रणालीको संस्थागत विकास गरिने छ। (८.१)

९.२ उच्च शिक्षालाई राष्ट्रिय प्राथमिकताका आधारमा व्यवस्थापन गर्न कृषि तथा वन, पर्यावरण, विज्ञान एवम् प्रविधि, चिकित्सा विज्ञान, आयुर्वेद, पर्यटन, इन्जिनियरिङ, जल विद्युत्, नवीकरणीय शक्ति, उद्योग तथा व्यापारलगायतका क्षेत्रसँग सम्बद्ध कार्यमूलक एवम् रोजगारउन्मुख उच्च शिक्षाको विकास र विस्तारलाई प्राथमिकता दिइने छ। (८.१)

९.३ उच्च शिक्षामा देशको आर्थिक विकास, उत्पादन एवम् रोजगारमूलक शिक्षाका लागि आवश्यक शैक्षिक कार्यक्रमहरुको संस्थागत विकास गरिने छ। (८.१)

९.४ विद्यमान उच्च शिक्षा प्रदायक संस्था तथा तिनका कार्यक्रमहरुको समावेशी एवम् प्रभावकारी व्यवस्थापन गरिने छ। (८.२)

९.५ सामाजिक तथा समतामूलक सहभागिताका लागि आर्थिक सहायताको व्यवस्था गरिने छ। (८.२)

९.६ आर्थिक रुपमा पिछडिएका प्रतिभावान तथा सीमान्तकृत, दलित, अपाङ्ग, लोपोन्मुख जाति, जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सिर्जना गर्न र राज्यले आवश्यक लगानी गर्ने वातावरण तयार गर्न निम्नानुसारका कार्यक्रमहरु सञ्चालन गरिने छन् : (८.२)

(अ) छात्रवृत्ति

(आ) सहुलियत ऋण

(इ) स्वआर्जनद्वारा अध्ययन गर्ने प्रावधान

९.७ गुणस्तर सुनिश्चितता र प्रत्यायन प्रमाण पत्रका आधारमा मात्र विदेशी उच्च शिक्षा प्रदायक संस्थालाई सम्बन्धन दिइने छ । त्यस्ता संस्थालाई विदेशमा सम्बन्धन दिन वा कार्यक्रम सञ्चालन गर्न सम्बन्धित मुलुकका राष्ट्रिय उच्च शिक्षा निकायबाट स्वीकृति प्राप्त भएकै हुनुपर्ने प्रावधान राखिने छ । (८.३)

९.८ प्रत्यायन बोर्डद्वारा अनुसन्धान एवम् नव प्रवर्तनमुखी पाठ्यक्रम र पठन पाठन कार्यलाई प्रोत्साहित गरिने छ । (८.३)

९.९ विश्व विद्यालयहरुले व्यावसायिक तथा प्राविधिक विषयहरु गुणस्तर सुनिश्चितता र प्रत्यायन प्रमाण पत्र प्राप्त संस्थाहरुलाई मात्र सञ्चालन गर्न अनुमति दिने व्यवस्था गरिने छ । (८.३)

९.१० उच्च शिक्षा प्रदायक संस्थाहरुले गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन प्रक्रियामा सहभागी भई प्रत्यायन प्राप्त गर्ने छन् । गुणस्तर सुनिश्चितता एवम् प्रत्यायनका आधारमा उच्च शिक्षा प्रदायक संस्थाहरुको विकास एवम् सुधार गरिने छ । गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन परीक्षण प्रणालीलाई आधारभूत आवश्यकतामा केन्द्रित गरी सुदृढ गरिने छ । (८.३)

९.११ गुणस्तरको सुनिश्चितता एवम् प्रत्यायन व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित संस्थाहरुसँग सहकार्य गरिने छ । (८.३)

९.१२ विश्व विद्यालयहरुद्वारा आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरुको नतिजामा आधारित नियमित अनुगमन तथा सुपरिवेक्षण गरिने छ । (८.४)

९.१३ निश्चित मापदण्डभित्रको शैक्षिक स्तर सुनिश्चित भएका संस्थालाई राष्ट्रिय प्राथमिकता भित्रका विषय क्षेत्रमा मात्र कार्यक्रम सञ्चालन गर्ने गरी वैदेशिक सम्बन्धनको स्वीकृति दिइने छ । (८.४)

९.१४ उच्च शिक्षाका कार्यक्रम सञ्चालन गर्न सम्बन्धन माग गर्ने संस्थाहरुको स्थलगत अध्ययन तथा अनुगमन गरी त्यस्ता संस्थाले सञ्चालन गर्न चाहेको कार्यक्रम र उक्त कार्यक्रमका लागि संस्था छनोट गर्दा पारदर्शी मापदण्डका आधारमा विस्तृत रुपमा गरिएको स्थलगत अध्ययन तथा मूल्याङ्कन प्रतिवेदनअनुसार सम्बन्धन तथा नयाँ कार्यक्रम सञ्चालनका लागि स्वीकृति दिइने छ । (८.४)

९.१५ कुनै ठाउँमा नयाँ शैक्षिक संस्थालाई सम्बन्धन दिँदा त्यहाँ रहेका आङ्गिक तथा सम्बन्धन प्राप्त अन्य क्याम्पसमाथि पर्ने प्रभावका बारेमा अध्ययन गरेर मात्र दिइने

प्रबन्ध मिलाइने छ । यसलाई प्रणालीगत रुपमा सुधार गर्दै लैजान हाल सञ्चालनमा रहेका उच्च शिक्षा प्रदायक संस्थाहरुको नियमन गर्न राष्ट्रिय स्थानमान ग्रिड (National Distribution Grid) को ढाँचा तयार गरी सोका आधारमा योजनाबद्ध तरिकाले संस्थाहरु गाभ्ने तथा सम्बन्धन दिइने छ । (८.४)

९.१६ उच्च शिक्षाका पाठ्यक्रम तथा कार्यक्रमलाई राष्ट्रिय आवश्यकतासँग आबद्ध गरी यिनीहरुलाई अनुसन्धानमूलक एवम् प्रवर्तनात्मक बनाउन प्रोत्साहित गरिने छ । (८.५)

९.१७ उच्च शिक्षाका क्रियाकलापलाई राष्ट्रिय विकासका समसामयिक समस्या र चुनौतीहरुको सामना गर्न आवश्यक ज्ञानको खोज एवम् त्यसको उपयोगमा आधारित बनाइने छ । (८.५)

९.१८ शिक्षकको आधारभूत योग्यता परीक्षणका लागि राष्ट्रिय मूल्याङ्कन प्रणालीको थालनी गरिने छ । (८.५)

९.१९ देहायका सम्भाव्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषय क्षेत्रहरु अध्ययन गर्न उच्च शिक्षा आयोगद्वारा समन्वय गरिने छ : (८.६)

(अ) कृषि तथा वन सम्बन्धी अध्ययन

(आ) जलस्रोत तथा जल विद्युत् सम्बन्धी अध्ययन

(इ) प्राकृतिक प्रकोप व्यवस्थापन सम्बन्धी अध्ययन

(ई) जलवायु तथा प्राकृतिक वातावरण सन्तुलन सम्बन्धी अध्ययन

(उ) जैविक विविधता सम्बन्धी अध्ययन

(ऊ) पर्यटन एवम् पर्वतारोहण सम्बन्धी अध्ययन

(ए) राष्ट्रिय सम्पदा, संस्कृति एवम् परम्परागत विषय सम्बन्धी अध्ययन

९.२० ज्ञान तथा सिप सम्बन्धी अध्ययन राष्ट्रिय सम्पदा तथा परम्परागत स्थानीय ज्ञान, सिप एवम् प्रविधिको जगेर्ना एवम् विकास गर्न कृषि, वन, जैविक विविधता, पर्यटन, जल तथा जल विद्युत्, नवीकरणीय ऊर्जा, खेलकुद विज्ञान (Sports Science), साना एवम् मझौला उद्योगको विकासको आवश्यकतासँग शैक्षिक कार्यक्रमहरु आबद्ध गरी समुदायसँग उच्च शिक्षाको अन्तरसम्बन्ध स्थापित गरिने छ । (८.६)

९.२१ राज्यको आर्थिक स्रोत साधन तथा सम्पदाहरुको दिगो विकासको अवधारणाअन्तर्गत अधिकतम् उपयोग गरी राष्ट्रलाई समृद्ध तुल्याउन उच्च शिक्षालाई अनुसन्धानमा आधारित बनाइने छ । (८.७)

९.२२ उच्च शिक्षा प्रदायक संस्थाहरुको सञ्चालन एवम् प्रभावकारी व्यवस्थापनका लागि निम्नानुसार संरचनागत सुधार गरिने छ : (८.८)

(अ) विश्व विद्यालय, सङ्काय आङ्गिक एवम् सम्बन्धन प्राप्त क्याम्पसहरुलाई प्राज्ञिक स्वायत्तता तथा विकेन्द्रीकरणका आधारमा व्यवस्थापन गर्न प्रोत्साहित गर्ने

(आ) भौगोलिक रुपले उपयुक्त स्थानीय क्याम्पसहरुलाई समूह (Cluster) मा आबद्ध गरी सघन (Comprehensive) उच्च शिक्षा एकाइको रुपमा विकसित गर्ने

९.२३ नयाँ विश्व विद्यालय र उच्च शिक्षा प्रदायक संस्थाहरुको स्थापना र हाल सञ्चालनमा रहेका संस्थाहरु राष्ट्रिय स्थानमान ग्रिडको आधारभूत ढाँचाअनुसार जनसङख्या, सहरीकरण, क्षेत्रीय तथा भौगोलिक समता, राष्ट्रिय आवश्यकता एवम् प्राथमिकताका आधारमा स्थापना र नियमन गरिने छ। (८.८)

९.२४ उच्च शिक्षा प्रदायक संस्थाहरुमा उपयुक्त शैक्षिक एवम् प्राज्ञिक वातावरणको निर्माण र विकासमा जोड दिइने छ। (८.८)

९.२५ नेपाल सरकारले विदेशी विश्व विद्यालयको सम्बन्धनमा सञ्चालन गर्ने नयाँ क्याम्पसलाई सम्बन्धन स्वीकृति दिँदा र पुरानालाई नवीकरण गर्दा स्थलगत सम्भाव्यता अध्ययनलाई र सम्बन्धन दिने विश्व विद्यालयले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्राप्त गरेको ख्यातीलाई प्रमुख आधार बनाइने छ। सम्भाव्यता अध्ययनका लागि अनिवार्य रुपमा योग्यता पुगेका पूर्णकालीन शिक्षकहरु र निश्चित मापदण्डअनुसार भौतिक पूर्वाधार पुगेको हुनुपर्ने व्यवस्था गरिने छ। (८.९)

९.२६ विदेशी सम्बन्धनमा सञ्चालनमा रहेका शैक्षिक संस्थाहरुमा पूर्णकालीन व्यवस्थापक, कर्मचारी र शिक्षकहरुको अनिवार्य व्यवस्था गरिने छ। निश्चित अनुपातमा विदेशी विशेषज्ञ प्राध्यापकको उपस्थिति एवम् संलग्नता वा स्वदेशी प्राध्यापकहरुको क्षमता अभिवृद्धि र पेसागत विशेषज्ञता सुनिश्चित गरिने छ। (८.९)

९.२७ विदेशी शैक्षिक संस्थाहरुको सम्बन्धनमा स्थापना तथा सञ्चालन हुने शैक्षिक संस्थाहरुलाई राष्ट्रिय आवश्यकता र हितलाई ध्यानमा राखी कार्यक्रम सञ्चालन गर्ने अनुमति दिइने छ। (८.९)

९.२८ विश्व विद्यालयहरुले सम्बन्धन दिने कार्यको समन्वय विश्व विद्यालय समन्वय समितिले गर्ने र उच्च शिक्षा आयोगको निर्णय अन्तिम हुने व्यवस्था गरिने छ। (८.९)

९.२९ स्वदेशी एवम् विदेशी विश्व विद्यालयहरुका उपाधि, शैक्षिक कार्यक्रम तथा पाठ्यक्रमको समकक्षता एवम् तिनीहरुबिच क्रेडिट ट्रान्सफर गर्ने प्रणालीको विकास गरिने छ। (८.९)

९.३० उच्च शिक्षा प्रदायक संस्थाहरुलाई अन्तर्राष्ट्रिय सम्बन्ध बढाउन तथा उच्च स्तरका विदेशी शैक्षिक संस्थासँग शैक्षिक एवम् प्राज्ञिक सहकार्य र सहयोग गर्न गराउन प्रोत्साहित गरिने छ । (८.९)

९.३१ अन्वेषणात्मक तथा जिज्ञासामूलक शैक्षिक एवम् प्राज्ञिक संस्कृतिको प्रतिस्थापन र विकासलाई प्रोत्साहित गर्ने गरी शिक्षकको वृत्ति विकास गर्न पेसागत सहयोग प्रणाली विकास गरिने छ । (८.१०)

९.३२ प्राध्यापकहरुको पेसागत क्षमता अभिवृद्धिका लागि गोष्ठी, अनुसन्धान एवम् उच्च स्तरीय अध्ययनका लागि प्रोत्साहित गरिने छ । (८.१०)

९.३३ उच्च शैक्षिक संस्थाहरुमा अनुसन्धान संस्कृतिको विकासमा जोड दिँदै अनुसन्धान एवम् मौलिक र सिर्जनात्मक क्रियाकलापहरुलाई पाठ्यक्रमको आधार बनाई उच्च शिक्षाको गुणस्तर तथा सान्दर्भिकतामा सुधार गरिने छ । अनुसन्धानमूलक कृति, प्रतिवेदन एवम् जर्नल प्रकाशनलाई प्रोत्साहित गरिने छ । (८.१०)

९.३४ सिकाइ समस्याहरुको समाधानका लागि अन्वेषणात्मक परीक्षण गर्ने र क्षमता प्रमाणीकरणका लागि मापदण्डसहितको परीक्षा प्रणालीको विकास गरिने छ । (८.१०)

९.३५ हाल सञ्चालनमा रहेका शैक्षिक संस्थाहरु एवम् कार्यक्रमहरुलाई प्राविधिक एवम् व्यावसायिक शिक्षासँग सामञ्जस्य कायम गर्न पुल कार्यक्रम (Bridging Program) को व्यवस्था गरिने छ । (८.११)

९.३६ आर्थिक पछौटेपन तथा बेरोजगारी समस्याको समाधान गर्न प्राविधिक तथा व्यावसायिक उच्च शिक्षालाई प्राथमिकता दिइने छ । (८.११)

९.३७ राष्ट्र विकासका कार्यक्रमहरुको कार्यान्वयन गर्न क्षमता अभिवृद्धिका लागि विज्ञान तथा प्रविधिलाई प्राथमिकता दिई उच्च शिक्षाको विकास गरिने छ । (८.११)

९.३८ सामुदायिक तथा निजी क्षेत्रलाई राष्ट्रिय प्राथमिकता एवम् संस्थागत विकास सम्बन्धी ग्रिडका आधारमा उच्च शिक्षा प्रदायक संस्थाहरु खोल्न तथा विकास गर्न प्रोत्साहित गरिने छ । (८.१२)

९.३९ विश्व विद्यालयहरुद्वारा आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरुको नतिजामा आधारित नियमित अनुगमन तथा सुपरिवेक्षण गरिने छ । (८.१२)

९.४० विदेशी शैक्षिक संस्थाहरुको सम्बन्धनमा स्थापना तथा सञ्चालन हुने शैक्षिक संस्थाहरुलाई राष्ट्रिय आवश्यकता र हितलाई ध्यानमा राखी कार्यक्रम सञ्चालन गर्ने अनुमति दिइने छ । (८.१३)

९.४१ स्वदेशी उच्च शिक्षा प्रदायक संस्थाले सञ्चालन गर्न नसक्ने शैक्षिक कार्यक्रम मात्र निश्चित गुणस्तर तथा मापदण्ड पुरा गरेका शैक्षिक संस्थालाई सञ्चालन गर्न स्वीकृति दिइने छ । (८.१३)

९.४२ राष्ट्रिय प्राथमिकता, गुणस्तर र कार्य सम्पादनका आधारमा सरकारको लगानी तथा अनुदान उपलब्ध गराइने छ । (८.१४)

९.४३ राष्ट्रिय प्राथमिकता र गुणस्तरका आधारमा उच्च शिक्षामा आधारभूत अनुदान, कार्य सम्पादनमा आधारित अनुदान र सूत्रमा आधारित अनुदानको व्यवस्था गरी निश्चित मान्यता र मापदण्डका आधारमा व्यवस्थापन एवम् नियमन गरिने छ । (८.१४)

९.४४ गुणस्तरको सुनिश्चितता एवम् प्रत्यायन व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि मापदण्डका आधारमा विश्व विद्यालयहरुको वर्गीकरण गरी संस्थाहरुबिच सहकार्य गर्न प्रोत्साहित गरिने छ । (८.१५)

९.४५ स्वदेशी एवम् विदेशी विश्व विद्यालयहरुका उपाधि, शैक्षिक कार्यक्रम तथा पाठ्यक्रमको समकक्षता एवम् तिनीहरुबिच क्रेडिट ट्रान्सफर प्रणालीको विकास गरिने छ । (८.१५)

९.४६ उच्च शिक्षा प्रदायक संस्थाहरुलाई अन्तर्राष्ट्रिय सम्बन्ध बढाउन तथा उच्च स्तरका विदेशी शैक्षिक संस्थासँग शैक्षिक एवम् प्राज्ञिक सहकार्य र सहयोग गर्न गराउन प्रोत्साहित गरिने छ । (८.१५)

९.४७ विश्व विद्यालय स्थापनाका लागि आवश्यक कानुन तर्जुमा गर्न, राष्ट्रिय स्तरको उच्च शिक्षा सुधार कार्यक्रमको योजना बनाउन तथा कार्यान्वयन गर्नका लागि राष्ट्रिय योजना आयोग, शिक्षा मन्त्रालय, अर्थ मन्त्रालय र उच्च शिक्षा आयोग सम्मिलित संयन्त्रको व्यवस्था गरिने छ । (८.१६)

९.४८ एकीकृत उच्च शिक्षा ऐनका आधारमा विश्व विद्यालयहरुको सञ्चालन, व्यवस्थापन र नियमन गरिने छ । (८.१६)

९.४९ विश्व विद्यालयलगायत उच्च शिक्षा सम्बद्ध निकायहरुका नेतृत्वदायी पदहरुमा निश्चित मापदण्ड र प्रतिस्पर्धाका आधारमा छनोट गरिने छ । (८.१६)

९.५० उच्च शिक्षाको प्रवर्धन र विकासका राष्ट्रिय मुद्दा, प्राथमिकताहरुलाई सान्दर्भिक र प्रभावकारी तुल्याउन शिक्षा मन्त्रालयद्वारा समन्वय, अनुगमन र नियमन गरिने छ । ( ८.१६)

९.५१ उच्च शिक्षा आयोगद्वारा उच्च शिक्षाको विकास, समन्वय, अनुगमन र नियमन कार्य गरिने छ । (८.१७)

९.५२ आयोगको क्षमता अभिवृद्धि, सुदृढीकरण र सेवा प्रवाहको गुणस्तर सुनिश्चित गर्न निम्नानुसारका संरचनागत सुधारका कार्यहरु गरिने छ : (८.१७)

(अ) देशको समग्र उच्च शिक्षा विकासका योजना बनाउन, कार्यान्वयन गर्न, अनुगमन, समन्वय तथा नियमन कार्यलाई व्यवस्थित गर्न विश्व विद्यालय समन्वय समिति गठन गर्ने

(आ) उच्च शिक्षाको समग्र आर्थिक नीति निर्धारण एवम् व्यवस्थापन गर्न, उच्च शिक्षामा सरकारी आर्थिक सहयोग र लगानी तथा सामुदायिक र निजी लगानी एवम् आर्थिक व्यवस्थापन समेतको नियमन र अनुगमन गर्नका लागि उच्च शिक्षा वित्तीय व्यवस्थापन बोर्डको गठन गर्ने

(इ) विद्यार्थी वित्तीय सहायतता कोषको दिगो व्यवस्थापन गर्न हाल सञ्चालनमा रहेको विद्यार्थी वित्तीय कोषको सुदृढीकरण गरी नियमित सञ्चालनको व्यवस्था गर्ने ।

(ई) पाठ्यक्रम प्रारुप निर्धारण, समकक्षता निर्धारण, उपाधिहरुको परस्पर मान्यता एवम् क्रेडिट स्थानान्तरण (Course equivalence, mutual recognition of degrees and credit transfer) को संस्थागत व्यवस्थापनका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप बोर्डको स्थापना गर्ने

९.५३ उच्च शिक्षा आयोगले समन्वय गर्ने गरी निम्नानुसारका कार्य गरिने छ : (८.१७)

(अ) गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन प्रणालीको प्रवर्धन र कार्यान्वयनका लागि एक स्वायत्त राष्ट्रिय गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन बोर्ड गठन गर्ने

(आ) राष्ट्रिय मुद्दा, प्राथमिकता एवम् स्रोतहरुलाई उच्च शिक्षाका अनुसन्धानात्मक एवम् नवप्रवर्तनात्मक क्रियाकलापहरुसँग आबद्ध गर्न उच्च शिक्षा अनुसन्धान परिषद्को स्थापना गर्ने साथै परिषद्ले अनुसन्धानका राष्ट्रिय आवश्यकताका साथै मानव संसाधन योजनाका आधारमा आर्थिक तथा मानव स्रोतसँग विश्व विद्यालयहरुलाई आबद्ध गर्ने

(इ) प्रतिस्पर्धाका आधारमा शिक्षक भर्ना, बढुवा, शिक्षक आचार संहिता, सेवा व्यवस्थापन एवम् व्यावसायिक क्षमता अभिवृद्धि सम्बन्धी समन्वय एवम् नियमन गर्नका लागि एक राष्ट्रिय उच्च शिक्षा सेवा आयोगको स्थापना गर्ने

(ई) देशको विकासका आवश्यकता एवम् कुल गार्हस्थ उत्पादनका आधारमा उच्च शिक्षा बजेटको योजना बनाउने तथा वित्तीय व्यवस्था मिलाउने प्रणालीको विकास गर्ने

(उ) उच्च शिक्षामा वित्तीय नीति निर्देशन एवम् कार्यान्वयन सम्बन्धी निर्णय गर्नका लागि शिक्षा मन्त्रालय, अर्थ मन्त्रालय र उच्च शिक्षा आयोग सम्मिलित वित्तीय निर्देश प्रणालीको विकास गर्ने

## १०. संस्थागत संरचना

उच्च शिक्षा नीति कार्यान्वयनका लागि हालको संरचनामा परिवर्तन गरी देहायबमोजिमको संस्थागत संरचनाको व्यवस्था गर्नुपर्ने देखिन्छ :

(अ) सरकारले लिएका नीति निर्देश गर्ने कार्य शिक्षा मन्त्रालयबाट हुने भएकाले उच्च शिक्षाको समन्वय र सहजीकरणका लागि शिक्षा मन्त्रालयमा उच्च शिक्षा महाशाखा स्थापना हुने छ ।

(आ) विश्व विद्यालय अनुदान आयोगलाई उच्च शिक्षा आयोगमा परिणत गर्ने र सो आयोगअन्तर्गत रहने गरी निम्नानुसारका संयन्त्रहरुको व्यवस्था हुने छ :

(क) उच्च शिक्षा र विश्व विद्यालय समन्वय समिति

(ख) उच्च शिक्षा वित्तीय व्यवस्थापन समिति

(ग) विद्यार्थी वित्तीय सहायता कोष

(घ) राष्ट्रिय पाठ्यक्रम प्रारुप बोर्ड

(इ) उच्च शिक्षा आयोगको समन्वयमा देहायका स्वायत्त निकायहरु स्थापना हुने छन् :

(क) गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन बोर्ड (Quality Assurance and Accreditation Board-QAAB)

(ख) उच्च शिक्षा अनुसन्धान परिषद्

(ग) राष्ट्रिय उच्च शिक्षा सेवा आयोग

११. आर्थिक पक्ष

उच्च शिक्षा नीतिको सफल कार्यान्वयनबाट तत्काल र दीर्घकाल गरी मुलुकको आर्थिक क्षेत्र प्रभावित हुन पुग्ने छ । तत्कालमा यसमा सरकारी लगानी बढ्नुपर्ने हुदाँ सरकारका प्राथमिकताका क्षेत्रहरुमा पुनर्विचार गर्नुपर्ने हुन्छ । चालु पुँजीमा वृद्धि हुन सक्छ । यसका तत्कालीन प्रभावहरु देहायबमोजिम रहेका छन् :

(अ) शिक्षा मन्त्रालयमा अलग्गै स्थापना हुने उच्च शिक्षा महाशाखाका लागि नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने

(आ) उच्च शिक्षा आयोगअन्तर्गत स्थापना हुने बोर्ड र समितिहरुको हकमा नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने

(इ) उच्च शिक्षा सम्बन्धी स्वायत्त निकायहरु स्थापना हुँदा नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने तर विभिन्न विश्व विद्यालयहरुमा रहेका शिक्षक सेवा आयोगहरुको समायोजन गर्दा नेपाल सरकारलाई पर्न गएको आर्थिक दायित्व घट्ने

उल्लिखित तत्कालीन आर्थिक पक्षहरुको विश्लेषणका आधारमा यस नीतिको कार्यान्वयनबाट देहायबमोजिमका दीर्घकालीन सकारात्मक प्रभाव पर्न सक्ने देखिन्छ :

(अ) उच्च शिक्षा नीतिको सफल कार्यान्वयनबाट उच्च शिक्षाको समग्र व्यवस्थापनमा सुधार आई दक्ष मानव संसाधन विकास गर्नमा जोड पुग्ने छ । यसबाट मुलुकको विकासमा प्रत्यक्ष रुपबाट सकारात्मक प्रभाव सिर्जना हुने छ । मुलुकको विद्यालय शिक्षा र अन्य क्षेत्रमा समेत सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

(आ) मुलुकको आर्थिक वृद्धिमा सकारात्मक प्रभाव पर्न जाने छ । रोजगारी, स्वरोजगारी र स्वावलम्बनका क्षेत्रहरु सकारात्मक रुपबाट प्रभावित हुने छन् ।

(इ) तत्कालमा नीति कार्यान्वयनको क्रममा नेपाल सरकारलाई थप आर्थिक दायित्व व्ययभार पर्न जाने भए तापनि दीर्घकालीन रुपमा जवाफदेही संयन्त्रको विकास भई लगानीको पूर्ण सदुपयोग हुने छ ।

(ई) उच्च शिक्षाको समतामूलक विकासबाट मुलुकका पछाडि परेका समूह र वर्गको पहुँचमा सुधार आई मुलुकको सन्तुलित विकासमा सहयोग पुग्ने छ ।

(उ) हालको लगानीको ढाँचामा विश्व विद्यालय स्थापना गर्दा सरकारी लगानीमा मात्र निर्भर रहने पद्धतिमा सुधार आई समग्र उच्च शिक्षाका सरोकारवालाहरुको सहभागितामा वृद्धि हुने र मुलुकले आवश्यक ठानेका क्षेत्रहरुमा लगानी गर्ने वातारण सिर्जना हुन गई यसबाट लगानीको सदुपयोगमा थप बल पुग्ने छ ।

(ऊ) आन्तरिक स्रोत परिचालनमा बल पुग्न गई दीर्घकालीन रुपमा उच्च शिक्षाका कार्यक्रमहरु दिगो रुपमा सञ्चालन हुन सक्ने छ ।

## १२. कानुनी व्यवस्था

प्रस्तुत नीति कार्यान्वयन गर्न एकीकृत उच्च शिक्षा ऐन तर्जुमा गरिने छ । यसबाट विद्यमान विश्व विद्यालय अनुदान आयोग ऐन, विश्व विद्यालय ऐनहरुका साथै उच्च शिक्षाको क्षेत्रमा हाल कार्यान्वयनमा रहेका विभिन्न ऐनहरु प्रभावित हुने छन् ।

## १३.अनुगमन र मूल्याङ्कन

उच्च शिक्षा नीतिको अनुगमन गर्ने क्रममा देहायका अनुगमन योजना प्रभावकारी हुने देखिन्छ :

| क्र. सं. | क्रियाकलाप | विधि | जिम्मेवार निकाय | अनुगमन सूचक | जोखिम |
|---|---|---|---|---|---|
| १ | रोजगार र व्यवसाय र बजारसँग मेल खाने उच्च शैक्षिक कार्यक्रमहरु कार्यान्वयन गर्ने | उच्च शिक्षाको कार्यक्रममा सुधार गरेर | विश्व विद्यालयहरु | रोजगारीको अवसर | खर्चको अभाव र प्रतिभा पलायन |
| २ | उच्च शिक्षाको पहुँच विस्तार गर्ने | उच्च शिक्षा प्रदायक संस्थाहरुको सबलीकरण र विस्तार गरेर | उच्च शिक्षा आयोग र विश्व विद्यालयहरु | उच्च शिक्षाको कुल भर्ना दर | क्षेत्रीय सन्तुलन कायम गर्न लाग्ने समय |
| ३ | सबै विश्व विद्यालयहरुको शैक्षिक कार्यक्रममा एकरुपता कायम गर्ने | शैक्षिक कार्यक्रम र शैक्षिक क्यालेन्डर तय गरेर पाठ्यक्रम प्रारुप तयार गरेर | उच्च शिक्षा आयोग र विश्व विद्यालयहरु | शैक्षिक क्यालेन्डरको प्रयोग र पाठ्यक्रम प्रारुपको उपयोग | क्रियाशील समन्वय |
| ४ | उच्च शिक्षाको उत्तीर्ण दर बढाउने | अध्ययन अध्यापन एवम् परीक्षा प्रणालीमा सुधार गरेर | उच्च शिक्षा आयोग र विश्व विद्यालयहरु | उत्तीर्ण प्रतिशत | अपेक्षित शिक्षण सिकाइ मापदण्ड पुरा गर्न लाग्ने समय |
| ५ | उच्च शिक्षाको गुणस्तरको सुनिश्चितता एवम् प्रत्यायन प्रणालीको पूर्ण कार्यान्वयन गर्ने | गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन बोर्ड गठन गरेर | नेपाल सरकार, शिक्षा मन्त्रालय, उच्च शिक्षा आयोग | बोर्ड गठन | कानुन निर्माणमा लाग्ने समय |
| ६ | उच्च शिक्षाको | राष्ट्रिय स्थानमान | उच्च शिक्षा आयोग | राष्ट्रिय स्थानमान | समायोजन र पुन: वितरणमा लाग्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | व्यवस्थित विकास र प्रवर्धन गर्ने | ग्रिड तयार गरेर | | ग्रिड कार्यान्वयन | समय |
| ७ | वैदेशिक सम्बन्धनमा सञ्चालन हुने उच्च शिक्षा प्रदायक संस्थाहरुको नियमन गर्ने | व्यवस्थापन र अनुगमन सम्बन्धी मापदण्ड तयार गरेर | उच्च शिक्षा आयोग | मापदण्डका आधारमा सञ्चालनमा आएका उच्च शिक्षा प्रदायक संस्थाहरु | मापदण्डको पूर्ण कार्यान्वयनमा लाग्ने समय |
| ८ | विश्व विद्यालयलाई सूचकका आधारमा आर्थिक अनुदान उपलब्ध गराउने | अनुदान सम्बन्धी मापदण्ड तयार गरेर | उच्च शिक्षा आयोग | सूचकको विकास र कार्यान्वयन | सर्वमान्य सूचक निर्माणमा लाग्ने समय |
| ९ | उच्च शिक्षामा सरकार, सरोकारवाला एवम् स्थानीय निकायको सहभागिता वृद्धि गर्ने | साझेदारी कार्यक्रम सञ्चालन गरेर | शिक्षा मन्त्रालय र उच्च शिक्षा आयोग | साझेदारीतामा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरु | कानुनी प्रावधान निर्माणमा लाग्ने समय |
| १० | एकीकृत उच्च शिक्षा नीति कार्यान्वयन गर्ने | एकीकृत उच्च शिक्षा ऐन तर्जुमा गरेर | नेपाल सरकार, व्यवस्थापिका संसद् र शिक्षा मन्त्रालय | एकीकृत उच्च शिक्षा ऐन कार्यान्वयन | एकीकृत उच्च शिक्षा ऐन निर्माणमा लाग्ने समय |
| ११ | विश्व विद्यालय अनुदान आयोगलाई उच्च शिक्षा आयोगमा परिणत गर्ने | ऐन संशोधन गरेर | नेपाल सरकार, संसद र शिक्षा मन्त्रालय | उच्च शिक्षा आयोगको स्थापना | कानुन निर्माणमा लाग्ने समय |
| १२ | गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन बोर्ड उच्च शिक्षा अनुसन्धान परिषद् र राष्ट्रिय उच्च शिक्षा सेवा आयोग स्थापना गर्ने | ऐन तर्जुमा गरेर | नेपाल सरकार, व्यवस्थापिका संसद्, शिक्षा मन्त्रालय र उच्च शिक्षा आयोग | गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन बोर्ड, उच्च शिक्षा अनुसन्धान परिषद् र राष्ट्रिय उच्च शिक्षा सेवा आयोग स्थापना | कानुनी प्रावधान निर्माणमा लाग्ने समय |

## १४. जोखिम

उच्च शिक्षा नीति कार्यान्वयनको क्रममा देहायका जोखिमहरु आउन सक्ने देखिएकाले जोखिम न्यूनीकरणका लागि देहायका कार्यहरु उपयोगी हुन सक्छन् :

| क्र.सं. | जोखिम | सम्बोधन गर्ने उपाय | जिम्मेवार निकाय |
|---|---|---|---|
| १ | एकीकृत उच्च शिक्षा ऐन पारित हुन समय लाग्न सक्ने | सबै सरोकारवालाहरुको सहमति कायम गरी विधेयक पेस गर्ने | नेपाल सरकार, मन्त्री परिषद् र शिक्षा मन्त्रालय |
| २ | सबै विश्व विद्यालयहरुको शैक्षिक कार्यक्रममा एकरुपता कायम गर्न समय लाग्न सक्ने | विश्व विद्यालय समन्वय समितिलाई क्रियाशील बनाउने | नेपाल सरकार, मन्त्री परिषद् र शिक्षा मन्त्रालय |

# अनुसूचीहरू

१. शैक्षिक तथ्याङ्कमा शिक्षा

२. नेपालको संविधानमा उल्लिखित शिक्षा सम्बन्धी व्यवस्था

३. शिक्षा सम्बन्धी ऐन तथा नियमावली र नीति तथा रणनीतिहरुको सूची

४. शिक्षा सम्बन्धी निर्देशिका तथा कार्यविधिहरुको सूची

५. शिक्षाको नीति तथा कार्यक्रम आव २०७२।०७३

६. शिक्षा मन्त्रालय र अन्तर्गतका निकायहरुबाट भएका अध्ययन अनुसन्धानहरुको सूची

७. Summary of the SSRP Key Performance Indicators

८. विद्यार्थी उपलब्धिको राष्ट्रिय लेखाजोखामा विद्यार्थी सिकाइ उपलब्धिको स्थिति

९. विभिन्न निकायहरुका वेबसाइट, इमेल र फोन नम्बरहरु

१०. शिक्षा मन्त्रालयका टेलिफोन नम्बरहरु

११. क्षेशिनि तथा जिशिकाका टेलिफोन नम्बरहरु

१२. शिक्षा मन्त्रालय र अन्तर्गतका सबै तथा अन्य निकायका शिक्षा सेवा कर्मचारीको दरबन्दी विवरण

## अनुसूची १

### शैक्षिक तथ्याङ्कमा शिक्षा

शिक्षा विकासको मेरुदण्ड भएकाले प्रत्येक राज्यले शिक्षा क्षेत्रमा आवश्यक लगानी गरी बदलिदो परिस्थितिमा समायोजित भई समाज विकासमा सक्रिय योगदान गर्न सक्ने मानव संसाधनको विकास गर्नु प्रमुख कर्तव्य रहेको छ । शिक्षा मन्त्रालय र मातहतका निकायहरु मार्फत शिक्षामा समतामूलक पहुँच विस्तार, गुणस्तर सुधार, सक्षमता अभिवृध्दि गर्ने विभिन्न कार्यक्रमहरू संचालन भई आएका छन् । पूर्वप्राथमिक शिक्षा, विद्यालय शिक्षा, अनौपचारिक शिक्षाका कार्यक्रमहरू मार्फत शिक्षाको आधार मजबुत बनाउन तर्फ विशेष जोड दिइएको छ । उच्च शिक्षा तथा प्राविधिक शिक्षा को विकासका लागि विभिन्न विश्वविद्यालयहरू तथा प्राविधिक शिक्षालयहरू मार्फत देशमा आवश्यक मध्यम स्तरीय तथा उच्च स्तरीय जनशक्ति उत्पादनका विभिन्न कार्यक्रमहरू सञ्चालन भई आएका छन् ।

यी शैक्षिक कार्यक्रमको स्थितिलाइ देखाउने केही तथ्याङ्क यस प्रकार छन्:

**(क) शैक्षिक सूचकमा आधारित उपलब्धीहरु (प्रतिशत)**

| सूचकहरु | इकाई | उपलब्धी | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०६५/६६ | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ |
| १. कक्षा १ मा भर्ना | | | | | | | | |
| कक्षा १ नयाँ प्रवेश सहित पूर्व बाल्यावस्थाको शिक्षा विकास अनुभव | प्रतिशत | ३६.२ | ४९.९ | ५२.१ | ५४.३ | ५५.६ | ५६.९ | ५९.६ |
| कुल भर्नादर | प्रतिशत | १४७.७ | १४४.० | १४२.४ | १४०.७ | १३७.७ | १४१.८ | १३७ |
| खुद भर्नादर | प्रतिशत | ८१.० | ८६.४ | ८९.० | ९०.७ | ९१.२ | ९१.६ | ९३ |
| २. कूल भर्नादर (सहजै देखिने भर्ना दर) | | | | | | | | |
| पूर्व बाल्यावस्था शिक्षा विकास/पूर्व प्राथमिक | प्रतिशत | ६३.४ | ६६.२ | ७०.० | ७२.९ | ७३.७ | ७६.७ | ७७.७ |
| आधारभूत शिक्षा (१–८) | प्रतिशत | १२३.० | १२३.० | १२४.० | १२३.७ | १२०.१ | ११५.७ | ११७.१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| माध्यमिक शिक्षा | प्रतिशत | ४०.० | ४४.७ | ४६.२ | ४९.४ | ५१.७ | ५०.४ | ५१.६ |
| ३. खुद भर्नादर | | | | | | | | |
| प्राथमिक शिक्षा | प्रतिशत | ९१.९ | ९३.७ | ९४.५ | ९५.१ | ९५.३ | ९५.६ | ९६.२ |
| आधारभूत शिक्षा | प्रतिशत | ७३.० | ८३.२ | ८६.० | ८६.६ | ८७.५ | ८६.३ | ८७.६ |
| माध्यमिक शिक्षा | प्रतिशत | २१.० | २३.९ | २७.१ | ३०.६ | ३२.४ | ३३.२ | ३४.७ |
| ४. आवश्यक योग्यता र तालिम प्राप्त शिक्षक | | | | | | | | |
| आधारभूत शिक्षा | प्रतिशत | ६६.० | ७५.० | ७९.० | ९१.१ | ९१.५ | ९२.५ | ९३.७ |
| माध्यमिक शिक्षा | प्रतिशत | ७७.० | ८५.० | ८८.० | ९०.१ | ९०.७ | ९१.५ | ९३.० |
| ५. आवश्यक प्रमाणपत्र प्राप्त शिक्षक | | | | | | | | |
| आधारभूत शिक्षा | प्रतिशत | ९१.० | ९२.० | ९४.० | - | ९६.९ | ९८.१ | ९८.६ |
| माध्यमिक शिक्षा | प्रतिशत | ९१.० | ९२.० | ९४.० | - | ९८.० | ९८.७ | ९८.९ |
| ६. विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालयको स्वीकृत शिक्षक दरवन्दी र राहत शिक्षक अनुदानमा कार्यरत शिक्षक सङ्ख्याका आधारमा) | | | | | | | | |
| आधारभूत शिक्षा | अनुपात | ४३.० | ४४.० | ४६.० | ४४.० | ४२.० | ४१.० | ४१.० |
| माध्यमिक शिक्षा | अनुपात | ३९.० | ३४.० | ३५.० | ३६.० | ३१.० | ३१.० | ३०.० |
| ७. दोहोर्याउने दर | | | | | | | | |
| कक्षा १ | प्रतिशत | २८.३ | २६.५ | २२.६ | २१.३ | १९.९ | १७.५ | १५.२ |
| कक्षा ८ | प्रतिशत | ११.० | ७.० | ६.६ | ६.० | ६.० | ४.९ | ४.५ |
| ८. कोहर्ट (Chohort) तरिका अनुसार कक्षा ५ र ८ सम्म पुग्ने दर | | | | | | | | |
| कक्षा ५ | प्रतिशत | ५८.० | ७७.९ | ८०.६ | ८२.८ | ८४.२ | ८५.४ | ८६.८ |
| कक्षा ८ | प्रतिशत | ४१.० | ६२.० | ६६.० | ६७.५ | ६९.६ | ७२.१ | ७४.६ |
| ९. कोइफिसिएन्ट अफ इफिसिएन्सी (Coefficient of Efficiency) | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आधारभूत शिक्षा | अनुपात | ०.५ | ०.६१ | ०.६५ | ०.६६ | ०.७७ | ०.७१ | ०.७३ |
| १०. सिकाई उपलब्धी | | | | | | | | |
| कक्षा ५ | प्रतिशत | ५३.० | - | - | - | - | गणित५३<br>नेपाली६०<br>अग्रेजी५४ | गणित५३<br>नेपाली६<br>अग्रेजी५४ |
| कक्षा ८ | प्रतिशत | ४६.० | - | - | - | ४४**र<br>६३*** | गणित४३<br>नेपाली४९<br>सामाजिक४९ | गणित३५<br>नेपाली४८<br>सामाजिक४१ |
| ११. उत्तीर्ण दर | | | | | | | | |
| प्रवेशिका | प्रतिशत | ६८.० | ६४.३ | ५५.५ | ४७.६५ | ४१.५७ | ४३.९२ | - |
| उच्च माध्यमिक(कक्षा ११) | प्रतिशत | - | ४०.०५ | ३९.२६ | ३८.१५ | ३९.९४ | ३९.८० | - |
| उच्च माध्यमिक(कक्षा १२) | प्रतिशत | - | ४६.६८ | ४३.९० | ४७.५५ | ४३.३९ | ४४.२९ | - |
| १२. साक्षरता दर | | | | | | | | |
| उमेर समूह (१५–२४) | प्रतिशत | ७५.० | ७८.० | ८०.० | - | - | - | - |
| उमेर समूह (६ वर्ष भन्दा बढी) | प्रतिशत | ६९.० | ७६.० | ७८.० | ६०.९ | ६५.९ | ६५.९ | ६५.९ |
| उमेर समूह (१५ वर्ष भन्दा बढी) | प्रतिशत | ५६.० | ६०.० | ६२.० | ५६.५ | ५६.५ | ५६.५ | ५६.५ |
| १३. लैङ्गिक समता सूचक (GPI) को आधारमा साक्षरता (१५ वर्ष भन्दा बढी) | अनुपात | ०.७० | ०.९० | ०.९२ | ०.६२ | ०.६२ | ०.६२ | ०.६२ |

***सामुदायिक विद्यालय*

****संस्थागत विद्यालय*

*स्रोतः शिक्षा विभाग ।*

## (ख) पूर्वप्राथमिक शिक्षाको स्थिति

| आर्थिक वर्ष | थप भएका बालविकास केन्द्र (संख्या) | जम्मा बालविकास केन्द्र (संख्या) | लाभान्वित बालबालिका (संख्या) | प्रारम्भिक बालविकासको भर्नादर | कक्षा एकमा भर्ना हुने मध्ये बालविकास केन्द्रको अनुभव लिएका विद्यार्थीहरूको प्रतिशत |
|---|---|---|---|---|---|
| ०७०/७१ | ५०० | ३००३५ | १०४७१२३ | ९३.५ | ५६.९० |
| ०७१/७२ | ५०० | प्रकृयामा रहेको | १०१४३३९ | ९४.३ | ५९.६० |

*स्रोत: शिक्षा विभाग।*

## (ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरु

| S.N | Diploma/ PCL Programs | Total Production Capacity | S. N | TSLC Programs | Total Production Capacity |
|---|---|---|---|---|---|
| 1 | **Medicine/Health** | | 1 | **Med/ Health** | |
| | PCL Nursing | 4120 | | CMA | 3160 |
| | PCL General Medicine | 1880 | | ANM | 1920 |
| | PCL Medical Lab. Technology | 1880 | | Lab Assistant | 2720 |
| | Diploma in Pharmacy | 1120 | | Aryurved (AAHW) | 360 |
| | PCL Radiography | 680 | | Amchi | 40 |
| | PCL Dental Science | 240 | 2 | **Engineering** | |
| | Homeopathy | 40 | | Electrical | 1560 |
| | Diploma in Ayurveda | 80 | | Mechanical | 320 |
| | Diploma in Ophthalmic Science | 200 | | Survey | 1040 |
| | Diploma in Acupuncture, Acupressure Moxibation, (AAM) | 40 | | Civil | 3160 |
| 2 | **Engineering** | | | J. Comp. Tech. | 920 |
| | Diploma in Civil | 1728 | | Auto Mechanics | 72 |

| | | | | | |
|---|---|---|---|---|---|
| | Diploma in Electronics | 384 | | Refrigerator &Air conditions | 40 |
| | Diploma in Mechanical | 240 | | Sanitary | 40 |
| | Diploma in Auto Mechanics | 48 | | Electronics | 40 |
| | Diploma in Architecture | 192 | 3 | **Agriculture** | |
| | Diploma in Computer | 960 | | JTA AnimalSc. | 2120 |
| | Diploma in Electrical | 816 | | JTA Plant Sc. | 2800 |
| | Diploma in Survey | 96 | | Textile & Sericulture | 40 |
| | Diploma in Information Technology | 48 | 4 | **Others** | |
| | Electrical & Electronics | 48 | | Office Mgmt | 80 |
| | Diploma in Biomedical Equipment | 24 | | Soc. Mobilizer | 320 |
| 3 | **Agriculture** | | | Hotel Management | 120 |
| | I.Sc. Ag. (Plant & Animal Sc.) | 920 | | Culinary Arts | 120 |
| | Diploma in Food and Dairy | 80 | | | |
| 4 | **Forestry** | | | | |
| | Diploma in Forestry | 40 | | | |
| 5 | **Hotel Management** | | | | |
| | Diploma in Hotel Management | 120 | | | |

**(घ) भौगोलिक क्षेत्रअनुसार विभिन्न तहका विद्यालयहरुको विवरण**

| भौगोलिक क्षेत्र | कुल विद्यालय (एकाइ) | प्राथमिक तह (कक्षा १-५) | निम्न माध्यमिक तह (कक्षा ६-८) | आधारभुत तह (कक्षा १-८) | माध्यमिक तह (कक्षा ९-१०) | उच्च माध्यमिक तह (कक्षा ११-१२) | उच्च माध्यमिक तह (कक्षा ९-१२) |
|---|---|---|---|---|---|---|---|
| नेपाल | ३४८०६ | ३४३३५ | १४९२४ | ३४५०६ | ८८१४ | ३६५९ | ९१०९ |
| हिमाल | ४२२५ | ४१८७ | १६०० | ४२१८ | ७९४ | ३१९ | ८०१ |
| पहाड | १७५६६ | १७४२९ | ६८२० | १७५१४ | ३८४१ | १६०३ | ३८९२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| काठमाडौ उपत्यका | २२०६ | २०७० | १६८६ | २०८४ | १३६० | ४३८ | १४७९ |
| तराई | १०८०९ | १०६४९ | ४८१८ | १०६९० | २८१९ | १२९९ | २९३७ |

*स्रोत: शिक्षा मन्त्रालय।*

**(ङ) तहगत विद्यालय, विद्यार्थी र शिक्षक अनुपात (शैक्षिक सत्र२०७१)**

| अनुपात | प्राथमिक कक्षा (१-५) | निम्नमाध्यमिक कक्षा (६-८) | आधारभुत कक्षा (१-८) | माध्यमिक कक्षा (९-१०) | उच्च माध्यमिक कक्षा (११-१२) | माध्यमिक कक्षा (९-१२) |
|---|---|---|---|---|---|---|
| विद्यार्थी/विद्यालय | १२६ | १२३ | १७९ | १०२ | ११६ | १४४ |
| शिक्षक/विद्यालय | ५ | ४ | ७ | ४ | ५ | ६ |
| विद्यार्थी/शिक्षक | २३ | ३५ | २६ | २३ | २२ | २३ |

*स्रोत: शिक्षा मन्त्रालय।*

**(च) परम्परागत विद्यालयहरूको विवरण**

| परम्परागत विद्यालय | विद्यालय एकाइ | तहगत विद्यालय | | | |
|---|---|---|---|---|---|
| | | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक | आधारभूत |
| मदरसा | ७४५ | ७४४ | २७ | १३ | ७४५ |
| गुम्बा र विहार | ७८ | ७६ | ७ | १ | ७८ |
| आश्रम र गुरुकुल | ७२ | ६२ | १६ | ७ | ७२ |
| जम्मा | ८९५ | ८८२ | ५० | २१ | ८९५ |

*स्रोत: शिक्षा विभाग ।*

*(छ) सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत सबै किसिमका शिक्षक विवरण*

| तह | सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | | कुल | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पूरुष | जम्मा | महिला | पूरुष | जम्मा | महिला | पूरुष | जम्मा |
| प्राथमिक तह(१–५) | ५२,७२३ | ८५,६३१ | १३८,३५४ | २४,९३८ | २२,२८२ | ४७,२२० | ७७,६५९ | १०७,९११ | १८५,५७० |
| नि.मा. तह(६–८) | ७,६४१ | २९,१४२ | ३६,७८३ | ६,७९३ | ८,७७४ | १५,५६७ | १४,४३४ | ३७,९१६ | ५२,३५० |
| आधारभुत तह(१–८) | ६०,३६४ | ११४,७७३ | १७५,१३७ | ३१,७३१ | ३१,०५६ | ६२,७८७ | ९२,०९३ | १४५,८२७ | २३७,९२० |
| माध्यामिक तह(९–१०) | ३,३५८ | २०,७७४ | २४,१३२ | ३,४१२ | ११,३०८ | १४,७२० | ६,७७० | ३२,०८२ | ३८,८५२ |
| उच्च माध्यामिक तह(११–१२) | २,४८३ | १२,६४२ | १५,१२५ | ५३३ | ३,५१३ | ४,०४६ | ३,०१६ | १६,१५५ | १९,१७१ |
| माध्यामिक तह(९–१२) | ५,८४१ | ३३,४१६ | ३९,२५७ | ३,९४५ | १४,८२१ | १८,७६६ | ९,७८६ | ४८,२३७ | ५८,०२३ |
| कुल | १३२,४१० | २९६,३७८ | ४२८,७८८ | ७१,३५२ | ९१,७५४ | १६३,१०६ | २०३,७५८ | ३८८,१२८ | ५९१,८८६ |

*स्रोत: शिक्षा विभाग।*

**(ज) तहगत विद्यार्थी भर्नाको अवस्था (शैक्षिक सत्र २०७१)**

| तह | विद्यार्थी संख्या | | |
|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा |
| प्राथमिक तह (१–५) | २,२०१,३१३ | २,१३४,०४२ | ४,३३५,३५५ |
| नि.मा. तह (६–८) | ९३०,९४९ | ९०४,३६४ | १,८३५,३१३ |
| आधारभुत (१–८) | ३,१३२,२६२ | ३,०३८,४०६ | ६,१७०,६६८ |
| माध्यामिक तह (९–१०) | ४५८,९४९ | ४४१,६३६ | ९००,५८५ |
| उच्च माध्यामिक तह (११–१२) | २११,४४२ | २०५,५५३ | ४१६,९९५ |
| माध्यामिक तह (९–१२) | ६७०,३९१ | ६४७,१८९ | १,३१७,५८० |

| | | | |
|---|---|---|---|
| कक्षा १-१० सम्मको जम्मा | ३,५९१,२११ | ३,४८०,०४२ | ७,०७१,२५३ |
| कक्षा १-१२ सम्मको जम्मा | ३,८०२,६५३ | ३,६८५,५९५ | ७,४८८,२४८ |

*स्रोत: शिक्षा विभाग ।*

## (झ) तहगत विद्यार्थी भर्नादर (GER and NER) सम्बन्धी विवरण

| विद्यालय तह | कुल भर्ना दर | | | खुद भर्ना दर | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| प्राथमिक तह (१–५) | १४०.३ | १२८.९ | १३४.४ | ९५.७ | ९६.६ | ९६.२ |
| निम्न माध्यामिक तह (६–८) | ९२.० | ८७.४ | ८९.७ | ७५.५ | ७३.८ | ७४.६ |
| आधारभूत (१–८) | १२१.४ | ११२.९ | ११७.१ | ८७.६ | ८७.७ | ८७.६ |
| माध्यामिक तह (९–१०) | ७०.१ | ७०.२ | ७०.१ | ५५.९ | ५६.३ | ५६.१ |
| उच्चमाध्यामिक तह (११–१२) | ३३.२ | ३२.६ | ३२.९ | १३.३ | १२.९ | १३.१ |
| माध्यामिक तह (९–१२) | ५१.९ | ५१.४ | ५१.६ | ३४.७ | ३४.६ | ३४.७ |

*स्रोत: शिक्षा विभाग।*

## (ञ) एस.एल.सी. परीक्षामा सम्मिलित र उत्तीर्ण छात्र छात्राहरुको विवरण

| वर्ष | सामेल | नियमित | | | एक्जाम्टेड | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| २०६६ | सामेल | २०५२८१ | १७९८६५ | ३८५१४६ | १७७७४ | २४१३१ | ४१९०५ |
| | उत्तीर्ण | १३८७१६ | १०८९७३ | २४७६८९ | ५६०९ | ६६१८ | १२२२७ |
| | प्रतिशत | ६७.५७ | ६०.५९ | ६४.३१ | ३१.५६ | २७.४३ | २९.१८ |
| २०६७ | सामेल | २१०२५३ | १८७५०६ | ३९७७५९ | २३८९४ | ३२३६९ | ५६२६३ |
| | उत्तीर्ण | १२४३०५ | ९६४६१ | २२०७६६ | ४४३१ | ५३०२ | ९७३३ |
| | प्रतिशत | ५९.१२ | ५१.४४ | ५५.५० | १८.५४ | १६.३८ | १७.३० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०६८ | सामेल | २१५००८ | २०४११३ | ४१९१२१ | ३३५१९ | ४३४८१ | ७७००० |
| | उत्तीर्ण | ११२६२७ | ८७०८७ | १९९७१४ | ५१९५ | ५६१२ | १०८०७ |
| | प्रतिशत | ५२.३८ | ४२.६७ | ४७.६५ | १५.५० | १२.९१ | १४.०४ |
| २०६९ | सामेल | २०६१९० | १९७७४६ | ४०३९३६ | ४३७६४ | ६३४८३ | १०७२२९ |
| | उत्तीर्ण | ९६४५४ | ७१४८१ | १६७९३५ | ३८२१ | ४४९७ | ८३१८ |
| | प्रतिशत | ४६.७८ | ३६.१५ | ४१.५७ | ८.७३ | ७.०८ | ७.७६ |
| २०७० | सामेल | १९९८४६ | १९५०८७ | ३९४९३३ | ५४५०० | ७९१२६ | १३३६२६ |
| | उत्तीर्ण | ९८७७७ | ७४६५९ | १७३४३६ | ६५९३ | ७९९८ | १४५९१ |
| | प्रतिशत | ४९.४३ | ३८.२७ | ४३.९२ | १२.१० | १०.११ | १०.९२ |
| २०७१ | सामेल | २०२१६३ | २०३१७५ | ४०५३३८ | ५४७८५ | ८१२६६ | १३६०५१ |
| | उतिर्ण | १०९०४३ | ८३२२४ | १९२२६७ | ८७०० | १००७८ | १८७७८ |
| | प्रतिशत | ५३.९४ | ४०.९६ | ४७.४३ | १५.८८ | १२.४० | १३.८० |

*स्रोतः परिक्षा नियन्त्रण कार्यालय ।*

## (ट) सम्बन्धनप्राप्त उच्च माध्यमिक विद्यालयहरूको क्षेत्रगत विवरण

| विकास क्षेत्र | भौगोलिक क्षेत्र | २०६९ | | | | | २०७० | | | | | २०७१ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामु' | निजी | ०+२ | क्याम्पस | जम्मा | सामु' | निजी | ०+२ | क्याम्पस | जम्मा | सामु' | निजी | +०+२ | क्याम्पस | जम्मा |
| पूर्वाञ्चल | हिमाल | ६४ | २ | ० | ४ | ७० | ६४ | २ | ० | ४ | ७० | ६६ | २ | ० | ४ | ७२ |
| | पहाड | २६२ | १० | ३ | ४ | २७९ | २६२ | १० | ३ | ४ | २७९ | २६२ | १० | ३ | ४ | २७९ |
| | तराई | २३३ | १०१ | २८ | १५ | ३७७ | २३३ | १०१ | २८ | १५ | ३७७ | २३३ | ११० | २८ | १५ | ३८६ |
| | जम्मा | ५५९ | ११३ | ३१ | २३ | ७२६ | ५५९ | ११३ | ३१ | २३ | ७२६ | ५६१ | १२२ | ३१ | २३ | ७३७ |
| मध्यमाञ्चल | हिमाल | ९४ | १ | ० | २ | ९७ | ९४ | १ | ० | २ | ९७ | ९५ | १ | ० | २ | ९८ |
| | पहाड | ४०३ | २३३ | ८१ | ४८ | ७६५ | ४०३ | २३३ | ८१ | ४८ | ७६५ | ४०८ | २४१ | ८१ | ४८ | ७७८ |
| | तराई | २७० | ५९ | २४ | १६ | ३६९ | २७० | ५९ | २४ | १६ | ३६९ | २७२ | ६२ | २४ | १६ | ३७४ |
| | जम्मा | ७६७ | २९३ | १०५ | ६६ | १२३१ | ७६७ | २९३ | १०५ | ६६ | १२३१ | ७७५ | ३०४ | १०५ | ६६ | १२५० |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पश्चिमाञ्चल | हिमाल | ४ | ० | ० | ० | ४ | ४ | ० | ० | ० | ४ | ४ | ० | ० | ० | ४ |
| | पहाड | ५०३ | ९० | ७ | २० | ६२० | ५०३ | ९० | ७ | २० | ६२० | ५१० | ९३ | ७ | २० | ६३० |
| | तराई | १४० | ६५ | ५ | ११ | २२१ | १४० | ६५ | ५ | ११ | २२१ | १४४ | ६९ | ५ | ११ | २२९ |
| | जम्मा | ६४७ | १५५ | १२ | ३१ | ८४५ | ६४७ | १५५ | १२ | ३१ | ८४५ | ६५८ | १६२ | १२ | ३१ | ८६३ |
| मध्य पश्चिमाञ्चल | हिमाल | ५६ | १ | ० | २ | ५९ | ५६ | १ | ० | २ | ५९ | ५९ | १ | ० | २ | ६२ |
| | पहाड | १८८ | १० | ० | ३ | २०१ | १८८ | १० | ० | ३ | २०१ | १९१ | ११ | ० | ३ | २०५ |
| | तराई | ९८ | ४० | ५ | ३ | १४६ | ९८ | ४० | ५ | ३ | १४६ | ९८ | ४१ | ५ | ३ | १४७ |
| | जम्मा | ३४२ | ५१ | ५ | ८ | ४०६ | ३४२ | ५१ | ५ | ८ | ४०६ | ३४८ | ५३ | ५ | ८ | ४१४ |
| सुदुर पश्चिमाञ्चल | हिमाल | ८० | ० | ० | १ | ८१ | ८० | ० | ० | १ | ८१ | ८२ | ० | ० | १ | ८३ |
| | पहाड | १४० | ४ | १ | २ | १४७ | १४० | ४ | १ | २ | १४७ | १४२ | ४ | १ | २ | १४९ |
| | तराई | ११३ | ३७ | ५ | ५ | १६० | ११३ | ३७ | ५ | ५ | १६० | ११३ | ४० | ५ | ५ | १६३ |
| | जम्मा | १३३ | ४१ | ६ | ८ | ३८८ | १३३ | ४१ | ६ | ८ | ३८८ | ३३७ | ४४ | ६ | ८ | ३९५ |
| | कुल जम्मा | २६४८ | ६५३ | १५९ | १३६ | ३५९६ | २६४८ | ६५३ | १५९ | १३६ | ३५९६ | २६७९ | ६८५ | १५९ | १३६ | ३६५९ |

*स्रोत: उच्च माध्यमिक शिक्षा परिषद् ।*

**(ठ) उच्च माध्यमिक विद्यालयमा वार्षिक परीक्षामा सम्मिलित र उत्तीर्ण विद्यार्थीको सख्या**

| वर्ष | कक्षा ११ | | | | | | कक्षा १२ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सम्मिलित | | | उत्तीर्ण | | | सम्मिलित | | | उत्तीर्ण | | |
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| २०६६ | १३२१५८ | १२२६१३ | २५४७७१ | ५७२४० (४३.३) | ४४७९३ (३६.५) | १०२०३३ (४०.०) | ९४८१२ | ९२००५ | १८६८१७ | ४७८०३ (५०.४) | ३९४०५ (४२.८) | ८७२०८ (४७.७) |
| २०६७ | १५५९८९ | १४२०६२ | २९८०५१ | ६५५९५ (४२.१) | ५१४३३ (३६.२) | ११७०२८ (३९.३) | ११७०९३ | ११२६५२ | २२९७१५ | ५५०५८ (४७.०) | ४५७८८ (४०.६) | १००८४६ (४४.०) |
| २०६८ | १६१९८४ | १४१८७० | ३०३८५४ | ६४९०८ (४०.०) | ५१५०८ (३६.३) | ११५९२२ (३८.२) | १३५०८७ | १२८८९२ | २६३९७९ | ६७००५ (४९.६) | ५८५१८ (४५.४) | १२५५२३ (४८.०) |
| २०६९ | १५१२३३ | १३४०४४ | २८५२७७ | ६२१६३ (४१.१०) | ५१७९० (३८.६) | ११३९५३ (४०.०) | १३५६६४ | १२६११२ | २६१७७६ | ६०३५८ (४४.५) | ५०६०८ (४०.१) | ११०९६६ (४२.४) |

| वर्ष | कक्षा ११ | | | | | | कक्षा १२ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सम्मिलित | | | उत्तीर्ण | | | सम्मिलित | | | उत्तीर्ण | | |
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| २०७० | १३९८८५ | १२४८६६ | २६४७५१ | ५८५९६ (४१.८९) | ४६७८७ (३७.४७) | १०५३८३ (३९.८०) | १२८२८८ | ११८७९६ | २५१४१५ | ५९३११ (४६.२३) | ४९९७१ (४२.०६) | १११३५४ (४४.२९) |
| २०७१ | १२१०३५ | १०४३३८ | २२५३७३ | ५८३१५ (४८.१८) | ४८२०२ (४६.२०) | १०६५१७ (४७.२६) | ११६५८१ | १११६४३ | २२८२२४ | ५२९५१s (४५.४२) | ४७६७९ (४२.७१) | १००६३० (४४.०९) |

कोष्ठ भित्रको अंकले उत्तीर्ण प्रतिशतलाई जनाउँदछ ।

स्रोत: उच्च माध्यमिक शिक्षा परिषद् ।

**(ड)विभिन्न विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरू तथा विद्यार्थी संख्या**

| विश्वविद्यालय | क्याम्पसहरु | | आर्थिक वर्ष २०६९/७० | | | आर्थिक वर्ष २०७०/७१ | | |
|---|---|---|---|---|---|---|---|---|
| | आङ्गिक | संम्बन्धन प्राप्त | आङ्गिक | संम्बन्धन प्राप्त | जम्मा | आङ्गिक | संम्बन्धन प्राप्त | जम्मा |
| त्रिभुवन विश्वविद्यालय | ६० | १०५३ | २७३३४९ | ३३१०८८ | ६०४४३७ | १४८१४१ | २५७२०० | ४०५३४१ |
| काठमाडौ विश्वविद्यालय | ६ | १५ | ५०४० | ८२८७ | १३३२७ | ५६३५ | ९०७४ | १४७०९ |
| पूर्वाञ्चल विश्वविद्यालय | ५ | १२६ | ८५४ | २४८६६ | २५७२० | ८८७ | २३५५४ | २४४४१ |
| नेपाल संस्कृत विश्वविद्यालय | १४ | ११ | ६१५ | ३४२४ | ४०३९ | ३३५३ | ५०९ | ३८६२ |
| पोखरा विश्वविद्यालय | ५ | ५८ | १७७४ | २३५०८ | २५२८२ | १७८२ | २३५०८ | २५२९० |
| लुम्बिनी बौद्ध विश्वविद्यालय | १ | ५ | ११६ | - | ११६ | ५३ | २०३ | २५६ |
| कृषि तथा वन विज्ञान विश्वविद्यालय | १ | - | १८० | - | १८० | ४४६ | - | ४४६ |
| सुदुर पश्चिमाञ्चल विश्वविद्यालय | १ | - | ९५१ | - | ९५१ | २४६१ | - | २४६१ |
| मध्य पश्चिमाञ्चल विश्वविद्यालय | १ | - | २४७२ | - | २४७२ | १९४४ | - | १९४४ |
| विपी को□ला स्वास्थ्य विज्ञान प्रतिष्ठान | १ | - | ११५५ | - | ११५५ | १४३५ | - | १४३५ |
| चित्किसा विज्ञान राष्ट्रिय प्रतिष्ठान | १ | - | २९८ | - | २९८ | ४६५ | - | ४६५ |
| पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान | १ | - | ६० | - | ६० | २४१ | - | २४१ |

*स्रोत: विश्वविद्यालय अनुदान आयोग।*

## (ढ) आर्थिक वर्ष २०७०/७१ मा विश्वविद्यालयका बिभिन्न तहमा अध्ययनरत विद्यार्थी संख्या र उत्पादन विवरण

| तह | विवरण | त्रिभुवन | काठमाडौं | पूर्वाञ्चल | पोखरा | लुम्बिनी बौद्ध | नेपाल संस्कृत | कुल |
|---|---|---|---|---|---|---|---|---|
| प्रमाणपत्र | भर्ना | ९९७ | १५९ | - | - | - | ९५३ | |
| | उत्पादन | ९९० | | - | - | - | ३२१ | |
| स्नातक | भर्ना | ३३६१९० | १२४९८ | २१८२२ | २३१९७ | - | ११५६ | |
| | उत्पादन | ४०४७८ | १५९० | ७८१५ | २६९४ | - | ९१ | |
| स्नातकोत्तर | भर्ना | ६०९३७ | १४८४ | २६१९ | २००९ | २३१ | ४१३ | |
| | उत्पादन | १२४५० | ४०२ | १२७३ | ५९९ | ९१ | १०० | |
| पिजिडी | भर्ना | - | ९७ | - | - | - | - | |
| | उत्पादन | - | १८ | - | - | - | - | |
| एम.फिल. | भर्ना | २४३ | ३३४ | - | ७६ | - | - | |
| | उत्पादन | १६७ | ३० | - | - | - | - | |
| पि.एच.डी. | भर्ना | १८७४ | १३७ | - | ८ | २५ | २४७ | |
| | उत्पादन | ६५ | १२ | - | - | २ | १७ | |
| अन्य | भर्ना | ५१०० | - | - | - | - | १०९३ | |
| | उत्पादन | ३२ | - | - | - | - | ४५६ | |
| कुल | भर्ना | ४०५३४१ | १४७०९ | २४४४१ | २५२९० | २५६ | ३८६२ | |
| | उत्पादन | ५४१८२ | २०५२ | ९०८८ | ३२९३ | ९३ | ९८५ | |

| | |
|---|---|
| कृर्षि तथा वन विश्वविद्यालय(अध्ययनरत) | ४४६ |
| मध्य पश्चिमाञ्चल विश्वविद्यालय(अध्ययनरत) | १९४४ |
| सुदुर पश्चिमाञ्चल विश्वविद्यालय(अध्ययनरत) | २४६१ |
| वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (अध्ययनरत) | १४३५ |
| चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान(अध्ययनरत) | ४६५ |
| पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान(अध्ययनरत) | २४१ |
| जम्मा अध्ययनरत | |

*स्रोतः शिक्षा मन्त्रालय ।*

*नोटः उपर्युक्त तालिकामा त्रिभुवन विश्वविद्यालयको क्यारी ओभर विद्यार्थीहरु समावेश गरिएको।*

## अनुसूची २

# नेपालको संविधानमा उल्लिखित शिक्षा सम्बन्धी व्यवस्था

नेपालको संविधानसभाबाट मिति २०७२ साल असोज ३ गते नेपालको संविधान जारी भएको छ। उक्त संविधानमा शिक्षा सम्बन्धमा रहेका प्रावधानहरुलाई यहाँ उल्लेख गरिएको छ।

**शिक्षा सम्बन्धी हक (धारा ३१)**

(१) प्रत्येक नागरिकलाई  आधारभूत शिक्षामा पहुँचको हक हुने छ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने छ।

(३) अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने छ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ।

**बाल बालिकाको हक (धारा ३९)**

उपधारा २ : प्रत्येक बाल बालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने छ।

उपधारा ३ : प्रत्येक बाल बालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुने छ।

**दलितको हक (धारा४०)**

उपधारा २ : दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुनबमोजिम छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गरिने छ। प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिने छ।

**सामाजिक न्यायको हक (धारा ४२)**

उपधारा (२) : आर्थिक रुपले  विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकास लागि शिक्षा, स्वास्थ्य, आवास रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुने छ।

उपधारा(५) : नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जन आन्दोलन, सशस्त्र सङ्घर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्व पीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति घाइते तथा पीडितलाई न्याय एवम् उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानुनबमोजिम प्राथमिकताका साथ अवसर पाउने हुने छ।

**राज्यका नीतिहरू (धारा ५१)**

**(च) विकास सम्बन्धी नीति**

उपधारा (४) : वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरुको संरक्षण गर्ने

(ज) नागरिकका आधारभूत आवश्यकता सम्वन्धी नीति

उपधारा(१) : शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने

उपधारा (२) : शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने

उपधारा (३) : नागरिकको व्यक्तित्व विकास लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने

उपधारा (४) : उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने

**(ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति**

उपधारा (७): राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र संस्कृतिक अधिकारहरुको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने

**सङ्घ, प्रदेश र स्थानीय तहमा शिक्षा सम्बन्धी अधिकार**

**अनुसूची ५ सङ्घको अधिकार :** केन्द्रीय विश्व विद्यालय, केन्द्रीय स्तरका प्रज्ञा प्रतिष्ठान, विश्व विद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय

**अनुसूची ६ प्रदेशको अधिकार :** प्रदेश विश्व विद्यालय, उच्च शिक्षा, पुस्तकालाय, सङ्ग्रहालय

**अनुसूची ७ सङ्घ र प्रदेशको साझा अधिकार :** वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संसाधन विकास

**अनुसूची ८ स्थानीय तहको अधिकार :** आधारभूत र माध्यमिक शिक्षा

**अनुसूची ९ सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार :** शिक्षा, खेलकुद र पत्र पत्रिका

## अनुसूची ३

# शिक्षा सम्बन्धी ऐन तथा नियमावली र नीति तथा रणनीतिहरूको सूची

१. नेपाल सरकार, कार्य विभाजन नियमावली, २०६९
२. शिक्षा ऐन, २०२८
३. छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८
४. छात्रवत्ति सम्बन्धी ऐन, २०२१
५. कम्पनी ऐन, २०६३
६. सुदुर पश्चिमाञ्चल विश्व विद्यालय ऐन, २०६७
७. कृषि तथा वन विज्ञान विश्व विद्यालय ऐन, २०६७
८. उच्च माध्यमिक शिक्षा ऐन , २०४६
९. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८
१०. काठमाडौं विश्व विद्यालय ऐन, २०४८
११. लुम्बिनी बौद्ध विश्व विद्यालय ऐन, २०६३
१२. मध्य पश्चिमाञ्चल विश्व विद्यालय ऐन, २०६७
१३. नेपाल संस्कृत विश्व विद्यालय ऐन, २०४३
१४. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४
१५. पोखरा विश्व विद्यालय ऐन, २०५३
१६. पूर्वाञ्चाल विश्व विद्यालय ऐन, २०५०
१७. स्थानीय स्वायत्त शासन ऐन, २०५५
१८. सूचनाको हक सम्बन्धी ऐन, २०६४
१९. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
२०.प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् ऐन, २०४५
२१. त्रिभुवन विश्व विद्यालय ऐन, २०४९
२१. विश्व विद्यालय अनुदान आयोग ऐन, २०५०
२२. बाल बालिका सम्बन्धी ऐन, २०४८
२३. जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४
२४. बाल बालिका सम्बन्धी नियमावली, २०५१
२५. शिक्षा नियमावली, २०५९
२६. सरकारी छात्रावास नियमावली, २०२९
२७. उच्च माध्यमिक शिक्षा नियमावली, २०५२
२८. नेपाल शिक्षा सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ती) नियमहरु, २०५०
२९. छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९
३०. प्राथमिक पाठशालाका कर्मचारीहरुको तलब मसलन्द इत्यादी दिने र खर्च लेख्ने नियमहरु, २०२१
३१. सूचनाको हक सम्बन्धी नियमावली, २०६५
३२. सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५

३३. शिक्षक सेवा आयोग नियमावली, २०५७
३४. विश्व विद्यालय अनुदान आयोग कार्य व्यवस्था नियमावली, २०६०
३५. स्थानीय स्वायत्त शासन नियमावली, २०५६
३६. नेपाल सरकार कार्य विभाजन नियमावली, २०६९
३७. छात्रवृत्ति सम्बन्धी (छैंठौं संशोधन) नियमावली, २०७२
३८. स्वप्न बगैंचा विकास समिति आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०७१
३९. प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम नीति, २०६९
४०. खुला तथा दूर शिक्षा नीति, २०६३
४१. अनौपचारिक शिक्षा नीति, २०६३
४२. भयमुक्त सिकाइ वातावरणका निमित्त नीतिगत व्यवस्था, २०६७
४३. शिक्षाको सञ्चार रणनीति, २०६३
४४. शैक्षिक जनशक्ति विकास केन्द्रको तालिम नीति, २०६२
४५. विशेष शिक्षा नीति, २०५३
४६. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सिप विकास सम्बन्धी नीति, २०६४
४७. गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप
४८. उच्च शिक्षा नीति, २०७२
४९. शिक्षामा समता रणनीति, २०७१
५०. बालिका शिक्षाको रणनीति कार्य योजना
५१. विद्यालय बाहिरका बाल बालिका रणनीति
५२. विद्यालय स्वास्थ्य तथा पोषण राष्ट्रिय रणनीति, २०६३

## अनुसूची ४

# शिक्षा सम्बन्धी निर्देशिका तथा कार्यविधिहरूको सूची

| क्र.सं. | निर्देशिका तथा कार्यविधिहरुको नाम | सम्बन्धित निकाय |
|---|---|---|
| १ | राष्ट्रिय साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका २०६५-२०६६ | अनौपचारिक शिक्षा |
| २ | अनौपचारिक तथा साक्षर नेपाल अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६२ | अनौपचारिक शिक्षा |
| ३ | सामुदायिका अध्ययन केन्द्र सञ्चालन एवम् व्यवस्थापन निर्देशिका, २०६२ | अनौपचारिक शिक्षा |
| ४ | प्रौढहरूका लागि सञ्चालित अनौपचारिक विद्यालय सञ्चालन निर्देशिका, २०६५ | अनौपचारिक शिक्षा |
| ५ | अनौपचारिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७२ | अनौपचारिक शिक्षा |
| ६ | पुस्तकालय तथा सूचना सेवा राष्ट्रिय नीति, २०६४ | नेपाल राष्ट्रिय पुस्तकालय |
| ७ | पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका, २०६९ | नेपाल राष्ट्रिय पुस्तकालय |
| ८ | माध्यमिक शिक्षा उत्तीर्ण (एसएलसी) परीक्षा सञ्चालन तथा व्यवस्थापन ( चौथो) संशोधन निर्देशिका, २०७१ | परीक्षा नियन्त्रण कार्यालय |
| ९ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद साधारण विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०५८ | प्राशिव्यताप |
| १० | पाठ्यक्रम तथा पाठ्य सामग्री विकास निर्देशिका २०६८ | पाठ्यक्रम विकास केन्द्र |
| ११ | जिल्ला पाठ्यक्रम समन्वय समिति र क्षेत्रीय पा्ठ्यक्रम समन्वय समतिका कार्य व्यवस्था निर्देशिका २०६१ | पाठ्यक्रम विकास केन्द्र |
| १२ | माध्यमिक शिक्षा सरह मान्यता तथा समकक्षता निर्धारण निर्देशिका २०७२ | पाठ्यक्रम विकास केन्द्र |
| १३ | प्रतिभा पहिचान कार्य विधि २०७२ | पाठ्यक्रम विकास केन्द्र |
| १४ | प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यगत तालिम (अन द जब ट्रेनिङ) सन्चालन कार्यविधि २०७१ | पाठ्यक्रम विकास केन्द्र |
| १५ | विद्यालय शिक्षक किताबखानाको आन्तरिक कार्य सञ्चालन कार्यविधि निर्देशिका २०७० | विद्यालय शिक्षक किताबखाना |
| १६ | विद्यालयहरूमा विदेशी स्वयं सेवकहरूको सेवा लिने सम्बन्धी कार्यविधि २०७१ | शिक्षा मन्त्रालय |
| १७ | विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी निर्देशिका २०६९ | शिक्षा मन्त्रालय |
| १८ | बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ | शिक्षा मन्त्रालय |
| १९ | विश्व विद्यालय एवम वाह्य विज्ञसँग सहकार्य गर्ने सम्बन्धी निर्देशिका, २०७० | शिक्षा मन्त्रालय |
| २० | विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ | शिक्षा मन्त्रालय |
| २१ | राष्ट्रिय शिक्षा दिवसको उपलक्ष्यमा प्रदान गरिने पदक तथा छात्रवृत्ती सम्बन्धी निर्देशिका, २०७१ | शिक्षा मन्त्रालय |
| २२ | निजामति कर्मचारी सरूवा सम्बन्धी निर्देशिका, २०६७ | शिक्षा मन्त्रालय |
| २३ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र व्यवस्थापन कार्यविधि निर्देशिका, २०६७ | शिक्षा मन्त्रालय |
| २४ | विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी निर्देशिका, २०६९ | शिक्षा मन्त्रालय |
| २५ | शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्बन्धी निर्देशिका, २०६८ | शिक्षा मन्त्रालय |

| | | |
|---|---|---|
| २६ | पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका, २०६९ | शिक्षा मन्त्रालय |
| २७ | परीक्षा नियन्त्रण कार्यालय उत्तरपुस्तिका सम्परीक्षण निर्देशिका | शिक्षा मन्त्रालय |
| २८ | परीक्षा नियन्त्रण कार्यालय उत्तरपुस्तिका परीक्षण निर्देशिका | शिक्षा मन्त्रालय |
| २९ | सामुदायिक विद्यालयका विद्यार्थीहरूका लागि दिवा खाजा कार्यक्रम सञ्चालन कार्यविधि, २०६६ | शिक्षा मन्त्रालय |
| ३० | प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन निर्देशिका २०६१ | शिक्षा विभाग |
| ३१ | संस्थागत विद्धालय मापदण्ड तथा सञ्चालन निर्देशिका २०६६ | शिक्षा विभाग |
| ३२ | संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि २०६९ | शिक्षा विभाग |
| ३३ | स्रोत व्यक्ति व्यवस्थापन निर्देशिका २०७१ | शिक्षा विभाग |
| ३४ | दरबन्दी मिलान सहजीकरणका लागि इ-पुस्तिका २०६८ | शिक्षा विभाग |
| ३५ | छात्रवृत्ति कार्यान्वयन निर्देशिका २०६८ | शिक्षा विभाग |
| ३६ | फिडर छात्रावास निर्देशिका २०५९ | शिक्षा विभाग |
| ३७ | मुक्त कमलरीका लागि शिक्षा निर्देशिका २०६८ | शिक्षा विभाग |
| ३८ | अनिवार्य तथा आधारभूत शिक्षा कार्यान्वयन निर्देशिका २०७१ | शिक्षा विभाग |
| ३९ | विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ | शिक्षा विभाग |
| ४० | विद्यालयमा न्यूनतम शैक्षिक सामग्री सहितको पुस्तकालय तथा सूचना व्यवस्थापन सम्बन्धी सहयोगी पुस्तिका | शिक्षा विभाग |
| ४१ | सामुदायिक विद्यालय शिक्षामा गैर सरकारी संस्थाको सहभागीता सम्वन्धी कार्य निर्देशिका २०६१ | शिक्षा विभाग |
| ४२ | सामुदायिक विद्यालयका विद्यार्थीहरूका लागि दिवा खाजा कार्यक्रम सञ्चालन कार्यविधि २०६६ | शिक्षा विभाग |
| ४३ | बहुभाषिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका २०६६ | शिक्षा विभाग |
| ४४ | विद्यालय पाठ्य पुस्तक तथा पाठ्यसामग्री छपाइ तथा वितरण निर्देशिका २०६७ | शिक्षा विभाग |
| ४५ | विद्यालयमा प्राविधिक तथा व्यावसायकि शिक्षा सञ्चालन निर्देशिका २०६९ | शिक्षा विभाग |
| ४६ | कक्षा ९-१२ को एकीकृत माध्यमिक शिक्षा सञ्चालन निर्देशिका २०६९ | शिक्षा विभाग |
| ४७ | विशेष शिक्षा सञ्चालन सम्वन्धी निर्देशिका २०६० | शिक्षा विभाग |
| ४८ | कार्यक्रम कार्यानवयन पुस्तिका २०७२ | शिक्षा विभाग |
| ४९ | विद्यालय अनुदान कार्यान्वयन निर्देशिका २०६३, एवं विद्यालय स्तरीकरण फारम | शिक्षा विभाग |
| ५० | सामुदायिक विद्यालयमा प्रति विद्यार्थी एकाइ लागतका आधारमा अध्यापन कार्यमा सहयोग अनुदान कार्यान्वयन | शिक्षा विभाग |
| ५१ | विद्यालय समायोजन कार्यान्वयन निर्देशिका २०७० | शिक्षा विभाग |
| ५२ | विद्यालयहरूको सामाजिक परीक्षण गर्ने सम्वन्धी २०६५ | शिक्षा विभाग |
| ५३ | विद्यालय क्षेत्र सुधार कार्यक्रम  आधारभूत शिक्षा कार्यान्वयन निर्देशिका २०६६ | शिक्षा विभाग |
| ५४ | धार्मिक प्रकृतिका सामुदायिक विद्यालयहरूलाई अध्यापन व्यवस्थापन कार्यमा सहयोगका लागि एकमुष्ठ अनुदान वितरण निर्देशिका | शिक्षा विभाग |
| ५५ | कोचिङ कक्षा/शिक्षण सहयोग केन्द्र सञ्चालन निर्देशिका २०६३ | शिक्षा विभाग |

| | | |
|---|---|---|
| ५६ | खुला सिकाइ कार्यक्रम सञ्चालन निर्देशिका | शिक्षा विभाग |
| ५७ | समुदायद्वारा विद्यालय व्यवस्थापन जिम्मेवारी लिएका विद्यालयको सञ्चालन सम्बन्धी निर्देशिका | शिक्षा विभाग |
| ५८ | प्रति विद्यार्थी लागत कार्य प्रणाली निर्देशिका | शिक्षा विभाग |
| ५९ | राष्ट्रिय मदरसा शिक्षा व्यवस्थापन परिषद र सञ्चालन सम्वन्धी व्यवस्था | शिक्षा विभाग |
| ६० | विद्यालय छात्रावास निर्देशिका २०७१ | शिक्षा विभाग |
| ६१ | संस्थागत विद्यालय साझेदारी तथा सहयोग निर्देशिका, २०७० | शिक्षा विभाग |
| ६२ | सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम संचालन निर्देशिका, २०७२ | शिक्षा विभाग |
| ६३ | उच्च माध्यमिक तहमा शिक्षक दरबन्दी व्यवस्थापन कार्यान्वियन निर्देशिका, २०७१ | शिक्षा विभाग |
| ६४ | दूर शिक्षा /खुला सिकाइ कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका, २०७० | शिक्षा विभाग |
| ६५ | लेखा पालन निर्देशिका, २०६५ | शिक्षा विभाग |
| ६६ | शिक्षाको लागि खाद्य कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६७ | शिक्षाको लागि खाद्य कार्यक्रम |
| ६७ | परीक्षा सञ्चालन निर्देशिका, २०२०७१ | शिक्षक सेवा आयोग |
| ६८ | शिक्षक सेवा आयोग कार्यविधि, २०५९ | शिक्षक सेवा आयोग |
| ६९ | अन्तरवार्ता सञ्चालन निर्देशिका, २०७१ | शिक्षक सेवा आयोग |
| ७० | उच्च माध्यमिक शिक्षा परिषद् कर्मचारी सेवा शर्त सम्वन्धित विनियम २०५३ | उच्च माध्यमिक शिक्षा परिषद |
| ७१ | उच्च माध्यमिक शिक्षा परिषद् आर्थिक प्रशासन सम्वन्धि विनियम खण्ड क र ख | उच्च माध्यमिक शिक्षा परिषद |
| ७२ | उच्च माध्यमिक शिक्षा परिषद सम्वन्धन सम्वन्धि विनियम खण्ड क र ख | उच्च माध्यमिक शिक्षा परिषद |
| ७३ | छात्रवृत्ति सम्वन्धि निर्देशिका २०६७ | उच्च माध्यमिक शिक्षा परिषद |
| ७४ | परीक्षा संचालन सम्वन्धि निर्देशिका २०६८ | उच्च माध्यमिक शिक्षा परिषद |
| ७५ | बजेट तथा कार्यक्रम संचालन सम्बन्धि निर्देशिका र नर्म्स २०६८ | उच्च माध्यमिक शिक्षा परिषद |
| ७६ | पाठ्यक्रम कार्यान्वियन तथा विषय छनोट निर्देशिका २०५५ (परिमार्जित २०६७) | उच्च माध्यमिक शिक्षा परिषद |
| ७७ | आचार संहिता | उच्च माध्यमिक शिक्षा परिषद |
| ७८ | शैक्षिक जनशक्ति विकास कार्यक्रम व्यवस्थापन निर्देशिका (पहिलो संशोधन, २०६२) | शैजविके |
| ७९ | प्रशिक्षार्थी आवास गृह सञ्चालन निर्देशिका, २०६२ | शैजविके |
| ८० | दूर शिक्षा/खुला सिकाइ कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका, २०६३ (चौथो संशोधन, २०७२) | शैजविके |
| ८१ | शिक्षकको पेसागत विकास (टिपीडी) कार्यक्रम प्रशिक्षक प्रशिक्षण निर्देशिका, २०७० | शैजविके |
| ८२ | कार्यमूलक अनुसन्धानको हाते पुस्तिकाका आधारमा तयार गरिएको मुख्य प्रशिक्षका लागि मार्गनिर्देश तथा प्रशिक्षक निर्देशिका, २०६९/०७० | शैजविके |
| ८३ | बालमैत्री विद्यालय शिक्षक निर्देशिका, २०७१ | शैजविके |
| ८४ | बहु कक्षा बहु स्तर शिक्षण सिकाइ प्रशिक्षक निर्देशिका, २०७२ | शैजविके |

## अनुसूची ५

# आ.व. २०७२/०७३ को शिक्षाको नीति तथा कार्यक्रम

### सम्मननीय राष्ट्रपतिज्यूको नीति वक्तव्य बुँदा नं ७९, ८०, ८१, ८२ र ८३

७९. शिक्षा ऐनमा परिमार्जन गर्नुका साथै शिक्षा क्षेत्रको पुनःसंरचना तथा गुणस्तरीय शिक्षाका लागि अधिकार सम्पन्न उच्च स्तरीय आयोग गठन गरिने छ । उच्च शिक्षाको गुणस्तर तथा व्यवस्थापन सुधारको लागि उच्च शिक्षा सुधार योजना कार्यान्वयनमा ल्याइने छ ।

८०. हिमाली तथा दुर्गम जिल्ला र तराईका अत्यन्त पिछडिएको क्षेत्रमा रहेका कमजोर, दलित तथा अति विपन्न वर्गलाई लक्षित गरी पायक पर्ने स्थानमा आवासीय विद्यालयहरु सञ्चालनमा ल्याइने छ । प्रारम्भिक बाल विकास कार्यक्रम सञ्चालन गरिने छ । भूकम्पबाट क्षतिग्रस्त जिल्लाका अभिभावक गुमाएका र आश्रयविहीन तथा जोखिममा रहेका बाल बालिकाको लागि निःशुल्क आवासीय शिक्षाको व्यवस्था गरिने छ । प्रत्येक विकास क्षेत्रमा एक एक ओटा सुविधा सम्पन्न आवासीय विद्यालयहरु सञ्चालन गरिने छ । सामुदायिक र संस्थागत विद्यालयबिच साझेदारी कार्यक्रमलाई प्रोत्साहन गरिने छ ।

विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्न एक विद्यालय एक पुस्तकालय तथा एक माध्यमिक विद्यालय एक प्रयोगशाला कार्यक्रमलाई निरन्तरता दिइने छ । शिक्षकहरुको कार्यसम्पालन मूल्याङ्कनलाई नतिजासंग आबद्ध गर्नुका साथै शिक्षकहरुको दरबन्दी पुनराबलोकन गरिने छ । विश्व विद्यालयको सहयोगमा उच्च शिक्षामा अध्ययनरत विद्यार्थीलाई राष्ट्रिय स्वयम्सेवामा आबद्ध गरिने छ ।

८२. उच्च माध्यमिक शिक्षालाई क्रमशः प्राविधिक शिक्षातर्फ उन्मुख गरिँदै लगिने छ । देशभित्र स्वरोजगार सिर्जना तथा उद्यमशीलता विकास गरी राष्ट्रिय उत्पादकत्व वृद्धि गर्न युवा रोजगार लक्षित छोटो अवधिको तालिम कार्यक्रमको पहुँच र गुणस्तरमा वृद्धि गरिने छ । दलित र मुस्लिम छात्राहरु तथा लोपोन्मुख जातिका छात्रछात्राहरुलाई प्राविधिक शिक्षामा विशेष प्रोत्साहन गरिने छ ।

८३. चिकित्सा शिक्षालाई व्यवस्थित र मर्यादित बनाउन चिकित्सा शिक्षा सम्बन्धी राष्ट्रिय नीति तर्जुमा गरिने छ । पाँचै ओटा विकास क्षेत्रमा स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्दै जाने नीति लिइने छ । यसै आर्थिक वर्षदेखि चिकित्सा क्षेत्रको स्नातकोत्तर तहमा सार्वजनिक अध्ययन संस्था वा प्रतिष्ठानमा निःशुल्क अध्ययनको व्यवस्था मिलाइने छ । कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापन विषयमा पाँच ओटै विकास क्षेत्रमा महाविद्यालय स्थापना गर्ने नीतिअनुरुप यस आर्थिक वर्षमा एक कृषि महाविद्यालय स्थापना गरिने छ ।

### बजेट भाषणमा नीति तथा कार्यक्रम

१६९. शिक्षामा आम नागरिकको पहुँच बढाउन आधारभूत तहसम्मको निःशुल्क शिक्षा प्रदान गरिएको छ । विभिन्न वर्ग, लिङ्ग, क्षेत्र र समुदायका विद्यार्थीका लागि सञ्चालित छात्रवृत्ति र दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइएको छ । शिक्षा क्षेत्रको लागि जम्मा रू. ९८ अर्ब ६४ करोड विनियोजन गरिएको ।

१७०. शिक्षकहरुको शिक्षकहरुको दरबन्दी पुनरावलोकन गरी शिक्षक विद्यार्थी अनुपात मिलाइने छ । शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरूवा गर्ने प्रावधान लागु गरिने छ ।

१७१. प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक तथा व्यावसायिक शिक्षालयहरु विस्तार गरिने छ । आगामी आर्थिक वर्षमा शिक्षा, श्रम र उद्योग क्षेत्रमा आवश्यक पर्ने ७५ हजार जनशक्तिलाई सिप विकास गर्न छोटो अवधिको व्यावसायिक तालिम प्रदान गर्न बजेट विनियोजन गरिएको छ ।

१७२. सामुदायिक विद्यालयले प्रदान गर्ने शिक्षाको गुणस्तर अभिवृद्धि गरी विद्यार्थीको आकर्षण र शिक्षाको उपयोगिता बढाउनको लागि क्षेत्रीय स्तरमा नमुनाको रुपमा कम्तीमा एक एक ओटा सुविधा सम्पन्न र तालिम प्राप्त योग्य शिक्षकहरुसहितको आवासीय विद्यालयको विकास गरी सञ्चालनमा ल्याइने छ । राजधानीलगायतका सहरहरुमा रहेका सुविधा सम्पन्न विद्यालयहरुले दुर्गम जिल्लाहरुका विद्यालय व्यवस्थापन गरी सञ्चालन गर्न चाहेमा प्रोत्साहित गरिने छ ।

१७३. मानव विकास सुचकाङ्क न्यून रहेका, छात्रा भर्नादर कम भएका र छात्राको विद्यालय छाड्ने प्रवृत्ति बढी भएका जिल्लाहरुका सीमान्तकृत समुदायका छात्राहरुलाई आवासीय सुविधा रहेका विद्यालयमा अध्ययनको व्यवस्था मिलाइने छ ।

१७४. सामुदायिक विद्यालयको स्थायी दरबन्दीमा कार्यरत तर स्थायी हुन नसकेका ५ वर्षभन्दा बढी अस्थायी शिक्षकका रुपमा काम गरेका शिक्षकहरुलाई नेपाल सरकारले तोकेबमोजिमको सुविधा दिन सक्ने शिक्षा ऐनमा भएको कानुनी व्यवस्थाअनुरुप यस्ता शिक्षकहरुलाई अवकाश दिन विशेष योजना ल्याइने छ ।

१७५. ग्रामीण र दुर्गम क्षेत्रका १०० सामुदायिक विद्यालयहरुमा परीक्षणको रुपमा ब्रोडव्यान्ड इन्टरनेटका माध्यमबाट अङ्ग्रेजी, विज्ञान र गणित विषयको अध्यापन सुरू गरिने छ । यसबाट ती विद्यालयका विद्यार्थीहरुको शिक्षाको गुणस्तरमा वृद्धि हुने अपेक्षा गरिएको छ ।

१७६. विद्यार्थी जीवनदेखि नै समुदायप्रति जिम्मेवार बन्न अभिप्रेरित गर्ने उद्देश्यले माध्यमिक तहमा छात्रवृत्ति प्राप्त गर्ने मेधावी छात्रछात्रालाई हप्तामा दुई घण्टा आफ्नो क्षेत्रमा रहेका निरक्षरहरुलाई साक्षर बनाउन प्रेरित गरी साक्षरता अभियान चलाइने छ ।

१७७. उच्च शिक्षाको गुणस्तरमा वृद्धि गर्न गठित आयोगका सुझावहरु क्रमशः कार्यान्वयन गरिने छ । उच्च शिक्षाको गुणस्तर सुधार र विश्व विद्यालयहरुको पूर्वाधार विकास गर्न विश्व विद्यालय अनुदान आयोगका लागि रू ८ अर्ब ७ करोड विनियोजन गरिएको छ ।

१७८. विपद् व्यवस्थापन, पूर्वाधार विकास, वातावरण, विज्ञान प्रविधि, कृषि, वन, अर्थ, वित्तलगायतका क्षेत्रमा अनुसन्धान गरी सरकारलाई पृष्ठपोषण गर्न विश्व विद्यालयहरुमा स्नातकोत्तर तथा विद्यावारिधि गर्ने विद्यार्थीहरुका लागि प्रधानमन्त्री शोधवृत्तिको व्यवस्था गरिएको छ ।

१७९. प्रतिभावान् युवा वैज्ञानिकहरुलाई शोध तथा अनुसन्धानतर्फ अभिप्रेरित गरी देशमा विज्ञान प्रविधिको विकास गर्न नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानमार्फत अनुदान दिने व्यवस्था मिलाइएको छ ।

**प्रमुख क्रियाकलापहरू (जोड दिइएका कार्यक्रमहरू)**

१. विद्यालय निर्माण तथा पुनः निर्माण

- विद्यालय क्षेत्र सुधार कार्यक्रम जिल्ला स्तरको ४६.६४ प्रतिशत बजेट विद्यालय भौतिक सुधारअन्तर्गत खर्च हुने । यसबाट ५६०० विद्यालय भवन (२ कोठे भवन देखि ८ कोठे वहुवर्षीय) हरु निर्माण गरिने
- भूकम्प अति प्रभावित १४ जिल्लामा निर्माण गर्नुपर्ने कक्षाकोठा : (पूर्ण ध्वस्त १८१४७, अधिक क्षति भएका ८०२०, सामान्य क्षति भएका १०३८० कक्षाकोठा, ३२८० शौचालय, ११६७ विद्यालयको हाता घेरबार, १५६६ विद्यालयमा खानेपानी व्यवस्था)
- अन्य १७ जिल्लामा निमर्माण गर्नुपर्ने कक्षाकोठा : (पूर्ण ध्वस्त ३०२२, अधिक क्षति ३९४२, सामान्य क्षति ५११० कक्षाकोठा, शौचालय २९९, हाता घेरबार २०५ र खानेपानी ३६ विद्यालयमा)
- अति प्रभावित १४ जिल्लामा ADB / JICA बाट पुनः निर्माण तथा मर्मत सम्भार कार्य गर्न आयोजना अघि बढेको । साथै अन्य निकाय तथा संस्थासँग पुनः निर्माण सम्बन्धमा छलफल कार्य अगाडि बढिरहेको

२. पूर्व प्राथमिक शिक्षा

- सञ्चालनमा रहेका बाल विकास केन्द्रहरुको निरन्तरता र शैक्षिक सामग्री व्यवस्थापनका लागि ४.९९ प्रतिशत बजेट खर्च हुने ।

३. छात्रवृत्ति

- विभिन्न १७ प्रकारका छात्रवृत्ति कार्यक्रमबाट ३५७१४५६ विद्यार्थी लाभान्वित हुने गरी ७.८६ प्रतिशत बजेट राखिएको

४. दिवा खाजा कार्यक्रम

- विद्यालय क्षेत्र सुधार कार्यक्रमबाट ३८४६१३ जना विद्यार्थीहरुलाई (कर्णाली अञ्चल र अन्य १४ जिल्लाका) दिवा खाजा कार्यक्रम सञ्चालन हुने र यसका लागि ४.८७ प्रतिशत बजेट खर्च हुने साथै

शिक्षाका लागि खाद्य कार्यक्रमबाट १० जिल्लाका २२२६ विद्यालयका १९४००० विद्यार्थी लाभान्वित हुने

५. निःशुल्क पाठ्य पुस्तक

- कक्षा १ देखि १० सम्माका सबै विद्यार्थी र कक्षा ११ र १२ का सबै छात्रा तथा दलित वर्गका ५५१९७०८ जना विद्यार्थीका लागि निःशुल्क पाठ्य पुस्तक उपलब्ध हुने जसका लागि ७.२० प्रतिशत बजेट व्यवस्था भएको

६. शिक्षामा सूचना प्रविधिको प्रयोग

- शैताके तथा अगुवा स्रोत केन्द्रमार्फत निम्न माध्यमिक तथा माध्यमिक तहका शिक्षकहरु (कम्प्युटर सञ्चालनमा रहेका विद्यालयहरुबाट) लाई आवश्यकता अध्ययनका आधारमा ICT क्षमता विकास सम्बन्धी Customized Training Package १० दिने तालिम
- ICT Pedagogy Integrated तालिम (टिपिडि खाकामा सञ्चालन हुने)
- शैताकेहरुमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी तालिम तथा ICT Hub स्थापनाका लागि ICT Lab स्थापना
- GIS मा आधारित नक्साङ्कनबाट प्राप्त तथ्याङ्कको विश्लेषण तथा नक्साङ्कन कार्यको अद्यावधिक
- २०० विद्यालयहरुका लागि कम्प्युटर कक्षा Lab सुदृढीकरण र Connectivity का लागि अनुदान
- ११ जिल्लाका १०० विद्यालयहरुमा सुविधा सम्पन्न आसिटी ल्याबको स्थापना र केन्द्र, शैक्षिक तालिम केन्द्र र अगुवा स्रोत केन्द्रका र विद्यालयबिच नेटवर्किङ

७. आवासीय शैक्षिक कार्यक्रम

- फिडर होस्टल २० ओटा, हिमाली छात्रावास १५ ओटा, मुक्त कम्लहरी छात्रावास ६ ओटा, निजी सार्वजनिक साझेदारीअन्तर्गत ६ ओटा, सहिद प्रतिष्ठानबाट सञ्चालित ५, बूढानीलकण्ठ र गण्डकी स्कुलको निरन्तरताको अतिरिक्त ५ ओटा नयाँ सुविधा सम्पन्न आवासीय विद्यालय सञ्चालनमा ल्याइने

८. शिक्षक तालिम

- ३२९०६ जना शिक्षकहरुलाई विभिन्न पेसागत तालिम प्रदान गरिने
- तालिममा सूचना तथा सञ्चार प्रविधि समावेश गरिएको

९. अनौपचारिक तथा निरन्तर शिक्षा

- साक्षर नेपाल अभियानबाट साक्षर भएका नवसाक्षरहरुलाई सामुदायिक अध्ययन केन्›मार्फत निरन्तर सिकाइको अवसर उपलब्ध गराउने कार्यक्रम रहेको
- १४६०१० जनालाई निरन्तर शिक्षा उपलब्ध गराउने

१०. प्राविधिक तथा व्यवसायिक तालिम

- व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाबाट २३०००, सिप विकास परियोजनाबाट १२००० र प्राविधिक तथा व्यवसायिक तालिम परिषद्बाट ४९८० गरी ३९९८० जनालाई छोटो अवधिको तालिम प्रदान गर्ने

## निकायगत रूपमा बजेट व्यवस्था

| सि.नं | बजेट शीर्षक | कार्यक्रम | रु.हजारमा | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | चालु | पुंजीगत | जम्मा | |
